## आयोगद्वारा जारी

# महत्त्वपूर्ण प्रेस-विज्ञप्तिहरू

## भाग-४

२०७८-२०८०



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस नोट

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस-विज्ञप्ति

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

आयोगद्वारा जारी

# महत्वपूर्ण प्रेस-विज्ञप्तिहरू

भाग-४

२०७८-२०८०


**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

| | |
|---|---|
| **प्रकाशक** | : राष्ट्रिय मानव अधिकार आयोग |
| | पो.ब.नं. : ९१८२, काठमाडौँ, नेपाल |
| **संयोजन/सम्पादन** | : दुर्गा पोखरेल/कैलाश कुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : २०८१, वैशाख |
| **प्रकाशन प्रति** | : ५०० |
| **प्रकाशन सङ्ख्या** | : ३०२ (के.का.) |
| **मुद्रण** | : एनी टाइम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा.लि. |
| **सर्वाधिकार** | : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल |

## आयोगका पदाधिकारीहरू

**मा. अध्यक्ष**

तपबहादुर मगर

**मा. सदस्यहरू**

डा. सूर्य ढुंगेल

मिहिर ठाकुर

मनोज दुवाडी

लिली थापा

**सचिव**

मुरारिप्रसाद खरेल

# प्राक्कथन

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । यस कार्यमा आयोग स्थापना कालदेखि नै निरन्तर प्रयासरत रहँदै आएको छ । मानव अधिकारको सम्मानको लागि समानता, न्याय र मर्यादा आयोगको मूल आदर्शको रूपमा रहेका छन् । उक्त विषयलाई मनन् गर्दै आयोगले "जीवन, मर्यादा र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र सम्मृद्धिको आधार" भन्ने मूल नारा तय गरी पछिल्लो रणनीतिक योजनाअनुरूप मानव अधिकार संस्कृति विकासको लागि कार्य गर्दै आएको छ ।

आयोगले स्थापनाकालदेखि नै देशको मानव अधिकारको अवस्था र घटनाक्रमहरूमा प्रेस-विज्ञप्ति तथा प्रेस-नोटहरूमार्फत आयोगको धारणा सार्वजनिक गर्नुका साथै उचित सम्बोधनका लागि नेपाल सरकार तथा सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदै आएको छ । मानव अधिकारका समसामयिक विषयहरूमा आयोगको आधिकारिक धारणा सरोकारवाला वा नागरिक समुदायसम्म पुर्‍याउने महत्त्वपूर्ण माध्यमको रूपमा प्रेस-विज्ञप्ति वा प्रेस-नोटलाई लिइएको छ ।

आयोगबाट जारी भएका महत्त्वपूर्ण प्रेस-विज्ञप्ति र प्रेस-नोटहरूको महत्त्व भविष्यमा समेत हुन सक्ने भएको हुँदा अभिलेखीकरण गरिनुपर्दछ भन्ने अभिप्रायले आयोगका महत्त्वपूर्ण प्रेस-विज्ञप्तिहरूको सँगालो भाग १ (२०५७-२०६७), भाग २ (२०६८-२०७१) र भाग ३ (२०७१-२०७७) यस अगाडि नै प्रकाशन गरिसकिएको छ । यस भागमा त्यसपश्चात्को समयावधि (२०७७-२०८०) मा आयोगबाट जारी भएका १ सय ५९ वटा महत्त्वपूर्ण प्रेस-विज्ञप्ति र प्रेस-नोटहरू प्रकाशन गरिएको छ । यसबाट मानव अधिकारको विषयमा चासो राख्ने व्यक्ति, संस्था, समुदाय, अनुसन्धानकर्ता, मानव अधिकार रक्षकलगायत जोकोही पनि लाभान्वित हुनेछन् भन्ने आयोगले अपेक्षा गरेको छ ।

नेपालको संविधानले नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, सीमान्तकृत एवम् पछाडि पारिएका समुदायका नागरिकहरूको खाद्यान्न, आवास, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत विषयमा समान पहुँचको व्यवस्था, समावेशी शासन प्रणाली, सामाजिक न्याय र समतामूलक समाजको परिकल्पना गरेको छ । यस भागमा उल्लिखित विषयहरूसँग सम्बन्धित प्रेस-विज्ञप्ति र प्रेस-नोटहरू समावेश गरिएका छन् । यस अवधिमा नागरिक तथा राजनीतिक अधिकारका साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, आप्रवासी कामदार, महिला तथा बालबालिका, यातना तथा कारागार, जेष्ठ नागरिक, जातीय विभेद, स्वच्छ वातावरण, व्यवसाय र मानव अधिकार, अपाङ्गता, अल्पसङ्ख्यकहरूको अधिकार, सङ्क्रमणकालीनकालीन न्याय, कोभिड १९ लगायतका विषयहरू उल्लेख भएका छन् । जसले मानव अधिकारको संरक्षण र संवर्धनमा सरकार तथा राज्यका निकाय एवम् सरकोकारवालाको ध्यानाकर्षण गराएको छ ।

मानव अधिकारको विषय परिवर्तनशील र बहुआयामिक हुने भएकाले सोहीबमोजिम आफ्ना कार्यहरूलाई प्राथमिकता दिँदै आयोग अगाडि बढिरहेको छ । परिवर्तित सन्दर्भअनुरूप आफ्ना

कार्यहरू अगाडि बढाउन राज्यका तीनै तह र सरोकारवालाहरूको भूमिकामा समेत परिवर्तन आवश्यक देखिन्छ। आयोगबाट जारी भएका प्रेस विज्ञप्तिहरूको यो सँगालोलाई सरोकारवालाहरूले महत्त्वपूर्ण दस्तावेजको रूपमा लिनुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, यस प्रकाशनप्रति सबै पक्षको सकारात्मक सुझावको अपेक्षा राख्दै यसको प्रकाशनमा खटिनु भएका मानव अधिकार अधिकृतहरू कैलाशकुमार सिवाकोटी र दुर्गा पोखरेललाई धन्यवाद दिन चाहन्छु ।

**तप बहादुर मगर**

अध्यक्ष

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद–एक | : नागरिक तथा राजनीतिक अधिकार | १ |
| परिच्छेद–दुई | : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ५० |
| परिच्छेद–तीन | : महिला अधिकार | ७६ |
| परिच्छेद–चार | : बाल अधिकार | ८४ |
| परिच्छेद–पाँच | : जातीय भेदभाव तथा छुवाछूत | ९४ |
| परिच्छेद–छ | : आप्रवासी कामदारको अधिकार | १०१ |
| परिच्छेद–सात | : ज्येष्ठ नागरिकको अधिकार | ११३ |
| परिच्छेद–आठ | : स्वच्छ वातावरणको अधिकार | ११४ |
| परिच्छेद–नौ | : कारागार तथा यातनाविरुद्धको अधिकार | ११९ |
| परिच्छेद–दश | : अपाङ्गता अधिकार | १२३ |
| परिच्छेद–एघाह्र | : सङ्क्रमणकालीन न्याय | १२४ |
| परिच्छेद–बाह्र | : कोभिड–१९ | १३६ |
| परिच्छेद–तेह्र | : विविध | १५२ |

परिच्छेद–एक

# नागरिक तथा राजनीतिक अधिकार

**प्रेस–नोट**

३ कात्तिक, २०७७

## कारागार अनुगमन प्रतिवेदन कार्यान्वयन सम्बन्धमा आयोगको सिफारिस

कोभिड १९ को महामारीको अवस्थामा आयोगबाट सातै प्रदेशका २८ जिल्लाका कारागारहरूको द्रूत अनुगमन गरिएको थियो । उक्त अनुगमन तथा निरीक्षणबाट प्राप्त तथ्य तथा प्रतिवेदनको आधारमा आयोगको २०७७/६/२८ मा तपसिलबमोजिमको निर्णय गरी कार्यान्वयनको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छः

**तपसिल**

१. कोभिड १९ महामारीबाट थुनुवा, कैदीबन्दी सुरक्षित राख्न र सबै कारागारका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रयोजनका लागि एक एकीकृत निर्देशिका जारी गरी कार्यान्वयन गर्न/गराउन ।

२. कोभिड १९ बाट कारागारमा रहेका कैदीबन्दी, सुरक्षाकर्मी तथा कर्मचारीमा हुन सक्ने सङ्क्रमण जोखिमलाई कम गर्न अपनाउनु पर्ने सावधानीका लागि अत्यावश्यक मास्क, सेनिटाइजर, पञ्जा, फेससिल्ड, साबुन, ज्वरो नाप्ने यन्त्र, पीपीई सेटलगायतका सामग्रीको लागि तत्काल बजेट व्यवस्थापन गर्न/गराउन ।

३. कारागारभित्र क्वारेन्टाइन र आइसोलेशन वार्ड व्यवस्थापनका लागि पर्याप्त बजेट नभएकोले सोको व्यवस्थापन गर्न/गराउन ।

४. कारागारभित्र सामाजिक दुरी कायम गर्न स्थान अभावको कारण असम्भव देखिएकाले कारागारमा आपत्कालिन संरचना निर्माण गरी सामाजिक दुरी कायम गर्ने अवस्था सिर्जना गर्न/गराउन ।

५. कैदीबन्दीका लागि सङ्क्रमण जोखिम कम गर्न अपनाउनु पर्ने सावधानीका लागि सेनिटाइजर, झोलिलो र पोषिलो खाना, पर्याप्त पानी, सरसफाइसहितको शौचालयको प्रबन्ध, तातोपानीलगायत विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड पूरा भएको नपाइएकोले सोको लागि विद्यमान सिदा खर्च रु.६०।– अपुग भएकोले तत्काल थप बजेट व्यवस्थापन गर्न/गराउन,

६. अस्पताल तथा अदालतबाट फर्किएका सुरक्षाकर्मी र कैदीबन्दीबाट अन्य कैदीबन्दीमा सङ्क्रमण फैलिन सक्ने उच्चजोखिम रहेको पाइएकोले छुट्टै क्वारेन्टाइनको ब्यवस्थापन गर्न/गराउन । यसको साथै उनीहरूलाई अस्पताल तथा अदालत जाँदा पीपीईसहित पुर्ण स्वास्थ्य मापदण्ड पालना गर्न/गराउन ।

७. अधिकांश कारागारमा कैदीबन्दीको सङ्ख्या क्षमताभन्दा अत्याधिक रहेको र दैनिक रूपमा सङ्ख्या बृद्धिभई रहेको सन्दर्भमा केही कारागारमा सवारी साधन नरहेको तथा सञ्चालनमा रहेका सवारी साधनको सङ्ख्या कैदीबन्दीको तुलनामा न्यून रहेको, मर्मतमा पर्याप्त बजेट नरहेकोले कैदीबन्दीलाई अस्पताल र अदालत तथा अर्धन्यायिक निकायमा तोकिएको समयमा उपस्थित गराउन समस्या रहेकोले पर्याप्त बजेटको व्यवस्थापन गर्न/गराउन ।

८. कारागारभित्र रहेका कैदीबन्दीको कोरोना सङ्क्रमणको कारण मृत्युसमेत हुने गरेको पाइएकोले र कतिपय कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा दरबन्दीपूर्ति नहुँदा स्वास्थ्य उपचारको प्रभावकारी प्रबन्ध हुन नसकेकोले दरबन्दीबमोजिम स्वास्थ्यकर्मीको तत्काल व्यवस्थापन गर्न/गराउन ।

९. कारागारभित्र रहेका ज्येष्ठ नागरिक र अन्य दीर्घरोगी बिरामीको जीवनको अधिकार संरक्षणका लागि कानुनबमोजिम पाउने सजाय छुटको व्यवस्थालाई अविलम्ब लागू गर्न/गराउन । यसको साथै उनीहरूलाई औषधिको पर्याप्त व्यवस्थाको साथै छुट्टै बस्ने व्यवस्था गर्न/गराउन ।

१०. नयाँ थुनुवा वा सरुवा भई आएका कैदीवन्दी वा कर्मचारी वा सुरक्षाकर्मीहरूलाई कारागार प्रवेश गर्नुपुर्व अनिवार्य कोभिड १९ परीक्षण गराइ कोभिड १९ नकरात्मक पाइएका मात्रैलाई प्रवेशको व्यवस्था गर्न/गराउन हुन तथा थुनुवा, कैदीबन्दी, कर्मचारी, सुरक्षाकर्मीको नियमित आवधिक नमुना कोभिड १९ परीक्षण गर्न/गराउन ।

११. दीर्घरोगी, ज्येष्ठ नागरिक, महिला कैदीबन्दीहरूलाई सम्बन्धित जिल्ला कारागारमा नै राख्ने व्यवस्था गर्न/गराउन ।

१२. अत्यन्त पुरानो, जीर्ण तथा भूकम्पले क्षतिग्रस्त कारागार संरचना पुनर्निर्माण गर्न/गराउन ।

१३. सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७/१/१७ गतेको अन्तरिम आदेश र २०७७/४/१९ गतेको परमादेश अनुसार कारागारमा कैदीबन्दी उच्च जोखिममा रहेको देखिँदा कैदीबन्दीको जीवनको अधिकार संरक्षणका लागि तत्काल कारागारको भिडभाड कम गर्न र कारागारभित्र नाजुक अवस्थामा रहेका आश्रित बालबालिका, गर्भवती महिला, स्तनपान गराउने महिला र जटिल स्वास्थ्य समस्या भएका कैदीहरूलाई प्राथमिकताको आधारमा उनीहरूको अवस्थाको पहिचान गरी स्वास्थ्यमा हुने जोखिमतासँग कसूरको प्रकृतिसमेतलाई दृष्टिगत गरी सङ्क्रामक रोग ऐन, २०२० को दफा २ प्रयोग गरी महामारी रोकथामका लागि नेपाल सरकारबाट आदेश र निर्णयको सन्दर्भमा तत्काल रिहा हुने वा सजाय कम वा छुट गर्ने वा अन्य कुनै उपयुक्त विशेष निर्णय लिनेतर्फ अविलम्ब कदम अगाडि बढाउन ।

वेद भट्टराई

सचिव/प्रवक्ता

**प्रेस–विज्ञप्ति**

२४ मङ्सिर, २०७७

## मोरङको मिक्लाजुङ घटनाको अनुगमन सुरु
## हत्याको घटनाका दोषीलाई कानुनी दायरामा ल्याऊ

मोरङको मिक्लाजुङ गाउँपालिका-१ मा मङ्सिर २३ गते भएको सरस्वती आधारभूत माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्रकुमार श्रेष्ठको हत्याको घटना सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको प्रदेश कार्यालय बिराटनगरले घटनाको अनुगमन गरिरहेको छ । आयोगलाई प्राप्त नेपाल कम्युनिष्ट पार्टी, मेची-कोसी ब्यूरोको प्रेस वक्तव्यअनुसार उक्त हत्या सोही पार्टीका कार्यकर्ताबाट भएको देखिन्छ । व्यक्ति हत्या जस्तो गम्भीर अपराधका घटनाप्रति आयोग खेद प्रकट गर्दछ ।

नेपालको संविधानले सबैलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गरेको छ । आफ्ना राजनैतिक विचारहरू अभिव्यक्त गर्ने, विना हातहतियार भेला हुने, शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने तथा असहमतिहरूलाई शान्तिपूर्वक व्यक्त गर्न पाउने हक पनि प्रत्येक नागरिकलाई संविधानले सुनिश्चित गरेको छ ।

आफ्ना विचारहरूमा असहमति राख्नेप्रति असहिष्णु भई हत्या-हिंसा नगर्न र प्रत्येक व्यक्तिको जीवनको अधिकारको सम्मान गर्न आयोग नेपाल कम्युनिष्ट पार्टीलाई आग्रह गर्दछ । यसको साथै कुनै पनि व्यक्तिलाई विचार आस्था र आशङ्काको आधारमा स्वेच्छाचारी रूपमा पक्राउ गर्ने र यातना दिने कार्य नगर्न, उक्त घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

१० मङ्सिर, २०७७

## जीवनको अधिकार सुनिश्चित गर
## बर्दिवास घटनाको आयोगद्वारा अनुगमन

महोत्तरीको बर्दिवास नगरपालिकाकी ६ वर्षीया बालिका गुलाब साह खातुनको हत्याको आरोपमा पक्राउ परेका आरोपितलाई कानुनी कारबाहीको माग गर्दै पीडितका आफन्त तथा स्थानीयहरूले गरेको आगजनी तथा प्रदर्शनको क्रममा प्रहरीको गोली लागी एकजनाको मृत्यु भएको तथा अन्य व्यक्तिहरू घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको प्रदेश नं. २ कार्यालय जनकपुरबाट घटनाको स्थलगत अनुगमन भइरहेको छ। प्रहरीले चलाएको गोली लागी महोत्तरीको बर्दिवास नगरपालिकाका सञ्जय भनिने बुद्धिराज न्यौपानेको मृत्यु भएको तथा अन्य व्यक्तिहरू घाइते भएको आयोगको प्रारम्भिक अनुगमनबाट पाइएको छ।

महिला तथा बालबालिका उपर देशका विभिन्न भागमा हुने गरेका हिंसात्मक घटनाहरूबाट नागरिकको जीवनको अधिकारको रक्षा गर्न सुरक्षा निकाय तथा नागरिकहरू सतर्क र सचेत रहन जरुरी देखिन्छ। अपराधका घटनामा संलग्नहरू उपर कानुनबमोजिम कारबाही गर्न, कानुन हातमा लिन खोज्ने जो कोहीलाई कानुनी प्रक्रियाबाटै नियन्त्रणमा लिन, व्यक्तिको ज्यान जाने गरी बल प्रयोग नगर्न, घटनाको निष्पक्ष छानबिन गरी घटनामा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन र मृतक तथा पीडितहरूलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

यसको साथै कुनै पनि आपराधिक घटनामा कानुनबमोजिम कारबाही गर्ने कार्यमा नेपाल प्रहरीलाई आवश्यक सहयोग पुऱ्याउन, प्रदर्शनका क्रममा संयमता अपनाई विरोध प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आयोग प्रदर्शनकारीलाई समेत आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

२४ पुस, २०७७

## काठमाडौँ र ललितपुर जिल्लाका प्रजिअ तथा सुरक्षा प्रमुखहरूसँग आयोगको छलफल
## शान्तिपूर्ण रूपमा भेला हुने, प्रदर्शन गर्न पाउने हकको सम्मान गर्न आग्रह

सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रतिनिधि सभा विघटनसम्बन्धी नेपाल सरकारको निर्णयको पक्ष र विपक्षमा भइरहेको प्रदर्शन तथा विरोधका कार्यक्रमबाट उत्पन्न परिस्थितिबाट मानव अधिकारको संरक्षण र संवर्धनमा पर्न सक्ने गम्भीर असरप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको प्रदेश कार्यालयबाट विरोध र प्रदर्शनहरूको नजिकबाट अनुगमन भइरहेको छ ।

प्रतिनिधि सभा विघटनको विषयलाई लिएर विभिन्न राजनीतिक दलहरू, समूह तथा नागरिक समाजले देशव्यापी रूपमा थप विरोधका कार्यक्रम तथा प्रदर्शनहरू गर्ने जानकारी आयोगलाई प्राप्त हुन आएको छ । त्यसबाट सम्भावित जनधनको क्षतिलाई रोक्न, नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवम् शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने, भेला हुन पाउने अधिकारको सम्मान गर्न, प्रदर्शनको क्रममा न्यूनतम बल प्रयोगका सिद्धान्तको पालना गर्दै आवश्यकताभन्दा बढी बल प्रयोग गर्ने स्थिति सिर्जना हुन नदिन आयोगको वाग्मती प्रदेश कार्यालयले काठमाडौँ र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू कालीप्रसाद पराजुली र ढुण्डिप्रसाद निरौला तथा दुवै जिल्लाका सुरक्षा प्रमुखहरू प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंह र किरण बज्राचार्यसँग छलफल गरी ध्यानाकर्षण गराएको छ ।

छलफलमा आयोगका सचिव वेद भट्टराईले नागरिकको संवैधानिक हकको उपभोग गर्न प्रहरी, प्रशासनले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने तथा प्रदर्शनकारीहरूले पनि संयमता अपनाइ आफ्ना बिमतिहरू शान्तिपूर्ण रूपमा प्रकट गर्नुपर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले स्थानीय प्रशासनले नागरिकको अधिकार तथा जनधनको सुरक्षा गर्न संवेदनशील भई कार्य गरिआएको बताउनुभयो । उहाँले प्रदर्शनकारीहरूलाई संयमित भई प्रदर्शन गर्न र सुरक्षाकर्मीहरूलाई पनि मानव अधिकारको सम्मान गर्दै अधिक संयमता अपनाउन आग्रह गरिएको बताउनुभयो । त्यसै गरी प्रमुख जिल्ला अधिकारी ढुण्डीप्रसाद निरौलाले शान्ति-सुरक्षा, लोकतन्त्र र मानव अधिकार संरक्षणको विषयलाई प्रशासनले सदैव प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले नेपाल प्रहरी जनताको जीउधनको रक्षा र मानव अधिकारको सम्मान गर्न सदैव तत्पर रहने बताउनुभयो । राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयमा भएको छलफलमा प्रदेशअन्तरगतको मानव अधिकारको अवस्थासमेत प्रस्तुत गरिएको थियो ।

यज्ञप्रसाद अधिकारी
सह-सचिव

**प्रेस-विज्ञप्ति**

८ माघ, २०७७

## गङ्गामायाको जीवन रक्षाका लागि संवेदनशील बन

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कानुनी कारबाहीको माग गर्दै लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको स्वास्थ्य स्थिति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।

आयोगको वाग्मती प्रदेश कार्यालयले उहाँको जीवनरक्षा, स्वास्थ्य उपचार तथा उचित बसोबासको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र वीर अस्पताललाई पत्राचार गरेको छ । पछिल्लो पटक २०७७ पुस ६ गतेदेखि आमरण अनसनमा रहनुभएकी गङ्गामाया अधिकारीलाई ट्रमा सेन्टरको आकस्मिक कक्षमा राखिएको भएता पनि निजको स्वास्थ अवस्था दिनप्रतिदिन गम्भीर बन्दै गएको पाइएको छ ।

अतः निज गङ्गामाया अधिकारीको न्याय प्राप्तिको हक सुनिश्चित गर्दै जीवन रक्षा तथा उचित बसोबासको व्यवस्थापन गर्न, निजको जीवन रक्षाको लागि प्रभावकारी कदम चाल्न तथा यसअघि नेपाल सरकारले गरेका सम्झौताहरूको पालना गर्न आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ । यसको साथै आमरण अनसनजस्तो जोखिमयुक्त बाटो नरोज्न आयोग अनसनरत गङ्गामाया अधिकारीलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

११ माघ, २०७७

## वार्ता र संवादबाटै समस्याको समाधान खोज, जीवन रक्षा गर

स्वास्थ्य तथा शिक्षा निःशुल्क हुनुपर्ने लगायतका ५२ बुँदे माग राखी गत पुस ३ गतेदेखि काठमाडौँमा धर्नामा रहेका नेपाल कम्युनिष्ट पार्टी (जनवादी) का महासचिव डीएस महता, भरत धनाडी, ललन सिंह र किशोर सिंहलगायतका व्यक्तिहरूलाई प्रहरीले पटक-पटक पक्राउ गरेको तथा निजहरू आमरण अनसनमा रही स्वास्थ्य अवस्था गम्भीर रहेको सम्बन्धमा आयोगको वाग्मती प्रदेश कार्यालयले अनुगमन गरेको छ ।

अनुगमनको क्रममा निजहरूलाई धर्ना तथा अनसनमा रहेको बखत पटक-पटक पक्राउ गरी छोड्ने गरिएको तथा निजहरूको स्वास्थ्यमा समस्या देखिएपश्चात् चाबहिलस्थित हेल्पिङ ह्याण्ड अस्पतालमा भर्ना गरिएको पाइएको छ । डीएस महता र भरत धनाडी अस्पतालमा अझै अनसनमा नै रहेको तथा निजहरूको स्वास्थ्य अवस्था जटिल बन्दै गएको पाइएको छ ।

जनसरोकारसँग सम्बन्धित उचित मागहरूको सम्बन्धमा आवश्यक सम्बोधन हुन तथा अनसनरत व्यक्तिहरूसँग आवश्यक छलफल र संवाद गरी निजहरूको जीवन रक्षा गर्नसमेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आफ्ना माग पूरा गराउन आमरण अनसनजस्तो अप्रिय कदम नचाल्न आयोग अनसनरत पक्षलाई समेत आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

१३ माघ, २०७७

## शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने नागरिकको अधिकारको सम्मान गर

प्रतिनीधि सभा विघटनको विरोधमा नागरिक अभियन्ताहरूद्वारा शान्तिपूर्ण रूपमा काठमाडौँमा माघ १२ गते भएको विरोध प्रदर्शनका क्रममा प्रहरीबाट धरपकड तथा बल प्रयोग तथा धरपकड गरी केही अभियन्ताहरूलाई घाइतेसमेत बनाइएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी घोषणापत्र, १९४८ धारा २०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा २१ र नेपालको संविधानको धारा १७ ले बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा विचार तथा अभिव्यक्ति राख्न पाउने स्वतन्त्रताको सुनिश्चितता गरेको छ । नागरिकहरूबाट गरिएको शान्तिपूर्ण आन्दोलनमा प्रहरीबाट अधिक बल प्रयोग गरी घाइते बनाइनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन विपरीतको कार्य हो । यसतर्फ संवेदनशील हुन आयोग आग्रह गर्दछ ।

कुनै पनि बहानामा नागरिकहरूको मौलिक हक तथा स्वतन्त्रताको हरण गर्ने कार्य नगर्न, सभा-सम्मेलन गर्ने र आफ्नो विचार राख्ने नागरिकको अधिकारको सम्मान गर्न तथा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूका लागि बल तथा हतियार प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त १९९० को विपरीत हुने गरी कार्य नगर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

लोकनाथ बास्तोला

सहायक प्रवक्ता (उपसचिव)

**प्रेस-विज्ञप्ति**

२२ माघ, २०७७

## शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने नागरिकको अधिकारको सम्मान गर

ने.क.पा.(प्रचण्ड–नेपाल समूह) द्वारा २०७७ माघ २२ गते आव्हवान गरेको आमहड्ताल तथा प्रदर्शनको राष्ट्रिय मानव अधिकार आयोगका केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरू र प्रदेश शाखा कार्यालयहरूले अनुगमन गरेका छन् ।

अममा

काठमाडौँबाट ६४ जना, भक्तपुरबाट एक जना र ललिपुरबाट दुई जनाका साथै देशका अन्य भागबाट समेत प्रहरीले प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिएको, जनकपुरमा प्रदर्शनकारीहरू र प्रहरीबीच झडप भई दुवैतर्फ घाइते भएको, देशभर केही सवारी साधनहरूमा तोडफोड तथा आगजनी भएको, दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरू, अस्पतालमा नियमित उपचारका क्रममा आउने गर्भवती महिलाहरू र परीक्षार्थीहरू बढी प्रभावित हुनका साथै सर्वसाधारणहरूको आवतजावतको अधिकार समेत प्रभावित भएको अनुगमनका क्रममा पाइएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १३, १७ र १९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १२, १७, २१ र २२ एवम् नेपालको संविधानको धारा १७ र २५ ले बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा विचार तथा अभिव्यक्ति राख्न पाउने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा-व्यवसाय गर्ने, प्रत्येक नागरिले कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्न पाउने हकको सुनिश्चितता गरेको छ । नागरिकहरूबाट गरिएको शान्तिपूर्ण आन्दोलनमा प्रहरीबाट पक्राउ गरिनु, अधिक बल प्रयोग गरी घाइते बनाइनु तथा आमहड्ताल आह्वानकर्ताहरूबाट आम नागरिकहरूलाई आवतजावत गर्नबाट वञ्चित गराउनु मानव अधिकारको मूल्य-मान्यता विपरीतको कार्य भएकाले यसतर्फ संवेदनशील हुन सम्बद्ध सबै पक्षलाई आयोग आग्रह गर्दछ ।

अतः कुनै पनि बहानामा नागरिकहरूको मौलिक हक तथा स्वतन्त्रताको हरण गर्ने कार्य नगर्न तथा सभा-सम्मेलन गर्ने र आफ्नो विचार राख्ने नागरिकको अधिकारको सम्मान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै आमहड्ताल जस्तो विरोधको कार्यक्रमले आम नागरिकहरूको मानव अधिकारको उपभोगमा बाधा पर्ने भएकाले वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोज्न आमहड्ताल आव्हवानकर्ताहरूलाई समेत आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सह-सचिव)

**प्रेस-विज्ञप्ति**

२९ माघ, २०७७

## आयोगको उच्चस्तरीय टोलीद्वारा गङ्गामायाको स्वास्थ्य अवस्था सम्बन्धमा अनुगमन स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन आग्रह

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कानुनी कारबाहीको माग गर्दै लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।

आज आयोगका अध्यक्ष तपबहादुर मगरको नेतृत्वमा गएको सदस्यहरूसहितको टोलीले अनसनस्थल वीर अस्पताल पुगी गङ्गामायाको अवस्थाको अवलोकन गर्नुका साथै भइरहेको उपचारको सम्बन्धमा वीर अस्पतालका निर्देशक डा. केदार सेञ्चुरी लगायतका चिकित्सकहरूसँग जानकारी लिएको छ । अनुगमनका क्रममा निजको शरीरमा आवश्यक पोषक तत्वको कमी तथा नसाहरू साँगुरिएको कारण जुनसुकै बेला पनि स्वास्थ्यमा गम्भीर समस्या आई जीवन नै जोखिममा पर्नसक्ने बुझिएकोले निजलाई तत्कालै सुविधा सम्पन्न सघन कक्ष (ICU) मा राखी उपचारको व्यवस्था मिलाई स्वास्थ्य अवस्थाको बारेमा आयोगलाई जानकारी गराउन आयोगका अध्यक्षबाट निर्देशनसमेत भएको छ ।

अतः निज गङ्गामाया अधिकारीको न्याय प्राप्तिको हक सुनिश्चित गर्दै स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आमरण अनसन जस्तो जीवन जोखिममा पर्नसक्ने बाटो नरोज्न गङ्गामाया अधिकारीलाई समेत आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

४ फागुन, २०७७

## गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि आयोगको निर्देशन

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीउपर कारबाहीको माग राखी लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको जीवन रक्षाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले नेपाल सरकारलाई देहायबमोजिमको निर्देशन दिने निर्णय गरेको छः

१. आयोगको उच्चस्तरीय अनुगमनबाट गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको पाइएको हुँदा निजको उपचारको लागि आवश्यक विशेष व्यवस्था मिलाउन,

२. गङ्गामाया अधिकारीको जीवन रक्षाको लागि न्यायको अनुभूति हुने गरी मानव अधिकारकर्मी सहितको उच्चस्तरीय कार्यदल गठन गरी यथाशीघ्र आवश्यक र उपयुक्त कदम चाल्न र

३. कृष्णप्रसाद अधिकारीको हत्याका आरोपीमध्येका एक रुद्रप्रसाद आचार्य नेपाल बाहिर रहेको भन्ने सरकारी कागजातहरूबाट समेत देखिएको हुँदा निज जहाँ भए पनि आवश्यक प्रक्रिया पूरा गरी निजलाई अदालत समक्ष शीघ्र उपस्थित गराउन ।

यसको साथै बैठकले अनसनरत गङ्गामाया अधिकारीलाई आफ्नो जीवनप्रति संवेदनशील बन्दै न्यायको अनुभूतिसमेतको लागि आफ्नो अनसनलाई स्थगित गर्न अनुरोध गर्दै कृष्णप्रसाद अधिकारीको हत्याका सम्बन्धमा भैरहेको न्याय-सम्पादन प्रक्रियालाई शीघ्र निष्कर्षमा पुऱ्याउने कार्यमा सहयोग पुऱ्याउन सम्बद्ध सबै पक्षलाई आग्रहसमेत गरेको छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

६ जेठ, २०७८

## नवलपरासीमा प्रहरीको गोली लागी युवकको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को नेपाल भारत सीमा नाका नजिकैको प्रतापपुर गाउँपालिका, ६ कठहवामा शसस्त्र प्रहरीको गोली लागी स्थानीय २२ वर्षीय अविनाश राय घाइते भएको र उनलाई थप उपचारको लागि बुटवल लैजाने क्रममा मृत्यु भएको भन्दै विभिन्न सञ्चार-माध्यममा प्रकाशन/प्रशारण भएका समाचारहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको लुम्बिनी प्रदेश कार्यालयले उक्त घटना सम्बन्धमा अनुगमन सुरु गरेको छ । सो क्रममा आयोगले स्थानीय प्रहरी प्रशासनसँग तत्कालै आवश्यक जानकारी लिएको छ । सीमा नाका बन्द रहेको अवस्थामा सीमा पार गर्न खोज्दा झडप भएको र सशस्त्र प्रहरीले गोली चलाउँदा स्थानीय अविनाश राय घाइते भएको र अस्पताल लैजाने क्रममा बाटैमा निजको मृत्यु भएको जानकारी आयोगलाई प्राप्त भएको छ । घटनाको बिस्तृत विवरण उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र श्री सशस्त्र प्रहरी २६ नं. गण नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई आयोगले आजै पत्राचारसमेत गरेको छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–विज्ञप्ति**

१ भदौ, २०७८

## अफगानिस्तानमा रहेका नेपाली नागरिकहरूको तत्काल उद्धार गर

अफगानिस्तानमा हालै देखिएको राजनीतिक घटनाक्रमबाट उत्पन्न परिस्थितिमा त्यहाँ रहेका नेपाली नागरिकहरूको जीवन जोखिममा पर्न सक्ने अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

तालीवानीले अफगानिस्तानको राजधानी काबुल नियन्त्रणमा लिएसँगै अफगानिस्तानमा वैदेशिक रोजगारीको लागि गएका नेपाली नागरिकहरू जोखिममा पर्न गएको जानकारी विभिन्न सञ्चार-माध्यममा आइरहेका छन् । विशेषगरी श्रम स्वीकृति नलिई अन्य मुलुक हुँदै अफगानिस्तान पुगेका र भिसा अवधि समाप्त भएका नेपाली नागरिकहरू जोखिममा परेका र बेरोजगार अवस्थामा रहेकाले खान, बस्न समस्या भोगिरहेको जानकारी आयोगलाई प्राप्त भएको छ । अनिश्चित राजनीतिक घटनाक्रम र द्वन्द्वग्रस्त अवस्थाका कारण श्रम स्वीकृति लिएर गएका नेपाली नागरिकहरूसमेत जोखिममा रहेको देखिएको छ । अफगानिस्तानमा रहेका नेपाली नागरिकहरूको सङ्ख्याका बारेमा समाचार माध्यमहरूमा फरकफरक तथ्याङ्क प्रकाशित भए पनि नेपाल सरकारसँग एकीन तथ्याङ्क नरहेको पाइएको छ ।

यसै सन्दर्भमा अफगानिस्तानमा रहेका नेपालीहरूको उद्धारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रयासहरूको बारेमा आज आयोगले परराष्ट्र सचिव भरतराज पौडेल र वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्णप्रसाद दवाडीसँग आयोगमा छलफल गरेको छ। छलफलका क्रममा उहाँहरूले नेपाल सरकारले उद्धारका लागि कुटनीतिक पहल जारी राखेको, अफगानिस्तानस्थित विदेशी कुटनीतिक नियोगहरूमा कार्यरत केही नेपालीहरूको उद्धार भई सुरक्षित स्थानमा पुऱ्याइ सकिएको, बाँकीलाई सुरक्षित रूपमा नेपाल ल्याउन प्रयास भैरहेको, समाचार माध्यममा आए जस्तो अफगानिस्तानमा ठूलो जोखिमको स्थिति नरहेको, हाल अफगानिस्तानका लागि श्रम स्वीकृति रोकिएको र अन्य मुलुक हुँदै पनि नेपालीहरू अफगानिस्तान प्रवेश गर्ने हुँदा पनि अफगानिस्तानमा रहेका नेपालीको एकीन तथ्याङ्क सरकारसँग नभएको बताउनुभएको छ । आयोगका अध्यक्ष तपबहादुर मगरले जुनसुकै हैसियतमा अफगानिस्तान पुगेका भए पनि जोखिममा रहेका सबै नेपाली नागरिकहरूको उद्धार गर्न सरकारलाई निर्देशन दिनुभएको छ ।

अत : अफगानिस्तानमा जोखिममा रहेका नेपाली नागरिकहरूको एकीन तथ्याङ्क र वास्तविक अवस्था पत्ता लगाई शीघ्र र सुरक्षित रूपमा स्वदेश फर्कने वातावरण मिलाउनका लागि थप प्रभावकारी कुटनीतिक पहल गर्न तथा जोखिमपूर्ण अवस्थामा रहेकाहरूको जीवन रक्षा गरी मानव अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२२ भदौ, २०७८

# विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सम्मान गर

दार्चुलाका जयसिंह धामी महाकाली तर्ने क्रममा गत साउन १५ गते महाकाली नदीमा बेपत्ता भएको घटना तथा मित्रराष्ट्रहरूको सहयोगमा सञ्चालित विकास योजनालगायतका विषयलाई लिएर भैरहेको आन्दोलनलाई लक्षित गरी नेपाल सरकार, गृह मन्त्रालयबाट हालै प्रकाशित विज्ञप्तिहरूबाट नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन पुगेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

गृह मन्त्रालयबाट मिति २०७८ भदौ १८ र २० गते 'मित्रराष्ट्रहरूको सहयोगमा सञ्चालित विकास आयोजना, त्यहाँ कार्यरत कर्मचारी, विदेशी नागरिक र तिनको सम्पत्तिलाई लक्षित गरी प्रत्यक्ष वा परोक्ष रूपमा सञ्चार-माध्यम र सामाजिक सञ्जालमा नकारात्मक टिकाटिप्पणी गर्ने, धम्कीपूर्ण अभिव्यक्ति दिनेजस्ता गतिविधि गर्ने उपर सुक्ष्म रूपमा निगरानी राख्ने, विश्लेषण गर्ने र कानुनबमोजिम कडा कारबाही गर्ने तथा उच्छृङ्खल गतिविधि नगर्न सचेत गराउँदै विरोध प्रदर्शनलाई निरुत्साहित गर्ने, त्यस्ता गतिविधिमा संलग्न भई कानुन हातमा लिनेलाई कडा कारबाही गरिने' व्यहोराका प्रेस-विज्ञप्तिहरू प्रकाशित भएको देखिन्छ ।

नेपालको संविधानको धारा १७, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ तथा नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रत्याभूत गरेको छ। उल्लिखित विज्ञप्तिहरूबाट नागरिकको शान्तिपूर्ण रूपमा प्रदर्शनमा सहभागी हुन पाउने अधिकारसमेत कुण्ठित हुन पुगेको देखिन्छ ।

अतः संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको परिधिभित्र रहेर गरिने विचार र अभिव्यक्ति स्वतन्त्रतालाई सम्मान गर्दै यस्ता कार्यमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा रोक लगाउने गरी कुनै पनि सूचना, विज्ञप्ति तथा गतिविधि नगर्न/नगराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । प्रदर्शनकारीहरूले पनि कुनै विषयमा विमति राख्दा मित्र राष्ट्रसँगको मैत्रीपूर्ण सम्बन्धप्रति सम्वेदनशील हुन र आफ्ना विरोध प्रदर्शनका कार्यक्रमलाई शान्तिपूर्ण बनाउनसमेत आयोग सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

(सहसचिव) प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ मङ्सिर, २०७८

## आन्दोलनरत कानुन–व्यवसायीहरूमाथि अनावश्यक बल प्रयोग नगर

प्रधान-न्यायाधीशको राजिनामा माग गर्दै आन्दोलनरत कानुन-व्यवसायीहरूमाथि नेपाल प्रहरीले लाठी प्रहार गर्दा नेपाल बार एशोसिएसनका अध्यक्ष चण्डेश्वर श्रेष्ठसहित अधिवक्ताहरू प्रकाश महर्जन, गोपाल सापकोटा, रमण कर्ण र कपिलचन्द्र पोखरेल घाइते भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल बार एशोसिएसनको नेतृत्वमा भइरहेको कानुन-व्यवसायीहरूको आन्दोलनको आयोगले मानव अधिकारको दृष्टिकोणबाट निरन्तर अनुगमन गरिरहेको छ । आयोगका मानव अधिकार अधिकृतहरूको टोलीले आज सर्वोच्च अदालत पुगी घटनाको स्थलगत अनुगमन गर्नुका साथै अन्नपूर्ण न्यूरो अस्पताल माइतिघरमा पुगी घाइतेको स्वास्थ्य अवस्था सम्बन्धमा जानकारी लिएको छ । प्रहरीको लाठी प्रहारबाट नेपाल बार एशोसिएसनका केन्द्रीय सदस्य प्रकाश महर्जनको देब्रे काँध, कोखा र छातीमा चोट लागेको र खुट्टामा soft tissue injury देखिएको निजको उपचारमा संलग्न चिकित्सकको भनाइ रहेको छ ।

संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा २१ र नेपालको संविधानको धारा १७ ले बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा स्वतन्त्र रूपमा विचार तथा अभिव्यक्ति राख्न पाउने हकको सुनिश्चितता गरेको छ ।

अतः कानुन-व्यवसायीहरूबाट गरिएको शान्तिपूर्ण आन्दोलनमा प्रहरीबाट अनावश्यक बल प्रयोग गरी घाइते बनाइनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन विपरीतको कार्य भएकोले शान्तिपूर्ण आन्दोनमा रहेका कानुन-व्यवसायीहरूमाथि अनावश्यक बल प्रयोग नगर्न, घाइतेहरूको निःशुल्क उपचार गर्न तथा घटनाको छानबिन गरी दोषी देखिएकालाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१२ फागुन, २०७८

## आवश्यकताभन्दा बढी बल प्रयोग नगर । विरोध प्रदर्शनलाई संयमित बनाऊ

प्रतिनिधि सभामा अनुमोदनका लागि पेस भएको अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौताको विरोधमा विभिन्न राजनीतिक दल, तिनका भातृ सङ्गठनका कार्यकर्ता तथा सर्वसाधारणले विगत केही दिनदेखि गर्दै आइरहेको प्रदर्शनको क्रममा हिंसात्मक गतिविधि भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । विरोध प्रदर्शनको आयोगले स्थलगत तथा विभिन्न माध्यममार्फत नजिकबाट अनुगमन गरिरहेको छ ।

पछिल्लो समय गत २०७८ फागुन ८ गते काठमाडौँको नयाँ बानेश्वरमा भएको विरोध प्रदर्शनको क्रममा प्रदर्शनकारीहरूले सडक छेउमा ओच्छ्याइएको ढुङ्गा, इँटालगायतले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा २१ जना सुरक्षाकर्मी तथा केही प्रदर्शनकारीहरू घाइते भएको र उक्त क्षेत्रमा रहेका सर्वसाधारणका पसल तथा भौतिक संरचनाहरूमा समेत क्षति पुगेको पाइएको छ । प्रदर्शनलाई नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीबाट समेत आवश्यकताभन्दा बढी बल प्रयोग भएको आयोगको अनुगमनबाट पाइएको छ ।

शान्तिपूर्ण रूपमा भेला हुने, विरोध प्रदर्शन गर्ने र असहमति जनाउने संवैधानिक तथा मौलिक हक भएता पनि विरोध र असहमतिको नाममा हिंसात्मक कार्य हुनु अत्यन्त दुःखद र खेदजनक छ । यस्ता कार्यहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र २०, नेपाल पक्षराष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ र नेपालको संविधानको धारा १७ को समेत विपरीत हुने देखिन्छ । यसको साथै यस प्रकारका गतिविधिले नेपालको कानुनले आमनागरिकलाई प्रदान गरेका कानुनी हक एवम् आधारभूत मानव अधिकारको उपभोगमा समेत बाधा उत्पन्न हुन जान्छ ।

अत : नागरिकको शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको सम्मान गर्न, आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र शान्ति-सुरक्षा कायम गर्दा संयमित हुन आयोग नेपाल सरकार एवम् सम्बद्ध निकायहरूलाई आग्रह गर्दछ । यसको साथै आफ्नो विरोध प्रदर्शनलाई शान्तिपूर्ण बनाउन, सर्वसाधारण व्यक्तिका सम्पत्ति र भौतिक संरचनाहरूमा क्षति नपुऱ्याउन, विरोध प्रदर्शन गर्दा संयमित हुन तथा आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको उपभोगमा अवरोध नपुऱ्याउन आयोग विरोध प्रदर्शनमा उत्रिएका राजनीतिक दल, राजनीतिक दलका भातृ सङ्गठन तथा सर्वसाधारणलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१६ फागुन, २०७८

## वार्ता र संवादबाट समस्याको समाधान गर

नेपाल विद्यार्थी सङ्घ र आंशिक प्राध्यापक सङ्घसमेतबाट विभिन्न मागहरू राखी विगत केही महिनादेखि त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय, शिक्षाध्यक्षको कार्यालय र रजिष्ट्रारको कार्यालयलगायतमा तालाबन्दी हुँदा बन्दबाट सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगले विश्वविद्यालयको स्थलगत अनुगमन, विद्यार्थीहरूसँग छलफल तथा विश्वविद्यालयका पदाधिकारीसँग जानकारी लिएको छ ।

जनकपुरस्थित युथ क्याम्पसलाई बीसीए (ब्याचलर अफ कम्प्युटर एप्लिकेसन) कार्यक्रमका लागि आफैँले दिएको सम्बन्धन खारेज गरिदिएको आरोप त्रि.वि. पदाधिकारीहरूलाई नेपाल विद्यार्थी सङ्घले लगाएको र ती पदाधिकारीहरूलाई बर्खास्त गर्नुपर्ने माग राखेको अनुगमनको क्रममा पाइएको छ । त्रिभुवन विश्वविद्यालयका आंशिक प्राध्यापकहरूले पनि आफूहरूमाथि श्रम शोषण भएको र कामको उचित ज्याला नपाएको भन्दै आफूहरूलाई दैनिक ज्यालादारीबाट मासिक ज्यालादारीमा लैजानुपर्ने माग राखी तालाबन्दी गरेको जानकारी प्राप्त भएको छ ।

विश्वविद्यालयजस्तो प्राज्ञिक निकाय लामो समयदेखि बन्द हुँदा विश्वविद्यालयसँग सम्बन्धित शैक्षिक तथा प्रशासनिक कार्यहरूमा असर परिरहेको देखिन्छ । संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १३ र नेपालको संविधानको धारा ३१ ले शिक्षाको अधिकार उपभोग गर्ने हकको सुनिश्चितता गरेको छ ।

अतः विभिन्न माग राखी शैक्षिक संस्थामा लामो समयदेखि तालाबन्दी गरिँदा शिक्षाको अधिकार उपभोगमा पर्न जाने असरप्रति संवेदनशील भई वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न, विश्वविद्यालयबाट सञ्चालन हुने पठनपाठन, परीक्षालगायतका कुनै नियमित गतिविधिमा अवरोध नपुऱ्याउन, आन्दोलनरत पक्ष र पदाधिकारीहरूबीच वार्ताको वातावरण बनाइ विद्यार्थीहरूको पठनपाठन गर्न पाउने अधिकारको संरक्षणका लागि आवश्यक पहल गर्न आयोग त्रिभुवन विश्वविद्यालय पदाधिकारी तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२० फागुन २०७८

## संयमित भई अनुसन्धान प्रक्रियालाई सघाउन आग्रह

चलचित्र अभिनेता पल शाहमाथि बलात्कारको आरोपमा तनहुँ प्रहरीले अनुसन्धान गरिरहेको अवस्थामा विभिन्न सञ्चार-माध्यम तथा सामाजिक सञ्जालहरूमा आरोपका पक्ष र विपक्षमा भैरहेका प्रचारबाजी, प्रदर्शन तथा सार्वजनिक अभिव्यक्तिहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आयोगले विभिन्न माध्यमबाट अनुगमन तथा सूचना सङ्कलन गरिरहेको छ।

गम्भीर प्रकृतिको अपराधको अनुसन्धान फौजदारी न्यायको सिद्धान्तअनुसार गोप्य, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा हुनुपर्दछ। अधिकारप्राप्त निकायबाट अनुसन्धान प्रक्रिया चलिरहँदा आरोपका पक्ष र विपक्षमा प्रदर्शन गर्ने, अभिव्यक्ति दिने र प्रचारबाजी गर्नाले आरोपित र पीडित दुवै पक्षको गोपनीयता र मर्यादामा आँच पुग्नुका साथै अनुसन्धान प्रक्रियासमेत प्रभावित हुने सम्भावना रहन्छ। यस प्रकारका गतिविधिले नेपालको संविधानको धारा २८ को गोपनीयताको हक र धारा २० मा उल्लिखित न्यायसम्बन्धी हक, मुलुकी अपराध संहिताको दफा २९८, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १७ मा व्यवस्था भएको गोपनीयताको अधिकारसमेत प्रभावित भएको देखिन्छ।

अतः गम्भीर प्रकृतिको फौजदारी अपराधको अनुसन्धान प्रक्रियालाई प्रभावित पार्ने गरी पक्ष र विपक्षमा समाचार सम्प्रेषण नगर्न, यस सम्बन्धमा सम्बन्धित व्यक्तिको अनुमति विना भिडियोहरू रेकर्ड नगर्न, रेकर्ड गरिएका भिडियोहरू सार्वजनिक नगर्न, अतिप्रचारका कारण प्रमाणहरू नष्ट हुनेतर्फ विचार पुऱ्याउन, आफूलाई प्राप्त प्रमाणहरू सार्वजनिक गर्नुको सट्टा अनुसन्धान अधिकारीहरूलाई उपलब्ध गराउन, कसैले पनि पक्ष र विपक्षमा अभिव्यक्ति नदिन, आफ्ना विचार र अभिव्यक्ति सम्प्रेषण गर्दा अरूको मर्यादामा आँच आउनेतर्फ विचार पुऱ्याउन, गोपनीयताको हक सङ्कुचित हुन सक्नेतर्फ संवेदनशील र संयमित हुन तथा स्वतन्त्र अनुसन्धान प्रक्रियालाई सघाउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।

लोकनाथ वास्तोला

सहायक-प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१० चैत, २०७८

## मोरङको लेटाङ घटनाको आयोगद्वारा अनुगमन
## हिंसात्मक घटनाका दोषीहरूको पहिचान गरी तत्काल कानुनी कारबाहीको दायरामा ल्याऊ

मोरङको लेटाङस्थित शिक्षा विकास मा.वि.मा अध्ययनरत एक बालिकालाई सोही विद्यालयका शिक्षकले दुर्व्यवहार गरेको भनिएको घटनाको विषयलाई लिएर भएको छलफलको क्रममा आक्रोशित स्थानीयहरूले आरोपितलाई पक्राउ गर्न गएको प्रहरी टोलीमाथि मिति २०७८ चैत ४ गते आक्रमण गर्दा प्रहरी जवान उर्मिला श्रेष्ठको मृत्यु भएको, अन्य १४ जना प्रहरीहरू, विद्यार्थी, शिक्षक तथा आन्दोलनकारीहरू घाइते भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएकी प्रहरी जवान उर्मिला श्रेष्ठप्रति आयोग गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ । यसको साथै उक्त घटनाका घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

आयोगको प्रदेश नं. १ कार्यालय बिराटनगरको टोलीले घटनाको स्थलगत अनुगमन गरेको छ । घटनाको क्रममा विद्यालयको भौतिक संरचनामा क्षति पुगेको र घाइतेहरूमध्ये एकजना स्थानीय नोबेल मेडिकल कलेजको आइसियुमा, दुईजना विद्यार्थी विराट मेडिकल कलेजमा र पाँचजना प्रहरी कोशी अस्पतालमा उपचाररत रहेको पाइएको छ । उक्त घटनाका कारण शिक्षक, विद्यार्थी तथा स्थानीयमा त्रासको वातावरण सिर्जना हुँदा विद्यालय सुचारु हुन नसकेको र नजिकै आइरहेको एसइइ परीक्षाका सम्बन्धमा विद्यार्थीहरू चिन्तित रहेको अनुगमनको क्रममा पाइएको छ ।

शान्तिपूर्ण रूपमा भेला हुने, विरोध गर्ने र असहमति जनाउने नागरिकको संवैधानिक हक र अधिकार हो तर यस्तो अधिकारको प्रयोग गर्दा संविधानको धारा ४८ (ख) मा उल्लिखित नागरिकको कर्तव्य पालना गर्नुपर्छ । विरोध र असहमतिको नाममा गरिएका हिंसात्मक कार्य स्वीकार्य हुँदैनन् । यस्ता कार्यहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र २०, नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ र नेपालको संविधानको धारा १७ को समेत विपरीत हुने देखिन्छ । बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यता विपरीत विद्यालयमा यस किसिमको हिंसात्मक गतिविधि गरिनु अत्यन्त दुःखद छ ।

अतः कानुन हातमा लिई हिंसात्मक कार्यमा संलग्न दोषीहरूलाई प्रभावकारी अनुसन्धानमार्फत पहिचान गरी कानुनी दायरामा ल्याउन, घाइतेहरूको निःशुल्क स्वास्थ्योपचार गर्न, बालिकामाथि भएको भनिएको दुर्व्यवहारको घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन र मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै भविष्यमा यसप्रकारका घटनाहरू हुन नदिन सचेत र संवेदनशील हुन समेत आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस-विज्ञप्ति**

६ वैशाख, २०७९

## घोषणापत्रमा मानव अधिकारको विषय समावेश गर्न आग्रह

आगामी वैशाख ३० गते सम्पन्न हुन गइरहेको स्थानीय तह निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ ।

लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनसमेतको माध्ययमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको आयोग स्मरण गर्दछ । समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरूको सुनिश्चिततालाई स्वीकार गरी ती हक अधिकारहरूलाई मौलिक हकको रूपमा संविधानले व्यवस्था गरेको छ । नागरिकहरूको अधिकार प्राप्तिको सुनिश्चितताको लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गर्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन समेतको दायित्व राज्यको हुने उल्लेख गरेको छ । आयोगले यस अघिको निर्वाचनको क्रममा भयरहित, निष्पक्ष र स्वतन्त्ररूपमा निर्वाचनमा भागलिन पाउने अधिकारको संरक्षण गर्ने सन्दर्भमा नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दललगायतलाई विभिन्न सिफारिसहरू गरेको छ । अन्तर्राष्ट्रिय रूपमा नेपालले मानव अधिकारसम्बन्धी विभिन्न ४१ वटा महासन्धिहरूलाई नेपाल कानुनसरह कार्यान्वयन गर्न स्वीकार गरिसकेको सन्दर्भमा नेपाल राज्यको मानव अधिकारप्रतिको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व स्वतः स्थापित भइसकेको छ ।

यसै सन्दर्भमा हरेक राजनीतिक दलको मार्गचित्रको रूपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनको लागि नेपालको संविधान, आयोगको सिफारिस तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप उच्च महत्त्वका साथ ती विषयसमेतलाई समावेश गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई विशेष आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस–विज्ञप्ति**

२ असोज, २०७९

## वैयक्तिक स्वतन्त्रता, आवतजावत र गोपनीयताको हकको सम्मान गर्न आग्रह

प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जवरा माथिको महाअभियोगको प्रकरणपश्चात् सर्वोच्च अदालतमा देखिएको गतिरोधको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आजै आयोगको टोलीले सर्वोच्च अदालतका साथै प्रधान न्यायाधीश राणाको निवासमा पुगी राणासँग पछिल्लो अवस्थाको बारेमा जानकारी लिएको छ।

प्रधान न्यायाधीश राणाले आज मिति २०७९ असोज २ गते सर्वोच्चमा बहाली गर्न जाने तयारी गर्दा निजलाई सुरक्षाकर्मीहरूले विनाकारण निवासबाटै बाहिर निस्कन नदिएको जानकारी प्राप्त भएको छ। यसको साथै राणाको निवासमा आवतजावत गर्ने व्यक्तिको निगरानी गरिएको, आवासबाट बाहिर निस्कने सवारी साधन चेकजाँचमा कडाइ गरिएको र राणाको सवारी स्कर्टिङ टोलीसमेत हटाइएको पाइएको छ। आयोगको टोलीले तहाँ सुरक्षार्थ खटिएका सुरक्षाकर्मीसँग बुझ्दा माथिको आदेशबाट बाहिर निस्कन रोकावट गरेको भन्ने जानकारी टोलीलाई प्राप्त भएको छ।

जुनसुकै व्यक्तिको पनि संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रता, आवतजावतको स्वतन्त्रता र गोपनीयताको अधिकारको सम्मान गर्नुपर्ने राज्यको दायित्व हुन आउँछ। यसप्रकारका अधिकारहरूमा कुनै पनि बहानामा अवरोध पुग्नु हुँदैन भन्नेमा आयोग दृढ छ। अत ःसंविधान र कानुनमै टेकेर यस प्रकारको गतिरोधको अन्त्य गर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

# मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको सन्दर्भमा मानव अधिकारसँग सम्बद्ध संवैधानिक आयोगहरूको आह्वान

२८ असोज, २०७९

आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूबाट हुने अनुगमनका लागि सहकार्य समन्वय गर्ने सम्बन्धमा मिति २०७९ असोज २६ गते राष्ट्रिय मानव अधिकार आयोगलगायत मानव अधिकारसम्बन्धी तपसिलबमोजिमका आठै आयोगका अध्यक्षहरूबीच छलफल भयो । छलफलमा आयोगहरूबीच तपसिलबमोजिमका विषयमा सहमति भयो:

१. आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मानव अधिकारसम्बन्धी सबै संवैधानिक आयोगहरूले संयुक्त रूपमा अनुगमन गर्ने ।

२. आयोगहरूलाई प्राप्त विवरणअनुसार आसन्न निर्वाचनका लागि दलहरूले गरेको उम्मेदवारी मनोनयन समावेशी लोकतन्त्र, मानव अधिकार र संविधानको मर्म र भावना अनुरूप पूर्ण रूपमा समावेशी र समानुपातिक हुन नसकेको अवस्थाप्रति चिन्ता प्रकट गर्दै आगामी दिनमा यसमा सुधार ल्याउनेतर्फ कदम चाल्न सम्बन्धित सबैलाई आह्वान गर्ने ।

३. निर्वाचनका सन्दर्भमा राजनीतिक दलहरूले तयार गर्ने घोषणापत्रहरूमा मौलिक हकको प्रभावकारी कार्यान्वयन तथा मानव अधिकारको सुनिश्चितताका लागि आफ्ना प्रतिबद्धताहरू समावेश गरी त्यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न राजनीतिक दलहरूलाई आह्वान गर्ने ।

**राष्ट्रिय मानव अधिकार आयोग**

**राष्ट्रिय महिला आयोग**

**राष्ट्रिय दलित आयोग**

**राष्ट्रिय समावेशी आयोग**

**आदिवासी जनजाति आयोग**

**मधेशी आयोग**

**थारु आयोग**

**मुस्लिम आयोग**

**प्रेस-विज्ञप्ति**

१२ असोज, २०७९

## राजनीतिक दलका घोषणापत्रमा मानव अधिकारका विषय समावेश गर्न आयोगको आग्रह

मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने राज्यको दायित्वलाई कार्यान्वयन गर्न निर्वाचनको माध्यमबाट सरकारमा सहभागी हुने राजनीतिक दलको भूमिका महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगले विगतमा पनि मानव अधिकारको संरक्षण र संवर्धनमा राजनीतिक दलको भूमिका महत्त्वपूर्ण हुने कुरा पटक-पटक स्मरण गराउँदै आएको छ।

लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनसमेतको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको कुरा आयोग सबै दलहरूलाई पुनः स्मरण गराउँदछ। समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिततालाई स्वीकार गरी ती हक अधिकारहरूलाई मौलिक हकको रूपमा नेपालको संविधानले व्यवस्था गरेको सन्दर्भमा त्यसको कार्यान्वयनमा राजनीतिक दलको जिम्मेवारी सदैव महत्त्वपूर्ण हुने गर्दछ। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा उल्लिखित राजनीतिक दलको काम, कर्तव्य र अधिकारअनुरूप पनि दलहरूले आफ्ना क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउनुका साथै घोषणापत्रमा समेत मानव अधिकारका विषयवस्तु समावेश गर्नुपर्ने हुन्छ। नागरिकको अधिकार सुनिश्चितताका लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गरेको हुँदा मानव अधिकार, मौलिक हक तथा त्यस्ता नीतिहरूको समेत कार्यान्वयनको दायित्व राज्यका साथै सरकार सञ्चालनमा संलग्न दलहरूको हुन्छ।

आयोगले यसअघिको प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनको क्रममा समेत भयरहित, निष्पक्ष र स्वतन्त्र रूपमा निर्वाचनमा भाग लिन पाउने अधिकारको संरक्षण गर्नका लागि नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दललगायतलाई विभिन्न सिफारिसहरू गरेको सम्बद्ध सबैलाई पुनःस्मरण गराउँदछ। नेपालले मानव अधिकारसम्बन्धी विभिन्न ४१ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूलाई स्वीकार गरिसकेको सन्दर्भमा मानव अधिकारप्रतिको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यका साथै सरकार सञ्चालन गर्ने दलहरूको पनि हुन्छ।

यसै सन्दर्भमा आगामी मङ्सिर ४, २०७९ मा सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिवद्धतापत्रमा मानव अधिकारका विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोग निर्वाचनमा भाग लिने सबै दलहरूलाई आग्रह गर्दछ। विगतमा राजनीतिक दलहरूले तयार गरेका घोषणापत्रहरूलाई आयोगले नजिकबाट नियालिरहेको छ। दलहरूले विगतमा आफ्ना घोषणापत्रमा मानव अधिकारका विषयलाई

समावेश गरी मानव अधिकारप्रतिको आफ्नो प्रतिबद्धताको कार्यान्वयन गरेकोमा त्यसको सराहना गर्दै दलका आगामी घोषणापत्रमा अझ स्पष्टताका साथ मानव अधिकारका विषय समावेश हुनेछन् भन्ने आयोगले विश्वास लिएको छ ।

अतः हरेक राजनीतिक दलको प्रतिज्ञापत्रको रूपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनको लागि नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, आयोगका सिफारिस तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप उच्च महत्त्व र प्राथमिकताका साथ मानव अधिकारका विषयलाई समावेश गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई पुनः विशेष आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

३१ असोज, २०७९

## निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूबीच छलफल

आगामी मङ्सिर ४, २०७९ मा हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनलाई कसरी थप मानव अधिकारमैत्री बनाउन सकिन्छ भन्ने सन्दर्भमा आज निर्वाचन आयोगका पदाधिकारी र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच निर्वाचन आयोगमा छलफल भयो ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय कार्यवबाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले आसन्न निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने सम्बन्धमा गरेको तयारीका बारेमा जानकारी गराउँदै निर्वाचनलाई स्वतन्त्र निष्पक्ष, भयरहित र मानव अधिकारमैत्री बनाउन निर्वाचन अचारसंहिता, शान्ति-सुरक्षा, निर्वाचनको अनुगमन तथा पर्यवेक्षण, मतदाता शिक्षा, मतदानमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असक्त, गर्भवतीलगायतका मतदाताको पहुँच, अनुगमनकर्ताको अनुगमनमा सहज पहुँच, अनुगमनमा मानव अधिकारसम्बन्धी अन्य संवैधानिक आयोगहरूको भूमिकाको पहिचान, पत्रकार र आमसञ्चारको भूमिका र दुई आयोगबीचको सहकार्य समन्वयलगायतका विषयमा निर्वाचन आयोगको ध्यान जानुपर्ने कुरा बताउनुभयो ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त माननीय दिनेशकुमार थपलियाले निर्वाचनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन आयोगलाई दिएका सुझाव सिफारिसहरूको निर्वाचन आयोगले कार्यान्वयन गरेको बताउँदै आगामी निर्वाचनमा विगतका कमीकमजोरी नदोहोरियुन भन्नेमा निर्वाचन आयोग सचेत रहेको र मतदाता नामावली, निर्वाचन मतपत्र, उम्मेदवारी मनोनयन, मतदाताको पहुँच, असक्त अपाङ्गता भएका व्यक्तिहरूको मताधिकारको सुनिश्चितता, शान्तिसुरक्षाको तयारी, सुरक्षाकर्मी परिचालन, दलहरूबीचको विवाद, मतदाता शिक्षा, निर्वाचनका दिनको सवारी सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकको व्यवस्थापनलगायतका विषयमा निर्वाचन आयोगले गरेका क्रियाकलाप र तयारीबारे जानकारी गराउनुभयो ।

निर्वाचन आयोगका आयुक्तहरू, राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू, का.मु.सचिव तथा सहसचिवहरूको समेत उपस्थिति रहेको छलफलमा निर्वाचनपश्चात् पनि दुवै आयोगहरूबीच छलफल र अन्तरक्रियालाई निरन्तरता दिने सहमति भयो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

।

**प्रेस–नोट**

१५ कात्तिक, २०७९

## कालिकोटमा भएको बम विष्फोटको घटनाको आयोगद्वारा अनुगमन सुरु

कालीकोटको तिलागुफा नगरपालिका, १० मा मिति २०७९ कात्तिक १२ गते बम विष्फोटमा परी दुई जना बालिकाको मृत्यु भएको एवम् तीन जना बालबालिका घाइते भएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित निकायमा पत्राचार गर्नुका साथै घटनाको स्थलगत अनुगमन गर्न टोली पठाएको छ ।

यस प्रकारका घटनाहरू विगतदेखि नै भइरहेको सन्दर्भमा यस्ता घटनालाई संवेदनशीलरूपमा लिई घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन, घटनाका पीडितलाई राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न, घाइते बालबालिकाहरूको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, आगामी दिनमा यस प्रकारका घटना नदोहोरिने वातावरणको सुनिश्चितता गर्न तथा व्यक्तिको जीवनको अधिकार संरक्षण गर्ने/गराउने कार्यमा संवेदनशील हुन आयोग नेपाल सरकार र सम्बद्ध निकायलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ मङसिर, २०७९

## मतदानपूर्वको मानव अधिकार अवस्थाको आयोगद्वारा अनुगमन स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यमा भूमिका खेल्न सबै पक्षलाई आयोगको आग्रह

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको क्रममा आयोगको उच्चस्तरीय अनुगमन टोलीसहित ३२ वटा टोलीले सातै प्रदेशका ६७ जिल्लामा मतदानपूर्वको मानव अधिकार अवस्थाको अनुगमन गरी प्रारम्भिक जानकारी प्राप्त गरेको छ ।

अनुगमनबाट प्राप्त तथ्य र सूचनाअनुसार बाँकेको नेपालगञ्ज र भोजपुर जिल्लामा बम विष्फोट हुँदा तीन जना घाइते भएका, दार्चुलाको नौगाड गाउँपालिकामा सत्ता गठबन्धन र एमाले कार्यकर्ताबीच झडप हुँदा एकजना गम्भीर घाइते भएको, चितवनको भरतपुरमा स्वतन्त्र उम्मेदवार र काङ्ग्रेसका उम्मेदवारको सवारी साधनमा आक्रमण गरिएको लगायतका घटनाहरू भएको पाइएको छ । यसैगरी दाङ, प्युठान, रसुवा, नुवाकोट, रामेछाप, डोटी, काठमाडौँ लगायतका ७२ जिल्लामा ठूला दलका उम्मेदवारले नै निर्वाचन गतिविधिमा बालबालिकालाई प्रयोग गरेका १ सय ६५ वटा सूचनाहरू आयोगलाई प्राप्त भएको छ । जसमा टिकटक बनाउने, प्रचार-प्रसारको क्रममा नाचगानमा प्रयोग गर्ने, विद्यालयमा प्रचार सामग्री टाँस्न लगाउने जस्ता सूचनाहरू रहेका छन् । मतदाता नामावलीमा नाम नभएका कारण कारागारमा रहेका धेरै कैदी बन्दीहरूले मतदान गर्न नपाउने अवस्था देखिएको छ । निर्वाचनमा असहमति र अवज्ञा जनाएका समूहका कार्यकताहरूले जाजरकोट, रुकुम, रोल्पा, सल्यान लगायतका जिल्लामा स्थानीय नागरिकहरूलाई मतदान नगर्न दबाब दिँदै सभा तथा कार्यक्रमहरू गरिरहेको आयोगको अनुगमनबाट देखिएको छ ।

निर्वाचन प्रचार-प्रसार र बालबालिकाको प्रयोग जस्ता निर्वाचन आचारसंहिता उल्लङ्घनका विषयलाई नियमन र नियन्त्रण गर्न निर्वाचन आयोगले देखाएको तदारुकतालाई आयोगले सकारात्मक रूपमा लिएको छ । मङ्सिर ४ गते निर्वाचनको दिनमा मानव अधिकार अवस्था अनुगमनका लागि आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरू, सचिव, सहसचिव, आयोगका पूर्व पदाधिकारीहरू नेतृत्वको १० वटा अनुगमन टोलीले काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे, नुवाकोट, धादिङ जिल्लाहरूमा अनुगमन गर्नेछ ।

मतदाताको अधिकारको कदर गरी भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न, राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, नेपाल सरकार, नागरिक समाज, पर्यवेक्षक, सञ्चारकर्मी लगायत सबै सर्वसाधारणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

अत : सबै राजनीतिक दल एवम् निर्वाचनमा खटिने सबै पक्षलाई निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न/गराउन आयोग आग्रह गर्दछ । निर्वाचन असहमति जनाएका समूहलाई पनि निर्वाचन विरोधी तथा हिंसात्मक गतिविधिहरू नगर्न/नगराउन समेत आयोग विशेष आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**
४ मङ्सिर, २०७९

## प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको आयोगद्वारा अनुगमन

आज सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ। निर्वाचनमा निष्पक्ष, स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि गरिएको अनुगमनमा मानव अधिकार आयोगलगायत मानव अधिकारसँग सम्बन्धित अन्य संवैधानिक आयोगका पदाधिकारीहरू, आयोगका पूर्व पदाधिकारीहरू र कर्मचारीहरू सम्मिलित ४२ वटा टोली अनुगमनमा खटिएका थिए।

अनुगमनबाट प्राप्त तथ्यअनुसार झापा, सुनसरी पाँचथर, सुर्खेत, कैलालीलगायतका जिल्लाहरूमा बम विष्फोटका केही घटनाहरू भएको, कैलाली, कञ्चनपुर, मोरङ, दैलेख, डोटी, अछामलगायतका जिल्लास्थित केही मतदानस्थल नजिकै विष्फोटक पदार्थ भेटिएको, हुम्ला, दार्चुला, बाजुरा, दोलखा, रौतहट, सिराहा, चितवनलगायतका जिल्लाहरूमा राजनीतिकदलका कार्यकर्ताबीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ। यी जिल्लामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको पाइएको छ। कास्कीको माछापुछ्रे गाउँपालिका ८ तारेबराह आधारभूत विद्यालय लुम्ले मतदान केन्द्रमा नेकपा बहुमतका एक कार्यकर्ताले मत खसाल्ने क्रममा मतपेटिका फुटाएको जानकारी प्राप्त भएको छ। हुम्ला कारागारमा रहेका कैदीबन्दीहरूलाई हत्कडी नखोली मतदान गराइएको छ। पाल्पा, रामेछाप, भोजपुर लगायतका जिल्लाका कतिपय मतदान केन्द्रमा चार, पाँच घण्टा पैदल हिँडेर मतदानको लागि जानुपर्ने र जिल्ला प्रशासन कार्यालयबाट सवारी पास वितरणमा कडाइ गरेका कारण अशक्त, अपाङ्गता भएका मतदाताहरूलाई मतदानस्थलसम्म पुर्‍याउन र घर फर्कनको लागि समस्या भएको जानकारी प्राप्त भएको छ।

दार्चुलाको व्यास गाउँपालिका १ छाङरु र तिङकर क्षेत्रका मतदाताले पाँच दिनको बाटो हिँडेर जिल्ला सदरमुकाम खलङ्गास्थित मोती महिला सङ्घको मतदान केन्द्रबाट मतदान गरेको बुझिएको छ। प्युठानको स्वर्गद्वारी स्वास्थ्य चौकीमा कार्यरत सात कर्मचारीमध्ये छ जनालाई निर्वाचनमा खटाउँदा स्वास्थ्य सेवा बन्द भएको, देशभरका धेरै मतदानकेन्द्रहरू अपाङ्गमैत्री नभएको बुझिएको छ। त्यसै गरी, म्यादी प्रहरी तथा देशभर २७ हजारको सङ्ख्यामा रहेका कैदीबन्दीहरूमध्ये अधिकांशले मताधिकारको प्रयोग गर्न पाएनन्। मतदाता शिक्षाको अभाव र निर्वाचनमा खटिएका कर्मचारीलाई पर्याप्त अभिमुखीकरण नभएका कारण मतदानमा अन्यौलता रहेको पाइएको छ। सङ्खुवासभाको एक मतदानकेन्द्रमा प्रतिनिधिसभाको मतपत्र दिनुपर्नेमा प्रदेशसभाको मतपत्रमात्रै दिइएको, पाल्पाको एक मतदान केन्द्रमा प्रदेशसभाको मतपत्र खसाल्ने ठाउँमा प्रतिनिधिसभाको मतपेटिका राखिएको र यस प्रकारका समस्या दाङ, झापा, ललितपुरलगायतका जिल्लाका केही मतदान केन्द्रमा समेत देखिएकोले केहीबेर मतदानमा अन्यौलता सिर्जना भएको बुझिएको छ। यद्यपि बम विष्फोटका

घटना तथा भौगोलिक विकटताका बावजुद् मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न मतदान केन्द्रमा पुगी मतदान गरेको पाइएको छ ।

आयोगको अनुगमनको क्रममा मतदाता शिक्षाको प्रभावकारिता र मतदान केन्द्रको सुव्यवस्थापनमा कमी समेत देखिएकोले आगामी निर्वाचनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउन, मतदान केन्द्र एवम् मतदान सामग्रीको व्यवस्थापनमा सुधार गर्न/गराउन आयोग नेपाल सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

९ मङ्सिर, २०७९

## बाजुरा घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान सुरु

बाजुरा जिल्लामा प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य पदको निर्वाचनको क्रममा यही मङ्सिर ४ गते दुईजना व्यक्तिहरूको मृत्यु भएको घटनामा आयोगले अनुसन्धान सुरु गरेको छ । सो घटनाको बारेमा स्थलगत छानबिन तथा अनुसन्धान गर्न आयोगका उपसचिवको नेतृत्वमा केन्द्रीय कार्यालयका अधिकृत सम्मिलित एक टोली जिल्लातर्फ खटिइ गएको हुँदा सो टोलीलाई आवश्यक सहयोग गरिदिनुहुन आयोग स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनैतिक दलहरू, नागरिक समाज, मानव अधिकारकर्मी, पीडित तथा पीडित परिवार र सर्वसाधारण सबैसँग अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२६ मङ्सिर २०७९

## मुद्दा फिर्तासम्बन्धी अध्यादेशमा आयोगको पत्राचार

मन्त्रिपरिषद्को मिति २०७९/८/२५ मा बसेको भनिएको बैठकले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ मा भएको प्रावधानलाई संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको र उक्त अध्यादेशबाट विद्यमान ऐनमा भएको व्यवस्थालाई संशोधन गरी मुद्दा फिर्ता लिन सहज हुने भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशित र प्रशारित समाचारहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगले यस सम्बन्धमा यथार्थ विवरण माग गर्दै आज नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–विज्ञप्ति**

२८ मङ्सिर २०७९

## आपराधिक घटनाका दोषीलाई उन्मूक्ति दिई दण्डहीनतालाई प्रश्रय नदेऊ !

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मा भएको विद्यमान प्रावधानमा आपराधिक घटनाका दोषीलाई उन्मूक्ति दिन सहज हुने गरी संशोधन अध्यादेश ल्याउने निर्णय गरेको प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त अध्यादेशको प्रावधानले कानुनी कारबाहीको क्रममा रहेका, अदालतको निर्णय/फैसलाबाट दोषी किटान भएका र गम्भीर मानव अधिकार उल्लङ्घन र फौजदारी कसूरका मुद्दाहरूसमेत फिर्ता लिने वा आममाफी दिने सम्भवना रहन्छ । उक्त कार्यले विधिको शासन, लोकतन्त्र र पीडितको स्वच्छ न्यायमा असर पर्नुका साथै दण्डहीनतालाई समेत प्रश्रय पुग्ने देखिन्छ । यसबाट मानव अधिकार संस्कृतिको निर्माणमा गम्भीर चुनौती सिर्जना भएको छ ।

जुनसुकै उद्देश्यले गरेको कार्य भए पनि प्रचलित कानुनको दृष्टिमा अपराध भएमा उक्त आपराधिक कार्यको दायित्व अपराध गर्ने व्यक्तिले नै लिनुपर्दछ र कानुनबमोजिम कारबाही हुनुपर्दछ । आपराधिक घटनालाई राजनीतिक दृष्टिले मात्र हेर्दै जाने हो भने आवाजविहीन नागरिकहरूको राज्यप्रतिको आसा एवम् भरोसा टुट्दै जाने अवस्था सिर्जना हुन्छ । बिस्तृत शान्ति-सम्झौतामा समेत सङ्क्रमणकलीन न्यायसम्बन्धी प्रक्रियामा मानवताविरूद्धको अपराध तथा गम्भीर मानव अधिकारको उल्लङ्घनका घटनाका दोषीलाई कानुनी कारबाही हुने कुरा उल्लेख भएकाले सरकारले त्यसतर्फ अझ सचेत एवम् सवेदनशील हुन जरुरी छ । राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरण हुनुहुन्नँ भन्नेमा आयोग सदैव दृढ रहेको छ ।

यसै सन्दर्भमा आयोगले 'आममाफीसम्बन्धी अध्यादेशबारे द्वन्द्वपीडितहरूको खबरदारी' (२०६९ साउन २३), 'मानव अधिकारविरूद्ध ३४९ व्यक्तिहरूको आपराधिक मुद्दा फिर्ताबारे आयोगको चासो' (२०६८ फागुन २१) र 'आपराधिक घटनालाई राजनीतिक आवरण दिई दण्डहीनतालाई प्रश्रय नदेऊ' (२०७४ जेठ ५) शीर्षकमा प्रेस-विज्ञप्तिमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराएको आयोग पुनः स्मरण गराउँदछ । आपराधिक घटनाका दोषीको मुद्दा फिर्ता लिने कार्य मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १० एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ र १४ विपरीतको कार्य हो । यस सम्बन्धमा मौजुदा संवैधानिक तथा कानुनी प्रावधान, सर्वोच्च अदालतको निर्णय/आदेश र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस समेतलाई बेवास्ता गर्नु मानव अधिकारको मूल्यमान्यता विपरीत हुन जान्छ ।

अतः अदालतले दोषी ठहर गरी सजाय भोगिरहेका एवम् मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न भएका दोषीहरूलाई राजनीतिक आवरण दिई उन्मुक्ति नदिन, त्यस प्रकारको कानुनसमेत नबनाउन आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३ माघ, २०७९

## यति एयरलाइन्सको जहाज दुर्घटनाप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त
## हवाई सेवालाई सुरक्षित बनाउन आयोगको आग्रह

यही माघ १ गते काठमाडौँबाट पोखराको लागि उडेको यति एयरलाइन्सको चालक दलसहित ७२ जना सवार जहाज कास्कीको पोखरामा दुर्घटना हुँदा ७० जनाको मृत्यु भएको र दुई जनाको अवस्था अझै अज्ञात रहेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । यस सङ्कटको घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै आयोग हार्दिक समवेदना प्रकट गर्दछ ।

हवाई दुर्घटनाका कारण व्यक्तिको जीवनको अधिकार गुम्न गएका घटनाहरूको आयोगले विभिन्न माध्यमबाट अनुगमन गर्दै आइरहेको छ । मानवीय क्षतिको दृष्टिकोणले उक्त दुर्घटना नेपालको आन्तरिक उडानमा हालसम्मकै सबैभन्दा ठूलो रहेको पाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा हवाई उडानलाई नियमन गर्ने व्यवस्था छ। हवाई नीति, २०६३ ले उडान सुरक्षा एवम् हवाई सुरक्षामा सुदृढीकरण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारण गरिएको मापदण्ड तथा सिफारिसहरूको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने उल्लेख गरेको छ। त्यस्तै, हवाई सेवालाई विश्वसनीय र भरपर्दो बनाउन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ। मन्त्रालयअन्तर्गत विभाग र प्राधिकरण क्रियाशील रहेका छन् । नियमनकारी निकायबाट उडान सुरक्षा एवम् हवाई सुरक्षालाई संवेदनशील रूपमा लिई प्रभावकारी कार्य हुन नसक्दा नागरिकले ज्यान गुमाउनु परिरहेको दुःखद अवस्था छ। हवाई दुर्घटनाका सम्बन्धमा विभिन्न छानबिन समितिहरूबाट प्राप्त सिफारिस कार्यान्वनलाई प्राथमिकता नदिईँदा एकातर्फ दुर्घटनाहरू बढिरहेको देखिन्छ भने अर्कोतर्फ पुराना विमानहरू खरिद र सञ्चालनमा प्रभावकारी नियमन हुन सकेको छैन । यसकारण हवाई यातायातमा जोखिम बढ्दै गइरहेको देखिन्छ ।

अतः हवाई दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको अवस्थाप्रति संवेदनशील बन्दै हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारित मापदण्ड एवम् सिफारिसहरूको कार्यान्वयनमा जोड दिन आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ । यसको साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन र हवाई दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारलाई उपयुक्त राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न/गराउन र सहज रूपमा बिमा रकम उपलब्ध गराउनसमेत आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

## चिकित्सकमाथि दुर्व्यवहार गर्नेलाई कारबाहीको दायरामा ल्याऊ
## आयोगद्वारा घटनाको अनुगमन

मिति २०७९ माघ २७ गते संसद्को दुवै सदनको संयुक्त बैठकलाई संवोधन गर्न सम्माननीय राष्ट्रपति शीतल निवासबाट संसद् भवन नयाँवानेश्वर जाने/आउने क्रममा सुरक्षाकर्मीले सो रुटमा सवारी साधन रोक्दा बाटोमा घण्टौँ ट्राफिक जाम भई सर्वसाधारणले कष्ट व्यहोर्नुपरेको, एम्बुलेन्सहरूसमेत ट्राफिक जाममा पर्दा बिरामीहरू समयमै अस्पताल पुग्न नसकेको, बिरामीको उपचारका लागि अस्पताल जान लागेका चिकित्सकहरूमाथि समेत सुरक्षाकर्मीबाट हातपात र दुर्व्यवहार भएको र चिकित्सकमाथि हातपात भएको घटनालाई लिएर चिकित्सकहरूले अस्पतालहरूमा उपचार सेवा बन्द गर्दा हजारौँ बिरामीहरू उपचार सेवाबाट वञ्चित हुनु परेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगले उक्त घटनाको अनुगमन गरेको छ।

राज्यका विशिष्ट व्यक्तिको सवारीमा उचित सुरक्षा प्रबन्ध गर्नु सुरक्षा निकायको दायित्व हो। विशिष्ट व्यक्तिको सुरक्षा प्रबन्ध गर्दा बिरामी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, आम सर्वसाधारण र उनीहरूले प्राप्त गर्ने सेवाप्रवाह भने प्रभावित हुनु हुँदैन। यसले नागरिकको स्वास्थ्यसम्बन्धी हक, स्वतन्त्रपूर्वक आवतजावत गर्न पाउने हक र समानताको हकसमेत प्रभावित हुन जान्छ।

अतः विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा समयसापेक्ष परिमार्जन गरी सवारी सुरक्षालाई चुस्त बनाउन, विशिष्ट व्यक्तिको सवारीका बेला आम सर्वसाधारणलाई पर्न सक्ने प्रभाव बारे गम्भीर बन्न, घाइते चिकित्सकहरूको प्रभावकारी उपचारको व्यवस्था गर्न तथा उक्त घटनाको छानबिन गरी चिकित्सकमाथि हातपात र दुर्व्यवहार गर्ने तथा निर्देशन दिने सुरक्षाकर्मीमाथि कारबाही गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै प्रहरी अनुसन्धानका क्रममा गरिने स्वास्थ्य परीक्षण समयमै नगर्दा प्रमाण लोपसमेत हुन सक्ने र समयमै उपचार नहुँदा गम्भीर प्रकृतिका बिरामीहरूको स्वास्थसमेत जोखिममा पर्ने हुँदा स्वास्थ सेवाजस्तो अत्यावश्यक सेवा बन्द नगर्न आयोग सम्पूर्ण चिकित्सकहरूलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

१७ चैत, २०७९

## अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर मानव अधिकार उपभोगको वातावरण सुनिश्चित गर्न आग्रह

देशका विभिन्न भागमा विगत केही दिन यता घटेका घटना तथा प्रदर्शनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । ती घटनाहरूको आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरिरहेको छ ।

कोशी प्रदेशको नामाकरणको विषयलाई लिएर विरोधमा गरिएको आन्दोलनको क्रममा लाजेहाङ लिम्बु (पदम लिम्बु) को मृत्यु भएको, काठमाडौँमा आफ्ना मागहरू राखी विरोध गर्नेलाई नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीहरूद्वारा प्रदर्शनकारीहरूको मुख थुनिएको र तराई मधेशका विभिन्न जिल्लाहरूका 'मिटरब्याज' पीडित भनिएकाहरू न्यायको लागि सरकारको ध्यानाकर्षण गराउन भनी लामो पैदलयात्रा पार गरी काठमाडौँमा आइ प्रदर्शन गरिरहेका जस्ता घटनाहरू आयोगको जानकारीमा आएका छन् । यी घटनाहरूले मानव अधिकारको स्वतन्त्र उपभोगमा चुनौती खडा भएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९, नेपालको संविधानको धारा १७ एवम् नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ ले नागरिकको मर्यादित ढङ्गले विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको प्रत्याभूति गरेको छ । नागरिकहरूका यी अधिकारहरूको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ ।

अत : नागरिकको शान्तिपूर्ण रूपमा भेला हुने र आफ्ना विचारहरू राख्न पाउने अधिकारको सम्मान गर्न, कुनै पनि व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउँदा मानव अधिकारमैत्री विधि र व्यवहार गर्न, कोशी प्रदेशमा ज्यान गुमाएका पदम लिम्बुका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न, उनको मृत्युको घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन, 'मिटरब्याज' पीडित भनिएकाहरूका सम्बन्धमा आवश्यक कानुन निर्माण गर्न र गृह मन्त्रालयद्वारा मिति २०७९/४/२७ गते गठित मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलबाट प्रस्तुत प्रतिवेदनका सिफारिसहरू कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आफ्ना मागहरू राख्दा विधिसङ्गत, शान्तिपूर्ण, मर्यादित ढङ्गले राख्न र आफ्ना अधिकारको प्रयोग गर्दा अरूको अधिकारमा आँच आउन सक्नेतर्फ ध्यान पुऱ्याउन आयोग प्रदर्शनकारीहरूलाई अनुरोध गर्दछ ।

डा.टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

५ वैशाख, २०८०

## धर्नामा रहेका 'मिटरब्याज' पीडितहरूमाथि प्रहरीद्वारा भएको अत्यधिक बल प्रयोग र धरपकडप्रति आयोगको गम्भीर ध्यानाकर्षण

न्यायको माग राखी विगत केही दिनदेखि काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितहरूमाथि प्रहरीद्वारा अत्यधिक बल प्रयोग गरी घाइते बनाएको एवम् धरपकड गरिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त घटनाको आयोगले स्थलगत अनुगमन गरेको छ । काठमाडौँको शान्ति वाटिकामा शान्तिपूर्ण धर्नामा रहेका 'मिटरब्याज' पीडितहरू प्रधानमन्त्रीलाई भेट्ने तयारीका साथ शान्ति बाटिकाबाट निस्केको अवस्थामा प्रहरीबाट रोक लागाइएको र सोही क्रममा झडप भएको आयोगको अनुगमनबाट पाइएको छ । सो क्रममा धर्नामा रहेका व्यक्तिहरूलाई प्रहरीले अत्यधिक बल प्रयोग गर्दै धरपकड गरेको, पीडितहरूले प्रयोग गरिरहेको खाना पकाउने ग्याँस, खाद्यान्नलगायतका सामग्रीहरू जबरजस्ती गरी लगिएको, धर्नामा रहेका प्रदर्शनकारी र वृद्धवृद्धाहरूलाई समेत नियन्त्रणमा लिई महेन्द्र पुलिस क्लबको भवन परिसरमा लगी कुटपिट गरिएको आयोगको अनुगमनबाट पाइएको छ । प्रहरीको कुटपिटबाट घाइते भई काठमाडौँको ट्रमा सेन्टरमा उपचाररत व्यक्तिहरू, अस्पताल प्रशासन तथा महानगरीय प्रहरीवृत्त दरबारमार्गमा राखिएका व्यक्तिहरूलाई समेत अयोगको अनुगमन टोलीले भेट गरी जानकारी लिएको छ । घाइतेहरूमध्ये अधिकांशलाई टाउकोमा चोट लागेको र ट्रमा सेन्टरमा उपचाररत तीनजना गम्भीर घाइते भएको आयोगको अनुगमनको क्रममा पाइएको छ ।

उल्लिखित घटनाबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९, नेपालको संविधानको धारा १७ एवम् नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ मा उल्लिखित नागरिकको मर्यादित रूपमा विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको गम्भीर उल्लङ्घन भएको छ । नागरिकहरूका यी अधिकार हरूको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ ।

अतः नागरिकको शान्तिपूर्ण रूपमा भेला हुने र आफ्ना विचारहरू राख्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न, प्रदर्शनकारीहरूमाथि अत्याधिक बल प्रयोग नगर्न, घाइतेहरूको प्रभावकारी उपचारको व्यवस्था गर्न र सार्थक संवादमार्फत समस्याको समाधान गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ । यसको साथै विरोध र प्रदर्शन गर्दा मर्यादित र शान्तिपूर्ण रूपमा गर्न धर्नामा बसेकाहरूलाई समेत आयोग अनुरोध गर्दछ ।

डा.टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

१४ वैशाख २०८०

## अनशनरत श्रीराम घिमिरेको जीवन रक्षा गर सार्थक वार्ताबाट समस्याको समाधान खोज

कृषक परिचयपत्रको व्यवस्था गर्न, न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउन, मल, बीउ, विषादी कृषियन्त्रहरू पूर्णरूपमा अनुदान उपलब्ध गराउनलगायत किसानसँग सम्बन्धित विभिन्न मागहरू राखी गत वैशाख ५ गतेदेखि काठमाडौँको भूगोलपार्कमा आमरण अनशनमा रहेका नुवाकोट ककनीका श्रीराम घिमिरेको स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले अनसनस्थल पुगेर अनुगमन गर्नुका साथै अनशनरत घिमिरेको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको छ । स्वास्थ्य परीक्षण गराउँदा निजको शरीरमा ग्लुकोज र अक्सिजनको मात्रा कम भई स्वास्थ्य अवस्था जटिल बन्दै गएको अनुगमनबाट पाइएको छ । नेपाल पक्षराष्ट्र बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ ले जीवनको अधिकारको उल्लेख गरेको छ । त्यस्तै, नेपालको संविधानको धारा १६ ले नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लेख गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगले २०७५ सालमा किसानको अधिकारसम्बन्धी कानुनहरूको पुनरावलोकन तथा अध्ययन प्रतिवेदन तयार गरी नेपाल सरकारलाई १५ बुँदे सिफारिससमेत गरेको आयोग स्मरण गर्दछ । जसमा कृषि प्रविधि, उपकरण तथा सूचनाको पहुँचको अधिकार, नीतिगत निर्णयहरूमा सहभागिताको अधिकार, किसान परिचयपत्र उपलब्ध गराई विशेष सहुलियतको व्यवस्था गर्न, किसानले उत्पादन गरेको खाद्यान्नको भण्डारण र सुरक्षण, बजार व्यवस्थापन र अन्नको सुरक्षा गरी किसानसहित सबै नागरिकलाई खाद्यान्नमा सहज पहुँचको व्यवस्था गर्न लगायतका सिफारिसहरू रहेका छन् ।

अतः अनशनरत श्रीराम घिमिरेको स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई जीवनको अधिकारको रक्षा गर्न, सार्थक वार्ताको माध्यमबाट तत्काल समस्याको समाधान गर्न, किसानको अधिकारका सम्बन्धमा आयोगबाट विगतमा गरिएका सिफारिसहरूको कार्यान्वयन हुन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आफ्ना मागहरू राख्दा आमरण अनसनजस्तो कठोर बाटो नरोज्नसमेत आयोग अनशनरत पक्षलाई अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२० वैशाख, २०८०

सन्दर्भ : विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३)

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्नु सबैको कर्तव्य
## प्रेस स्वतन्त्रतामाथिको चुनौती कायमै

'**भविष्यको अधिकार सुनिश्चितता : मानव अधिकारको संवाहक अभिव्यक्ति स्वतन्त्रता**' भन्ने नाराका साथ विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) मनाइएको छ। नेपाललगायत विश्वमा नै मानव अधिकारको महत्त्वपूर्ण संवाहक रहेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको चुनौती भने कायमै छ।

नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार नेपालमा यस वर्ष प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्धका ५५ घटनाबाट ९३ जना पत्रकार र ८ सञ्चार संस्था गरी कुल १०१ पीडित हुन पुगेको जसमा पत्रकार गिरफतारका २, कब्जा र अवरोधका ७, दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका ११, लैङ्गिक हिंसाका २, विस्थापनको १ र पेसागत असुरक्षाका ८ वटा घटना भएको देखिएको छ। प्रेसमाथि हुने यसप्रककारका घटनाप्रति आयोगले चिन्ता व्यक्त गरेको छ। जस्तोसुकै सङ्कटको अवस्थामा पनि चुनौतीहरूको सामना गर्दै अहोरात्र कार्यक्षेत्रमा खटिने पत्रकारहरू भौतिक रूपमा असुरक्षित भएको, अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लागेको, पत्रकारहरूप्रति असहिष्णु व्यवहार हुने गरेको, समाचार सङ्कलनका लागि स्थलगत रूपमा खटिँदा पत्रकारलाई हतोत्साहित गरिएको जस्ता सूचनाहरू राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त भएका छन्। प्रेसमाथि हुने यसप्रकारका व्यर्व्यवहार रोक्न र प्रेस स्वतन्त्रताप्रति उदार हुन आयोगले पटक-पटक आह्वान गर्दै आएको छ।

प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारको सम्बन्ध अन्योन्याश्रित रहने हुनाले प्रेस स्वतन्त्रता पत्रकारहरूको लागि मात्र आवश्यक नभई सबै नागरिकहरूको आवश्यकताको विषय हो।

अतः कुनै पनि बहानामा प्रेसमाथि अंकुश लगाउने कार्य लोकतान्त्रिक राज्यको लागि शोभनीय हुँदैन। पछिल्लो समय स्वतन्त्रताको सीमाहीन अभ्यास र घृणायुक्त अभिव्यक्तिको मारमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पर्दै गएकोप्रति आयोग चिन्ता व्यक्त गर्दछ। घृणायुक्त अभिव्यक्तिले अन्ततः प्रेस स्वतन्त्रतामाथि नै हानी पुऱ्याउने हुँदा अभिव्यक्ति स्वतन्त्रताको आवरणमा हुने घृणायुक्त अभिव्यक्तिप्रति सम्बन्धित निकायबाट नियमन हुनु आवश्यक छ।

संविधानप्रदत्त नागरिकको सूचनाको हक प्रत्याभूतिका लागि अभिव्यक्ति स्वतन्त्रताको अहम भूमिका हुने हुँदा प्रेस र पत्रकारहरूमाथि हुने गरेको दुर्व्यवहार र हतोत्साहन कानुनी शासन, लोकतन्त्र र मानव अधिकारका मूल्य-मान्यता एवम् नेपालको संविधान तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको समेत प्रतिकूल हुने देखिन्छ। अतः विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गर्न एवम् पत्रकारको सुरक्षा गर्न आयोग नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।

डा.टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

५ जेठ, २०८०

## आमरण अनसनमा बसेका सांसद गौतमको जीवन रक्षा गर वार्ताबाट समस्याको समाधान गर

'**हाम्रो बर्दिया बचाऔँ : समुन्नत बर्दिया बनाऔँ**' भन्ने अभियानअन्तर्गत पन्ध्र बुँदे मागहरू राखी विगत सात दिनदेखि बर्दियामा आमरण अनसनमा बसेका बर्दिया क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य माननीय सञ्जयकुमार गौतमको स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जले अनशनको स्थलगत अनुगमन गरेको छ ।

गौतमको शरीरमा पानीको मात्रा कम भई पिसाबमा समस्या देखिएको, उच्च रक्तचापको बिरामी भएको हुँदा जुनसुकै समयमा गम्भीर समस्या निम्तिन सक्ने अवस्था रहेको, अनसनको सातौँ दिनसम्म पनि सरकारी निकायबाट अनसन तोड्न कुनै पहल नभएको र अनसनस्थल सडक एवम् स्वास्थ्य सुविधाबाट टाढा रहेकाले आकस्मिक समस्या सिर्जना भइहालेमा जीवन नै जोखिममा पर्नसक्ने अवस्था रहेको भनी आयोगको अनुगमन टोलीलाई जानकारी प्राप्त भएको छ ।

विकास र समृद्धिसँग मानव अधिकारको प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्ध रहेको हुन्छ । बबई सिंचाई आयोजना, राजापुर सिंचाइँ परियोजना, मध्येवर्ती क्षेत्रका नागरिकको जीउधनको सुरक्षा, भूमिहीन तथा सुकुम्बासी समस्या समाधान, कृषकद्वारा उत्पादित उपजको बजार व्यवस्थापन जस्ता सांसद गौतमले उठाएका मागहरू मानव अधिकारसँगै सम्बन्धित रहेका छन् । विकास प्रक्रियामा देखापरेका समस्याहरूको समाधान सहभागितामूलक प्रक्रियाबाट गरिनु राज्यका निकायहरूको कर्तव्य हुन्छ ।

अतः सांसद गौतमले उठाएका उचित मागहरूको सार्थक वार्ता र संवादको माध्यमबाट सम्बोधन गरी आमनागरिकको विकासको अधिकारको सुनिश्चितता गर्न र अनसनरत गौतमको स्वास्थ्यप्रति संवेदनशील भई निजको जीवनको रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

१५ जेठ, २०८०

# अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर प्रदर्शनलाई हिंसात्मक नबनाऊ

कोशी प्रदेशको नामकरणको विषयलाई लिएर कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा भएको विरोध प्रदर्शनमा भएका घटनाक्रमप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको कोशी प्रदेश कार्यालयले घटनाहरूको निरन्तर अनुगमन गरिरहेको छ । आयोगले यसअगाडि २०७९ चैत्र १७ गते विज्ञप्ति मार्फत विरोध प्रदर्शनका क्रममा मृत्यु भएका लाजेहाङ लिम्बू (पदम लिम्बू) का परिवारलाई क्षतिपूर्ति दिन, मृत्युको घटनामा संलग्न दोषीलाई कारबाही गर्न र प्रदर्शनलाई हिंसात्मक नबनाउन आग्रह गरेको कुरा पुनः स्मरण गराउँदछ ।

पछिल्लो समय २०८० वैशाख १४ गते भएको विरोध प्रदर्शनका क्रममा भएका घटनाहरूको समेत आयोगले अनुगमन गरेको छ । वैशाख १४ गते विराटनगरमा भएको प्रदर्शनका क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप हुँदा दुवैतर्फ केही व्यक्ति घाइते भएका, घाइतेहरूमध्ये १२ जनाको विराटनगरस्थित न्यूरो अस्पतालमा, २४ जनाको कोशी अस्पतालमा र एक जनाको बिराट नर्सिङ होममा उपचार भइरहेको पाइएको छ । झडपका क्रममा १६ जना सशस्त्र प्रहरी र ३७ जना नेपाल प्रहरी घाइते भएको, प्रहरीले स्थिति नियन्त्रणमा लिन माइकिङ, पानीको फोहरा तथा ९१ राउण्ड अश्रुग्यास प्रयोग गरेको सुरक्षाकर्मीबाट जानकारी प्राप्त भएको छ । प्रदर्शनकारीतर्फ २० जना घाइते भएको प्रदर्शनकारीले बताएका छन् । यसैगरी प्रदर्शनकारीहरूले कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयमा ढुङ्गा, इँटा प्रहार गर्दा मन्त्रालयका झ्यालका शिसा फुट्नुका साथै कर्मचारी बस्ने कुर्सीहरूमा समेत सिसाका टुक्राहरू पुगेको र स्वास्थ्य मन्त्रालयमा राखिएको एउटा गाडीको सिसासमेत फुटाइएको अनुगमनबाट पाइएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ र नेपालको संविधानको धारा १७ ले नागरिकको मर्यादित ढङ्गले विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको प्रत्याभूति गरेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र संविधानले प्रत्याभूत गरेका नागरिकका यी अधिकारहरूको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ ।

अतः नागरिको शान्तिपूर्ण भेला हुने र विचार राख्ने अधिकारको सम्मान गर्न, कुनै व्यक्तिलाई कारबाहीको दायरामा ल्याउँदा कानुनसम्मत विधि र मानव अधिकारमैत्री व्यवहार गर्न, विवादको विषयलाई वार्ता र संवादको माध्यमबाट टुङ्ग्याउन, आमनागरिकले आफ्नो पेसा, व्यवसाय र गतिविधि निर्वाध रूपले गर्न सक्ने गरी भयरहीत वातावरण सिर्जना गर्न र मानव अधिकारका मूल्यमान्यताको ख्याल गरी प्रदर्शकारीहरूमाथि संयमित व्यवहार गर्न आयोग नेपाल सरकार, कोशी प्रदेश सरकार, सुरक्षा निकाय तथा सम्बद्ध सबैलाई आग्रह गर्दछ । यसै गरी आफ्ना मागहरू राख्दा विधिसङ्गत, शान्तिपूर्ण र मर्यादित ढङ्गले राख्न, आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकार

प्रभावित हुने गतिविधि नगर्न तथा विरोध प्रदर्शनलाई हिंसात्मक नबनाउन आयोग प्रदर्शनकारीहरूलाई अनुरोध गर्दछ । यसको साथै राजनीतिक दलहरूले पनि प्रदर्शनलाई हिंसारहित तथा शान्तिपूर्ण बनाउन तथा वार्ता र संवादकै माध्यमबाट समाधान खोज्नका लागि सार्थक भूमिका निर्वाह गर्न आयोग राजनीतिक दलहरूलाई समेत अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

४ असार, २०८०

# नागरिकता प्राप्तिको अधिकारबाट वञ्चित नगर

जन्मसिद्ध नागरिकता भएका व्यक्तिका सन्तानलाई नेपाल सरकारले नागरिकताबाट वञ्चित गरेको भन्दै मिति २०८० जेठ २२ गतेदेखि काठमाडौँको माइतीघर मण्डलामा धर्नामा रहेकाहरूको अवस्थाबारे राष्ट्रिय मानव अधिकार आयोगले स्थलगत अनुगमन गरेको छ ।

अनुगमनको क्रममा १६ वर्षदेखि ३५ वर्षसम्मका नागरिकहरू धर्नामा बसेको, यस उमेर समूहका नागरिकहरूले विशेषगरी अध्ययन, पेसा, व्यवसाय गरी जीवन यापन गर्ने समयमा नागरिकता नहुँदा उच्चशिक्षा अध्ययन गर्न, वैदेशिक रोजगारमा जान, नेपालमै रोजगारी तथा पेसा-व्यवसाय गर्न नपाएको पाइएको छ । नागरिकता प्राप्तिको विषय उठान गरी धर्ना बस्ने क्रममा मिति २०८० जेठ ३० गते आफ्नै शरिरमा पेट्रोल खन्याई आत्मदाह गर्ने प्रयास गरेका २५ वर्षीय युवा निरज कामतको स्वास्थ्य अवस्थाका बारेमा आयोगले जानकारी लिएको छ । यसको साथै नागरिकता प्राप्त गर्ने अधिकारको संरक्षणका लागि आयोगमा ज्ञापनपत्र समेत प्राप्त भएको छ ।

नागरिकताको विषय नागरिकको राष्ट्रियता, शिक्षा आर्जन गर्ने, पेसा र रोजगारी प्राप्त गर्ने, सम्पत्तिको अधिकार, सामाजिक न्यायलगायतका हरेक पक्षसँग जोडिएको हुन्छ । यसर्थ, नागरिकताको अभाव हुँदा व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकमा समेत असर पर्न जान्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५ ले प्रत्येक व्यक्तिलाई राष्ट्रियताको हक हुने उल्लेख गरेको छ । नेपालको संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्तिको हकबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । उल्लिखित कानुनी प्रावधानका बाबजुद् नागरिकता प्राप्तिको लागि धर्ना, आन्दोलन एवम् आत्मदाहको प्रयास गर्ने अवस्थाको सिर्जना हुनु लोकतान्त्रिक राज्यको लागि अत्यन्त दुःखदायी स्थिति हो ।

अत : व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारका सबै पक्षसँग जोडिएको नागरिकता प्राप्त गर्ने एवम् व्यक्तिको पहिचानको विषयलाई संवेदनशीलरूपमा लिइ नागरिकता प्राप्त गर्ने अधिकारको सम्मान, संरक्षण र सुनिश्चित गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३० साउन, २०८०

## मानव अधिकार रक्षकमाथि भएको आक्रमण तथा दुर्व्यवहारप्रति आयोगको गम्भीर ध्यानाकर्षण

## घटनाको प्रभावकारी छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आयोगको आग्रह

सप्तरीको राजविराजमा २०८० साउन १५ गते मानव अधिकारकर्मी तथा पत्रकार मनोहर पोखरेललाई जिल्ला प्रहरी कार्यालय परिसरमा सेवाग्राहीको काम विशेषले गएको समयमा उक्त कार्यालयमा कार्यरत प्रहरीद्वारा कुटपिट तथा दुर्व्यवहार भएको घटना एवम् उक्त घटनालाई लिएर स्थानीय पत्रकारहरू र अन्य सामाजिक सङ्घ-संस्थाहरूबाट निरन्तर भइरहेको विरोधका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आयोगको मधेश प्रदेश कार्यालयले स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको मानव अधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९ मा मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षाको जिम्मेवारी राज्यले गर्नुपर्ने उल्लेख गरिएको छ। गृह मन्त्रालयले जारी गरेको मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षणसम्बन्धी आदेश, २०७७ मा मानव अधिकार हननूका विषयमा राज्यका निकाय वा पदाधिकारीहरूले सूचना तथा जानकारी दिनुपर्ने, जानकारी लिने क्रममा हुने आक्रमणबाट शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न राज्यका सुरक्षा निकायबाट विशेष सतर्कता अपनाइने र क्षति पुऱ्याउने व्यक्ति वा पदाधिकारीविरुद्ध कानुनबमोजिम कारबाही चलाउने व्यवस्था उल्लेख गरिएको छ। मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९८ मा राज्यले मानव अधिकार रक्षकहरूको अधिकार संरक्षणको विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ। उल्लिखत व्यवस्थाका बावजुद् नेपालमा मानव अधिकार रक्षकहरूले सुरक्षित र भयरहित वातावरणमा कार्य गर्न नपाएको आयोगको प्रतिवेदनले औंल्याएको छ।

अतः निष्पक्ष र प्रभावकारी अनुसन्धान मार्फत उक्त घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गर्न र अधिकारकर्मीको सुरक्षामा ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। साथै सेवाग्राहीले आफ्ना सेवाहरू लिने क्रममा संयमित भई सेवा प्रवाह गर्ने निकायलाई मर्यादित व्यवहार गर्न सेवाग्राही, पत्रकार र अधिकारकर्मीहरूलाई समेत आयोग अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

९ भदौ २०८०

## अनशनरत व्यक्तिको जीवन रक्षा गर वार्ताको माध्यमबाट समस्याको समाधान खोज

त्रिभुवन विश्वविद्यालय, इन्जियरिङ अध्ययन संस्थानले १४४ प्रतिशत शुल्क वृद्धि गरेकोले उक्त शुल्क घटाई साविककै शुल्क कायम गर्नुपर्ने माग राखी मिति २०८० भादौ ४ गतेदेखि आमरण अनसनमा बसेका पुल्चोक इन्जिनियरिङ क्याम्पसका विद्यार्थी सुलभ चापागाईँको स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा आयोगको टोलीले आज स्थलगत अनुगमन गरेको छ ।

इन्जिनियरिङ अध्ययन संस्थानले प्राइभेट विद्यार्थीबाट अध्ययन शुल्कवापत विगतमा लिने गरेको तीन लाख १८ हजारमा १४४ प्रतिशत वृद्धि गरी सात लाख ७७ हजार पुऱ्याएको, सोही विषयलाई लिएर पुल्चोक इन्जिनियरिङ क्याम्पसका चौथो वर्षका विद्यार्थी एवम् नेविसङ्घ पुल्चोक एकाइ सभापति सुलभ चापागाईँ २०८० भाद्र ४ गतेदेखि आमरण अनशनमा बसेको, निजको स्वास्थ अवस्था ं जटिल बन्दै गएको, प्रेसर र सुगरको लेभल घटेको, निजको स्वास्थ्य अवस्थाको बारेमा पाटन तथा वीर अस्पतालबाट चिकित्सक आइ निगरानी गरिहेको र हाल निजलाई स्लाइनपानी दिएर राखिएको आयोगको अनुगमनको क्रममा पाइएको छ । इन्जिनियरिङ्ग अध्ययन संस्थानले वार्ता टोली गठन गरी केही चरणमा वार्ता भएता पनि वार्ताबाट कुनै निष्कर्ष ननिस्केको देखिएको छ । भौतिक पूर्वाधार पुरानो भइसकेको तथा ल्याब, कम्प्युटर, इन्टरनेटलगायत भौतिक सामग्री थप गरी समयानकूल बनाउनुपर्ने आवश्यकता रहेकोले संस्था चलाउनै कठिनाई रहेको तर भौतिक पूर्वाधार थप गर्न सरकारले थप सहयोग समेत नगरेकाले समयानुकूल शुल्क वृद्धि गर्नु परेको संस्थान पक्षको भनाइ रहेको पाइयो ।

नेपालको संविधानले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्चशिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने जस्ता नितीहरू लिएको छ । उल्लिखित व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै लैजानु राज्यको दायित्व हुन्छ । सर्वसुलभ शिक्षाको माग मानव अधिकारको विषय समेत हो ।

अतः अनशनरत सुभल चपागाईँको स्वास्थ्य अवस्था कमजोर र जटिल बन्दै गएको देखिँदा निजको जीवन रक्षाको लागि आवश्यक पहल गर्नु, इन्जिनियरिङ्ग अध्ययन संस्थानमा भएको शुल्क वृद्धिको विषयमा वार्ता र संवादकै माध्यमबाट उचित निष्कर्ष निकाल्न तथा आमरण अनशन जस्तो अप्रिय कदम चाल्नुपर्ने स्थितिको अन्त्यको लागि गम्भीर हुन आयोग त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान, नेपाल सरकार, शिक्षा मन्त्रालय, विद्यार्थी सङ्गठन तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ । यसको साथै आफ्ना माग राख्ने क्रममा आमरण अनशन जस्तो कठोर बाटो नरोज्न आयोग अनशनरत पक्षलाई समेत अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

२९ भाद्र, २०८०

## देशका विभिन्न भागमा घटेका घटना र अभिव्यक्तिप्रति आयोगको गम्भीर ध्यानाकर्षण

## छानबिन गरी दोषीलाई कानुनी दायरमा ल्याउन आग्रह

विगत केही दिनयता देशका विभिन्न भागमा घटेका आपराधिक घटना, कतिपय जिम्मेवार पदाधिकारीबाट नै व्यक्त धारणा र आरोपप्रत्यारोपप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाली काङ्ग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि काठमाडौँमा सांघातिक आक्रमण भएको, जसपाका जिल्ला अध्यक्ष राजकुमार यादवमाथि प्रहरीबाट मोरङमा दुर्व्यवहार भएको, चिकित्सकहरूमाथि कुटपिट भएको भन्दै हेटौँडा अस्पतालका ७८ जना चिकित्सकले राजिनामा दिएको जस्ता घटनाहरू आयोगको जानकारीमा आएका छन् । यसैगरी, काठमाडौँका मेयर बालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत सिंहदरबारमा आगो लगाइदिन्छु भनी लेखेको, स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेतले कर्मचारीलाई आत्महत्या गर्ने भए डोरी किनिदिन्छु भनेको, ताप्लेजुङमा कोशी प्रदेशसभा सदस्य खगेन सिं हाङ्गामले सुरक्षा निकायका प्रमुखलाई सार्वजनिक स्थलबाटै धम्की दिएको भनी आमसञ्चारमाध्यममा प्रचारप्रसार हुनुका साथै सामाजिक सञ्जालमा समेत प्रयोगकर्ताहरूबाट एक अर्काप्रति असहिष्णु र घृणात्मक अभिव्यक्ति दिइएको पाइएको छ । यसप्रकारका आपराधिक र अराजक गतिविधिले अराजकतालाई प्रश्रय दिने र शान्तिसुरक्षामा समेत आँच पुग्न गई राज्य संयन्त्रप्रति नै अविश्वास पैदा हुने संभावना रहन्छ ।

नेपालको संविधान र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूले अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको प्रत्याभूति गरेको भएता पनि अरूको मर्यादामा आँच आउने र शान्ति-सुरक्षामा आँच पुग्न सक्ने विषयलाई विशुद्ध विचार र अभिव्यक्ति स्वतन्त्रताको मात्र विषय मान्न सकिँदैन । आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैँ ध्यान पुऱ्याउनु आवश्यक हुन्छ ।

अतः कसैले पनि नेपालको संविधान, कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुन विपरीत हिंसात्मक गतिविधि नगर्न, घृणाजन्य अभिव्यक्ति नदिन तथा सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट र मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषा र व्यवहार प्रयोग गर्न आयोग सम्बद्ध सबैलाई विशेष आग्रह गर्दछ । यसको साथै कानुनको शासन र मानव अधिकारको प्रत्याभूतिका लागि यसप्रकारका आपराधिक तथा अराजक गतिविधि र घटनामा संलग्न आरोपितलाई कानुनबमोजिम कारबाही गर्न तथा शान्ति-सुरक्षाको प्रत्याभूति गर्न/गराउन आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

६ मङ्सिर, २०८०

## प्रदर्शनलाई शान्तिपूर्ण बनाउन एवम् शान्ति-सुरक्षाको प्रभावकारी व्यवस्था गर्न आग्रह

नेकपा एमालेको भातृ सङ्गठन राष्ट्रिय युवा सङ्घ नेपाल र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका नामबाट व्यवसायी दुर्गा प्रसाईँलगायतद्वारा २०८० मङ्सिर ७ गते काठमाडौँमा गर्ने भनिएको प्रदर्शनको क्रममा हिंसात्मक गतिविधि हुन सक्ने भन्दै सामाजिक सञ्जाल र विभिन्न सञ्चार-माध्यमहरू मार्फत सार्वजनिक भएका सूचना तथा सामाचारहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ। आयोगले मानव अधिकारको दृटिकोणबाट प्रदर्शनको अनुगमन गर्ने छ।

आयोगले यस सम्बन्धमा विभिन्न सामाजिक सञ्जालहरूमा आएका अभिव्यक्तिहरू एवम् सञ्चार-माध्यममा प्रकाशन, प्रशारण भएका सामग्रीहरूलाई गम्भीर रूपमा लिई नजिकबाट अध्ययन गरिरहेको छ। दुवै पक्षबाट शक्ति प्रदर्शन गर्ने र आरोपप्रत्यारोपयुक्त अभिव्यक्तिहरू दिने जस्ता गतिविधिहरू भएको पाइएकोले यसबाट सर्वसाधारण नागरिकहरूमा भय र त्रासको अवस्था सिर्जना भएको पाइएको छ।

लोकतन्त्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाइने संवैधानिक अधिकार नै हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नेपाल पक्षराष्ट्र बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले समेत शान्तिपूर्ण प्रदर्शन तथा अभिव्यक्ति स्वतन्त्रताको हकको सुनिश्चितता गरेको छ। प्रदर्शनलाई शान्तिपूर्ण बनाउनु र संयमता अपनाउनु प्रदर्शनकारीहरूकै प्राथमिक दायित्वसमेत हुन्छ।

अतः नेपालको संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित प्रावधानहरूको पालनामा संवेदनशील हुँदै आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको सम्मान गर्न, प्रदर्शनलाई शान्तिपूर्ण र संयमित बनाउन आयोग प्रदर्शनरत पक्षलाई आग्रह गर्दछ। शान्तिपूर्ण रूपमा भेला हुने अधिकारको सम्मान गर्दै नागरिकहरूमाथि अनावश्यक बल प्रयोग नगर्न तथा प्रदर्शनमा शान्ति-सुरक्षाको व्यवस्थालाई प्रभावकारी बनाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

डा.टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

७ मङ्सिर, २०८०

## प्रदर्शनको मानव अधिकार आयोगद्वारा अनुगमन
## प्रदर्शनलाई शान्तिपूर्ण र संयमित बनाउन आग्रह

नेकपा एमालेको भातृ सङ्गठन राष्ट्रिय युवा सङ्घ नेपाल र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका नामबाट व्यवसायी दुर्गा प्रसाईंलगायतद्वारा आज काठमाडौँमा आयोजित प्रदर्शनको आयोगका माननीय सदस्य नेतृत्वसहितका चारवटा टोलीले उपत्यकाको दिनभर अनुगमन गरेको छ ।

अनुगमनको क्रममा तीनकुनेमा आयोजित युवा सङ्घ नेपालको प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइएको छ । बल्खुमा भएको प्रदर्शनमा युवा सङ्घ र प्रसाईं पक्षका समूह बीच झडप तथा ढुंगा र ईंट्टा प्रहार भएको, प्रसाईं पक्षको समूहबाट प्रहरीको सुरक्षा घेरा तोडेर कालीमाटीतर्फ जान खोज्दा प्रहरीसँग झडप भएको, स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस र पानीका फोहोरा प्रहार गरेको सो क्रममा केही मोटरसाइकल, स्कुटरमा सामान्य क्षति पुगेको तथा केही व्यक्ति घाइते भएको अनुगमनबाट पाइएको छ ।

प्रदर्शनका कारण प्रदर्शन क्षेत्रका विद्यालयहरूमा पठनपाठन अवरुद्ध रहेको, उक्त क्षेत्रका पसलहरू बन्द हुँदा निर्वाध रूपमा पेसा-व्यवसाय गर्ने अधिकारमा असर परेको र सर्वसाधारणले स्वतन्त्र र सुरक्षित रूपमा आवतजावत गर्न नपाएको हुँदा यसबाट नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र बालबालिकाको शिक्षाको अधिकारमा असर परेको आयोगको अनुगमनबाट देखिएको छ । आयोगका माननीय सदस्य नेतृत्वको टोलीद्वारा रानीपोखरीस्थित उपत्याका प्रहरी कार्यालयमा पुगी प्रहरीका उच्च पदस्थ अधिकारीहरूसँग सुरक्षा अवस्थाबारे जानकारी लिनुका साथै सुरक्षा व्यवस्था मजबुत बनाउन निर्देशन भएको छ ।

आयोगले यसअगाडि पनि संविधान र राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित प्रावधानहरूको पालनामा संवेदनशील हुन प्रदर्शनरत पक्षहरूलाई गरेको आग्रह समेतलाई स्मरण गराउँदै आगामी दिनमा समेत आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको सम्मान गर्न, प्रदर्शनलाई शान्तिपूर्ण र संयमित बनाउन र प्रदर्शनमा शान्ति-सुरक्षाको व्यवस्थालाई प्रभावकारी बनाउन आयोग नेपाल सरकार तथा प्रदर्शनरत पक्षलाई समेत पुनः आग्रह गर्दछ ।

डा.टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१३ पुस, २०८०

## बालकुमारीमा भएको झडपमा दुई जनाको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन सुरु

ललितपुरको बालकुमारी सडक क्षेत्रमा रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षामा आवेदन दिएका युवाहरूले गरेको आन्दोलनको क्रममा घाइते भएका दुई जना युवाको उपचारको क्रममा मृत्यु भएको भनिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

इपिएस परीक्षाका सबै तर्फको छनौट प्रक्रियामा सहभागी हुन पाउनुपर्ने माग राखी प्रदर्शनमा उत्रिएका युवाहरूमाथि प्रहरीले बल प्रयोग गर्दा प्रहरी र प्रदर्शनकारीहरूबीच झडप भएको, झडपमा परी गम्भीर घाइते भएकामध्ये दुई जनाको उपचारको क्रममा मृत्यु भएको, अन्य थप केही घाइते भएका र केही प्रदर्शनकारीलाई प्रहरीले नियन्त्रणमा लिएको पाइएको छ । प्रदर्शनकै क्रममा आन्दोलनकारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले प्रयोग गर्ने गरेको सवारी साधनमा आगजनी गरेको, आगजनी गरिएको गाडीमा सवार सबैजना सकुशल रहेको भए पनि गाडी तथा गाडीमा रहेका कागजातहरू जलेर पूर्णरूपमा नष्ट भएको भन्ने जानकारी आयोगलाई प्राप्त भएको छ ।

यस सम्बन्धमा थप अनुगमन गर्नका लागि आयोगको टोली आजै घटनास्थलतर्फ गइसकेको छ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२२ पुस, २०८०

## सर्लाहीको बरहथवामा जयशंकर शाहको मृत्यु भएको घटनाको आयोगद्वारा अनुगमन सुरु

## वार्ता र संवादकै माध्यमबाट समस्याको समाधान खोज्न आग्रह

सर्लाहीको बरहथवामा स्वास्थ केन्द्रको स्तरोन्नतिको विषयलाई लिएर भएको प्रदर्शन र विवादका क्रममा जयशंकर शाहको मृत्यु भएको भनिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनाको आयोगको जनकपुरस्थित मधेश प्रदेश कार्यालयले अनुगमन गरिरहेको छ ।

सर्लाही जिल्लाको बरहथवामा स्वास्थ केन्द्रको स्तरोन्नतिको विषयलाई लिएर भएको विवाद तथा प्रदर्शनका क्रममा प्रहरीको गोलीबाट ३० वर्षीय जयशंकर शाहको मृत्यु भएको, केही प्रहरी तथा सर्वसाधारण घाइते भएका, मृतकका परिवार तथा सर्वसाधारणबाट न्यायको माग गर्दै प्रदर्शन गर्ने क्रम जारी रहेको, शान्ति-सुरक्षाको स्थितिलाई खलबलिन नदिन भनी स्थानीय प्रशासनले बरहथवा क्षेत्रमा पटक-पटक कर्फ्यू आदेश जारी गरेको र मृतकको शव अझै पनि सडकमै रहेको आयोगको प्रारम्भिक अनुगमनबाट पाइएको छ । घटनाको अनुगमनका लागि आयोगको टोली घटनास्थलमै रहेको छ । नेपाल सरकारले समेत सो विषयमा अनुसन्धान गर्न अनुसन्धान टोली गठन गरेको आयोगलाई जानकारी प्राप्त भएको छ ।

अतः उक्त घटनाको निष्पक्ष र स्वतन्त्र रूपमा अनुसन्धान गरी घटनाका दोषीलाई कानुनी कारबाहीको दायरमा ल्याउन, मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था गर्न, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न, भविष्यमा यसप्रकारका घटना नदोहोरिने सुनिश्चितता गर्न र संयमता अपनाई शान्ति-सुरक्षाको स्थितिलाई मजबुत बनाउन आयोग नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई आग्रह गर्दछ । यसको साथै वार्ता र संवादकै माध्यमबाट समस्याको समाधान खोज्न आयोग प्रदर्शनरत पक्षलाई समेत अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–दुई

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**प्रेस–विज्ञप्ति**

१६ मङ्सिर २०७७

## व्यक्तिको सम्पत्ति र आवासको अधिकार सुनिश्चित गर

काठमाडौं उपत्यकाको बालाजु, बानेश्वर, खोकना लगायतका क्षेत्रहरूमा सडक विस्तारका नाममा प्रहरीहरू प्रयोग गरी काठमाडौं उपत्यका विकास प्राधिकरणले जबरजस्ती र जथाभावी घरहरू भत्काइ यस क्षेत्रका व्यक्तिहरूको आवासको अधिकार हनन गरेको भनिएको घटनाका सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ र यस सम्बन्धमा आयोगले पटक-पटक अनुगमन गरेको छ।

काठमाडौंको बालाजु वाइपास लगायतका क्षेत्रहरूमा रहेका ३९ घरहरूमा काठमाडौं उपत्यका विकास प्राधिकरणद्वारा चाडवाडको समयमा समेत बिनासूचना अचानक ठूलो सङ्ख्यामा प्रहरीहरू परिचालन गरी पटक-पटक डोजर/स्काभेटर प्रयोग गरी सम्पत्ति नष्ट पारिएको र हालसम्म पनि निजहरूको नष्ट पारिएको सम्पत्तिको कुनै क्षतिपूर्ति उपलब्ध नगराइएको र निजहरूलाई कुनै वैकल्पिक बसोवासको व्यवस्थासमेत नगरिएको आयोगको अनुगमनबाट पाइएको छ। यसको साथै आफ्नो अधिकारको संरक्षणको लागि स्थानीय नागरिकहरूबाट विभिन्न समयमा शान्तिपूर्ण आन्दोलन र रिले अनसन समेत भइरहेको र त्यस्तो आन्दोलन तथा अनसन स्थलमा प्रहरी हस्तक्षेप र दुर्व्यवहार समेत हुने गरेको पनि अनुगमनबाट बुझिएको छ।

सो घटनाका सम्बन्धमा आयोगको केन्द्रीय कार्यालय र वागमती प्रदेश कार्यालयहरूबाट अनुगमन समेत भएको छ। नागरिकको हक अधिकारको संरक्षणको जिम्मेवारी राज्यका निकायहरूकै भएको हुँदा संविधानको धारा २५ र ३७, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, आर्थिक सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, आइएलओ महासन्धि नं. १६९ तथा संयुक्त राष्ट्रसंघिय आन्तरिक रूपमा विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त १९९८ समेतको विपरीत हुने गरी कार्य हुनु अत्यन्त दुखद छ। यस प्रकृतिको कार्यले व्यक्तिको आवास तथा सम्पत्तिसम्बन्धी हकलगायतका अधिकारहरूको उल्लङ्घन भएको देखिन्छ।

अतः सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत व्यक्तिको घर भत्काइ विस्थापित बनाउनुको साथै सम्पत्तिसमेत नष्ट गरिएका व्यक्तिहरूको सम्पत्तिको उचित क्षतिपूर्तिको व्यवस्था गरी आवास तथा सम्पत्तिको अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

लोकनाथ बास्तोला

सहायक प्रवक्ता (उप-सचिव)

**प्रेस–विज्ञप्ति**

६ पुस, २०७७

## उखु किसानहरूको उखुको मूल्य तुरुन्त भुक्तानी देऊ

चिनी उत्पादक कम्पनीहरूबाट विगतका वर्षहरूदेखि नै उखुको भुक्तानी नपाएको, सरकारले निर्धारण गरेको मूल्यभन्दा कम मूल्यमा उखु खरिद गरेको र उखु किसानहरूले नेपाल सरकारसँग विगतमा गरेको सम्झौता अझै कार्यान्वयन नभएको भन्दै गत मङ्सिर २७ गतेदेखि सर्लाही, रौतहट, नवलपरासी, कपिलवस्तुलगायतका उखु किसानहरूद्वारा काठमाडौँमा भइरहेको प्रदर्शन तथा आन्दोलनप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले आन्दोलनस्थल माइतीघर पुगी अनुगमन समेत गरेको छ ।

उखु खेतीमा निर्भर रहेका किसानहरूले उखु बिक्रीबाट पाउनुपर्ने रकम लामो समयसम्म प्राप्त गर्न नसक्दा संविधानप्रदत्त सम्पत्ति आर्जन गर्ने, भोग चलन गर्ने, बेचबिखन गर्ने र व्यावसायिक लाभ प्राप्त गर्ने मौलिक हक कुण्ठित भएको देखिन्छ । संयुक्त राष्ट्रसङ्घले अङ्गीकार गरेको व्यवसाय र मानव अधिकारसम्बन्धी निर्देशक सिद्धान्त, २०११ ले मानव अधिकार संरक्षण र सम्मान गर्ने जिम्मेवारी व्यावसायिक क्षेत्रको समेत रहेको हुँदा निजी क्षेत्र समेत यसतर्फ गम्भीर हुन जरुरी छ । यसको साथै पीडितलाई न्यायिक उपचारमा पहुँच पुर्‍याउने राज्यको दायित्व रहने भएको हुँदा यसतर्फ सरकार सक्रिय हुनु जरुरी छ ।

अतः किसानका हक अधिकारका सम्बन्धमा व्यवस्था गरिएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न, उखु किसानका समस्याहरूको समाधानमा संवेदनशील हुन, किसानहरूको श्रमको सम्मान गर्न, विगतमा भएका सम्झौताको कार्यान्वयन गरी किसानहरूको मौलिक हक र मानव अधिकार समेतको संरक्षण गर्न आयोग नेपाल सरकार र चिनी उत्पादक कम्पनीहरूको ध्यानाकर्षण गराउँदछ । नेपाल सरकारको निर्देशन पालना नगर्ने र उखु किसानहरूको उखु लिई बक्यौता रकम भुक्तानी नगर्ने व्यवसायीहरूलाई तत्काल कानुनको दायरामा ल्याइ कार्यवाही गर्न तथा किसानहरूले पाउनुपर्ने रकम तत्कालै भुक्तानी दिई उखु खरिदकर्ता उद्यमीहरूबाट सरकारी बाँकीसरह असुलउपर गर्नसमेत आयोग स्थानीय प्रशासन र नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

६ माघ, २०७७

## पहिचान नखुलेका शवहरूको अस्थायी समाधि बनाइ दुरुस्त अभिलेख राख

पहिचान नखुलेका शवहरूको तथ्याङ्क सङ्कलन र विवरण सार्वजनिक गरी अन्तर्राष्ट्रिय अभ्यासअनुरूप अद्यावधिक गर्नुपर्नेलगायतका मागहरू राखी डा. सुगम के.सी., सुनील महर्जन र रोहित श्रेष्ठ विगत १० दिनदेखि माइतीघर मण्डलामा धर्नामा रहेको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको छ ।

पहिचान नखुलेका शवहरूको व्यवस्थापन सम्बन्धमा आयोगबाट नेपाल सरकारलाई यसअघि गरिएको सिफारिस कार्यान्वयन हुनुपर्ने, सबै बेवारिसे शवको प्रष्ट मुखाकृति देखिने फोटो र सङ्क्षिप्त विवरण राष्ट्रिय र स्थानीय सञ्चार-माध्यममार्फत सार्वजनिक गरिनुपर्ने, नेपाल सरकारले बेवारिसे र हराएका मानिसको लागि अन्य देशहरूको जस्तै छुट्टै वेबसाइट खोली बेवारिसे शवको पहिचान गर्न पाउने हक सुनिश्चित गर्नुपर्नेजस्ता मागहरू राखी निजहरू धर्नामा बसेको अनुगमनबाट पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले पहिचान नखुलेका शवहरूको सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको कानुनी व्यवस्था निर्माण गरी कार्यान्वयन गर्न र आवश्यक निर्देशिका बनाइ शवहरूको अभिलेख दुरुस्त हुने गरी अस्थायी समाधिमा व्यवस्थापन गर्न नेपाल सरकारलाई २०७४ फागुन २ गते सिफारिस गरेको स्मरण गर्दछ ।

आफ्नो पहिचान, धर्म, संस्कृति र परम्परा अनुरूप प्रत्येक व्यक्ति र निजको परिवारले मृतकको अन्त्येष्टि गर्न पाउनुपर्ने अधिकारको सम्मान गर्दै बेवारिसे अवस्थामा फेला परेका प्रत्येक शवको तथ्याङ्क अद्यावधिक गर्न, शवहरूको पहिचान गरी उनीहरूका आफन्तलाई जिम्मा लगाउने व्यवस्था मिलाउन तथा यसअघि राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई पुनः ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

७ माघ, २०७७

## उखु किसानहरूको बक्यौता रकम शीघ्र भुक्तानी गर

राष्ट्रिय मानव अधिकार आयोगले तराई मधेशका उखु किसानहरूको श्रम तथा सम्पत्तिको अधिकार, निजहरूले लामो समयदेखि गरिरहेको माग तथा सङ्घर्षका कार्यक्रमहरूलाई नजिकबाट अनुगमन गरिरहेको छ ।

यसै सन्दर्भमा नेपाल सरकार र उखु किसान सङ्घर्ष समितिबीच २०७७ पुस १३ गते भएको सम्झौताको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगको प्रदेश कार्यालय जनकपुरले धनुषा, सर्लाही, महोत्तरी जिल्लाको हालै स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा सङ्घर्ष समितिका संयोजक, चिनी मिल व्यवस्थापन र स्थानीय उखु किसानहरूसँग छलफल गर्नुका साथै विरोध प्रदर्शनको क्रममा काठमाडौँमा गत पुस १४ गते मृत्यु भएका नारायण राय यादवको सर्लाहीस्थित घरमा पुगी निजको परिवारको आर्थिक, सामाजिक अवस्था तथा उखु किसानहरूले उखुको बक्यौता रकम अझै प्राप्त गरे/नगरेको सम्बन्धमा जानकारी लिएको छ ।

चिनी उद्योगीहरूले उखु किसानहरूलाई भुक्तानी दिनुपर्ने बक्यौता रकम नेपाल सरकारसँग भएको सम्झौता अनुरूप सम्झौताको २१ दिनभित्र भुक्तानी दिनुपर्नेमा किसानहरूले आंशिक रकम मात्र प्राप्त गरेको पाइएको छ ।

अतः मृतक नारायण राय यादवको परिवार तथा अन्य किसानहरूले अझै पाउन बाँकी रहेको सम्पूर्ण रकम सम्झौता अनुरूप शीघ्र उपलब्ध गराउन तथा त्यसरी बक्यौता रकम उपलब्ध नगराउने उद्योगीहरूलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ । यसको साथै किसानहरूको हक अधिकारको सम्मान र संरक्षण गर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

**१४ फागुन २०७७**

## विकासको अधिकारलाई मानव अधिकारको रूपमा आत्मसात गर्ने प्रतिबद्धता

राज्यका सबै निकायहरूले सम्पादन गर्ने कार्यप्रतिको आम नागरिकको अवधारणाले नै कुनैपनि देश, प्रदेश वा स्थानीय तहको समग्र मानव अधिकार अवस्था चित्रित गर्ने हुँदा त्यसतर्फ स्वमूल्याङ्कन गरी अघि बढ्न राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराईले आग्रह गर्नुभएको छ । उहाँले विकासलाई मानव अधिकारसँग जोडेर अगाडि बढाउन सकिएमा मात्र दीगो हुने बताउनु भयो । खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, रावाबेसी गाउँपालिका र ऐँसेलुखर्क गाउँपालिकामा फागनु १० देखि १४ गतेसम्म स्थानीय तहका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी तथा सरकारी कार्यालयका प्रमुखहरूबीच आयोजना गरिएको विकासको अधिकारमा स्थानीय तहको भूमिकासम्बन्धी छुट्टाछुट्टै छलफल कार्यक्रमलाई सम्बोधन गर्दै वहाँले त्यस्तो आग्रह गर्नुभएको हो ।

कार्यक्रममा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख दीपनारायण रिजालले सबै कर्मचारीले आफू पनि अर्को कार्यालयको सेवाग्राही भएको महसुस गरी आफ्नो कार्य सम्पादन गरेमा त्यसले नागरिकको अधिकार स्वतः सम्बोधन हुँदै जाने बताउनु भएको थियो । खोटाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले विकाससहित सम्पूर्ण गतिविधिलाई मानव अधिकारसँग जोडेर लैजानुपर्नेमा जोड दिनुभयो । नगरपालिका उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरूले विकास निर्माणको कार्य अगाडि बढाउदा मानव अधिकार र विकासको अधिकारको विषयमा थप ध्यान दिइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सबै पालिकाका प्रमुख/अध्यक्षको अध्यक्षतामा सम्पन्न भएका कार्यक्रमहरूमा आयोगको प्रदेश शाखा कार्यालय खोटाङका कार्यालय प्रमुख श्यामबाबु काफ्लेले विकास र मानव अधिकारसम्बन्धी अवधारणाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र माथिको छलफलमा खोटाङ जिल्लाका कार्यालय प्रमुखहरू, तीन वटै पालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा नगर उपप्रमुख विणादेवी राई, रावाबेंसी गापाका अध्यक्ष लीलानाथ निरौला, ऐँसेलुखर्क गापाका अध्यक्ष विश्वनाथ निरौला र ऐँसेलुखर्क गाउँपालिकाकी उपाध्यक्ष पुष्पकला भुजेलले आफूहरूले गरिरहेको गतिविधिको बारेमा जानकारी गराउँदै विकासको अधिकारलाई मानव अधिकारको अभिन्न अङ्गको रूपमा आत्मसात गरी कार्य गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

(श्यामबाबु काफ्ले)
उपसचिव

**प्रेस-विज्ञप्ति**

१२ वैशाख, २०७८

## आमनागरिकको स्वास्थ्यको अधिकारप्रति संवेदनशील बन

पछिल्लो समयमा कोभिड १९ दोस्रो लहरको सङ्क्रमण समुदायस्तरमा तीब्र भई आमनागरिकको स्वास्थ्य जोखिममा पर्न गएको तथा जीवनको अधिकारबाट वञ्चित हुनुपरेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विशेष गरी भारतीय सीमासँग जोडिएका प्रमुख नाका बाँकेको नेपालगञ्ज लगायतका जिल्लामा तीब्र रूपमा सङ्क्रमण फैलिँदा सङ्क्रमितहरूले सहज रूपमा स्वास्थ्य उपचार पाउन नसकेको, स्वास्थ्यकर्मीहरू तथा अग्रपङ्क्तिमा खटिने कर्मचारी, सुरक्षाकर्मी, पत्रकार र मानव अधिकारकर्मीहरू समेत जोखिममा रहेको आयोगको अनुगमनबाट पाइएको छ । आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जमा कार्यरत कर्मचारीहरू समेत सङ्क्रमित भएको अवस्थामा स्वास्थ्य सुरक्षालाई मध्येनजर गर्दै उजुरी लिने बाहेक अन्य कार्यहरू बन्द गरी केही समय कार्यालय नै बन्द गर्नुपर्ने अवस्था आइपरेको छ ।

कोभिड १९ को दोस्रो लहर तीब्र रूपमा फैलिँदै गरेको अवस्थामा आम नागरिकहरू सङ्क्रमित भइरहेको सन्दर्भमा थप भयावह स्थिति सिर्जना हुन नदिन आवश्यक स्वास्थ्य सतर्कता र सुरक्षा एवम् उपचारको प्रभावकारी र विशेष व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आमनागरिकहरूले आफ्नो स्वास्थ्यप्रति सचेत् र संवेदनशील रहँदै स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्न आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

४ असार, २०७८

## बाढी, पहिरो तथा डुबान पीडितहरूको उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आग्रह

गत आइतबारदेखि परिरहेको अविरल वर्षाका कारण बाढी, पहिरो एवम् डुबानमा परी सिन्धुपाल्चोक, बाजुरा, डोटी, कास्की, बागलुङ, मनाङ, पर्वत, पाल्पा, अर्घाखाँची, चितवन, नवलपरासी, लगायतका विभिन्न जिल्लाहरूमा आठ जनाको मृत्यु भएको, १८ जना बेपत्ता भएका, १२ व्यक्ति घाइते भएका एवम् सयौं परिवार घरबारबिहीन भएको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस प्राकृतिक विपद्बाट हुन गएको जनधनको क्षतिप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ।

आयोगका केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट पीडितहरूको अवस्था, राहत, उद्धार तथा स्वास्थ्य उपचारका सम्बन्धमा अनुगममन भइरहेको छ। आयोगले प्राकृतिक विपद्का कारण हाल भइरहेको धनजनको क्षति, पीडितहरूको उद्धार एवम् राहतको पूर्वतयारी लगायतका सम्बन्धमा नेपाल सरकारबाट भइरहेका कार्यहरूको जानकारी गराउन गृह मन्त्रालयलाई पत्राचार गरेको छ।

सिन्धुपाल्चोकको हेलम्बुमा मंगलबार बेलुका आएको बाढी र पहिरोमा परी चार जना बेपत्ता भएको, सिन्धुपाल्चोकको हेलम्बु, मेलम्ची बजार क्षेत्रका करिब चार वटा पुलहरू बगाउँदा यातायात सम्पर्क विच्छेद भएको अनुगमनको क्रममा बुझिएको छ। त्यसै गरी म्याग्दी, बागलुङ, पाल्पा, गोरखा लगायतका जिल्लाहरूमा बाढी पहिरोका कारण यातायात अबरुद्ध भएको, पर्वत, लमजुङ, मनाङ, नवलपरासी लगायतका जिल्लामा सयौं परिवार बाढी, पहिरो र डुबानको जोखिममा रहेको आयोगलाई जानकारी प्राप्त भएको छ।

अतः प्राकृतिक विपत्तिबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न, बाढी, पहिरो तथा डुबानबाट वर्षेनी सयौं नागरिकहरूले ज्यान गुमाउनु परिरहेको एवम् हजारौं परिवार घरबारविहीन हुनुपरिरहेको यथार्थलाई दृष्टिगत गरी विकास निर्माणका कार्यलाई मानव अधिकारमैत्री बनाउन, प्राकृतिक विपद्को रोकथाममा पूर्वतयारी अपनाउन, पीडितहरूको तत्काल उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै यस विपद्को घडीमा मानवीय सहयोगको उच्चतम भावनाका साथ उद्धार, राहत तथा पुनर्स्थापनाका लागि जुट्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२१ भदौ, २०७९

## डेङ्गु नियन्त्रणमा प्रभावकारी कदम चाल्न आग्रह

कोरोना महामारी कायमै रहेको अवस्थामा हाल देशव्यापी रूपमा फैलिंदै गइरहेको डेङ्गु रोगका कारण नागरिकको स्वास्थ्यमा पर्न गएको जोखिमको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

बिरामीहरूको सङ्ख्या दिन प्रतिदिन बढिरहेको अवस्थामा यसको नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायहरूको यथेष्ठ ध्यान पुग्न नसक्दा नागरिकको जीवन नै जोखिममा पर्न गएको र तीन तहका सरकार बीच प्रभावकारी समन्वय हुन नसकेको जस्ता विषयहरू विभिन्न सञ्चार-माध्यमका साथै अन्य विभिन्न माध्यमबाट आयोगलाई जानकारीहरू प्राप्त भएका छन् । डेङ्गु सङ्क्रमणबाट नेपालमा यही भदौ महिनामा एक जनाको ज्यान जानुका साथै पछिल्लो समय पाँच हजार बढी व्यक्ति बिरामी परेको पाइएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र एवम् नेपालको संविधानले व्यक्तिको स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा (१६) मा प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको सङ्क्रमण नहुने र रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै, नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १२ (ग) मा राज्यले प्रकोप, महामारी, पेसागत तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने उल्लेख गरिएको छ । उल्लिखित कानुनी व्यवस्थाले नागरिकको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चित गरेको छ ।

अतः नागरिकको स्वास्थ्य सम्बन्धी हकको संरक्षण गर्दै जीवनको अधिकार सुनिश्चित गर्न, डेङ्गु सङ्क्रमण गराउने जातका लामखुट्टे उत्पादन हुने तथा फैलिन सक्ने ठाउँहरू पहिचान गरी नष्ट गर्ने कार्यमा तीनै तहका सरकार बीच प्रभावकारी समन्वय र सहकार्य हुन तथा डेङ्गु नियन्त्रण तथा रोकथामका लागि सरसफाइ, जनचेतनालगायतका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउन आयोग तीनै तहका सरकारहरूलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ साउन, २०७९

## हवाई सेवा तत्काल सुचारू गर्न आग्रह

केही दिन यता नेपालगञ्ज विमानस्थलबाट कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा हुने उडानहरूको अनियमितताको कारण यात्रुहरूले भोग्नु परिरहेको समस्याप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगको नेपालगञ्ज कार्यालयको टोलीले यस सम्बन्धमा अनुगमन गरेको छ। नीजि क्षेत्रका हवाई कम्पनीहरूले कर्णालीका जुम्ला, मुगु, हुम्ला, डोल्पा लगायत विभिन्न जिल्लाहरूमा आफू खुशी जहाज उडान गर्ने, बन्द गर्ने, चर्को भाडा लिएर चार्टर उडान गर्ने गरेको आयोगको अनुगमनबाट पाइएको छ । हप्तामा एक/दूई वटा मात्र सेड्युल फ्लाईट हुने र अधिकांश चार्टर फ्लाईट हुने गरेको जसले गर्दा यात्रुले दोब्बर भाडा तिरेर यात्रा गर्न बाध्य भएको आयोगको अनुगमनको क्रममा पाइएको छ। नेपालको संविधानको धारा १७ ले नेपालको कुनै पनि ठाउँमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको हकको उल्लेख गरेको छ। नेपाल सरकारको हवाई नीतिले स्वस्थ प्रतिस्पर्धामार्फत दुर्गम क्षेत्रका नागरिकलाई समेत सहज र स्वतन्त्ररूपमा हवाई सेवा प्रयोग गरी आफ्नो गन्तव्यमा पुग्न पाउने व्यवस्था उल्लेख गरेको छ ।

अत : हवाई उडान अत्यावश्यकीय सेवा भएको हुँदा तत्काल सुचारु गरी नागरिकको स्वतन्त्ररूपमा आवतजावत गर्न पाउने अधिकारको सम्मान गर्न, टिकट वितरणमा हुने अनियमिततालाई नियन्त्रण गरी नागरिकको सहज पहुँच पुऱ्याउन, नियमित फ्लाईट हुन नसक्दा टिकट लिई अलपत्र परेका यात्रुको उचित व्यवस्थापनमा ध्यान दिन आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**
४ असोज, २०७९

## बाढी, पहिरो तथा डुबान पीडितहरूको उद्धार, राहत तथा बसोबासको व्यवस्था मिलाउन आग्रह

गत हप्ता परेको अबिरल वर्षीले सुदूरपश्चिम प्रदेशका अछाम, कैलाली र कञ्चनपुर, बझाङ, डडेल्धुरालगायतका जिल्लामा बाढी, पहिरो एवम् डुबानका कारण ३२ जनाको मृत्यु भएको, ३० जना घाइते, १२ जना बेपत्ता तथा चार हजार ५१ घरपरिवार विस्थापित भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस प्राकृतिक विपद्बाट हुन गएको जनधनको क्षतिप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ ।

आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयले बाढी, पहिरो तथा डुबानबाट प्रभावितहरूको अवस्थासम्बन्धमा विभिन्न माध्यमबाट अनुगमन गरिरहेको छ । स्थानीय बासिन्दाको घर डुबानमा परी घरमा रहेका अन्नपात, लत्ताकपडा बगाएको, विस्थापितहरू पशु चौपायासहित स्थानीय सडकमा बसिरहेका, खुला आकाशमुनि बस्नुपरिरहेकोले बालबालिका, वृद्धवृदाहरू र असहायहरूलाई समस्या परिरहेको, खाद्यान्न अभावको कारण चाउचाउ र चिउरा खाएर बसिरहेको जानकारी आयोगलाई विभिन्न स्रोतहरूबाट प्राप्त भएको छ । बाढीबाट बिस्थापितहरूको लागि तत्कालै गाँस, बासको उचित व्यवस्था हुन नसक्दा प्रभावितहरू कष्टकर जीवन बिताउन बाध्य भएको पाइएको छ । बाढीका कारण सयौँ चौपाया मरेको र स्थानीयहरू चौपायासहित अव्यवस्थितरूपमा सडकमा बसिरहेकाले खानेपानी तथा सरसफाइको अभावमा विभिन्न रोगको सङ्क्रमण हुन सक्ने जोखिम देखिएको छ । डुबान एवम् बाढीपछि देखा पर्न सक्ने सरूवा रोगको प्रकोप तथा महामारी आउन नदिन सबै सचेत हुनुपर्ने देखिन्छ ।

अतः प्राकृतिक विपत्तिबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न, बाढी, पहिरो तथा डुबानबाट वर्षेनी सयौँ नागरिकहरूले ज्यान गुमाउनु परिरहेको एवम् हजारौँ परिवार घरबारविहीन हुनुपरिरहेको यथार्थलाई दृष्टिगत गरी प्राकृतिक विपद्को रोकथाममा पूर्वतयारी अपनाउन, पूर्वसूचना प्रणालीको व्यवस्था हुन, पीडितहरूको तत्काल उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आयोग तीनै तहका सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२३ साउन, २०८०

# चिया बगानमा कार्यरत श्रमिकहरूको अधिकार सुनिश्चित गर्न आग्रह

झापा जिल्लाका चिया बगानमा कार्यरत श्रमिकहरू श्रम ऐन तथा नियमावलीबमोजिम न्यूनतम पारिश्रमिक लगायतका सेवा सुविधा नपाएको भन्दै मिति २०८० असार ३१ गतेदेखि आन्दोलनमा रहेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको कोशी प्रदेश कार्यालयले यस सम्बन्धमा अनुगमन गरिरहेको छ ।

चिया बगानमा कार्यरत श्रमिकहरूले न्यूनतम पारिश्रमिक एवम् सामाजिक सुरक्षा कोष ऐन, २०७४ अनुसार पाउनु पर्ने सेवा सुविधा पाउन नसकेको, करिब ८० प्रतिशत महिला श्रमिक कार्यरत रहेकोमा प्रचलित कानुन अनुसारको सुत्केरी बिदा नपाएको, गाँस, बास, कपास, खानेपानी, शौचालय, शिक्षा, स्वास्थ्यको उपयुक्त प्रबन्ध नरहेको, रोजगारदाताले तलब, भत्तालगायतका सेवा सुविधा समयमा उपलब्ध नगराएको, विर्षादीका कारण श्रमिकहरू दीर्घ रोगी बन्नु परेको, न्यूनतम तलब दुई/दुई वर्षमा पुनरावलोकन भई वृद्धि हुनुपर्नेमा नभएको, सेवानिवृत्त श्रमिकले पाउनुपर्ने सेवा सुविधा नपाएको, राजीनामा वा मृत्यु भई सेवाबाट बाहिरिँदा उपदान वापत पाउनुपर्ने रकम प्राप्त गर्न वर्षौं कुर्नुपर्ने बाध्यता रहेको, पेसागत स्वास्थ्य र सुरक्षाको उचित प्रबन्ध हुन नसकेको आयोगले हालै झापा तथा इलामका चिया बगानमा गरेको अनुगमनबाट पाइएको छ ।

नेपालको संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ । त्यस्तै श्रम ऐन २०७४ ले रोजगार सम्झौता नगरी काममा लगाउन नपाइने, सामाजिक सुरक्षाको व्यवस्था, साप्ताहिक, सार्वजनिक, सट्टा, घर, बिरामी, प्रसुति, किरिया लगायतका बिदाको व्यवस्था गरेको छ । यसको साथै सञ्चय कोष, उपदान, औषधी उपचार बिमा, दुर्घटना बिमा, व्यवसायजन्य सुरक्षा, आश्रित परिवारलाई आवासको प्रबन्ध, निःशुल्क प्राथमिक उपचारलगायतका व्यवस्थाहरू पनि श्रम ऐन २०७४ ले गरेको छ । नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले व्यक्तिको काम गर्ने अधिकार, न्यूनतम पारिश्रमिक, विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमाङ्कन, वृत्तिविकासको अधिकार, ट्रेड युनियन खोल्ने लागायतका अधिकारहरूको उल्लेख गरेको छ । उल्लिखित कानुनहरूको कार्यान्वयनमा सम्बन्धित पक्ष संवेदनशील हुन नसक्दा चिया बगानमा कार्यरत श्रमिकहरू लामो समयदेखि विभिन्न समस्याहरू झेल्दै आइरहेका छन् ।

अत : श्रमिकहरूको अधिकारको सम्मान गर्दै न्यूनतम तलब सुविधाको आवधिक पुनरावलोकन गर्न, पेसागत स्वास्थ्य र सुरक्षाको उचित व्यवस्था गर्न, सामाजिक सुरक्षा कोषमा चिया बगानका श्रमिकहरूलाई आबद्ध गर्न, उपदानवापत श्रमिकले पाउने रकम समयमै उपलब्ध गराउने व्यवस्था गर्न र वार्ताको माध्यमबाट आन्दोलनरत श्रमिकका उचित मागहरू तत्काल सम्बोधन गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२४ श्रावण, २०८०

## लम्पी स्किनको रोकथाम र नियन्त्रण प्रभावकारी ढङ्गले गर

नेपालमा विगत केही समयदेखि पशुमा लम्पी स्किन रोग देखा परी किसानको पशुधनको क्षति भएको प्रति आयोगको ध्यानाकर्षण भएको छ। नेपालमा २०७७ साल आषाढ महिनामा पशुमा पहिलो पटक देखिएको लम्पी स्किन रोग यो वर्ष अझ बढी फैलिएको छ।

पशु सेवा विभागबाट आयोगलाई प्राप्त तथ्याङ्कअनुसार देशका ७७ वटै जिल्लामा फैलिएको यस रोगका कारण २०८० साउन १४ सम्म ४८८८० पशुको मृत्यु भएको, ११००४९१ सङ्क्रमित भएकोमा १८३८०१ अझै सङ्क्रमित अवस्थामा रहेका र ८६७८१० पशु निको भएको र हालसम्म ३५०९२६ पशुलाई खोप लगाइएको पाइएको छ। यसै गरी कुल सङ्क्रमितमध्ये ७८.८५ प्रतिशत निको भएको, १६.७० प्रतिशत सङ्क्रमित रहिरहेको र ४.४४ प्रतिशत पशुको मृत्यु भएको देखिएको छ। लम्पी स्किन नियन्त्रण गर्न पशुलाई खोप लगाउने लगायतका कार्य सम्बन्धित निकायबाट जारी रहेको आयोगको प्रारम्भिक अनुगमनबाट पाइएको छ।

खेती लगाउने समयमा घरेलु पशुमा फैलिएको यो रोग रोकथाम तथा नियन्त्रणका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्रयास भएता पनि रोकथामका लागि जनचेतनामूलक कार्यक्रम प्रभावकारी ढङ्गले लागू हुन नसकेको, उपचारको लागि औषधिको अभाव रहेको, औषधिको समानमा सहज पहुँच नरहेको, ग्रामीण स्तरसम्म पशु चिकित्सकको उपस्थिति पुग्न नसकेको जस्ता कारणले अझै पनि पशुहरू मर्ने क्रम जारी रहेको देखिएको छ।

यो रोग फैलिएका कारण नेपालको संविधान, २०७२ र नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले सुनिश्चित गरेको किसानको अधिकार, खाद्य अधिकार, सम्पत्तिको अधिकार प्रभावित हुनुका साथै खाद्य सम्प्रभुत्ता र सुरक्षामा समेत दीर्घकालीन रूपमा प्रभाव पर्न सक्ने देखिएको छ। पशुको मृत्युका कारण किसानहरूले पशु गुमाउनुका साथै पशुबाट प्राप्त गर्ने वृहत लाभसमेतबाट वञ्चित भइरहेका छन्।

अतः लम्पी स्किन महामारीको रोकथाम तथा नियन्त्रण गर्न सङ्घ, प्रदेश र स्थानीय तहबाट पर्याप्त वजेट, कार्यक्रम, औषधि, खोप तथा सबै पालिकाहरूमा पशु चिकित्सक लगायतको व्यवस्थापन गरी यस रोगको पूर्णरूपमा रोकथाम तथा नियन्त्रण प्रभावकारी ढङ्गले गर्न र प्रभावित किसानहरूलाई यथाशीघ्र राहत तथा क्षतिपुर्ति उपलब्ध गराई किसानको अधिकारको सम्मान तथा संरक्षण गर्न आयोग राज्यका तीनै तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३० साउन, २०८०

## नागरिकहरूको अधिकारप्रति संवेदनशील हुन आयोगको आग्रह

काठमाडौँ महानगरपालिकाको सामाखुशी क्षेत्रमा स्ल्याबको प्रयोग गरी छोपिएको खोला वर्षातको समयमा खोल्ने तथा भत्काउने कार्य गर्दा अस्पताल, विभिन्न सरकारी निकाय, कुटनीतिक नियोगसमेतको ढल मिसिएको पानी खुला रूपमा बग्न गई सो क्षेत्रमा सङ्क्रमण भई स्थानीयवासीको स्वास्थ्यमा समस्या आएको, शैक्षिक संस्था सहित निजी घरहरूमा ढल पस्न गई डुबान भएको, कतिपय स्थानमा आवतजावतमा समस्या भएको, तत्कालीन प्रचलित कानुन, कार्यविधि र प्रक्रिया पूरा गरी बनेका निजी घर तथा जग्गाबाट बाटो खोल्ने नियत राखी कार्य अघि बढाएको, सो सम्बन्धमा गुनासो राख्न जाँदा महानगर प्रमुखबाट नगरबासीलाई भेट दिन अस्वीकार गरिएको, अदालतबाट जारी अन्तरीम आदेशको समेत अनादर भएकोले प्रचलित कानुनबमोजिम नागरिकको सम्पत्ति, आवतजावत र स्वास्थ्यको अधिकार समेतको संरक्षण तथा नगरपालिकाबाट चालिएका कदमबाट कतिपय गरिब तथा श्रमजीवि फुटपाथ व्यावसायीहरूको मानव अधिकारसमेत पटक-पटक उल्लङ्घन भएकोले संरक्षणको लागि आवश्यक पहल गरी मानव अधिकारको संरक्षण गरीपाऊँ भनी दर्ताहुन आएका छुट्टाछुट्टै उजुरीहरूउपर आयोगको गम्भीर ध्यानार्षण भएको छ ।

सो सम्बन्धमा आयोगबाट स्थलगत अनुगमन हुँदा महानगरपालिकाको टोलीले डोजर प्रयोग गरी खोलामाथि राखिएका स्ल्याबहरू हटाईरहेको, सो कारण खोला आसपासमा रहेका घरका जगमा समेत असर परेको, स्थानीय बासिन्दाहरूलाई आवतजावतमा कठिनाइ भइरहेको, खोला किनारमा बसोबास गरेका कतिपय बासिन्दा अति विपन्न र सहाराविहीन ज्येष्ठ नागरिकहरू समेत रहेको पाइएको र उनीहरूले दैनिक जीवनयापनमा थप समस्या भोग्नुपरिरहेको लगायतका तथ्यहरू प्राप्त भएका छन् । त्यसै गरी मध्य वर्षातको समयमा हतारमा स्ल्याब हटाउँदा ढल मिश्रित बाढीको कारण हैजा वा सङ्क्रामक रोगहरू फैलिन सक्ने सम्भावनासमेत रहेको, सो क्षेत्रमा दुर्गन्ध फैलिएर जनजीवन अस्तव्यस्त भएको, र आवतजावत गर्ने क्रममा बालबालिका वा स्थानीय नागरिकहरू समेत खोलामा खस्नसक्ने जोखिम उत्तिकै रहेको देखिएको छ । यसको साथै अझै पनि कतिपय फुटपाथ व्यावसायीहरूको अधिकार संरक्षण हुन नसकेको बुझिएको छ ।

अतः नागरिकहरूको स्वास्थ्य, सुरक्षित बसोबास एवम् स्वच्छ वातावरणको अधिकारको सम्मान गर्दै मानव बस्तीमा विकास निर्माण कार्यगर्दा ठोस योजना र कार्यक्रमसहित गर्न, योजना कार्यान्वयन गर्दा नागरिकहरूमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणमा ध्यान दिन, प्रचलित कानुन, कार्यविधि र प्रक्रिया पूरा गरी नागरिकहरूले उपभोग गरिरहेको सम्पत्तिको अधिकारको संरक्षण गर्न, नागरिकको सम्पत्ति प्राप्त गर्नैपर्ने अवस्था भएमा सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल गरी प्रचलित कानुनबमोजिमको प्रक्रिया पूरा गरी मुआब्जा दिएरमात्र अघि बढ्न, खोला किनारका

सर्वसाधारणलाई सहज आवतजावतको व्यवस्था गर्न, अतिविपन्न र सहाराविहीन नागरिकहरूको बसोबासको वैकल्पिकि व्यवस्था गरी विस्थापित हुनबाट जोगाउन, सङ्क्रामक रोग एवम् महामारी देखापर्न सक्नेतर्फ सचेत रहन र श्रमजिवी फुटपाथ व्यावसायीहरूको समेतको मानव अधिकार संरक्षणमा वैकल्पिक व्यवस्था गरी नागरिकहरूको अधिकारप्रति संवेदनशील हुन आयोग काठमाडौँ महानगरपालिकासहित सम्बद्ध सबैलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३१ साउन, २०८०

## डेङ्गु रोग नियन्त्रणमा संवेदनशील बन नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर

देशव्यापी रूपमा फैलिँदै गइरहेको डेङ्गु रोगका कारण नागरिकको स्वास्थ्य र जीवनको अधिकारमा पर्न गएको असरप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

गत पुसदेखि असार मसान्तसम्म सङ्क्रमितहरूको सङ्ख्या स्थिर रहेकोमा पछिल्लो एक महिनामा यो सङ्ख्या बढेर बाह्र हजार नाघिसकेको एवम् यस अवधिमा डेङ्गु रोगबाट आठ जनाको ज्यानसमेत गएको तथ्याङ्क सार्वजनिक भएको छ । पछिल्लो एक महिनामा बिरामीहरूको सङ्ख्या तीव्ररूपमा बढिरहेको अवस्थामा रोगको नियन्त्रण तथा रोकथामका लागि जिम्मेवार निकायहरू संवेदनशील हुन नसक्दा नागरिकको जीवन नै जोखिममा पर्न गएको, तीन तहका सरकार बीच प्रभावकारी समन्वयमार्फत डेङ्गु फैलाउने लामखुट्टेको लार्भा 'खोज र नष्ट' गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने कार्यमा सरकारको ध्यान जान नसकेको जस्ता विषयहरू सञ्चार-माध्यममा आउनुका साथै अन्य विभिन्न माध्यमबाट आयोगलाई जानकारीहरू प्राप्त भएका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र एवम् नेपालको संविधानले व्यक्तिको स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा (१६) मा प्रत्येक स्वास्थ्य संस्थाले कुनै पनि रोगको सङ्क्रमण नहुने र रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १२ (ग) मा राज्यले प्रकोप, महामारी, पेसागत तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने उल्लेख गरिएको छ । उल्लिखित कानुनी व्यवस्थाले नागरिकको स्वास्थ्यसम्बन्धी हकको सुनिश्चित गरेको छ । यसर्थ, यी हकहरूको संरक्षण गर्नु राज्यको दायित्व हुन्छ ।

अतः डेङ्गु सङ्क्रमणले महामारीको रूप लिन सक्नेतर्फ सचेत रहँदै नागरिकको स्वास्थ्यसम्बन्धी हकको संरक्षण गर्न एवम् जीवनको अधिकार सुनिश्चित गर्न, डेङ्गु फैलाउने लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियानमा पर्याप्त जनशक्ति परिचालन गर्ने कार्यमा तीनै तहका सरकार बीच प्रभावकारी समन्वय र सहकार्य हुन तथा डेङ्गु नियन्त्रण र रोकथामका लागि सरसफाइ, जनचेतनालगायतका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाउन आयोग सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

९ भदौ २०८०

## सामाजिक सद्भाव कायम राख्न आयोगको अपिल
## वार्ताको माध्यमबाट समस्याको समाधान खोज

जिल्ला प्रशासन कार्यालय सुनसरीले शुक्रबार राति १२ बजेदेखि २४ घण्टाको लागि धरान उपमहानगरपालिका क्षेत्रमा निषेधाज्ञा जारी गर्दा उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानार्षण भएको छ। आयोगले यस संवेदनशील विषयमा विभिन्न माध्यमबाट जानकारी लिनुका साथै अनुगमन गरिरहेको छ।

धरान उपमहानगरपालिका क्षेत्रमा केही दिनअघि गोरु काटेको र हिन्दू मन्दिर अगाडि चर्च बनाएको विषयलाई लिएर स्थानीयले आज र्‍याली निकाल्ने तयारी गरिरहँदा साम्प्रदायिक, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक हिंसा भड्किन सक्ने संभावित घटना रोक्न सबै भेला तथा कार्यक्रमहरू रोकिएको आयोगको अनुगमनको क्रममा बुझिएको छ।

नेपालको संविधानको प्रस्तावनामा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने उल्लेख गरिएको छ। उल्लिखित संवैधानिक व्यवस्थाका साथै संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नेपाल पक्षराष्ट्र भएका महासन्धिका व्यवस्थाहरूलाई समेत आत्मसात गर्दै सामाजिक सद्भाव कायम गर्नु/गराउनु सबैको कर्तव्य हुन आउछ।

अत : साम्प्रदायिक हिंसा भड्किन सक्ने र शान्ति-सुरक्षा खलबलिन सक्नेतर्फ संवेदनशील हुँदै संयमता अपनाउन एवम् सामाजिक सद्भाव कायम राख्न आयोग सम्बद्ध सबै पक्षलाई अपिल गर्दछ। यसको साथै आपसमा देखिएका विमतिहरूलाई वार्ताको माध्यमबाट समाधान खोज्न आयोग सबै पक्षलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

१० असोज २०८०

## धर्नामा रहेका 'ई' को स्वास्थ्य अवस्थाप्रति संवेदनशील बन वार्ताको माध्यमबाट यथाशीघ्र समस्याको समाधान गर

साना सडक व्यवसायीलाई विकल्पसहित व्यवस्थापन गर्न माग गर्दै विगत आठ दिनदेखि काठमाडौँ महानगरपालिकाको कार्यालय, राष्ट्रिय सभागृह अगाडि उभिएर धर्नामा रहेका 'ई' को स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगका माननीय सदस्य लिली थापा नेतृत्वको उच्चस्तरीय टोलीले हिंजो स्थलगत अनुगमन गरेको छ ।

अनुगमनको क्रममा आयोगको टोलीले धर्नाको नेतृत्व गरिरहेका 'ई' र उनका साथीहरू एवम् धर्नास्थल वरपरका व्यापारीहरूसँग छलफल गरी जानकारी लिएको थियो । रातिको १२ बजेदेखि ५ बजेसम्म कुर्सीमा बस्ने र बाँकी समय लौरो टेकेर उभिने गरेको, विगत आठ दिनदेखि उभिएर धर्ना गरिरहेका 'ई'को दुवै खुट्टा अस्वभाविक रूपमा सुन्निएको, नाक र घाँटीको छाला खुइलिएको तथा रातो डाम परेको, सुन्निएको कम गर्नका लागि चिकित्सकको सल्लाहबमोजिम असोज ८ गतेदेखि औषधी सेवन गरिरहेको लगायतका जानकारीहरू अनुगमनबाट पाइएको छ । त्यस्तै, महानगरपालिकाबाट यस विषयलाई संवेदनशील रूपमा नलिएको गुनासो प्रदर्शनकारीले गरेका छन् । आयोगले महानगरका अधिकारीहरूसँग छलफल गरी समस्या समाधानको लागि पहल गरिरहेको छ ।

निज 'ई'ले उठाएको साना सडक व्यवसायीलाई विकल्पसहित व्यवस्थापन गर्नुपर्ने माग मानव अधिकार उपभोगसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । नेपालको संविधानको धारा १७ (च) मा नेपालको कुनै पनि भूभागमा पेसा, रोजगारी गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको उल्लेख गरेको छ । संविधानको धारा ३३ मा रोजगारीको हकको उल्लेख गरिएको छ ।

अतः धर्नामा रहेका व्यक्ति 'ई'को स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई निजको जीवन रक्षाका लागि पहल गर्न, वास्तविक पीडित र साना सडक व्यवसायीहरूको पहिचान गरी उनीहरूलाई पेसा र रोजगारीको वैकल्पिक व्यवस्था गर्न आयोग नेपाल सरकार र काठमाडौँ महानगरपालिकोे ध्यानाकर्षण गराउँदछ । यसको साथै आफ्नो स्वास्थ्य र जीवन नै जोखिममा पारी कठिन प्रदर्शन नगर्न र प्रर्दशनका अन्य विकल्प खोज्न आयोग सम्बन्धित पक्षलाई पनि आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१७ असोज, २०८०

## धार्मिक एवम् सामाजिक सद्‌भाव कायम गर्न आयोगको अपिल

बाँकेको नेपालगञ्जमा हिँजो र्‍यालीको क्रममा हिन्दु र मुस्लिम समुदायबीच विवाद सिर्जना भई सार्वजनिक सम्पत्ति तोडफोड, ढुंगामुडा प्रहार र उच्छृंखल गतिविधिहरूका कारण केहीस्थानमा झडप हुँदा ५ जना सुरक्षाकर्मीसहित २२ जना व्यक्ति घाइते भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगको नेपालगञ्ज कार्यालयले स्थलगत अनुगमन गर्नुका साथै सरोकारवाला निकायसँग सम्पर्क गरी जानकारी लिइरहेको छ ।

केही दिनअघि सामाजिक सञ्जालमा भएका टिप्पणी र प्रतिक्रियाको विषयलाई लिएर असोज १४ गते मुस्लिम समुदायबाट जिल्ला प्रशासन कार्यालय परिसरमा टायर बालेर प्रदर्शन गरिएको, यसको विरोधमा ओमकार समाज र शिव सेनासहितका केही हिन्दु समर्थकहरूले असोज १६ गते नेपालगञ्ज उपमहानगरपालिका बन्दको आह्वान गर्दै बिहान १० बजेदेखि प्रदर्शन गर्ने कार्यक्रम सार्वजनिक भएकोमा जिल्ला प्रशासन कार्यालय बाँकेमा असामान्य अवस्थालाई सम्बोधन गर्नका लागि असोज १५ गते सर्वदलीय बैठक बसेको आयोगको अनुगमनको क्रममा पाइएको छ। बैठकको निर्णय बमोजिम असोज १६ गते बिहान ७ बजे सद्‌भाव र्‍याली निकालिएको थियो । सोही दिन बिहान ओमकार समाजसहितका हिन्दु समर्थकहरूको प्रदर्शनको क्रममा ढुंगामुडा प्रहार भएपश्चात् दुई समूहबीच दोहोरो झडप भएकोले अवस्थालाई थप हिंसात्मक हुन नदिन नेपालगञ्ज उपमहानगरपालिकाभित्र जिल्ला प्रशासन कार्यालयद्वारा असोज १६ गतेदेखि अनिश्चित कालका लागि निषेधाज्ञा जारी गरिएको जानकारी प्राप्त भएको छ। झडपको क्रममा घाइते भएका २१ जना उपचारपश्चात् घर फर्किएका र एकजना सर्वसाधारणको भेरी अस्पतालमा उपचार भइरहेको देखिएको छ।

नेपालको संविधानको प्रस्तावनामा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्‌भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने उल्लेख गरिएको छ । उल्लिखित संवैधानिक व्यवस्थाका साथै संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नेपाल पक्षराष्ट्र भएका महासन्धिका व्यवस्थाहरूलाई समेत आत्मसात गर्दै सामाजिक सद्‌भाव कायम गर्नु/गराउनु सबैको कर्तव्य हुन आउँछ।

अत : साम्प्रदायिक हिंसा भड्किन सक्ने र शान्ति-सुरक्षा खलबलिन सक्नेतर्फ संवेदनशील हुन, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अरूको अधिकारप्रति सचेत हुन, मर्यादित रूपमा सामाजिक सञ्जालको प्रयोग गर्न, घटनाको सत्यतथ्य अनुसन्धान गरी दोषीमाथि कारबाही गर्न, घाइतेको उपचारको व्यवस्था गर्न, विविध सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने गतिविधिहरू नगर्न/नगराउन र संयमता अपनाउन आयोग सम्बन्धित सबै पक्षलाई अपिल गर्दछ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

२३ असोज, २०८०

## मानसिक स्वास्थ्यसम्बन्धी उपचार सर्वसुलभ र गुणस्तरीय बनाऊ

सन्दर्भ : ३१औं विश्व मानसिक स्वास्थ्य दिवस (अक्टोवर १०)

३१ औं विश्व मानसिक स्वास्थ्य दिवस Mental Health is a Universal Human Right (**मानसिक स्वास्थ्य एउटा विश्वव्यापी मानव अधिकार हो**" भन्ने नाराका साथ विश्वव्यापी रूपमा मनाइँदै छ। यस अवसरमा राष्ट्रिय मानव अधिकार आयोग सम्पूर्णमा शुभकामना व्यक्त गर्दछ।

मानसिक स्वास्थ्य समस्यालाई विश्वव्यापीरूपमा एक गम्भीर सार्वजनिक स्वास्थ्य सरोकारको विषयको रूपमा लिइएको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वको कूल जनसङ्ख्याको करिब १५ प्रतिशत मानिसहरू मानसिक स्वास्थ्य समस्यामा परेका छन् । जसमा गम्भीर मानसिक स्वास्थ्य अवस्था भएका पाँच जना व्यक्तिमध्ये चारजना निम्न र मध्यम आय भएका देशहरूमा रहेको तथ्याङ्क विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको छ। यस आधारमा नेपालमा मानसिक स्वास्थ्यको अवस्था चिन्ताजनक रहेको आँकलन गर्न सकिन्छ । नेपालमा मानसिक स्वास्थ्यको क्षेत्रमा पर्याप्त कार्य हुन सकेको पाइँदैन भने राष्ट्रिय रूपमा यकीन तथ्याङ्कसमेत रहेको छैन। मानसिक स्वास्थ्य सम्बन्धमा नेपाल सरकारले पर्याप्त बजेट तथा संयन्त्रहरूको व्यवस्था गरेको देखिँदैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार नेपालमा जम्मा एक सय ४४ मनोचिकित्सक र तीन बाल मनोचिकित्सकहरू रहेका छन् । मनोसामाजिक सहायताका लागि आवश्यक अन्य जनशक्ति (मनोचिकित्सक नर्स, मनोविद्, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता) को व्यवस्था हुन सकेको पाइँदैन ।

राष्ट्रिय मानव अधिकार आयोगले मानसिक स्वास्थ्यलाई मानव अधिकारको संवेदनशील विषयको रूपमा लिई कार्य गरिहेको छ। मानसिक स्वास्थ्यसम्बन्धी चेतनाको अभावमा अझै पनि मानसिक रोगीहरूलाई औषधी उपचार नगरी साङ्लाले बाँधेर राख्ने, खोरमा थुन्ने, दुर्व्यवहार गर्ने जस्ता कार्यहरू परिवारबाटै हुँदै आएको आयोगको अनुगमनबाट पाइएको छ।

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको रूपमा उल्लेख गरिएको छ। संविधानको धारा ५१ मा नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्दै जाने राज्यको नीति रहेको छ । त्यसैगरी, आधारभूत स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ।

अत : मानसिक स्वास्थ्यसम्बन्धी सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै मानसिक स्वास्थ्यसम्बनन्धी उपचार सर्वसुलभ र गुणस्तरीय बनाउन एवम् मानसिक स्वास्थ्यबाट पीडितहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२४ असोज, २०८०

## इजरायलमा भएको घटनाप्रति आयोगको गम्भीर चासो

इजरायलमा भएको हमलाको कारण त्यहाँको शान्ति-सुरक्षाको अवस्था चिन्ताजनक रहेको, हमलामा परी दश जना नेपालीहरूको दुःखद निधन भएको, केही घाइते भएको र केही असुरक्षित अवस्थामा रहेको जानकारी आयोगलाई प्राप्त भएको छ। यस विषयमा नेपाल सरकारबाट हालसम्म भइरहेका प्रयासको सराहना गर्दै सो विषयमा सरकारकाबाट भएको कार्यको यथार्थ जानकारी आयोगलाई उपलब्ध गराइदिन आयोगले आज नेपाल सरकारलाई पत्राचार गरेको छ। हमलामा परी दुःखद निधन भएका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति आयोग समवेदना प्रकट गर्दछ।

विश्वको जुनसुकै मुलुकमा र जुनसुकै अवस्थामा रहेका भए पनि नेपाली नागरिकहरूको मानव अधिकारको सम्मान तथा संरक्षण गर्नु सरकारको दायित्व हुन्छ। अतः इजरायलमा भएको हमलामा परी निधन भएका नेपालीहरूको शव यथाशीघ्र स्वदेश ल्याउन, घाइतेहरूको स्वास्थ्योपचार गर्ने व्यवस्था मिलाउन, बेपत्ता रहेका नेपालीहरूको तत्काल खोजी गर्न, अप्ठ्यारोमा परेकाहरूको उद्धार एवम् सुरक्षित स्थानमा स्थानान्तरण गर्न, पीडित एवम् पीडित परिवारलाई राहतको व्यवस्था गर्न र स्वदेश फर्किने चाहना भएका नागरिकहरूलाई स्वदेश फर्काउनका लागि प्रभावकारी पहल गरी नागरिकको मानव अधिकारको सम्मान तथा संरक्षण गर्नसमेत आयोगले पत्रमा अनुरोध गरेको छ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२४ कात्तिक, २०८०

## भूकम्प प्रभावित जिल्लाहरूको आयोगद्वारा अनुगमन राहत वितरण कार्य प्रभावकारी बनाऊ

मिति २०८० कात्तिक १७ गते राति जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकास्थित रामीडाँडा केन्द्रबिन्दु भई गएको भूकम्पका कारण कर्णाली प्रदेशको जाजरकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र जुम्ला लगायतका जिल्लाहरूमा भएको मानवीय तथा भौतिक क्षतिको अवस्थाबारे आयोगका माननीय सदस्यहरू मिहिर ठाकुर र लिली थापा नेतृत्वको टोलीले अनुगमन गरेको छ। उद्धार, राहत कार्यमा तीनै तहका सरकार, राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाजलगायत सबै पक्षबाट भइरहेको क्रियाशीलता एवम् घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गरिएको जस्ता पक्षलाई आयोगले सकारात्मक रूपमा लिएको छ।

भूकम्पका कारण जाजरकोटमा १ सय १ जनाको ज्यान गएको, पूर्ण र आंशिक गरी ३४ हजार ५ सय १ घर क्षति भएको, रुकुमपश्चिममा ५३ जनाको ज्यान गएको एवम् पूर्ण र आंशिक गरी २६ हजार ५ सय ३१ घर क्षति भएको अनुगमनको क्रममा पाइएको छ। राहत सामग्रीहरू उल्लेख्य मात्रामा सङ्कलन भएको तर जिल्ला विपद् व्यवस्थापन समितिमा सवारी साधनको अभाव र ढुवानीका लागि रकम अभावका कारण सम्बन्धित वडा कार्यालयमा पठाई वितरण गर्ने क्रममा ढिलाइ भइरहेको देखिएको छ। रुकुम जिल्लाको आठबीसकोट नगरपालिका १४ स्थित छेपारे गाउँमा राहत स्वरूप वितरण गरिएका त्रिपालहरूबाट शीत चुहिने गरेको र तल ओछ्याइएका मेट्रेसहरू पातलो भई तलबाट चिसो आउने भएका कारण सुत्केरी महिला, बालबालिकाहरू र ज्येष्ठ नागरिकहरू बढी प्रभावित भएको, चिसो बढ्दै गइरहेको अवस्थामा न्यानो कपडाको अपर्याप्तता र त्रिपालको बसाइका कारण सुत्केरी, बालबालिका, बिरामी र ज्येष्ठ नागरिकहरूमा समस्या देखिएको, भूकम्प प्रभावित क्षेत्रका अधिकांश विद्यालय भवनहरू क्षतिग्रस्त हुँदा विद्यालय बन्द भएको छ भने भूकम्पमा परेका महिला र बालबालिकाहरूमा डर र त्रासको अवस्था रहेको, शौचालयको अभावका कारण महिनावारी भएका महिला र बालिकाहरूले थप समस्या भोग्नुपरिरहेको लगायतका तथ्यहरू अनुगमनबाट पाइएको छ। त्यसै गरी, प्रभावितहरू सामूहिक रूपमा बसीरहेकाले शौचालय व्यवस्थापन र सरसफाइमा समस्या देखिएको जसका कारण सरुवा रोग वा अन्य महामारीलगागयतका प्रकोप बढ्नसक्ने जोखिम रहेको, राहत वितरणमा जिल्लास्थित सङ्घीय सरकारअन्तर्गतका कार्यालयहरू, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र स्थानीय तहहरूबीचको समन्वयमा अभाव देखिएको अनुगमनको क्रममा पाइएको छ।

अतः भूकम्पबाट घरबास गुमाएका पीडितहरूको लागि खाद्यान्नको व्यवस्था, चिसो मौसमबाट सुरक्षित रहन आवास र न्यानो कपडाको पर्याप्त व्यवस्था हुन, विपद्पश्चात सामूहिक बसाईको अवस्थामा पानी, शौचालय, सरसफाइलगायतका अभावका कारण हुन सक्ने विभिन्न किसिमका सरुवा रोग र महामारीको जोखिमबाट सुरक्षित राख्न आवश्यक पहल हुन, राहत कार्य छरितो र समयमै वितरणका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय हुन आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

**प्रेस-विज्ञप्ति**

१५ मङ्सिर, २०८०

## एच.आई.भी. /एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार संरक्षण गर्न आग्रह

**सन्दर्भः विश्व एड्स दिवस (डिसेम्बर १)**

विश्वमा सन् १९८१ मा एचआईभी सङ्क्रमण पहिचान भएदेखि प्रत्येक वर्षको डिसेम्बर १ का दिन सन् विश्व एड्स दिवस सन् १९८८ देखि मनाउँदै आइ यस वर्ष ३६ औं विश्व एड्स दिवस "समुदायको नेतृत्वमा एड्स अन्त्य" (Lets Communities Leads) नारा सहित नेपालमा पनि मनाइरहेको छ । आयोग यस अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

आयोगले एच.आई.भी./एड्स सङ्क्रमित व्यक्तिको मानव अधिकार अवस्थाको अनुगमन गरेको छ । अनुगमनको क्रममा सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र वागमती प्रदेशका सङ्क्रमित व्यक्ति र सरोकारवाला पक्षसँग जानकारी हासिल गरेको छ । नेपालमा मुख्य जोखिम समूहभित्र सुइबाट लागु पदार्थ लिने व्यक्ति, पुरुषसँग यौन सम्पर्क गर्ने पुरुष, ट्रान्सजेण्डर व्यक्ति, पुरुष यौनकर्मी, महिला यौनकर्मी, पुरुष पवासी श्रमिक र उनिहरूका परिवार रहेका छन् । युएनएड्स प्रतिवेदन, २०२२ र राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार सन् २०२२ को अन्त्यसम्ममा नेपालमा एचआईभी सङ्क्रमित व्यक्तिहरूको सङ्ख्या ३०,००० रहेको छ । जसमा १४ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १,२००, पन्ध्र वर्ष माथिका महिलाहरूको सङ्ख्या १३,००० र पुरुषहरूको सङ्ख्या १६,००० रहेको छ । वयस्क जनसङ्ख्यामा एचआईभी सङ्क्रमण व्याप्त दर ०.११ प्रतिशत रहेको छ । नेपालको २९ वटा कारागारमा ९७ पुरुष र १४ महिला गरी १११ जना कैदीवन्दी छन् । एड्सका कारण वार्षिक मृत्यु दर ५०० भन्दा कम, महिला मृत्यु दर १०० भन्दा कम र पुरुष मृत्यु दर ५०० भन्दा कम रहेको छ ।

राष्ट्रिय एचआईभी एड्स रणनीतिक योजनाले सन् २०२६ सम्मको लागि अवलम्बन गरेको ९५/९५/९५ लक्ष्य अनुसार सन् २०२२ सम्म पहिलो ९५ लक्ष्य आफनो सङ्क्रमणबारे थाहा पाउनेको प्रगति ९५ प्रतिशत, द्बितिय ९५ लक्ष्य एआरटी सेन्टरमा नियमित उपचार सेवा लिइरहेका २३,३६२ जना अर्थात ७८ प्रतिशत र तेस्रो ९५ लक्ष्य भाइरल लोड सप्रेश २२,६२७ जना अर्थात ७५ प्रतिशत रहेको छ । पहिलो ९५ को हकमा देखिएको प्रगति सन्तोषजनक रहेतापनि द्बितीय र तृतीय ९५ को प्रगति प्रतिशतले बाँकी चार वर्षको अवधिमा लक्ष्य हासिल हुन सक्ने कुरामा विश्वस्त हुन सक्ने स्थिति देखिँदैन । एचआईभी सङ्क्रमित व्यक्तिहरूसित सामाजिक विभेद्, लाञ्छना तथा अपहेलनाजन्य व्यवहार हुँदै आइरहेको, केही ए.आर.टी. सेन्टर अनुपयुक्त स्थानमा राखिएको, भौगोलिक दूरीका कारण सहज पँहुचमा नरहेको, गोपनीयताको अधिकारको पुर्ण प्रत्याभूति हुन नसकेको, एआरटी उपचार सेवामा रहेका केही सङ्क्रमित व्यक्तिहरू नियमित उपचार सेवा नरहेका, कहिलेकाहीँ स्वास्थ्यकर्मीहरूबाटै लाञ्छनाजन्य व्यवहार सङ्क्रमित व्यक्तिले खेप्नुपरेको, उचित आधारबिना प्रेषण गर्ने गरिएको लगायतका समस्या देखिएको छ । यस सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू विच प्रभावकारी समन्वयका अभाव देखिएको छ ।

अतः एचआईभी एड्ससम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र २००१, राजनीतिक घोषणापत्रहरू, वैश्विक एचआईभी एड्स रणनीति २०२१-२०२६, दिगो विकास लक्ष्य, राष्ट्रिय नीति रणनीतिअनुसार सन् २०३० सम्म एड्स अन्त्य गर्ने लक्ष्य हासिल गर्न र सङ्क्रमित व्यक्तिहरूको मानव अधिकारको प्रभावकारी सम्मान, संरक्षण तथा संवर्धनका लागि द्रूत गति प्रणाली (फास्ट ट्र्याक प्रणाली) अनुसार प्रभावकारी ढङ्गले कार्य अगाडि बढाउनुपर्ने आवश्यकतालाई महसुस गर्दै उनीहरूको पहिचान, परिक्षण, उपचार, तथ्याङ्क अद्यावधिक, जनचेतना जीविकोपार्जन, ए.आर.टि.मा उपचार सेवा बाहिर रहेकालाई नियमित सेवामा जोडन, उपचार सेवा प्रभावकारी बनाउन, सङ्घीय सरकारका साथै प्रदेश र स्थानीय तहले प्रभावकारी तवरबाट जनचेतना बढाउन, सबै तहले नीति, योजना तथा कार्यक्रम निर्माण गर्दा प्रतिनिधिमूलक सहभागिता गराउन, सङ्क्रमित व्यक्तिहरूको लागि राजगारीको व्यवस्था मिलाउन, सीपमूलक तथा आयमूलक कार्यक्रम लागु गर्न र सरकारका साथै व्यवशाय क्षेत्र, नीजि क्षेत्र, नागरिक समाजबाटसमेत एचआईभी सङ्क्रमित व्यक्तिहरूको मानव अधिकारको प्रभावकारी संरक्षणका लागि भूमिका निर्वाह गर्न आयोग सबै पक्षसँग अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ माघ, २०८०

## भूकम्प जोखिम न्यूनीकरण एवम् पूर्वतयारीमा जोड देऊ

सन्दर्भ : राष्ट्रिय भूकम्प सुरक्षा दिवस

'नेपालको राष्ट्रिय भवन संहिता र मापदण्ड पालना गरी घरको नक्सा डिजाइन र निर्माण गरौँ । स्थानीय स्रोत र प्रविधिसमेतको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔँ' भन्ने आह्वानका साथ विभिन्न सचेतनामूलक कार्यक्रमहरू गरी नेपालमा आज २६औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइँदै छ । यस अवसरमा राष्ट्रिय मानव अधिकार आयोग सबै प्रकारका विपद्बाट हुने जोखिम न्यूनीकरणका लागि एकजुट हुन सबैलाई अनुरोध गर्दछ ।

आयोगले २०७२ सालको विनासकारी भूकम्प तथा हालै जाजरकोटमा गएको भूकम्पको क्रममा भूकम्प प्रभावितहरूको मानव अधिकार अवस्थाबारे अनुगमन गरी नेपाल सरकार तथा सरोकारवालालाई सिफारिस गरेको छ । हालैको जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पका कारण जाजरकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र जुम्ला लगायतका जिल्लाहरूमा मानवीय तथा भौतिक संरचनाको क्षति भएको छ । उक्त भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा १५४ जनाको मृत्यु भएको छ भने पूर्ण र आंशिक गरी ६५ हजार बढी घरहरूमा क्षति पुगेको पाइएको छ । जाडो मौसममा न्यानो घर र न्यानो लुगाको अभावमा सुत्केरी महिला तथा शिशुहरू, बालबालिका, ज्येष्ठ नागरिकहरू र दीर्घ रोगीहरू अत्यन्त कठिन अवस्थाबाट गुज्रनु परिरहेको छ । चिसोका कारण रुघाखोकी, न्यूमोनिया जस्ता रोगको सङ्क्रमण फैलिएको एवम् केही व्यक्तिको मृत्यु भएको समाचार सञ्चारमाध्यममा समेत प्रसारण भइरहेका छन् ।

नेपाल भूकम्पीय दृष्टिकोणले अति संवेदशील र जोखिमयुक्त देशको रूपमा रहेको छ। यस अवस्थालाई मध्येनजर गरी नेपाल सरकारबाट विभिन्न आवधिक योजना, वार्षिक कार्यक्रम, सचेतनामूलक कार्यक्रमहरू सञ्चालन, जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्ययोजना एवम् कार्यक्रमहरू हुँदै आइरहेका छन् । यद्यपि भूकम्प पूर्वजोखिम न्यूनीकरण कार्यमा सरकारको पर्याप्त ध्यान पुग्न नसक्नु र भूकम्पपश्चात् राहत, उद्धार तथा पुनर्निर्माण कार्यमा विभिन्न निकाय बीच प्रभावकारी समन्वय हुन नसक्दा सर्वसाधारणले अकालमा ज्यान गुमाउनु परेको साथै भौतिक सम्पत्तिको क्षति व्यहोर्नुपरेको आयोगले यसअघि गरेको अनुगमनबाट देखिएको छ ।

अत : भूकम्प लगायतका विपद्बाट मानवीय एवम् भौतिक क्षतिको न्यूनीकरणका लागि पूर्वतयारी, राहत, उद्धार तथा पुनर्निर्माण कार्यमा सबै निकायबीच प्रभावकारी समन्वय र सहकार्य गरी व्यक्तिको जीवनको अधिकारका साथै आवासको अधिकारको संरक्षण गर्न आयोग तीनै तहका सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–तीन

# महिला अधिकार

## प्रेस–नोट

१८ चैत, २०७७

### महिला अधिकारको संरक्षणमा आयोगको भूमिका विषयक छलफल

राष्ट्रिय मानव अधिकार आयोगले महिला अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थामा आबद्ध महिला अधिकारकर्मीहरूसँग महिला अधिकारको अवस्था सम्बन्धमा छलफल गरेको छ । आयोगको छैठौँ रणनीतिक योजना निर्माणको सन्दर्भमा आयोगले विभिन्न क्षेत्र र समुदायसँग छलफल तथा सुझावहरू लिने क्रममा आज महिलाको अधिकार संरक्षणमा आयोगबाट निर्माण भइरहेको रणनीतिक योजनामा समावेश गर्नुपर्ने विषयमा सुझाव लिने उद्देश्यले उक्त छलफलको आयोजना गरिएको हो ।

छलफलको क्रममा अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरू तथा घरेलु कामदारको रूपमा कार्यरत महिलाहरूको अधिकार उपभोगको अवस्था, यौन हिंसामा परेका महिलाहरूको न्यायमा पहुँचका साथै जीवन सुरक्षाको अवस्था, जलवायु प्रदूषणले महिलाको प्रजनन् अधिकारमा पारेको प्रभाव, महिलाको मानव अधिकारको संरक्षण र संवर्धनमा संयुक्त राष्ट्रसङ्घीय महिला अधिकार समितिबाट नेपाललाई प्राप्त सुझाव एवम् सर्वोच्च अदालतका आदेशहरूको कार्यान्वयन अवस्था लगायतका विभिन्न विषयमा आयोगले अनुगमन र अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए । स्थानीय सरकार विकास निर्माणको कार्यमा मात्र केन्द्रित रहेको अवस्थामा महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलगायत सामूहिक अधिकारको विषय ओझेलमा परेको बताउँदै आयोगले यी विषयमा तल्लो तहसम्म अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने सहभागीहरूले बताए ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संरक्षणका लागि आयोगको एकल प्रयासले मात्र सम्भव नहुने बताउँदै सबै नागरिक एवम् सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आयोग अगाडि बढ्ने भनाइ राख्नुभयो । आयोगका सदस्य लिली थापाले छलफलको क्रममा सहभागीहरूबाट महत्त्वपूर्ण सुझावहरू प्राप्त भएको र उक्त सुझावहरूलाई आयोगले संवैधानिक कार्यादेशबमोजिम प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । छलफलमा आयोगका सदस्यहरू मिहिर ठाकुर, मनोज दुवाडी, नि. सचिव डा. टीकाराम पोखरेल, आयोगका कर्मचारीहरू, सङ्कल्प, पौरखी नेपाल, हिमराइट्स, एट्वीन नेपाल, टेवा नेपाल, बियोण्ड बेइजिङ कमिटी (बीवीसी), आदिवासी जनजाति महिला महासङ्घ, विश्वास नेपाल, एक्सनएड, एकल महिला समूहलगायतका संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–विज्ञप्ति**

२३ जेठ, २०७८

# मदिरा सेवन गराई राउटे समुदायका युवतीलाई यौन दुर्व्यवहार गरेको भनिएको घटनाको आयोगद्वारा अनुगमन

## प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह

सुर्खेतको गुर्भाकोट नगरपालिका-९ का युवाहरूले स्थानीय राउटे समुदायका युवतीहरूलाई प्रलोभनमा पारी मदिरा सेवन गराई यौन दुर्व्यवहार गरेको भनी विभिन्न माध्यमबाट आयोगलाई प्राप्त समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले यस सम्बन्धमा अनुगमन गरेको छ।

स्थानीय तीनजना युवाहरूले राउटे समुदायका दुई जना युवतीलाई प्रलोभनमा पारी स्थानीय होटलमा लगेर यौनजन्य कार्य गर्न बाध्य बनाएको, उक्त घटनाका कारण निज युवतीहरूलाई राउटे समुदायले अस्वीकार गर्ने सम्भावना देखिएको र उनीहरूको ज्यान नै जोखिममा पर्न सक्ने अनुगमनबाट पाइएको छ। प्रलोभनमा पारी यौन हिंसामा लगाइएका उल्लिखित दुई युवतीहरूलाई यसअघि पनि राउटे मुखियाले चार महिना नजरबन्दजस्तै गरी बन्दी बनाइएको जानकारी प्राप्त भएको छ।

अत : पीडित युवतीहरूको गोपनीयताको संरक्षण गर्दै तत्काल स्वास्थ्य परीक्षण गर्न, उनीहरूको भौतिक सुरक्षा गरी जीवनको अधिकार संरक्षणमा तत्काल आवश्यक पहल गर्न र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

७ वैशाख, २०७९

## स्थानीय तह निर्वाचनमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न आग्रह

नेपालको संविधानको धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ। उक्त संवैधानिक व्यवस्था अनुरूप बन्ने कानुन महिलाको समानुपातिक सहभागिताको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा प्रभावकारी हुनुपर्दछ भन्नेमा आयोग दृढ छ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपालका केही राजनीतिक दलहरूले गठबन्धन बनाइ उम्मेदवार मनोनयन गर्ने जानकारी सञ्चार-माध्यमहरूबाट आएको छ। यस सन्दर्भमा दलहरूबाट कतिपय स्थानीय तहमा मेयर र उपमेयर एवम् अध्यक्ष र उपाध्यक्ष दुवैमापुरुष मात्र उम्मेदवार बनाउन सक्ने सम्भावना रहेको हुँदा त्यसले संविधानको धारा ३८ (४) ले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा महिलाको सहभागी हुने हकको प्रत्याभूति हुन नसक्ने स्थितिको सिर्जना हुन जान्छ।

अतः नेपालको संविधानको समानुपातिक समावेशीताको मर्म विपरीत देखिएका ऐन, नियमहरूलाई सुधार गरी समावेशी र मानव अधिकारमैत्री बनाउन आयोग नेपाल सरकार, व्यवस्थापिका तथा सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ। यसको साथै आसन्न निर्वाचनको क्रममा गठबन्धन गर्ने दलहरूले हरेक स्थानीय तहका मेयर र उपमेयर एवम् अध्यक्ष र उपाध्यक्षमध्ये कम्तिमा एक पदमा महिलालाई उम्मेदवार बनाइ स्थानीय तहमा महिलाहरूको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१३ जेठ, २०७९

## जबर्जस्ती करणीमा हदम्यादसम्बन्धी व्यवस्थालाई पीडितमैत्री बनाउन आग्रह

जबर्जस्ती करणी सम्बन्धी कसूरमा उजुर गर्ने एक वर्षको हदम्यादका कारण पीडितहरूको न्याय प्राप्त गर्ने हक प्रभावित हुन गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको संविधानको धारा ३८ (३) मा महिलाविरुद्ध कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य गरेमा कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

"मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ को उपदफा (२) मा रहेको जबर्जस्ती करणी सम्बन्धी कसूरमा उजुर गर्ने एक वर्षको हदम्यादसम्बन्धी विद्यमान व्यवस्था संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, अपराध पीडितको हक, शोषणविरुद्धको हक र महिलाको हक अनुकूल नभई त्यसबाट महिलाको मर्यादा, आत्मसम्मान र मानव अधिकारमा प्रतिकूल प्रभाव पर्न गएको र जबर्जस्ती करणीको कसूरबाट पीडित महिला हदम्यादकै कारण न्याय प्राप्तिको अधिकारबाट वञ्चित भई महिलाको मानव अधिकारमा नै गम्भीर असर पर्न जाने स्थिति देखिएकोले काबुबाहिरको परिस्थिति समेतका विभिन्न कारणबाट कानुनले तोकेको हदम्यादभित्र जाहेरी पर्न नसक्ने अवस्थासमेत सिर्जना हुन सक्ने कुरालाई मध्यनजर गरी हदम्यादसम्बन्धी व्यवस्थालाई यान्त्रिक र प्राविधिक नबनाइ पीडितमैत्री हुने गरी संशोधन गर्नुपर्ने" देखिँदा संशोधनका लागि आयोगले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ ।

अतः जबर्जस्ती करणीसम्बन्धी कसूरमा काबुबाहिरको परिस्थितिसमेतका विभिन्न परिस्थितिबाट कानुनले तोकेको हदम्यादभित्र जाहेरी पर्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै उजुर गर्ने एक वर्षको हदम्यादसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरी कानुनलाई संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, अपराध पीडितको हक, शोषणविरुद्धको हक र महिलाको हक अनुकूल बनाइ महिलाको मर्यादा, आत्मसम्मान र मानव अधिकारमा प्रतिकूल प्रभाव पर्न नदिन तथा हदम्यादसम्बन्धी व्यवस्थालाई यान्त्रिक र प्राविधिक नबनाइ पीडितमैत्री हुने गरी संशोधन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–विज्ञप्ति**

११ जेठ, २०७९

## यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरूको प्रभावकारी अनुसन्धान गर्न आग्रह

पछिल्लो समय काठमाडौँलगायत देशका विभिन्न भागमा यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरू घटेको भनी विभिन्न सञ्चार-माध्यम तथा सामाजिक सञ्जालबाट सार्वजनिक भइरहेको तथा आयोगमा समेत उजुरी प्राप्त भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगले यी घटनाहरूको अनुगमन गरिरहेको छ।

सार्वजनिक भएका यौन हिंसा तथा बलात्कारका घटनाको अनुसन्धानमा नेपाल प्रहरीबाट भएका कार्यहरू तथा देखिएका चुनौती सम्बन्धमा नेपाल प्रहरीका अधिकारी तथा अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूसँग आयोगमा आज छलफल गरिएको छ। छलफलको क्रममा आयोगका माननीय सदस्य लिली थापाले यौनजन्य हिंसा तथा बलात्कारका घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चित् गर्न नेपाल प्रहरीको भूमिका प्रभावकारी हुनुपर्ने बताउँदै आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन निर्देशन दिनुभयो। प्रहरी नायव महानिरीक्षक उत्तमराज सुवेदीले महिला हिंसासँग जोडिएका घटनाहरूलाई प्रहरीले संवेदनशील रूपमा लिई अनुसन्धान गरिरहेको जानकारी गराउनुभयो। नेपालको संविधान र कानुनले यौनजन्य हिंसाको कार्यलाई कानुनबमोजिम दण्डनीय रहेको उल्लेख गर्दै यस्ता घटनाबाट पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ।

अत : निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत यौनजन्य हिंसा तथा बलात्कारका घटनाबाट पीडितहरूको न्यायिक हक तथा सुरक्षाको सुनिश्चितता गर्न, पीडित र साक्षीको सुरक्षा गर्न, पीडितलाई मनोसामाजिक परामर्श र क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनाका आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै यसप्रकारका घटनामा प्रहरीको अनुसन्धान कार्यमा सघाउन तथा अनुचित प्रभाव पार्ने कुनै पनि क्रियाकलाप नगर्न नगराउन आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

९ माघ,२०७९

## राष्ट्रिय मानव अधिकार आयोगद्वारा यु.एन.वुमन र यु.एन.एफ.पी.ए.सँग समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोगले महिलाको मानव अधिकार संरक्षणार्थ यु.एन.वुमन (UNWOMEN) र यु.एन.एफ.पी.ए. (UNFPA) सँग छुट्टाछुट्टै समझदारीपत्रमा हस्ताक्षर गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेल र यु.एन.वुमनका तर्फबाट प्रमुख Ms. Navanita Sinha एवम् यु.एन.एफ.पी.ए. का तर्फबाट प्रमुख Ms. Won Young Hong ले आज आयोगमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा हस्ताक्षर गर्नुभएको थियो ।

समझदारीपत्रमा विशेष गरी लैङ्गिक समानता, प्रजनन् स्वास्थ्यको अधिकार, महिला हिंसा न्यूनीकरण तथा महिला अधिकारका विभिन्न विषयमा दुई पक्षबीच समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने उल्लेख गरिएको छ । त्यसै गरी, महिला अधिकारको संरक्षणका लागि विश्वव्यापी आवधिक समीक्षा (UPR) तथा संयुक्त राष्ट्रसङ्घीय विभिन्न समितिहरूबाट नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयन अवस्था र मानव अधिकारका विषयमा प्रभावकारी अनुगमन गर्ने क्षमता सवलीकरण गर्ने, प्रमाणमा आधारित अनुगमन र अनुसन्धानमार्फत नेपाल सरकार तथा सरोकारवाला निकायलाई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि क्षमता अभिवृद्धि र जवाफदेही बनाउने लगायतका विषयहरू समझदारी पत्रमा समावेश छन् ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले यसबाट लैङ्गिक हिंसा, प्रजनन् स्वास्थ्य, बालविवाह तथा महिला अधिकारका विभिन्न विषयमा प्रभावकारी रूपमा कार्य गर्न थप सहयोग पुग्ने बताउनुभयो । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा आयोगका माननीय सदस्यहरू, सचिव, सहसचिवहरू, उपसचिवहरूलगायत आयोगका कर्मचारीहरू एवम् यु.एन.वुमन र यु.एन.एफ.पी.ए.का कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२४ पुस, २०७९

## बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूको अनुसन्धानलाई प्रभावकारी बनाउन आयोगको पत्राचार

बलात्कारपश्चात् हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको घटनालाई पुनः अनुसन्धान प्रक्रिया अगाडि बढाउनको लागि गृह मन्त्रालयबाट हालै भएको पहललाई आयोगले सकारात्मक रूपमा लिएको छ । बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूमा वृद्धि हुँदै गइरहेको सन्दर्भमा पीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर्न आयोगले तपसिलबमोजिमका बुँदाहरू उल्लेख गर्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छः

**तपसिल**

१. निर्मला पन्तको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट खटिएको विज्ञसहितको टोलीबाट प्राप्त सुझावबमोजिम आयोगले मिति २०७५/१०/१३ मा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई गरेको सिफारिस एवम् निर्देशनलाई समेत ध्यानमा राखी सो घटनालाई निष्कर्षमा पुऱ्याउन,

२. विगत केही वर्षदेखि नेपालमा बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूमा वृद्धि हुँदै गइरहेको, गत वर्ष मात्र दुई हजार तीन सय ८० जना महिला तथा किशोरीहरू जबरजस्ती करणीको घटनाबाट पीडित भएको, यी घटनाका अधिकांश दोषीहरू पहिचान हुन नसकेको एवम् तत्काल कारबाहीको प्रक्रियामा लैजान नसकिएको देखिँदा बलात्कार तथा यौनजन्य हिंसालाई सम्बोधन गर्न द्रूत अनुसन्धान तथा अभियोजन प्रक्रिया अगाडि बढाउन तथा सातै प्रदेशका प्रादेशिक अस्पतालहरूमा दक्ष जनशक्तिसहित स्रोत, साधन सम्पन्न विधि विज्ञान प्रयोगशाला (Forensic Lab) शीघ्र स्थापना गर्न,

३. महिला तथा यौनिक अल्पसङ्ख्यकमाथि हुने गरेका हिंसाका घटनाहरूको उजुरीउपर तत्कालै सम्बोधन गर्न/गराउन ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१० जेठ, २०८०

## आमरण अनशनमा रहेकी विनु यादवको जीवन रक्षा गर

आफूलाई विभिन्न व्यक्तिहरूले जबरजस्ती करणी गरेको र सम्बन्धित निकायमा उजुरी गर्दा पनि न्याय नपाएको एवम् जबरजस्ती रूपमा जाहेरी फिर्ता लिन लगाइएको भनी सिराहा नगरपालिका वडा नं. २ की विनु यादव विगत १५ दिनदेखि काठमाडौँको माइतीघर मण्डलामा आमरण अनशनमा रहेकी र निजको स्वास्थ्य अवस्था नाजुक बन्दै गएकोमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगको टोलीले अनशनस्थल पुगी निजको स्वास्थ्य अवस्था सम्बन्धमा जानकारी लिएको छ । पहिलेदेखि नै स्वास्थ्यमा विभिन्न समस्या रहेको र अहिले लामो समयदेखि आमरण अनशनमा रहँदा निजको स्वास्थ्य अवस्था थप नाजुक बन्दै गएको अनुगमनको क्रममा पाइएको छ ।

अतः अनशनरत यादवको स्वास्थ्यप्रति संवेदनशील भई निजको मागका सम्बन्धमा सम्बन्धित निकायबाट कानुनी कारबाहीको प्रक्रिया अविलम्ब अगाडि बढाइ व्यक्तिको जीवनको अधिकार सुनिश्चित गर्न आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

परिच्छेद–चार

# बाल अधिकार

**प्रेस–विज्ञप्ति**

५ मङ्सिर, २०७७

सन्दर्भ : अन्तर्राष्ट्रिय बाल अधिकार दिवस

## बाल अधिकारको सम्मान र संरक्षणमा जोड दिन आग्रह

बाल अधिकारको सम्मान, संरक्षण र संवर्धनको लागि संयुक्त राष्ट्रसङ्घद्वारा बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ जारी भएको आज ३१ वर्ष पूरा भएको छ । यस अवसरमा आयोग सम्पूर्ण बालबालिकाहरूप्रति शुभकामना व्यक्त गर्दछ ।

नेपालले बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन गर्नुका साथै सो महासन्धिमा भएका व्यवस्था तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयनका लागि देशको संविधान, ऐन, नियम र कानुनहरूको व्यवस्था गरी कार्य गरिरहेको छ । अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धता, कानुनी व्यवस्था, अदालतका फैसला तथा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूको कार्यान्वयन पक्ष कमजोर हुँदा बालबालिकाहरू अझै पनि पोषण, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारबाट वञ्चित हुनुका साथै बालविवाह, बालश्रम र हिंसाबाट पीडित हुन पुगेको आयोगको अनुगमनबाट पाइएको छ । सामाजिक वहिष्करण, डर, त्रासलगायतका कारण बलात्कार तथा यौन हिंसाबाट पीडित बालिकाहरू न्याय प्राप्तिको अधिकारबाट वञ्चित हुनुपरेको आयोगको अध्ययनको क्रममा देखिएको छ । पछिल्लो समय कोभिड १९ को महामारीको अवस्थामा गरिब, विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाहरूको वैकल्पिक शिक्षामा पहुँच पुग्न नसक्दा शिक्षाको समान पहुँचबाट समेत बालबालिकाहरू वञ्चित हुन पुगेको देखिन्छ ।

अतः बाल अधिकारसम्बन्धी महासन्धि, संवैधानिक तथा कानुनी व्यवस्था, अदालतका फैसला र आयोगका सिफारिसहरूहरूको प्रभावकारी कार्यान्वयन गर्न तथा बाल विवाह, बालश्रम, बाल यौन दुर्व्यवहारजस्ता बाल हित विपरीतका घटनाहरू निराकरणका लागि विशेष कार्य गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

२५ माघ, २०७७

## भागरथी भट्टको हत्या सम्बन्धी घटनाको अनुगमन सुरू
## घटनाका दोषीलाई कानुनी दायरामा ल्याऊ

बैतडी जिल्लाको दोगडाकेदार गाउँपालिका-७ घर भई सनातन धर्म मा. वि. खोचलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया भागरथी भट्टको २०७७ माघ २१ गते बलात्कारपछि हत्या गरिएको भनिएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको प्रदेश कार्यालय धनगढीबाट अनुगमन टोली घटनास्थलतर्फ प्रस्थान गरेको छ ।

आयोगले जिल्ला प्रहरी कार्यालय बैतडीलाई घटनाको अनुसन्धान तथा पछिल्लो अवस्थाबारे जानकारी माग गरी पत्राचार गरेको छ । विद्यालयबाट घर फर्कने क्रममा खोचलेक गिरेगाडा ग्रामीण सडकअन्तर्गत लवलेक जङ्गलमा विभत्स हत्या गरी निजलाई फालिएको बुझिएको छ ।

बैतडीलगायत विभिन्न पहाडी तथा हिमाली जिल्लाहरूमा विद्यार्थीहरूले धेरै टाढा पैदलै भौगोलिक दूरी पार गरी शिक्षा हासिल गर्नुपर्ने बाध्यता रहेको अवस्थामा शान्ति-सुरक्षाको अभावमा हुने यस प्रकारका घटनाले बालबालिकाको बाँच्न पाउने, संरक्षित हुन पाउने र बालविकासको अधिकारमा अवरोध उत्पन्न भई बाल मनोविज्ञानमा नकारात्मक असर परेको देखिन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ तथा नेपालको संविधान एवम् प्रचलित अन्य कानुनले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, सुरक्षित रहन पाउने तथा न्याय प्राप्तिको अधिकारको प्रत्याभूति गरेको छ ।

अतः उक्त घटनाको तत्काल निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न, अनुसन्धानको क्रममा साक्षीको सुरक्षा र प्रमाण सङ्कलनमा विशेष सावधानी अपनाउन, घटनामा संलग्न दोषीको शीघ्र पहिचान गरी कानुनी दायरामा ल्याउन र पीडित परिवारलाई अन्तरिम राहतसमेत उपलब्ध गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

२९ माघ, २०७७

## १२ वर्षीया नेपाली बालिकाको भारतमा सामूहिक बलात्कारपश्चात् हत्या भएको भनिएको घटनाप्रति आयोगको ध्यानाकर्षण

## निष्पक्ष अनुसन्धान र क्षतिपूर्तिको लागि आवश्यक पहल गर्न आयोगद्वारा राष्ट्रिय मानव अधिकार आयोग, भारतलाई पत्राचार

बर्दियाको बारबर्दिया नगरपालिका ३ की १२ वर्षीया बालिका सुमित्रा वि.क. लाई गत माघ ८ गते (२१ जनवरी २०२१) नेपाल-भारत सीमानजिक कुण्डुवा, चैनपुर, चम्पारणमा सामूहिक बलात्कारपश्चात् हत्या गरी जलाइएको भनिएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले विभिन्न व्यक्ति तथा प्रहरी अधिकारीसँग सम्पर्क गरी घटनाको सम्बन्धमा जानकारी लिएको छ । निज बालिकालाई सामूहिक बलात्कारपश्चात् हत्या गरी जलाइएको भन्ने जानकारी आयोगलाई प्राप्त भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग, नेपालले यस किसिमको क्रूर र अमानवीय घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउन, पीडित परिवारको उचित सुरक्षा व्यवस्था हुन तथा पीडितलाई उचित राहत तथा क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिन अनुरोध गर्दै राष्ट्रिय मानव अधिकार आयोग, भारतलाई आज पत्राचार गरेको छ र यसअघि प्राप्त सहयोगको लागि धन्यवाद व्यक्त गरेको छ । यसको साथै उक्त घटनाका सम्बन्धमा पीडित परिवारको न्याय तथा सुरक्षाका लागि आवश्यक कुटनीतिक पहल गर्न पनि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–विज्ञप्ति**

७ फागुन, २०७७

## प्रहरीको कुटपिटबाट बालकको मृत्यु भएको भनिएको घटनामा आयोगको गम्भीर ध्यानाकर्षण

## निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह

जुम्ला जिल्ला गुठीचौर गाउँपालिका ३ का १३ वर्षीय बालक पदमबहादुर बुढाको प्रहरीको कुटपिट तथा यातनाबाट मृत्यु भएको भनिएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले घटनाको अनुगमन गरेको छ ।

आयोगको अनुगमन टोलीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पुगी आइसियुमा राखिएको शवको अवलोकन गर्नुका साथै जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षकसँग घटनाको बारेमा जानकारी लिएको छ । निज बालकलगायत सात जनालाई मोबाइल चोरीको आरोपमा प्रहरीले २०७७ माघ १८ गते पक्राउ गरेको, सोधपुछको क्रममा पाइपले कुटपिट गरी निजहरूलाई सोही दिन छोडेको, कुटपिटका कारण पदम बुढाको बायाँ खुट्टाको पिँडौला र पाइतालामा निलडाम परेको तथा खुट्टा सुन्निएको र उपचारकै क्रममा २०७७ फागुन ५ गते निजको मृत्यु भएको अनुगमनको क्रममा बुझिएको छ ।

आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाले विशेषज्ञ चिकित्सकबाट यथाशीघ्र शव परीक्षण गराउन जिल्ला प्रहरी कार्यालय, जुम्लालाई तथा मृत्यु भएको दुई दिन भइसक्दासमेत बालकको शव आइसियुमा नै रहेको पाइएकोले तत्कालै उपयुक्त स्थानमा शव व्यवस्थापन गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पत्राचार गरेको छ ।

नेपाल पक्षराष्ट्र बनेको बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ६ ले प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकारको सुनिश्चित गरेको छ भने धारा ३७ ले कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रूर र अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिन नहुने उल्लेख गरेको छ । त्यस्तै, बालन्याय कार्यविधि नियमावली, २०६३ को दफा ४ (ङ) ले कुनै कसूरमा बालकलाई पक्राउ गरेपश्चात् नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने व्यवस्था गरेको छ ।

अतः उक्त घटनाको निष्पक्ष र विश्वसनीय अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन, आइसियुमा रहेको शव उपयुक्त स्थानमा व्यवस्थापन गर्न, विशेषज्ञ चिकित्सकबाट यथाशीघ्र शव परीक्षण गराउन तथा पीडित परिवारको संरक्षण र उचित क्षतिपूर्तिको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

५ वैशाख, २०७८

## बालबालिकाको स्वास्थ्यको अधिकारप्रति संवेदनशील बन्न आग्रह

गत वर्षदेखि विश्वलाई आक्रान्त पारिरहेको कोभिड १९ को नयाँ स्वरूप नेपालमा समेत तीव्र रूपमा फैलिँदै गइरहेको र यसबाट बालबालिकाहरू बढी जोखिममा रहेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले हालै उपत्यकास्थित विभिन्न विद्यालयहरूमा स्वास्थ्य सुरक्षाका आवश्यक मापदण्ड पालना तथा बालबालिकामा कोरोना सङ्क्रमणको जोखिमको अवस्था सम्बन्धमा स्थलगत अनुगमन गरेको छ । अनुगमनबाट निजी विद्यालयको तुलनामा सरकारी विद्यालयमा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना नभएको, विद्यार्थी सङ्ख्या धेरै भएका कारण मापदण्डको पालना गर्न सम्भव नभएको भन्ने शिक्षकहरूको भनाइ रहेको, टाउको दुःखेका बिरामीहरू समेत अन्य विद्यार्थीहरूसँगै कक्षा कोठामै राखिएको पाइएको छ ।

गत दुई हप्तामा तीन सयभन्दा बढी बालबालिकाहरू कोभिड-बाट सङ्क्रमित भएको जानकारी विभिन्न माध्यमबाट आयोगलाई प्राप्त भएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उच्च जोखिममा रहेका काठमाडौँ उपत्यका सहितका १४ जिल्लामा शिक्षण संस्थालगायत बढी भीडभाड हुने क्षेत्र तथा सेवाहरू तत्कालका लागि बन्द गर्न सुझाव दिएको अवस्थामा शिक्षण संस्थाहरू हाल सञ्चालनमै रहेको एवम् स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पालना नहुँदा बालबालिकाहरूको स्वास्थ्यको अधिकार जोखिममा परेको देखिन्छ । नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकको व्यवस्था गर्नुका साथै नेपाल पक्षराष्ट्र बनेको बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा २४ ले बालबालिकाको उच्चतम स्वास्थ्यको हितलाई ध्यान दिनुपर्ने उल्लेख गरेको समेत आयोग स्मरण गराउँदछ ।

अतः बालबालिकाको स्वास्थ्यको अधिकारप्रति सचेत रहँदै पठनपाठनको वैकल्पिक व्यवस्था गर्न, बालबालिकाको जीवनको अधिकारको ख्याल राख्दै शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्न, विद्यालय सञ्चालन गर्ने/गराउने विषयमा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शिक्षा मन्त्रालयबाटै परस्पर विरोधाभाषपूर्ण सूचना सम्प्रेषण नगर्न, अभिभावक र विद्यार्थीहरूमा मानोवैज्ञानिक त्रास सिर्जना नगर्न, स्वास्थ्यको विषयमा स्वास्थ्य मन्त्रालयको राय, सल्लाह, अनुरोध वा सूचनाबमोजिम गर्न र स्वास्थ्य जस्तो संवेदनशील विषयलाई गम्भीरतापूर्वक लिई व्यवहार गर्न/गराउनु नेपाल सरकार तथा सम्बन्धित पक्षलाई आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

५ माघ, २०७८

## विद्यार्थीको स्वास्थ्य र शिक्षासम्बन्धी अधिकारप्रति संवेदनशील बन

पूर्वाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित बि.ए.एल.एल.बि.चौथो वर्षको परीक्षा अनलाइन माध्यमबाट हुनुपर्ने भन्दै काठमाडौँको बुद्धनगरस्थित कान्तिपुर इन्टरनेशनल कलेजमा विद्यार्थीहरूबाट भएको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप हुँदा १ जना विद्यार्थी घाइते भएको र ११ जनालाई नियन्त्रणमा लिइएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

उक्त घटनाका सम्बन्धमा आयोगको टोलीले अनुगमन गरेको छ । अनुगमनको क्रममा कोरोना सङ्क्रमणको दर तीब्र गतिमा फैलिरहेको तथा परीक्षा सञ्चालनको क्रममा स्वास्थ्यको मापदण्ड पालना नहुँदा विद्यार्थीको ज्यान जोखिममा पर्न सक्ने भन्दै विद्यार्थीहरू आन्दोलनमा उत्रिएको बुझिएको छ । विद्यार्थीहरूले हाल चलिरहेको परीक्षालाई अनलाइन वा अन्य वैकल्पिक माध्यमबाट सञ्चालन गर्नुपर्ने माग राखेको अनुगमनबाट पाइएको छ । यस सम्बन्धमा आयोगमा निवेदन समेत प्राप्त भएको छ ।

सङ्क्रामक रोगको महामारी भएको अवस्थामा नागरिकको जीवनको रक्षा गर्नु राज्यको दायित्व हुन्छ । मुलुकी अपराध संहिताको दफा १०४ (१) मा कसैले कसैको ज्यानलाई खतरा पुऱ्याउन सक्ने किसिमको सङ्क्रामक रोग फैलाउन वा फैलिन सक्ने कुनै काम गर्न नहुने उल्लेख गरिएको छ । यसको साथै नेपालको संविधानले स्वास्थ्य तथा शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको सन्दर्भमा नागरिकको दुवै हकको सुनिश्चत गर्न राज्य जिम्मेवार हुनुपर्दछ । नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले समेत स्वास्थ्य र शिक्षासम्बन्धी अधिकारको उल्लेख गरेको छ ।

अत : तीब्ररूपमा फैलिरहेको कोरोना महामारीबाट नागरिकको स्वास्थ्यमा पर्नसक्ने जोखिमलाई मध्येनजर गर्दै स्वास्थ्यसम्बन्धी मापदण्डहरूको पूर्ण पालना गर्न/गराउन र परीक्षा सञ्चालनमा वैकल्पिक उपायहरू अपनाई नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारमा संवेदनशील हुन आयोग नेपाल सरकार, विश्वविद्यालय तथा सम्बद्ध सबै निकायलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता

**प्रेस-विज्ञप्ति**

७ भदौ, २०८०

## बाल सुधारगृहमा भएको घटनाको अनुसन्धान प्रारम्भ

भक्तपुरको मध्यपुरस्थित बाल सुधारगृहभित्र २०८०/०५/०३ गते रामेछापका कमल बस्नेतको मृत्यु भएको विषयलाई लिएर बाल सुधारगृहमा तोडफोड भएको र सुधारगृहबाट बालबालिकाहरू बाहिर निस्केको भनिएको घटना सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगले अनुगमन गरेको छ ।

अनुगमनको क्रममा आयोगले बाल सुधारगृहमा रहेका बालबालिकाहरू, बाल सुधारगृहको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी, नेपाल प्रहरीबाट गठित छानबिन समिति तथा भक्तपुर जिल्ला सुरक्षा समितिबाट गठित छानबिन समितिका सदस्यहरूसँग प्रत्यक्ष भेटी जानकारी लिनुका साथै बाल सुधारगृहपरिसरको अवलोकन गरेको छ । बाल सुधारगृहको व्यवस्थापनको जिम्मेवारी लिएको युसेप नेपालले आफ्नो नियन्त्रण र निगरानीमा राखिएका बिरामी कमल बस्नेतको स्वास्थ्योपचारमा संवेदनशीलता नदेखाएको एवम् सुधारगृहका कमाण्डरहरूले आवश्यक समन्वय गर्न नसकेकोले सामान्य बिरामी परेका निज कमलको उपचारको अभावमा मृत्यु भएको भन्दै बाल सुधारगृहका बालकहरूको समूहले २०८०/०५/०४ गते ढुंगामुढा तथा तोडफोड गरी सुधारगृहबाट भागेको, भागेका मध्ये केही सम्पर्कमा आएको र अझै दश जना सम्पर्कमा आउन बाँकी रहेको अनुगमनबाट पाइएको छ । आयोगले कमल बस्नेतको मृत्यु भएको घटनाको उजुरी दर्ता गरी अनुसन्धान प्रारम्भ गरेको छ ।

अत : बालबालिकाको स्वास्थ्य, सुरक्षा एवम् जीवनको अधिकारप्रति संवेदनशील हुँदै उक्त घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन र बाल सुधारगृहमा भयरहित वातावरणको सुनिश्चितता गर्न र यस प्रकारका घटना पुनः दोहोरिन नदिन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

४ असोज २०८०

## विद्यालय शिक्षासम्बन्धी समस्या वार्ताको माध्यमबाट यथाशीघ्र समाधान गर बालबालिकाको पठनपाठनको अधिकारप्रति संवेदनशील बन

विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा शिक्षकहरूको सरुवा, बढुवा, नियुक्ति, सेवा सुविधा, नियमनलगायतका विषयमा असन्तुष्टि व्यक्त गर्दै विभिन्न माग राखी नेपाल शिक्षक महासङ्घद्वारा २०८० असोज ३ गतेदेखि अनिश्चितकालीन विद्यालय बन्द गरी काठमाडौँमा जारी राखेको आन्दोलन तथा प्रदर्शनप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आयोगले स्थलगत अनुगमन गरिरहेको छ।

विद्यालयका शिक्षकशिक्षिकाहरूले आफ्नो वृत्तिविकासका साथै संस्थागत हकहितका लागि माग राख्नु, विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानव अधिकारको मूल्य-मान्यता अनुकूल नै हुन्छ। आफ्ना मागहरू सम्बोधन गराउन विद्यालय नै अनिश्चितकालीन रूपमा बन्द गरी पठनपाठनमा अवरुद्ध गर्नुले बालबालिकाको शान्तिपूर्ण वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकारको उल्लङ्घन भएको देखिन्छ। यसबाट विद्यालय शान्ति क्षेत्र घोषणालाई समेत प्रत्यक्ष असर पर्न पुगेको आयोगको बुझाइ रहेको छ।

नेपाल पक्ष भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २८ र २९ मा बालबालिकाको शिक्षाको अधिकार उल्लेख छ। त्यस्तै, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६; नेपालको संविधानको धारा ३१ को मौलिक हक र बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरेको छ। विद्यालयहरू बन्द हुँदा बालबालिकाको यी अधिकारहरूको सुनिश्चितामा समेत बाधा उत्पन्न हुने देखिएको छ।

अतः आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारप्रति सचेत हुन, मानव अधिकारको मूल्य र मान्यताको सम्मान गर्दै आफ्ना मागहरू राख्न, आफ्ना मागहरू पूरा गराउन विद्यालय बन्दबाहेकको विकल्प खोज्न, वार्ताको माध्यमबाट समस्याको समाधान गर्न र आन्दोलनमा हिंसात्मक अवस्था सिर्जना हुन सक्नेतर्फ सचेत हुन आयोग आन्दोलनरत पक्षलाई आग्रह गर्दछ। यसको साथै कानुन निर्माणमा सम्बन्धित पक्षसँग पर्याप्त छलफल तथा परामर्श गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई समयसापेक्ष बनाउन एवम् नेपाल शिक्षक महासङ्घलगायत शिक्षक समुदायले उठाएका न्यायोचित मागहरूको सम्बोधन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

९ असोज २०८०

## बाल सुधारगृहहरूमा देखिएको समस्याप्रति आयोगको गम्भीर ध्यानकर्षण
## आयोगबाट देशभरका सबै बाल सुधारगृहको अनुगमन सुरु

हालै भक्तपुर, बाँके, पर्सा लगायतका जिल्लास्थित बाल सुधारगृहहरूमा विभिन्न विषयलाई लिएर भएका तोडफोड, झडप र उक्त घटनाबाट बाल सुधारगृहमा राखिएका बालकहरूको मृत्यु भएको एवम् केही बालक घाइते भएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले मोरङ, पर्सा, मकवानपुर, भक्तपुर, कास्की, रूपन्देही, बाँके र डोटी जिल्लाका आठ वटै बाल सुधार गृहहरूको अवस्था अनुगमन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्नका लागि आयोगका सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूलाई पत्राचार गरेको छ । भक्तपुरको मध्यपुरस्थित बाल सुधारमा भएको घटनाका सम्बन्धमा स्थलगत अनुसन्धान गर्न केन्द्रीय कार्यालयको टोली आजै खटिइसकेको छ । त्यस्तै, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको टोलीले बाँकेको डुडुवा गाउँपालिकास्थित बाल सुधारगृहमा भएको घटनाको निरन्तर अनुगमन गरिरहेको छ ।

भक्तपुरको मध्यपुरस्थित बाल सुधारगृहभित्र सामान्य बिरामी परेका कमल बस्नेतको उपचार अभावमा मिति २०८०/५/३ गते मृत्यु भएको र उक्त विषयलाई लिएर बाल सुधारगृहका बालकहरूको समूहले ढुङ्गामुढा तथा तोडफोड गरी सुधारगृहबाट भागेका थिए । बाँकेको डुडुवा गाउँपालिकामा रहेको बाल सुधारगृहमा केही दिनअघि दुई समूहबीच झडप हुँदा गम्भीर घाइते भएका रूपन्देहीका सुलभ केसीको उपचारका क्रममा मृत्यु भएको र अन्य १० जना घाइते भएको विभिन्न माध्यमबाट आयोगलाई जानकारी प्राप्त भएको छ । त्यसै गरी पर्सा र कास्कीस्थित बाल सुधारगृहहरूमा समेत समस्या देखिएका समाचारहरू सञ्चारमाध्यममार्फत सार्वजनिक भएका छन् ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

४ मङ्सिर, २०८०

## बाल अधिकारको सुनिश्चितता गर्न आग्रह

सन्दर्भ : अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्बर २०)

विश्वभरका बालबालिकाहरूले आफ्ना अधिकार निर्वाध रूपमा उपभोग गर्न पाउने अवस्थाको सिर्जना होस् भन्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९५४ नोभेम्बर २० देखि हरेक वर्ष विश्वभर अन्तर्राष्ट्रिय बाल अधिकार दिवस मनाइँदै आइएको छ । यस वर्षको अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको नारा For Every Child, Every Right भन्ने रहेको छ । यस अवसरमा नेपाललगायत विश्वभरका सम्पूर्ण बालबालिका तथा अधिकारर्मीहरूमा राष्ट्रिय मानव अधिकार आयोग हार्दिक शुभकामना व्यक्त गर्दछ ।

आज नेपाललगायत विश्वमा बालअधिकारको लागि प्रसस्तै कानुन निर्माण र महासन्धिहरू जारी भए पनि महासन्धि र कानुनले परिकल्पना गरे झैँ बालअधिकारको पूर्ण प्रत्याभूति हुन सकेको छैन । नेपालको संविधानको धारा ३९ मा उल्लिखित बालबालिकाको हक र बालबालिकासम्बन्धी ऐन, २०७५ जस्ता राष्ट्रिय कानुन तथा नेपाल पक्ष भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले परिकल्पना गरेको अधिकारको प्रत्याभूति हुन नसकेको तीतो यथार्थको परिणाम नेपालका बालबालिकाहरूले पनि भोग्नु परिरहेको छ । अहिले पनि नेपालमा बालबालिकाको जन्मदर्ता र पहिचानमा भएको कठिनाइ, यातना, घरेलु श्रम, जोखिमपूर्ण श्रम, यौन हिंसाको शिकार, शिक्षा र स्वास्थ्यबाट वञ्चिति, बेचबिखनको जोखिम, बाल न्यायको अभाव, कारागारमा अविभावसँग आश्रित रहेका बालबालिकाहरू पूर्ण मानव अधिकारको उपभोगबाट वञ्चिति, बाल सुधारगृह मानव अधिकारमैत्री नहुनु, परिवार र समाजमा बालमैत्री वातावरणको अभाव जस्ता मानव अधिकार उल्लङ्घनका जोखिमहरूको अवस्था यथावत् रहेको छ । बाल अधिकारको हनन् र बालयौन दूराचारमा संलग्नहरूलाई कानुनबमोजिम कारबाही हुन सकेको छैन ।

अतः नेपालको संविधान, कानुन र महासन्धिमा भएका प्रावधानहरूको पालना गर्न/गराउनु, बाल अधिकारको हननमा संलग्नहरूलाई कानुनबमोजिम कारबाही गर्न, बालबालिकाको गाँस, बास, कपासलगायत शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारको सुनिश्चितता गरी बाल अधिकारको रक्षा गर्न र बाल सुधारगृहको व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक कार्य गर्न आयोग तीनै तहका सरकारलाई आग्रह गर्दछ । यसको साथै बाल अधिकारको संरक्षण र वकालतमा परिणाममुखी ढङ्गले कार्य गर्न समेत आयोग सम्पूर्ण नागरिक, अभिभावक, राजनीतिक दल, अधिकारकर्मी र सर्वसाधारणलाई अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–पाँच

# जातीय भेदभाव तथा छुवाछूत

**प्रेस–विज्ञप्ति**

८ चैत, २०७७

सन्दर्भ : ५६ औँ जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

## जातीय विभेदमुक्त वातावरणको सुनिश्चित गर्न आग्रह

जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग सबैलाई शुभकामना व्यक्त गर्दछ ।

संयुक्त राष्ट्रसङ्घद्वारा जारी तथा नेपाल पक्ष भएको जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ले सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने तथा भेदभावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र संवर्धन गर्ने उल्लेख गरेको छ। नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गरेको छ । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ समेतले यस्ता हकहरूको प्रत्याभूति गरेको छ ।

यस किसिमका संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदको स्थिति कायमै रहेको र दोषीहरू कानुनबमोजिम समयमै दण्डित हुन नसकेको स्थिति देखिन्छ। दलितले छोएको दही खाएको आरोपमा खोटाङ दिक्तेलका एक ज्येष्ठ नागरिक लामो समयदेखि सामाजिक वहिष्करणमा परेको आयोगबाट हालै भएको अनुगमनको क्रममा पाइएको छ । यस वर्ष रुकुम पश्चिम, जाजरकोट, रूपन्देही, उदयपुर, काठमाडौँ, सर्लाहीलगायत देशका विभिन्न जिल्लाहरूमा जातीय विभेद सम्बन्धी हत्या, बलात्कार र दुर्व्यवहारलगायतका घटनाहरू भएका जानकारीमा आएका छन् ।

जातीय विभेदका सबै घटनाका सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी दोषीहरूलाई कानुनी दायरामा ल्याउन, पीडितलाई मानसिक पीडाबाट मुक्त गर्न, राहत क्षतिपूर्तिको व्यवस्था गर्न, पीडितको आवश्यक सुरक्षाको प्रत्याभूति गर्न तथा समाजमा दैनिकजसो घट्ने गरेका जातीय विभेद तथा छुवाछूतसम्बन्धी घटनालाई निर्मूल गरी जातीय विभेदमुक्त वातावरणको सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै समाजमा विभेदको अन्त्य गर्ने दिशामा पूर्ण प्रतिबद्ध हुन आयोग सबै राजनीतिक दल, गैरसरकारी सङ्घसंस्था तथा नागरिकहरूलाई अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

२१ जेठ, २०७८

सन्दर्भ : छुवाछूतमुक्त राष्ट्र घोषणाको १५ वर्ष

## दलितहरूको न्याय र समानताको अधिकार सुनिश्चित गर्न आग्रह

नेपाल सरकारले २०६३ साल जेठ २१ गते नेपाललाई जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको आज १५ वर्ष पूरा भएको छ । यस अवसरमा आयोग सबैमा शुभकामना व्यक्त गर्दछ ।

नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गर्दै समतामूलक समाजको परिकल्पना गरेको छ । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय ) ऐन २०६८ र मुलुकी अपराध संहिता २०७४ तथा नेपाल पक्षराष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ समेतले यस्ता हकहरूको प्रत्याभूति गरेको छ ।

यस किसिमका संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यन्वयन हुन नसक्दा नेपालमा अझै पनि जातीय विभेदका घटनाहरूमा कमी आउन सकेको देखिँदैन । कुटपिट, यातना तथा व्यक्ति हत्या, बलात्कार, सामाजिक बहिष्करण, कोठा भाडामा नदिइने, शिक्षा क्षेत्रमा विभेद, अमर्यादित भाषाको प्रयोग तथा छुवाछूतजस्ता अमानवीय घट्नाहरू दिनप्रतिदिन भइरहनु र त्यस्ता अपराधमा संलग्नहरूलाई पहिचान गरी समयमै कारबाही हुन नसक्दा दण्डहीनता कायम रहेको अवस्थाप्रति आयोग चिन्ता व्यक्त गर्दछ ।

दैनिक रूपमा समाजमा घटिरहेका जातीय विभेद तथा छुवाछूतका घटनालाई निर्मूल गर्न आयोग सबै राजनीतिक दल तथा तिनका भातृ सङ्गठनहरू, जनप्रतिनिधिहरू, नागरिक समाज, सबै धार्मिक सङ्घसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, सञ्चारकर्मी तथा मानव अधिकारकर्मी, आमनागरिकलाई कानुनको कार्यान्वयनमा सहयोग पुऱ्याउन र कानुनको प्रभावकारी कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक रूपमा पछाडि पारिएका दलित समुदाय वर्तमान कोभिड १९ को महामारीको उच्च जोखिममा रहेकाले उनीहरूका लागि आवश्यक राहत तथा उचित स्वास्थ्य उपचारमा पहुँचका लागि आवश्यक पहल गर्न समेत आयोग अनुरोध गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१६ असार, २०७८

## जातीय विभेदसम्बन्धी घटनाका पीडितको अधिकार सुनिश्चित गर्न आग्रह
## आयोगका पदाधिकारी र मन्त्री कृष्णगोपाल श्रेष्ठबीच आयोगमा छलफल

सञ्चारकर्मी रूपा सुनारलाई जातीय पहिचानको आधारमा कोठा नदिई भेदभाव गरेको भनी आयोगमा उजुरी प्राप्त हुन आएपश्चात आयोगले यस घटनालाई गम्भीर रूपमा लिई प्रहरी तथा कानुन कार्यान्वयन गर्ने निकायबाट गरिएको अनुसन्धानलाई नजिकबाट अनुगमन गरिरहेको छ। सो क्रममा घटनाको अनुसन्धान भैरहेको जानकारी आयोगलाई प्राप्त भएको छ। यसको साथै जातीय विभेद जस्तो अमानवीय र संवेदनशील घटनाका आरोपितलाई नेपाल सरकारका मन्त्रीले सरकारी गाडीमा राखेर प्रहरी कार्यालयबाट घर लगेको विषयमा मन्त्री कृष्णगोपाल श्रेष्ठसँग आयोगले छलफल गरेको छ। छलफलको क्रममा मन्त्री श्रेष्ठले उक्त घटनामा नहुनुपर्ने कुरा भएको, उक्त घटनामा आफू झण्डासहितको सरकारी गाडीमा नगएको भए हुन्थ्यो भन्ने कुरा महसुस गरेको र भविष्यमा यसप्रकारका घटना नदोहोरिनेमा आफू सचेत रहने बताउनुभयो। आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूले जातीय विभेदसम्बन्धी रूपा सुनारको घटनामा माननीय मन्त्रीको धारणा सम्बन्धमा चासो राख्नुका साथै यस किसिमको घटनाहरू नदोहोऱ्याउन निर्देशन दिनुभएको थियो।

नेपाल जातीय विभेदसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र बन्नुका साथै जातीय विभेद उन्मूलनका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता व्यक्त गर्दै आएको छ। नेपालको संविधान, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव ( कसूर र सजाय) ऐन २०६८ र मुलुकी अपराध संहिता २०७४ ले जातीय विभेदलाई कानुनी अपराधको रूपमा लिई सजायको व्यवस्था गरेको छ। यस सन्दर्भमा जातीय विभेदलगायत सबै किसिमका मानव अधिकारको संरक्षण, संवर्धन र परिपूर्ति गर्ने दायित्व नेपाल सरकारलगायत मातहतका सबै निकायको रहन्छ।

अत : जातीय विभेद तथा छुवाछूत जस्ता संवेदनशील घटनामा संलग्न दोषीलाई संरक्षण गर्ने कार्य रोक्न, यस्ता प्रकारका घटनालाई संवेदनशील रूपमा लिई घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन तथा पीडितको न्याय, मर्यादा र समानताको अधिकार संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै सामाजिक सञ्जालमा आफ्ना विचारहरू प्रस्तुत गर्दा संयमित हुन र सामाजिक सद्भाव राख्न आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

७ चैत, २०७८

सन्दर्भ : ५७ औँ जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

## जातीय विभेदका घटनापीडितको अधिकार सुनिश्चित गर्न आग्रह

संयुक्त राष्ट्रसङ्घद्वारा जारी जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग सबैलाई शुभकामना व्यक्त गर्दछ ।

नेपाल पक्ष भएको जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ले सबै किसिमका जात तथा रङ्गका आधारमा हुने भेदभाव उन्मूलन गर्ने तथा जातीय भेदभावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र संवर्धन गर्ने उल्लेख गरेको छ । नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गरेको छ । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराध संहिता, २०७४ समेतले यस्ता हकहरूको प्रत्याभूति गरेको छ । यसैगरी सर्वोच्च अदालतले समेत जातीय विभेद र छुवाछुतको न्यूनीकरण गर्ने सम्बन्धमा महत्त्वपूर्ण आदेशहरू दिएको छ ।

यस किसिमका संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद् कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदका घटनाहरू भइरहेका र आरोपित भनिएकाहरूलाई समयमै छानबिनको दायरामा नल्याइएको स्थिति देखिन्छ । काडमाडौँमा जातीय पहिचानको आधारमा कोठा नदिई भेदभाव गरेको, सर्लाही र सुनसरीमा अन्तरजातीय विवाह गरेका जोडीलाई सम्बन्ध विच्छेद गर्न बाध्य पारिएको, रामेछापमा १३ वर्षीया बालिकालाई घरभित्र पसी दही खाएको आरोपमा दिनभर यातना दिइएकोलगायतका घटनाहरू आयोगको जानकारीमा आएका छन् ।

यसै गरी विद्यालय, होटल, चिया पसल, पानीपँधेरा र सामाजिक जमघटका कार्यमा अझै पनि विभेद हुने गरेको, दलित महिलामाथि भएका यौन दुर्व्यवहारका घटना सम्बन्धमा प्रहरीमा उजुरी नपर्ने र परे पनि मेलमिलाप गराउने गरिएको, स्थानीय तहबाट प्रदान गर्ने सेवासुविधाहरू दलितमैत्री हुन नसकेको जस्ता तथ्यहरू आयोगको अनुगमनबाट प्राप्त भएका छन् । आयोगमा गतवर्ष जातीय विभेदसँग सम्बन्धित नौ वटा उजुरीहरू दर्ता भएका छन् ।

उल्लिखित घटना र अवस्थाले व्यक्तिको मानवोचित, मर्यादित र भेदभावरहित जीवनयापनमा असर परेको देखिन्छ । विद्यालयमा हुने जातीय विभेद तथा अन्तरजातीय विवाहका कारण भएका हत्यालगायतका घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन, विभेदबाट पीडितलाई क्षतिपूर्ति दिन, कानुनी सुधार गर्न एवम् संविधान तथा कानुनमा उल्लिखित जातीय विभेदविरुद्धको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आयोगले यस अघि नेपाल सरकारलाई सिफारिस गरेको छ ।

अत : जातीय विभेदसँग सम्बन्धित घटनाहरूको सूक्ष्म र प्रभावकारी अनुसन्धान गरी दोषीहरूलाई

कानुनी कारबाहीको दायरामा ल्याउन, पीडितको सुरक्षाको प्रत्याभूति गर्न, न्यायिक अधिकारका साथै राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न, जातीय विभेदविरुद्धका ऐन तथा कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न, जातीय विभेद तथा छुवाछूतसम्बन्धी घटना न्यूनीकरणका लागि कानुनी सचेतना अभिवृद्धि गर्न तथा सर्वोच्च अदालतका आदेश र आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२३ माघ, २०७९

**जातीय भेदभाव तथा छुवाछूत घटनाका पीडितको न्यायमा पहुँच सुनिश्चित गर**

जातीय भेदभाव तथा छुवाछूतविरुद्ध भइरहेका घटना सम्बन्धमा समयमै प्रभावकारी अनुसन्धान हुन नसक्दा न्याय प्राप्त गर्ने अधिकारबाट पीडितहरू वञ्चित हुनुपरेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

हालै रामेछाप जिल्ला लिखु तामाकोशी गाउँपालिका वडा नं. ५ का गणेश दमाई (परियार) को निर्मम कुटपिटबाट मृत्यु भएको भनिएको तथा जुम्ला जिल्ला सिंजा गाउँपालिका वडा नं. २ घोडेडका एक व्यक्तिले आफ्नो सामाजिक सञ्जालमा 'गाइ खाने डुम र म मह खाने बाहुन कदापि एउटै हुन सक्दैन' लेखेको भनिएको घटनाका दोषीलाई प्रभावकारी कानुनी कारबाहीको माग गर्दै आयोगमा ज्ञापनपत्र प्राप्त भएको छ । विगतमा समेत आयोगमा जातीय विभेद र छुवाछूतका घटनाबारेमा उजुरी र ज्ञापनपत्रहरू प्राप्त हुने गरेका छन् । फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालमा दलित समुदायका व्यक्तिहरूको मानमर्दन हुने गरी गाली, गलौंज गर्ने, मानसिक तनाव दिने एवम् जातीय भेदभाव तथा छुवाछूतजन्य क्रियाकलापहरूलाई बढावा दिने खालका कार्यहरू हुने गरेको आयोगको अनुगमनबाट पाइएको छ । अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगले पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न पटक-पटक आह्वान गर्दै आएको छ ।

यस प्रकारका घटना एवम् गतिविधिहरू नेपालको संविधान २०७२ को धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २४ बमोजिमको छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा १८ को समानताको हक, धारा ४० को दलितको हक, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्ष भएको सबै किसिमका जातीय छुवाछूत तथा भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ विपरीत छन् ।

अतः यस प्रकारका अमानवीय र आपराधिक घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन र पीडितको न्यायप्राप्तिको अधिकार सुनिश्चित गर्न आयोग तीनै तहका सरकार एवम् सबै सरोकारवालालाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२१ जेठ, २०८०

सन्दर्भ : छुवाछूतमुक्त राष्ट्र घोषणाको १७ वर्ष

## छुवाछूतको व्यवहार गर्नेलाई कानुनी कारबाहीको दायरमा ल्याऊ

**दलितहरूको न्याय र समानताको अधिकार सुनिश्चित गर्न आग्रह**

नेपाललाई जातीय भेदभाव तथा छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको आज १७ वर्ष पूरा भएको छ। यस अवसरमा आयोग सबैमा शुभकामना व्यक्त गर्दछ।

नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हकलगायतका अधिकारको सुनिश्चितता गर्दै समतामूलक समाजको परिकल्पना गरेको छ। जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय ) ऐन २०६८ र मुलुकी अपराध संहिता २०७४ तथा नेपाल पक्षराष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ समेतले यस्ता हकहरूको प्रत्याभूति गरेको छ।

यस किसिमका संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यन्वयन हुन नसक्दा नेपालमा अझै पनि जातीय विभेद र छुवाछूतका घटनाहरूमा कमी आउन सकेको देखिँदैन। जातीय विभेद र छुवाछूत सम्बन्धमा आयोगमा हाल ३७ वटा उजुरी विचाराधीन अवस्थामा रहेका छन्। हालसम्म आयोगले क्षतिपूर्तिको लागि सिफारिस गरेका जातीय छुवाछूत तथा विभेदका घटनाका पीडितहरूको सङ्ख्या २०५ रहेका छन् भने आयोगले नेपाल सरकारलाई सात वटा नीतिगत सिफारिसहरू समेत गरेको छ। सामाजिक बहिष्करण, मन्दिर प्रवेशमा रोक, कोठा भाडामा नदिइने, अमर्यादित भाषाको प्रयोग तथा छुवाछूतजन्य अमानवीय घटनाहरू दिन प्रतिदिन भइरहनु र त्यस्ता अपराधमा संलग्नहरूलाई कारबाही हुन नसक्दा दण्डहीनता कायम रहेको अवस्थाप्रति आयोग चिन्ता व्यक्त गर्दछ। आयोगले यस प्रकारका घटनाहरूको निरन्तर अनुगमन गरी प्रतिवेदन समेत प्रकाशन गरेको छ।

अत : जातीय विभेद र छुवाछूतका सबै घटनाको सूक्ष्म अनुसन्धान गरी दोषीहरूलाई कानुनी दायरामा ल्याउन र कानुनको प्रभावकारी कार्यान्वियन गर्न/गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। दैनिक रूपमा समाजमा घटिरहेका जातीय विभेद तथा छुवाछूतका घटनालाई निर्मूल गर्नका लागि कानुनको कार्यान्वयनमा सहयोग पुर्‍याउन आयोग सबै राजनीतिक दल तथा तिनका भातृ सङ्गठनहरू, जनप्रतिनिधिहरू, नागरिक समाज, सबै धार्मिक सङ्घसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, सञ्चारकर्मी, मानव अधिकारकर्मी तथा आम नागरिकलाई समेत अनुरोध गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–छ

# आप्रवासी कामदारको अधिकार

**प्रेस–विज्ञप्ति**

३ पुस, २०७७

## आप्रवासी नेपाली श्रमिकहरूको समस्या समाधानमा गम्भीर बन आयोग र सुहाकामबीचको समझदारी एक वर्ष थप

विश्व आप्रवासन दिवस (डिसेम्बर १८) को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग सम्पूर्ण आप्रवासी कामदार तथा उनीहरूको परिवारका सदस्यहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

यसै सन्दर्भमा मलेसियामा रहेका आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षण र संवर्धनको सम्बन्धमा आयोगले राष्ट्रिय मानव अधिकार आयोग मलेसिया (सुहाकाम) सँग छलफल गरेको छ । छलफलमा राष्ट्रिय मानव अधिकार आयोग मलेसियाका सदस्य श्री जेराल्ड जोसेफ तथा राष्ट्रिय मानव अधिकार आयोग नेपालका सचिव श्री वेद भट्टराई, मलेसियास्थित विभिन्न शहरका नेपाली श्रमिक प्रतिनिधिहरू, नेपाली दूतावासका प्रतिनिधि, कन्सुलर सेवा विभाग नेपाल, वैदेशिक रोजगार विभाग तथा आप्रवासन क्षेत्रमा कार्यरत मानव अधिकारकर्मीहरूको सहभागिता रहेको थियो । नेपाल तथा मलेसियामा रहेका दुवै देशका आप्रवासी श्रमिकहरूको मानव अधिकार उल्लङ्घन भएको अवस्थामा उजुरी ग्रहण गर्ने, दुई आयोगबीच उजुरी प्रेषण तथा सूचना आदानप्रदान, अनुगमनलगायतका विषयहरूमा प्राथमिकताका साथ कार्य गर्ने सहमति भएको छ । समझदारीपत्रअनुसार समस्यामा परेका कुनै पनि आप्रवासी नेपाली श्रमिकले राष्ट्रिय मानव अधिकार आयोग मलेसियामा उजुरी गर्न सक्ने छन् । नेपाली आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षणका लागि नोभेम्बर १४, २०१९ मा दुई आयोगबीच भएको समझदारीपत्र डिसेम्बर १७, २०२० बाट लागू हुने गरी पुनः एक वर्षको समयावधि थप हुने गरी हस्ताक्षर भएको छ ।

कोभिड १९ महामारीका कारण रोजगारी गुमाइ नेपाल फर्केका आप्रवासी नेपाली श्रमिकहरूको अभिलेखीकरण गरी प्रभावकारी पुनःएकीकरणका लागि सङ्घीय सरकार, प्रदेश सरकार एवम् सम्बद्ध अन्य सङ्घ-संस्थाहरूसँग समन्वय गरी कार्य गर्न सबै स्थानीय निकायहरूलाई आयोग अनुरोध गर्दछ । रोजगारीका गन्तव्य मुलुकहरूबाट कोभिड १९ महामारीका कारण पारिश्रमिक तथा सुविधा नपाएका, कामबाट निष्काशन गरिएका, अलेखबद्ध श्रमिकहरू एवम् घरेलु महिला श्रमिकहरूको अवस्थाप्रति गम्भीर भई न्यायोचित रूपमा समस्याको समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । व्यवसाय तथा मानव अधिकार संरक्षणका सिद्धान्तहरूलाई अवलम्बन गरी कार्य गर्नसमेत यस क्षेत्रमा कार्यरत सबै निजी संस्थाहरूलाई आयोग अनुरोध गर्दछ ।

यसको साथै सबै आप्रवासी कामदारहरू तथा उनीहरूको परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९९० एवम् घरेलु कामदारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि नं १८९ (२०११) लाई अनुमोदन गर्न भनी यस अघि आयोगद्वारा गरिएको सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारलाई पुनः स्मरण गराउँदछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

१५ चैत, २०७८

## नेपाल र मलेसियाका राष्ट्रिय मानव अधिकार संस्थाहरूबीच आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणार्थ ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोग नेपाल र मानव अधिकार आयोग मलेसिया (सुहाकाम) बीच दुवै देशमा रहेका आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षण सम्बन्धमा ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर र मानव अधिकार आयोग मलेसियाका अध्यक्ष माननीय ओथमान बिन हासिम (Othman bin Hashim) बीच २०७८ चैत्र १४ (२८ मार्च, २०२२) गते मलेसियामा भएको एक समारोहमा हस्ताक्षर भएको हो । उक्त समझदारिपत्रको अवधि दुई वर्षको हुनेछ ।

समझदारीपत्रमा विशेष गरी आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि उजुरीमा सम्बोधन, उजुरी प्रेषण, सूचना आदानप्रदान, रोजगारदाताहरूलाई प्रशिक्षण, प्राविधिक सहयोग, आप्रवासी श्रमिकहरूलाई कानुनी सहयोग, अध्यागमन, कारागार र हिरासत कक्षहरूको संयुक्त अनुगमन गरी अधिकार संरक्षण र प्रवर्धनको वातावारण सिर्जना गर्ने लगायतका विषयहरू रहेका छन् । समझदारीपत्र कार्यान्वयनको लागि कार्यान्वयन योजना बनाइ कार्यान्वयन गर्ने, दुवै आयोगमा सम्पर्क अधिकृत तोक्ने र प्रत्येक छ महिनामा समन्वय बैठक गर्ने व्यवस्था रहेको छ ।

समझदारीपत्र हस्ताक्षर सम्पन्न गर्नुअघि दुवै पक्षबीच भएको छलफलमा एजेन्टहरूका कारण आप्रवासी श्रमिकहरूले भोग्नुपरेका समस्या, मलेसियामा रहेका नेपाली श्रमिकहरूको विभिन्न कारणबाट हुने मृत्यु, आत्महत्या, नेपाली श्रमिक तथा परिवारहरूको न्यायमा पहुँच र अध्यागमन कानुनको प्रक्रियागत सरलीकरणका लागि कानुन पुनरावलोकनजस्ता विषयहरूमा छलफल भएको थियो ।

समझदारीपत्र हस्ताक्षर कार्यक्रममा आयोगका माननीय सदस्य लिली थापा, का.मु. सचिव मुरारिप्रसाद खरेल, सहसचिव र अन्तर्राष्ट्रिय सम्बन्ध र आप्रवासन अधिकृतको सहभागिता रहेको थियो । मानव अधिकार आयोग मलेसियाका तर्फबाट उपाध्यक्ष जोसेफ जेराल्ड र अन्य आयुक्त तथा सम्बन्धित विभागका कर्मचारीहरूका साथै नेपाली दूतावास मलेसियाका उपप्रमुख मोतीबहादुर श्रीसलगायतको सहभागिता थियो ।

डा. टीकाराम पोखरेल

प्रवक्ता

**प्रेस–नोट**

३० चैत, २०७९

**आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षण सम्बन्धमा आयोगको सिफारिस**

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षण सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरेको छ । आयोगले विगत तीन वर्ष (आ.व.२०७६/७७, २०७७/७८ र २०७८/७९) को अवधिका सूचना, जानकारी, तथ्याङ्क एवम् अध्ययन, अनुगमन र अनुसन्धानका आधारमा "आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार अवस्था प्रतिवेदन, २०७९" प्रकाशन गरेको थियो । उक्त प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयनको लागि आयोगले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको हो ।

आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षणका लागि गन्तव्य मुलुकहरूका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग द्विपक्षीय समझदारी भई उजुरी प्रेषणजस्ता कार्यहरूसमेत हुँदै आएका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने सन्दर्भमा आयोगले वि.सं. २०७५ सालमा सोह्र बुँदा (१६) र वि.सं. २०७७ सालमा कोभिड १९ को सन्दर्भमा नौ वटा क्षेत्रमा सिफारिस गरेको थियो । हालै प्रकाशन गरिएको प्रतिवेदनका आधारमा नेपाल सरकारलाई कूल ५८ बुँदामा सिफारिस गरिएको छ । जसमा आप्रवासी श्रमिकको भर्ना प्रक्रियालाई संस्थागत गरी जिम्मेवार बनाउने सम्बन्धमा सात बुँदा, गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकहरूको न्यायमा पहुँच बढाउने सम्बन्धमा तीन बुँदा, द्रूत उद्धार, सम्मानजनक फिर्ती र दिगो पुनः एकीकरण सुनिश्चित गर्ने सम्बन्धमा नौ बुँदा, महिला आप्रवासी श्रमिकहरूको जोखिम न्युनीकरण गर्ने सम्बन्धमा छ बुँदा, आप्रवासी श्रमिकका सन्तानलाई बाल अधिकार ऐन, वैदेशिक रोजगार नीति र विकासका सवालहरूमा समावेश गर्ने सम्बन्धमा दुई बुँदा, आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यहरूको बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा सात बुँदा, सूचना, नियमित तथ्याङ्क सङ्कलन र आप्रवासन सुशासन सुनिश्चित गर्ने सम्बन्धमा १४ बुँदा र सामान्य सिफरिसहरूमा १० बुँदा रहेका छन् । सिफारिसको पूर्ण विवरण आयोगको वेबसाइट www.nhrcnepal.org मा उपलब्ध छ ।

डा.टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२६ जेठ, २०८०

# राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार समिति कतारबीच समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार समिति कतारबीच आप्रवासी कामदारको मानव अधिकार संरक्षणार्थ समझदारी पत्रमा हस्ताक्षर भएको छ । राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर र राष्ट्रिय मानव अधिकार समिति, कतारका उपाध्यक्ष महामहिम डा. मोहम्मद सैफ अल कुवारीबीच मिति २०८० जेठ २५ (तदनुसार, ८ जुन २०२३) मा काठमाडौँमा भएको एक समारोहमा हस्ताक्षर सम्पन्न भएको हो । उक्त समझदारिपत्रको अवधि तीन वर्षका लागि हुनेछ ।

समझदारीपत्रमा विशेष गरी आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणका लागि गुनासो तथा उजुरीहरूको सम्बोधनमा सहयोग गर्ने, दुवै पक्षले एक अर्काको देशमा रहेका नागरिकहरूको मानव अधिकार र स्वतन्त्रताको उल्लङ्घनका घटनाहरूबारे पारस्परिक जानकारी र सहयोग गर्ने, सूचना आदानप्रदान, श्रमिक, रोजगारदाता र प्रबन्धक, श्रमिक सङ्घ र कुटनीतिक नियोगहरूलाई आप्रवासी श्रमिकको अधिकारका सवाल, विद्यमान कानुन, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू र आइएलओ श्रम महासन्धिबारे प्रशिक्षण सञ्चालन गर्ने एवम् आप्रवासी श्रमिकहरूलाई कानुनी सहयोगलगायतका विषयहरू रहेका छन् । समझदारी पत्रमा उल्लिखित उद्देश्यहरूको कार्यान्वयनका चरणहरूको अनुगमन र मूल्याङ्कन गर्न र आवश्यकताअनुसार सहयोगका क्षेत्रहरूको पहिचान गर्न दुवै पक्षका प्रतिनिधिहरूबीच प्रत्येक छ महिनामा नियमित बैठक बस्ने व्यवस्था रहेको छ ।

हस्ताक्षर समारोहमा बोल्दै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकारसम्बन्धी राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय कानुनहरू, संयन्त्रहरू र नीति तथा योजनाहरू हुँदासमेत आप्रवासी श्रमिकहरूले विभिन्न खालका समस्या भोग्नुपरिरहेको बताउनुभयो । सो अवसरमा, राष्ट्रिय मानव अधिकार समिति कतारका उपाध्यक्ष, महामहिम, डा. मोहम्मद सैफ अल कुवारीले कतारमा हाल चार लाखभन्दा बढी नेपाली आप्रवासी श्रमिकहरू रहेको बताउँदै समझदारीपत्रमा भएको हस्ताक्षरबाट उनीहरूको अधिकारका सम्बन्धमा सूचना आदानप्रदान गर्न र मानव अधिकारका सवालहरूको सम्बोधनमा सहयोग पुग्ने भनाइ राख्नुभयो ।

समझदारीपत्र हस्ताक्षर कार्यक्रममा विभिन्न विषयगत आयोगका माननीय अध्यक्षहरू, आयोगका माननीय सदस्यहरू, नेपाल सरकारका सचिव, सहसचिव तथा उच्चपदस्थ कर्मचारीहरू, कुटनीतिक नियोग, आप्रवासी कामदारका अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, आयोगका कर्मचारी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

श्यामबाबु काफ्ले

सहायक प्रवक्ता/उपसचिव

**प्रेस-विज्ञप्ति**

३ साउन, २०८०

# आप्रवासी कामदारहरूको प्रस्थान अनुमतिमा लगाइएको रोकप्रति आयोगको गम्भीर ध्यानाकर्षण

संस्थागत श्रम स्विकृती लिई वैदेशिक रोजगारीका लागि कुवेत र जोर्डन प्रस्थान गर्न लागेका १५६ जना नेपाली नागरिकहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयद्वारा प्रस्थानमा लगाइएको रोक र त्यसले उनीहरूको अधिकार प्रचलनमा पारेको प्रभावप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

संस्थागत श्रम स्विकृती लिई कामको लागि कुवेत/जोर्डन जान लागेका श्रमिकहरूलाई वि.सं. २०८० असार २४ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अधिकारीहरूले कागजातहरू शङ्कास्पद रहेका भनी फर्काएको, उक्त विषयलाई लिएर जिम्मेवार निकायहरूबीच सार्वजनिक रूपमै आरोप प्रत्यारोप भएको अवस्थाले ती निकायहरू श्रमिकहरूको अधिकारप्रति संवेदनशील हुन नसक्दा आप्रवासी कामदारहरूको अधिकार उपभोग र प्रचलनमा अवरोध हुन पुगेको स्पष्ट देखिएको छ। वैदेशिक रोजगारीका लागि प्रस्थान गर्न लागेका नेपाली नागरिकहरूलाई फर्काइनुको स्पष्ट कारण प्रकाशमा नल्याइएको एवम् श्रम प्रशासन र अध्यागमन प्रशासनबीच समन्वय, सहकार्य, सूचनाको आदान-प्रदान र विश्वसनीयताको अभावका कारण उनीहरूको आवतजात र रोजगारीको हक उल्लङ्घन हुन गएको आयोगको प्रारम्भिक अनुगमनबाट देखिएको छ। सेवा प्रवाह एवम् यस्ता विषयहरूमा गम्भीर हुन आयोग सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउँछ ।

अतः आप्रवासी श्रमिकहरूको अधिकारप्रति संवेदनशील भइ वैदेशिक रोजगार व्यवस्थापनमा जिम्मेवार निकायहरू बीच प्रभावकारी समन्वय हुन, वैदेशिक रोजगारीमा जाने क्रममा अध्यागमन कार्यालयबाट रोक लगाई फर्काइएका कामदारहरूको आर्थिक क्षतिको आँकलन गरी क्षतिपुर्तिको व्यवस्था गर्न, यस कार्यमा संलग्न अधिकारीहरूलाई जिम्मेवार बनाउन र आप्रवासी श्रमिकको अधिकार संरक्षण सम्बन्धमा आयोगले विगतमा गरेका सिफारिसहरूको कार्यान्वयनका लागि आयोग नेपाल सरकारसमक्ष आग्रह गर्दछ ।

श्यामबाबु काफ्ले
उपसचिव/सहायक प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१ पुस, २०८०

## रूस र युक्रेनबीचको युद्धमा परेका नेपाली नागरिकहरूको उद्धार गर

रुस र युक्रेनबीच भइरहेको युद्धका क्रममा नेपालीहरू विभिन्न गैरकानुनी बाटो प्रयोग गरी रुसी र युक्रेनी सेनामा भर्ना भएका र युक्रेनी सेनाको आक्रमणमा परी केही नेपालीको मुत्यु भएको, केही घाइते भएका र अझै पनि सयौँको सङ्ख्यामा नेपालीहरू रुस र युक्रेन दुवैतर्फको सेनामा कार्यरत रहेको भनी विभिन्न स्रोतबाट प्राप्त जानकारीप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्राप्त जानकारीअनुसार युक्रेनी सेनाको आक्रमणमा परी रुसी सेनामा कार्यरत केही नेपालीको मृत्यु भएको, केही घाइते भई अस्पतालमा उपचाररत रहेका, केही नेपालीहरू विपक्षी सेनाको नियन्त्रणमा रहेका र सयौँको सङ्ख्यामा दुवैतर्फको सेनामा नेपालीहरू संलग्न रहेको बुझिन आएको छ । नेपाली नागरिकहरू जहाँ र जुनसुकै अवस्थामा रहे पनि उनीहरूको मानव अधिकारको संरक्षण र उद्धार गर्नु सरकारको कर्तव्य हुन जान्छ ।

अत : युद्धमा परी मृत्यु भएकाहरूको शव स्वदेशमा ल्याइ आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार दाहसंस्कार गर्ने व्यवस्था मिलाउन, घाइतेहरूको उपचारका लागि प्रभावकारी पहल गर्न, स्वदेश फर्कन चाहने नेपालीहरूलाई कुटनीतिक पहलद्वारा स्वदेश फर्कने व्यवस्था मिलाउन, मृतकका परिवार र घाइतेलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा भविष्यमा यस प्रकारको गैरकानुनी बाटोबाट वैदेशिक रोजगारमा जाने स्थितिको अन्त्य गरी नागरिकको जिउ धनको सुरक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ पुस, २०८०

## आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणमा गम्भीर बन

सन्दर्भ : अन्तर्राष्ट्रिय आप्रवासन दिवस (डिसेम्बर १८)

अन्तर्राष्ट्रिय आप्रवासन दिवस (डिसेम्बर १८) "Honoring the Contributions of Migrants and Respecting their Rights" भन्ने अन्तर्राष्ट्रिय नारासहित विश्वव्यापी रूपमा विभिन्न कार्यक्रम गरी मनाइँदै छ । आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षण र संवर्धनमा लक्षित भई आप्रवासन क्षेत्रमा नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू, कानुनी व्यवस्था र कार्यान्वयनका सम्बन्धमा नेपाल सरकार, गैरसरकारी संस्थाहरूलगायतका सरोकारवालाहरूले सप्ताहव्यापी रूपमा छलफल तथा विश्लेषण गरी मनाउने कार्यक्रम रहेको छ । यस अवसरमा आयोग हार्दिक शुभकामना व्यक्त गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षणका विभिन्न विषयहरूमा २०७९ चैत २१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ५८ बुँदामा सिफारिस गरेको आयोग स्मरण गराउँदछ । आप्रवासी श्रमिकहरूको न्यायमा सहज पहुँच नहुनु, गन्तव्य मुलुकहरूमा रहेका नियोगहरूबाट अपेक्षित, पर्याप्त यथा समयमै समस्याको सम्बोधन हुन नसक्नु, वैदेशिक रोजगारीमा जाने नागरिकहरू ठगीमा पर्नु, नेपाल सरकारद्वारा लागू गरिएका नीति, नियमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, घरेलु श्रमिकहरूलाई पूर्वसर्त लागू गरी बन्देज सरहको अवस्थाले गैरकानुनी बाटो रोज्न बाध्य हुने वातावरणको सिर्जना हुनु, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको मृत्यु, दुर्घटना, लामो समयसम्म हराउनु तथा बेपत्ता हुनु, अलपत्र तथा समस्यामा परेका श्रमिकहरूको समयमै उद्धार तथा स्वदेश फिर्ति हुन नसक्नु, आप्रवासी श्रमिकहरूको स्वास्थ्य समस्या, आप्रवासी महिला श्रमिकहरूले भोग्नुपरेको यौन दुर्व्यवहार तथा श्रम शोषणजस्ता समस्याहरू विद्यमान छन् ।

पछिल्लो समय युक्रेन, रुस, अफगानस्तान, म्यानमारलगायतका द्वन्द्वग्रस्त देशमा नेपालीहरू जोखिमयुक्त अवस्थामा रहेको सूचनाहरू विभिन्न माध्यमबाट सार्वजनिक भएका छन् । त्यस्तै, भारतमा जाने नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षण विद्यमान राष्ट्रिय कानुनले संवोधन नगरिनु अर्को समस्याको रूपमा रहेको छ । आप्रवासी श्रमिकहरूको मानव अधिकार संरक्षणका सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, विभागहरूको कार्यक्षेत्र रहेता पनि अन्तरमन्त्रालय र अन्तरविभागीय समन्वय प्रभावकारी हुन नसकी अनुचित ढिलाई हुने अवस्था रहनु, वैदेशिक रोजगार व्यवसायलाई जिम्मेवार र उत्तरदायी बनाउन नसक्नुजस्ता समस्याहरू कायमै रहेको देखिन्छ । विश्व बजारको माग र समयको गतिशिलताअनुसार वैदेशिक रोजगारीमा जाने क्रमलाई देशभित्र उत्तम विकल्प नदिई रोक्न नसकिने अवस्थामा वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाइ मानव अधिकार संरक्षणमा सरकारका नीति, नियम तथा प्रयासहरू केन्द्रित हुनु आवश्यक देखिन्छ ।

अतः वैदेशिक रोजगारीमा गएकाहरूले देशको अर्थतन्त्रलाई पुऱ्याएको योगदानको अनुपातमा

उनीहरूको मानव अधिकार संरक्षणका लागि राज्यले पर्याप्त लगानी गर्न, पीडितहरूको न्यायमा पहुँच पुऱ्याउन, वैदेशिक रोजगार व्यवस्थापनको विषयलाई राष्ट्रिय महत्त्वको रूपमा लिन, मतदानको अधिकार सुनिश्चित गर्न तथा आयोगले विगतमा गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयनमा जोड दिन आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१८ पुस, २०८०

## वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगद्वारा USAID स्वच्छ हावासँगको सहकार्यमा आज वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन सम्पन्न गरिएको छ । सम्मेलनमा वातावरण, वायु प्रदूषण र मानव स्वास्थ्य तथा वातावरणीय मानव अधिकार रक्षक र सरोकारवालाको भूमिका विषयमा दुई वटा सत्रमा विज्ञहरूबाट प्रस्तुतीकरणसहित छलफल भएको थियो । सम्मेलनले तपसिलबमोजिमको १० बुँदे घोषणापत्र जारी गरेको छ ।

**वातावरणीय मानव अधिकार रक्षकहरूको ललितपुर**

**सम्मेलनबाट जारी घोषणापत्र, २०८०**

नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६, आइ.एल.ओ. महासन्धि नं. १६९, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, २००७ तथा मानव अधिकार तथा वातावरणीय अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रत्याभूत गरेका स्वच्छ हावाको अधिकार र वातावरणीय अधिकार, दिगो विकासको एजेन्डा-२०३०, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्ले ८ अक्टोबर, २०२१ मा जारी गरेको स्वच्छ, स्वस्थ तथा दिगो वातावरणीय मानव अधिकारसम्बन्धी प्रस्ताव नं. ४८/१३, तथा संयुक्त राष्ट्रसङ्घीय साधारण सभाले २८ जुलाई, २०१० मा जारी गरेको खानेपानी र सरसफाइको अधिकारसम्बन्धी प्रस्ताव नं. ६४/२९२, संयुक्त राष्ट्रसङ्घीय व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गनिर्देशक सिद्धान्तहरू, २०११ र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकहरूको घोषणापत्र १९९८ र राष्ट्रिय मानव अधिकार आयोगबाट यसअघि जारी भएका घोषणापत्रलाई सम्मान तथा आत्मसात गर्दै,

मानव स्वास्थ्य र जनजीविकासँग प्रत्यक्ष जोडिएको वातावरणीय सवाल पेचिलो हुँदै गएको सन्दर्भमा र प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन तथा अव्यवस्थित विकासका कारण वातावरणीय विनाश तीव्र रूपमा बढिरहेको तथा वातावरणको विनाशसँगै वातावरणको संरक्षण, व्यवस्थापन र दिगो उपयोगमा संलग्न वातावरणीय मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा र सम्मान समेत महत्त्वपूर्ण हुँदै गएको कुरालाई स्मरण गर्दै,

वातावरण क्षेत्र खास गरी- जल, जङ्गल, जमिन, जलवायुलगायत फोहोरमैला व्यवस्थापन, यातायात तथा उद्योगको प्रणाली सुधार, कृषिको दिगो व्यवस्थापन, नविकरणीय ऊर्जाको प्रवर्धनमार्फत् नेपालको संविधानको धारा ३० ले सुनिश्चित गरेको ‘‘प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक’’को कार्यान्वयनको लागि प्रभावकारी तथा अनुकूल स्थिति सिर्जना गर्दै,

राष्ट्रिय मानव अधिकार आयोग, नेपालको आयोजनामा मिति २०८० पुस १८ गते ललितपुरमा भएको वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन तपसिलबमोजिम घोषणापत्र जारी गर्दछ :

(१) वातावरणीय सुरक्षा प्रभावकारी बनाउन तत्काल वातावरणसँग सम्बन्धित कानुन/नीति तथा मापदण्डहरूको समयानुकूल पुनरावलोकन गरी कार्यान्वयन गर्न नेपाल सरकारसँग आग्रह गर्दछ । वातावरणीय मानव अधिकार रक्षकहरूको सुरक्षा, सम्मान, संरक्षण तथा समथर्न गर्ने सुनिश्चितता गर्दै स्वच्छ वातावरण तथा वातावरणीय सुरक्षासम्बन्धी विद्यमान कानुन, नीति तथा मापदण्डहरूलाई वातावरण रक्षकलगायत सम्बन्धित सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा पुनरावलोकन गरी कार्यान्वयन गर्ने ।

(२) नेपालमा आधाभन्दा बढी घरका भान्छामा दाउरा, गुइँठाजस्ता इन्धनको प्रयोग हुँदा अत्याधिक प्रदूषण हुने र यसबाट विशेष गरी गरिबीको रेखामुनि रहेका र ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र दीर्घरोगीहरूलाई बढी प्रभाव पर्ने हुँदा यसलाई रोक्न स्वस्थ वातावरण र वातावरणीय न्याय सम्बन्धमा सार्वजनिक सचेतना र शिक्षाका सामाजिक अभियान युवाहरूको समेत सहभागितामा सञ्चालन गर्न/गराउनु तथा स्थानीय तहले निर्माण गर्ने विद्यालय तहको स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।

(३) वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मान, पहिचान र संरक्षणसम्बन्धी कानुन तर्जुमा गरी निगरानी र जवाफदेही समूहको भूमिका निर्वाह गर्न सहज वातावरण निर्माण गर्दै उनीहरूको सञ्जालीकरणको लागि आवश्यक प्रशिक्षण, स्रोत तथा कानुनी सहायताको प्रबन्ध गर्ने ।

(४) वातावरणीय मानव अधिकार रक्षकहरूको सुरक्षाको लागि नेपाल सरकारबाट नीति तथा कार्ययोजना निर्माण गरी लागू गर्दै वातावरणीय मानव अधिकार रक्षकहरूमाथि धम्की तथा आक्रमण गर्ने विरुद्ध कानुनी कारबाही गर्ने ।

(५) भौतिक विकास र निर्माणका नाममा प्राकृतिक स्रोत तथा समग्र वातावरणको क्षयीकरण र विनाशप्रति वातावरण रक्षकहरू सजग रहेकाले समुदाय तह, परियोजनागत तह एवम् ठूला आयोजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कनका सुझावहरू तथा मापदण्डको उचित कार्यान्वयन गर्न/गराउनु तथा मापदण्डको पालना भए नभएको प्रभावकारी अनुगमन गर्ने ।

(६) वातावरणीय मानव अधिकार रक्षकको अधिकार उल्लङ्घनसम्बन्धी घटना, उजुरी तथा सम्भावित जोखिमको लेखाजोखा गरी नियमित निगरानी, अनुगमन तथा वातावरणीय प्रभाव परेको समुदायको खण्डीकृत तथ्याङ्क सहित वार्षिक रूपमा छुट्टै प्रतिवेदन तयार गरी कार्यान्वयन गर्न/गराउन ।

(७) प्रत्येक उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई वातावरण संरक्षण, मानव अधिकारको सम्मान र संरक्षण गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गनिर्देशक सिद्धान्तहरू र नेपाल सरकारले यस सम्बन्धमा जारी गरेको कार्ययोजनाको कार्यान्वयन गर्न/गराउनु ।

(८) तीनै तहका सरकारले वातावरणीय मानव अधिकार डेस्क स्थापना गरी आवश्यक कार्य गर्दै वातावरणीय न्यायको पक्षमा भएका मुद्दाहरूको फैसला कार्यान्वयन गर्न/गराउनु तथा राष्ट्रिय

मानव अधिकार आयोगलगायतका निकायले वातावरणीय अधिकारको प्रवर्धन, वातावरणीय अधिकारसम्बन्धी उजुरी र उपचारको कार्य प्राथमिकताका साथ गर्न ।

(९) काठमाडौँ उपत्यकालगायत देशका अन्य शहरहरूमा बढ्दो वायु प्रदूषणका कारण वातावरणीय स्वास्थ्य जोखिममा रहेका नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्दै शहरभित्र पैदलयात्रीको सुरक्षा, साइकल र सार्वजनिक यातायातको प्रवर्धन, सवारी साधनको नियमित चेक जाँच, उद्योग तथा कलकारखानाको प्रभावकारी अनुगमन गरी प्रदुषकबाट भुक्तानी गर्ने सिद्धान्त (Polluters Pay Principles) को अवलम्बन गर्दै प्रदूषकलाई कानुनबमोजिम कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न स्थानीय तहमा नै क्षतिपूर्तिमा दाबी गर्न सक्ने पहुँचको व्यवस्था गर्न/गराउनु ।

(१०) वातावरणीय प्रभावले विशेष गरी प्राकृतिक स्रोतसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने तथा आश्रित समुदाय, जस्तै– महिला, बालबालिका, आदिवासी, जनजाति र सीमान्तकृत समुदायमाथि पर्ने प्रत्यक्ष प्रभावलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै दिगो विकास एजेन्डा २०३० तथा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्दा मानव अधिकारमूखी पद्धतिको अवलम्बन गर्न ।

डा. टीकाराम पोखरेल

परिच्छेद–७

# ज्येष्ठ नागरिकको अधिकार

**प्रेस–नोट**

३० चैत, २०७७

## ज्येष्ठ नागरिकका अधिकार विषयक छलफल

राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकहरूको मानव अधिकारको सम्बन्धमा सरोकारवालासँग आयोगमा छलफल गरेको छ । आयोगको छैटौँ रणनीतिक योजना तर्जुमाको सन्दर्भमा आयोगले विभिन्न क्षेत्र र समुदायसँग छलफल तथा सुझावहरू लिँदै आइरहेको छ । सो क्रममा आज ज्येष्ठ नागरिकहरूको अधिकारको क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाका प्रमुख एवम् विज्ञहरूबीच छलफल गरिएको हो ।

छलफलको क्रममा ज्येष्ठ नागरिकहरूको अधिकार सुनिश्चिततताका लागि विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवार निकायलाई उत्तरदायी बनाउनुपर्ने, स्थानीय सरकारको बजेट, योजना र कार्यक्रममा ज्येष्ठ नागरिकका विषयलाई प्राथमिकताका आधारमा राख्नुपर्नेमा जोड दिइएको थियो । वातावरण प्रदूषणबाट ज्येष्ठ नागरिकहरू थप जोखिममा पर्ने हुँदा यसतर्फ ध्यान दिनुपर्ने, विद्यालयस्तरबाटै नैतिक शिक्षामा जोड दिनुपर्ने लगायतका धारणा सहभागीहरूबाट आएको थियो ।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले ज्येष्ठ नागरिकको अधिकार संरक्षणमा विगतदेखि नै अध्ययन अनुसन्धान गर्दै आइरहेको बताउँदै देशैभरिका अस्पतालहरूलाई जेरियाट्रिकमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो । साथै उहाँले ज्येष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताको लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो ।

छलफलमा आयोगका माननीय सदस्यहरू, आयोगका सचिव, सहसचिवहरू, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव, काठमाडौँ महानगरपालिकाका निर्देशक, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका उपसचिव, जेरियाट्रिक विज्ञहरू, महानगरपालिका तथा नगरपालिकाका उपसचिवहरू, आयोगका उपसचिवहरू, वृद्धाश्रम सञ्चालकहरू, ज्येष्ठ नागरिक अभियन्ता, विज्ञहरू एवम् सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

परिच्छेद–आठ

# स्वच्छ वातावरणको अधिकार

**प्रेस–विज्ञप्ति**

१९ चैत, २०७७

## वायु प्रदूषणले नागरिक स्वास्थ्यमा पारेको असरप्रति आयोगको चासो

गत शुक्रबारदेखि काठमाडौँ उपत्यकालगायत मुलुकका विभिन्न स्थानमा बढिरहेको वायु प्रदूषणका कारण नागरिकको स्वास्थ्यमा परेको असरप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा आयोगले नियमित रूपमा सञ्चार-माध्यमको अनुगमन गर्नुका साथै आयोगमा सरोकारवालासँग छलफल गरेको छ । पछिल्लो समयमा नेपालका २७ सय ठाउँमा आगलागी तथा डढेलो लागेको, वायु प्रदूषणका कारण आँखा पोल्ने, खोकी लाग्ने, नाक चिलाउने समस्या अत्याधिक रूपमा देखिएको सञ्चार अनुगमनबाट पाइएको छ । सुख्खा याम, अत्याधिक डढेलो तथा पश्चिमी वायु कमजोर भएका कारण केही दिन यता देखिएको वायु प्रदूषण विश्व स्वास्थ्य सङ्गठनले तोकेको भन्दा अत्यन्तै खराब अवस्थामा रहेकोले मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने वातावरण विज्ञहरूले छलफलको क्रममा बताएका छन् । वायु गुणस्तर मापन सूचक (एक्युआइ) अनुसार गत आइतबार काठमाडौँमा मापन गरिएको वायुको गुणस्तर तीन सयभन्दा बढी पुगेको देखिएकोले ज्येष्ठ नागरिक, बालबालिका, दम, श्वासप्रश्वास सम्बन्धी दीर्घ रोगीहरूमा अत्यन्तै जोखिम हुने हुनाले सचेत रहनुपर्ने विज्ञहरूले ध्यानाकर्षण गराएका छन् ।

नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकको उल्लेख गरेको छ । वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐनलगायत राष्ट्रिय कानुनका साथै नेपाल पक्षराष्ट्र बनेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले स्वच्छ वातावरणीय अधिकारको व्यवस्था गरेको छ । विज्ञहरूका अनुसार वायु प्रदूषणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न, हालै देखिएको अत्याधिक डढेलोलाई नियन्त्रण गर्न, घर तथा कृषि कार्यबाट निस्किने फोहोर जलाउने कार्यमा नियन्त्रण गर्न तथा सवारी साधनको प्रयोगलाई सम्भव भएसम्म कम गरी हालै देखिएको वायु प्रदूषणको अवस्थामा तत्काल सुधार ल्याउनुपर्ने देखिन्छ ।

अतः वायु प्रदूषण तथा प्राकृतिक विपद्को जोखिम न्यूनकरण गर्दै नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षणार्थ तत्कालीन तथा दीर्घकालीन उपायहरूको अवलम्बन गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

२२ जेठ, २०७८

सन्दर्भ : विश्ववातावरण दिवस (जुन, ५)

## स्वच्छवातावरणको हक सुनिश्चितगर्न आग्रह

आज ५१ औं विश्व वातावरण दिवस (जुन, ५) "नयाँ सोच र सिर्जना, प्राकृतिक प्रणालीको पुनर्स्थापना" (Eco System Restoration) भन्ने मूल नाराका साथ विश्वभर मनाइँदैछ । नेपालको संविधानले प्रत्येक व्यक्तिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गरेको छ । वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन लगायतका राष्ट्रिय कानुनका साथै नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले स्वच्छ वातावरणको अधिकारको उल्लेख गरेको छ ।

नेपालमा समय समयमा वायु प्रदूषण, बाढी पहिरो, तापक्रम वृद्धि, जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोप तथा विपत्ति लगायतका वातावरणीय समस्याहरू देखिँदै आइरहेका छन् । विकाससँगै वातावरणीय प्रदूषणले भयानक रूप लिएको देखिएको छ । प्लाष्टिकजन्य सामग्रीको अत्याधिक र अव्यवस्थित प्रयोग, गिट्टी, बालुवा, ढुङ्गाजस्ता प्राकृतिक स्रोतहरूको अनियन्त्रित उत्खनन, चुरे क्षेत्र दोहन, अस्पतालजन्य तथा घरबाट निस्कने फोहोरमैलाको अव्यवस्थित बिसर्जन, उद्योगजन्य प्रदूषण, अव्यवस्थित सहरीकरणलगायतका कारण वातावरणीय समस्या देखिएको आयोगको अध्ययनबाट पाइएको छ ।

यसै सन्दर्भमा आयोगले Preservation, Protection and Improvement of the Environment: A Prerequisite for the Benefit of Present and Future Generations विषयमा भर्चुअल कार्यक्रम सम्पन्न गरेको छ । त्रिभुवन विश्वविद्यालयको कानुन संकाय तथा वातावरणीय कानुन समिति, सर्वोच्च अदालत बार एसोसिएशन र प्रोपब्लिक नेपालको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय वातावरण विज्ञहरूबाट प्रस्तुतीकरण भएको छ । कार्यक्रममा वातावरणीय प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पति समेत प्रभावित बनेको कुरा औँल्याइएको थियो । वातावरणको विषय सीमाविहीन हुने हुँदा यो समस्याको समाधानमा सबै देशको भूमिका महत्त्वपूर्ण हुने र वर्तमान अवस्थामा वातावरणको अधिकारका अभियन्ताहरूको अधिकारसमेत जोखिममा परेको देखिएकोले यो राष्ट्रिय मानव अधिकार संस्थाहरूको चासोको विषय हुनुपर्ने धारणा विज्ञहरूले राखेका थिए । यसको साथै स्वच्छ वातावरणीय अधिकारको सम्बन्धमा नेपालको राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई गरेको सिफारिसको कार्यान्वयनका लागि पहल गर्नुपर्ने सुझावसमेत कार्यक्रमका वक्ताहरूले दिएका थिए ।

अतः आयोगले विगतमा गरेका सिफारिस, आयोगको अनुगमन र विज्ञहरूको सुझावको निष्कर्षबमोजिम सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको संवैधानिक तथा कानुनी हकहरूको कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको समन्वयात्मक पहल हुन, मानव अधिकारमैत्री विकास

निर्माणमा जोड दिन, प्रकृतिको अनियन्त्रित र अवैज्ञानिक दोहन र वातावरण प्रदूषण रोक्ने सम्बन्धमा प्रभावकारी र अर्थपूर्ण कार्यक्रमहरू बनाउन तथा वातावरण प्रदूषणमा संलग्न सबैलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। यसको साथै आफ्ना उद्योग, व्यवसाय सञ्चालन गर्दा वातावरणमा पर्ने असरबारे सचेतता अपनाउन आयोग सम्पूर्ण व्यवसायिक समुदाय र निजी क्षेत्रलाई समेत आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२३ जेठ, २०७९

## सङ्घीय संरचनामा मानव अधिकारको दृष्टिकोणबाट प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

५२ औँ विश्व वातावरण दिवस (जुन, ५) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संयुक्त आयोजनामा “सङ्घीय संरचनामा मानव अधिकारको दृष्टिकोणबाट प्रकृतिक स्रोतको व्यवस्थापन” सम्बन्धमा अन्तरक्रिया सम्पन्न गरिएको छ। “पृथ्वीको संरक्षण, दिगो प्रकृतिमैत्री जीवनयापन” भन्ने राष्ट्रिय नारा तथा “Only One Earth” भन्ने विश्वव्यापी नाराका साथ विश्वभर मनाइएको हो ।

नेपालको संविधानद्वारा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका निकायलाई प्राकृतिक स्रोतको बाँडफाँड तथा व्यवस्थापनको अधिकार प्रदान गरिएको तर अधिकारमा स्पष्टता हुन नसक्दा विवाद सिर्जना हुने गरेको छलफलको क्रममा उठाइएको छ । संविधानको प्रस्तावना, निर्देशक सिद्धान्त, मौलिक हक, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस एवम् सर्वोच्च अदालतबाट भएका आदेशहरूलाई केन्द्रमा राखेर प्रकृतिक स्रोतको बाँडफाँड हुनुपर्ने र वातावरण संरक्षणसम्बन्धी एक स्वतन्त्र, स्वायत्त र दक्ष जनशक्तिसहितको संरचनाको निर्माण हुनुपर्ने सुझाव अन्तरक्रियाको क्रममा प्राप्त भएको छ। विकास निर्माणका नाममा प्रकृतिको अत्याधिक दोहन, गिट्टी, बालुवा, ढुङ्गाजस्ता प्राकृतिक स्रोतहरूको अनियन्त्रित उत्खनन, चुरे क्षेत्र दोहन, अव्यवस्थित सहरीकरणलगायतका कारण वातावरण प्रदूषण बढ्दै गइरहेको, वातावरण प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पतिसमेत प्रभावित बनेको कुरा कार्यक्रममा औँल्याइएको छ । वातावरण संरक्षणसम्बन्धी कानुनहरू प्रभावकारी नहुँदा वर्तमान अवस्थामा वातावरणको अधिकारका अभियन्ताहरूको अधिकारसमेत जोखिममा परेको धारणा कार्यक्रममा सहभागीहरूले राखेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेल आयोगका माननीय सदस्यहरू, सर्वोच्च अदालतका पूर्वन्यायाधीश, आयोगका सचिव, स्थानीय जनप्रतिनिधिहरू, वरिष्ठ अधिवक्ताहरू, कानुन-व्यवसायी, वातावरण विज्ञहरू, आयोगका कर्मचारीहरू तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२२ जेठ, २०८०

सन्दर्भ : विश्ववातावरण दिवस (जुन, ५)

## स्वच्छ वातावरणीय हक सुनिश्चित गर्न आग्रह

आज ५१ औं विश्व वातावरण दिवस (जुन, ५) विश्वव्यापी नारा 'Beat Plastic Pollution' र मूल विषय 'Solution to Plastic Pollution' लाई नेपालमा "प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौँ, वातावरणमैत्री विकल्पको उपयोग गरौँ" भन्ने राष्ट्रिय नाराका साथ देशव्यापी रूपमा मनाइँदैछ । नेपालको संविधानले प्रत्येक व्यक्तिको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गरेको छ । वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन, २०७४ लगायतका राष्ट्रिय कानुनका साथै नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले स्वच्छ वातावरणको अधिकारको उल्लेख गरेको छ ।

नेपालमा समय समयमा वायु प्रदूषण, ध्वनि प्रदूषण, डढेलो, वन विनास, बाढी पहिरो, तापक्रम वृद्धि, जलवायु परिवर्तनको प्रभाव, पानीको मुहान सुक्ने, प्राकृतिक प्रकोप, विपत्ति, मानवीय क्षति तथा आन्तरिक विस्थापन लगायतका वातावरणीय समस्याहरू देखिँदै आइरहेका छन् । विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन नहुँदा वातावरण प्रदूषण बढेको छ । प्लाष्टिकजन्य सामग्रीको अत्याधिक र अव्यवस्थित प्रयोग, गिट्टी, बालुवा, ढुङ्गाजस्ता प्राकृतिक स्रोतहरूको अनियन्त्रित उत्खनन्, चुरे क्षेत्र दोहन, अस्पतालजन्य तथा घरबाट निस्कने फोहोरमैलाको अव्यवस्थित बिसर्जन, उद्योगजन्य प्रदूषण, अव्यवस्थित सहरीकरण, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुनु लगायतका कारण वातावरणीय समस्या देखिएको आयोगको अध्ययनबाट पाइएको छ । वातावरणीय प्रदूषणका कारण विश्वका मानव मात्र नभई जीवजन्तु र वनस्पतिसमेत प्रभावित बन्दै गएको विभिन्न अध्ययनहरूले देखाएका छन् । वातावरणीय समस्याहरूको न्यूनीकरण तथा समाधान गर्ने एवम् सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हकको संरक्षण गर्नु तीनै तहका सरकारको दायित्व हुन्छ ।

अतः स्वच्छ वातावरणीय अधिकारको सुनिश्चितताका लागि आयोगले विगतमा गरेका सिफारिस एवम् सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको संवैधानिक तथा कानुनी हकहरूको कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको समन्वयात्मक पहल हुन, मानव अधिकारमुखी विकास पद्धातिमा जोड दिन, प्रकृतिको अनियन्त्रित र अवैज्ञानिक दोहन र वातावरण प्रदूषण रोक्ने सम्बन्धमा प्रभावकारी र अर्थपूर्ण कार्यक्रमहरू बनाउन तथा वातावरण प्रदूषणमा संलग्न सबैलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । यसको साथै आफ्ना उद्योग, व्यवसाय सञ्चालन गर्दा वातावरणमा पर्ने असर बारे सजग हुन आयोग सम्पूर्ण व्यवसायिक समुदाय र निजी क्षेत्रलाई समेत आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

परिच्छेद–नौ

# कारागार तथा यातनाविरूद्धको अधिकार

**प्रेस–विज्ञप्ति**

१२ असार, २०७८

सन्दर्भ : यातनापीडितहरूको सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२६ जुन)

## यातानाविरुद्धको अधिकार सुनिश्चित गर्न आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले स्थापना कालदेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । विशेषगरी सशस्त्र द्वन्दको समयमा यातना दिइने कार्यबाट हजारौं व्यक्तिहरू पीडित भएको सम्बन्धमा आयोगमा उजुरीहरू दर्ता भई अनुगमन तथा अनुसन्धानमार्फत पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको लागि नेपाल सरकारलाई सिफारिस गरेको थियो । आयोगबाट सिफारिस गरिएका घटनाहरूमा पीडितलाई क्षतिपूर्त दिलाउने बाहेक दोषीलाई कानुनी कारबाही गर्ने कार्य अत्यन्तै न्यून रहेको देखिन्छ ।

त्यसैगरी, यातनाविरुद्धको अधिकारको संरक्षणको लागि आयोगले हिरासत तथा कारागारको निरन्तर रूपमा अनुगमन गर्दै आइरहेको छ । अनुगमनको क्रममा देशका सबैजसो कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीहरू राखिएकोले सरसफाइ, खानेपानीलगायतमा देखिएका समस्याहरूको सुधारका लागि समेत आयोगले नेपाल सरकारलाई पटक-पटक सिफारिस गर्दै आइरहेको स्मरण गर्दछ । पछिल्लो समयमा व्यक्तिलाई पक्राउ गरी जानकारी लिने वा सावित्ती गराउने नाममा जुम्ला, रौतहट, चितवनलगायतका जिल्लाहरूमा यातनाका कारण मृत्यु भएको भनी आयोगमा उजुरी प्राप्त भएका छन् ।

नेपालको संविधान, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्षराष्ट्र भएको यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले यातनाविरुद्धको अधिकार सुनिश्चित गरेको छ। यसको साथै नेपालले यातना दिइने कार्य नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत पटक-पटक प्रतिबद्धता व्यक्त गर्दै आएको छ ।

अत : व्यक्तिलाई यातना दिइने जस्तो अमानवीय कार्य तथा अपराधजन्य कार्य कहीँकतैबाट पनि नगर्न/नगराउन, यातनाका घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२० जेठ, २०७९

## रोल्पा जिल्ला कारागारमा मृत्यु भएको घटनाको आयोगद्वारा अनुसन्धान सुरु

बाँके, २ नेपालगञ्जका सुन्दर हरिजन रोल्पा जिल्ला कारागारमा सट्टा कैदीबन्दीको रूपमा जेल सजाय भोगीरहेको अवस्थामा मिति २०७९ जेठ ४ गते मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको नेपालगञ्ज कार्यालयको अनुगमन टोलीले मिति २०७९ जेठ १९ गतेदेखि घटना सम्बन्धमा स्थलगत अनुसन्धान सुरु गरेको छ।

उक्त घटनालाई आयोगले गम्भीररूपमा लिई गत जेठ ५ गतेदेखि नै सम्बन्धित सरोकारवालासँग जानकारी लिनुका साथै नेपाल सरकारलगायत सम्बद्ध नियकाबाट भइरहेका कार्यहरूको नजिकबाट अनुगमन गरिरहेको थियो । मोवाइल चोरीको आरोपमा नाबालक अवस्थामा कारागार चलान गरिएका सुन्दर हरिजनले हातहतियार मुद्दामा जेल सजाय तोकिएका सुर्खेतका विजयविक्रम शाहको नाममा रोल्पा कारागारमा रेहेको अवस्थामा आत्महत्या गरेको जानकारी आयोगलाई प्राप्त भएको छ।

अत : यस प्रकारको गम्भीर प्रकृतिको घटनालाई संवेदनशील रूपमा लिई घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन, आगामी दिनमा यस प्रकारका घटना नदोहोरिने वातावरणको सुनिश्चितता गर्न तथा व्यक्तिको जीवनको अधिकार संरक्षण गर्ने/गराउने कार्यमा संवेदनशील हुन आयोग नेपाल सरकार र सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१२ असार, २०७९

सन्दर्भ : यातनापीडितहरूको सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२६ जुन)

## हिरासत तथा कारागारलाई यातनामुक्त बनाउन आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । विशेष गरी सशस्त्र द्वन्दको समयमा यातना दिइने कार्यबाट हजारौँ व्यक्तिहरू पीडित भएको सम्बन्धमा आयोगमा उजुरीहरू दर्ता भई अनुगमन तथा अनुसन्धानमार्फत पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको लागि नेपाल सरकारलाई सिफारिस गरेको आयोग स्मरण गर्दछ । आयोगबाट सिफारिस गरिएका घटनाहरूमा पीडितलाई क्षतिपूर्ति दिलाउने बाहेक दोषीलाई कानुनी कारबाही गर्ने कार्य अत्यन्तै न्यून रहेको देखिन्छ ।

त्यसै गरी यातनाविरुद्धको अधिकारको संरक्षणको लागि आयोगले हिरासत तथा कारागारको निरन्तर रूपमा अनुगमन गर्दै आइरहेको छ । अनुगमनको क्रममा देशका सबैजसो कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीहरू राखिएकोले सरसफाइ, खानेपानीलगायतमा देखिएका समस्याहरूको सुधारका लागि समेत आयोगले नेपाल सरकारलाई पटक-पटक सिफारिस गर्दै आइरहेको स्मरण गर्दछ । आयोगमा गत आर्थिक वर्षमा यातनाविरुद्धको अधिकारसम्बन्धी २३ वटा उजुरीहरू प्राप्त भएका छन् । पछिल्लो समय पर्वत, कैलाली, सुनसरी, विराटनगर र रोल्पा जिल्ला कारागारमा कैदीबन्दीको मृत्यु भएको तथा आत्महत्या गरेको पाइएको छ ।

नेपालको संविधान, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्षराष्ट्र भएका यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले यातनाविरुद्धको अधिकार सुनिश्चित गरेको छ । यसको साथै नेपालले यातना दिइने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत पटक-पटक प्रतिबद्धता व्यक्त गर्दै आएको आयोग स्मरण गराउँदछ ।

अत : व्यक्तिलाई यातना दिइनेजस्तो अमानवीय कार्य तथा अपराधजन्य कार्य कहीँकतैबाट पनि नगर्न/नगराउन, यातनाका घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन, पीडितलाई क्षतिपूर्तको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–विज्ञप्ति**

११ असार, २०८०

## यातनापीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर

**सन्दर्भ : यातनापीडितहरूको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस** (२६ जुन)

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनादेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ। नेपालमा विगतको सशस्त्र द्वन्द्वको समयमा पक्राउ गरी मानसिक तथा शारीरिक यातना दिइएका घटनाहरूको विषयमा उजुरी दर्ता गर्ने र ती घटनाहरूमा आयोगले अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारसमक्ष सिफारिस गर्दै आएको छ। हाल आयोगमा यातनासम्बन्धी तीन सय ५८ वटा उजुरीहरू विचाराधीन अवस्थामा रहेका छन् । आयोगले यातानासम्बन्धी उजुरीहरूमा करिब दुई सय सिफारिस गरेको छ । उजुरीहरूमा पीडितलाई क्षतिपुर्ति र पीडकलाई कारबाही तथा पीडकबाट क्षतिपूर्ति भराउने जस्ता सिफारिसहरू नेपाल सरकारसमक्ष गरेको छ। यी सिफारिसको कार्यान्वयनको सन्दर्भमा केहीमा पीडितहरूलाई क्षतिपुर्ति दिलाउने बाहेक पीडकलाई कारबाही गर्ने कार्यहरू अत्यन्त न्यून देखिएकोले आयोगको सिफारिस कार्यान्वयनमा जोड दिन नेपाल सरकारलाई यस अवसरमा आयोग पुनः स्मरण गराउँदछ ।

आयोगले विगतमा यातनाविरुद्धको अधिकार संरक्षणको लागि हिरासत तथा कारागारको अनुगमन गर्ने र कारागार तथा हिरासत केन्द्रहरूलाई यातनामुक्त बनाउनको लागि आवश्यक निर्देशन दिँदै आएको छ। नेपालको संविधानको धारा २२ मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक याताना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लेख गरिएको छ । यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । मुलुकी अपराध संहिता, २०७४ ले यातनालाई फौजदारी अपराधको रूपमा परिभाषित गरेको छ। यातनाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्षराष्ट्र बनेको छ। तसर्थ कसैले पनि कुनै पनि व्यक्तिलाई कूनै पनि बहानामा यातना दिने कार्य कानुन विपरीत छ।

अतः व्यक्तिलाई यातना दिनेजस्तो अमानवीय तथा अपराधजन्य कार्य कहीँकतैबाट पनि नगर्न/नगराउन, यातना दिने कार्यमा संलग्नलाई कारबाही गर्न र याताना पीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर्न आयोग सम्बन्धित सबैमा आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–दश

# अपाङ्गता अधिकार

**प्रेस–विज्ञप्ति**

१७ मङसिर, २०८०

## अपाङ्गमैत्री वातावरण निर्माण गर्न आग्रह

विश्वले हरेक वर्ष तीन डिसेम्बरको दिनलाई अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउँदै आएको छ। यस वर्षको ३२औँ दिवस दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता : अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता (United in Action to rescue and achieve the SDGs for, with and by persons with disabilities) भन्ने नाराका साथ मनाइँदैछ। यस दिवसको उपलक्ष्यमा आयोग सम्पूर्ण सरोकारवालाहरूलाई शुभकामना व्यक्त गर्दछ।

राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षण र संवर्धनको विषयमा निरन्तर काम गर्दै आइरहेको छ। आयोगले यसअगाडि पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थाको बारेमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नुका साथै अपाङ्गता भएका व्यक्तिका अधिकारका सम्बन्धमा सरोकारवालाहरूलाई विभिन्न सिफारिसहरू गरेको सबैमा अवगतै छ। नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्षराष्ट्रसमेत भएको हुँदा ती महासन्धिका प्रावधान, नेपालको संविधान, आपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ तथा अन्य कानुन र नीतिहरूले व्यवस्था गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चित गर्नु राज्यको दायित्व हुन्छ।

आयोगले नेपाल सरकारलाई विभिन्न समयमा शहरी क्षेत्रका सबै सडक, भवन तथा अन्य भौतिक संरचनाहरू अपाङ्गमैत्री हुने गरी निर्माण गर्न, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र नियमित र व्यवस्थित रूपमा प्रदान गर्न, अपाङ्गता भएका व्यक्तिहरूको यकीन तथ्याङ्क सङ्कलन गरी सोहीअनुरूपको नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गर्न, अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशिताको सिद्धान्तअनुरूप अर्थपूर्ण र सार्थक सहभागिताको वातावरण बनाउन र अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मानमा चोट पुर्‍याउने कुनै शब्द प्रयोग नगर्नुका साथै शिक्षा, स्वस्थ्य, रोजगारीलगायतका क्षेत्रमा पहुँच कायम गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण र संवर्धन गर्न सिफारिस गरेको आयोग पुनः स्मरण गराउँदछ

अतः अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका सबालमा अझै समस्या रहिरहनु उपयुक्त नभएको विषयमा सङ्घीय, प्रदेश तथा स्थानीय तहका सरकारलगायत सम्बन्धित सबैको आयोग पुनः ध्यानाकर्षण गराउँदछ। यसको साथै आयोगले गरेका सिफारिस नेपाल सरकारलगायत सबै सरोकारवाला निकायहरूबाट पूर्णरूपमा कार्यान्वयन हुनेमा आयोगले विश्वास लिएको छ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

परिच्छेद–एघार

# सङ्क्रमणकालीन न्याय

**प्रेस–विज्ञप्ति**

४ मङ्सिर, २०७७

बिस्तृत शान्ति-सम्झौताको १४ वर्ष

## द्वन्द्वपीडितहरूको न्याय प्राप्तिको अधिकार सुनिश्चित गर

नेपालमा २०५२ सालबाट सुरु भई १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते भएको बिस्तृत शान्ति-सम्झौतापश्चात् औपचारिक रूपमा अन्त्य भएको आज १४ वर्ष पूरा भएको छ । नेपाल सरकार र विद्रोही पक्षबीच भएको उक्त सम्झौतामा उल्लेख गरिएका विषयहरूको पालना भए/नभएको अनुगमन गर्ने जिम्मेवारी यस आयोगलाई तोकिएको आयोग स्मरण गर्दछ ।

यस अवधिमा शान्ति-प्रक्रियाका विभिन्न कार्यहरूमध्ये हतियार व्यवस्थापन, विद्रोही लडाकुहरूको समायोजन, सङ्क्रमणकालीन न्यायिक संयन्त्रको गठन, संविधानसभाको निर्वाचन र संविधान निर्माण तथा कार्यान्वयन जस्ता सकारात्मक कार्यका बाबजुद् द्वन्द्वपीडितहरूले अझै न्याय प्राप्त गर्न नसकेको स्थिति छ । सङ्क्रमणकालीन न्यायका सम्बन्धमा गठित आयोगहरूले संशोधित कानुनको अभावमा द्वन्द्व-पीडितहरूलाई न्यायको अनुभूति हुन सक्ने गरी कार्य गर्न अझै सकेका छैनन् ।

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाको २० वर्षे अवधिमा गरेका ११९५ सिफारिसहरूमध्ये ९४० सिफारिसहरू विगतको द्वन्द्वसँग सम्बन्धित भएता पनि तिनको कार्यान्वयन अवस्था सन्तोषजनक रहेन । सिफारिस कार्यान्वयन नभएका कारणबाट द्वन्द्वपीडितले न्याय प्राप्त गर्न नसक्नु, बलपूर्वक बेपत्ताविरुद्धको घटनामा आयोगले कारबाहीको लागि सिफारिस गरे पनि त्यसको लागि पर्याप्त कानुनी व्यवस्थाको अभाव हुनु, केही द्वन्द्व-पीडितहरूले अन्तरिम राहत तथा क्षतिपूर्तिको रकम प्राप्त गरेको भएता पनि मानव अधिकारका गम्भीर उल्लङ्घनमा संलग्न दोषीलाई कारबाही नहुनुले दण्डहीनताको स्थिति अन्त्य हुन सकेको देखिन्नँ । यसबाट नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरूसमेत प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

अतः बिस्तृत शान्ति-सम्झौतामा उल्लेख भएअनुसार सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूसँग सम्बन्धित कानुनहरू मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य-मान्यता, यस आयोगको सिफारिस तथा सर्वोच्च अदालतको निर्णय अनुकूल हुने गरी संशोधन गर्न, पीडितहरूको समयमै न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न तथा आयोगले दोषी ठहर गरेका मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याइ दण्डहीनताको स्थिति अन्त्य गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

२० पुस, २०७७

## द्वन्द्वपीडितको न्यायप्राप्तिको हक सुनिश्चित गर

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कारबाहीको माग राखी पछिल्लो पटक २०७७ पुस ६ गतेदेखि वीर अस्पताल ट्रमा सेन्टरमा आमरण अनसनमा रहनुभएकी गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग वाग्मती प्रदेश कार्यालयले अनुगमन गरेको छ । अनुगमनको क्रममा निजको स्वास्थ्य अवस्था कमजोर र गम्भीर बन्दै गएको पाइएको छ ।

आयोगले उक्त घटनाको अनुसन्धान गरी दोषीउपर फौज्दारी अभियोगमा कारबाही चलाउन तथा पीडित परिवारजनलाई क्षतिपूर्ति उपलब्ध गराउन २०६४ चैत्र २३ गते नेपाल सरकारलाई सिफारिस गरेको स्मरण गर्दछ । लामो समयदेखि किनारा नलागेको कृष्णप्रसाद अधिकारीको हत्या प्रकरणजस्ता सशस्त्र द्वन्दकालीन मानव अधिकार हनन्का घटनाको सम्बन्धमा यथाशक्य छिटो छिनोफानो गर्न आवश्यक छ । यसबाट मात्रै व्यक्तिको न्यायप्राप्तिको अधिकार समयमै सुनिश्चित हुन सक्दछ । यस सम्बन्धमा आयोगको वाग्मती प्रदेश कार्यालयले उहाँको जीवनरक्षाको लागि आवश्यक व्यवस्था र समन्वय गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचारसमेत गरी सकेको छ ।

अतः निज गङ्गामाया अधिकारीको न्यायको हक सुनिश्चित गर्दै जीवन रक्षाको लागि तत्काल प्रभावकारी कदम चाल्न तथा यसअघि सरकारले गरेका प्रतिबद्धताहरूसमेत पालना गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउदछ ।

यज्ञप्रसाद अधिकारी
सह-सचिव

**प्रेस-विज्ञप्ति**

५ मङ्सिर, २०७८

**बिस्तृत शान्ति-सम्झौताको १५ वर्ष**

## बिस्तृत शान्ति-सम्झौताको पालना गरी द्वन्द्वपीडितको अधिकार सुनिश्चित गर

नेपालमा २०५२ सालबाट सुरु भई १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते भएको बिस्तृत शान्ति-सम्झौतापश्चात् औपचारिक रूपमा अन्त्य भएको १५ वर्ष पूरा भएको छ । नेपाल सरकार र तत्कालीन विद्रोही पक्ष बीच भएको उक्त सम्झौतामा उल्लेख गरिएका विषयहरूको पालना भए/नभएको अनुगमन गर्ने जिम्मेवारी यस आयोगलाई तोकिएको आयोग स्मरण गर्दछ ।

बिस्तृत शान्ति-सम्झौताको यस अवधिमा शान्ति-प्रक्रियाका विभिन्न कार्यहरूमध्ये हतियार व्यवस्थापन, विद्रोही लडाकुहरूको समायोजन, सङ्क्रमणकालीन न्यायिक संयन्त्रको गठन, संविधानसभाको निर्वाचन र संविधान निर्माणजस्ता सकारात्मक कार्यका बाबजुद द्वन्द्वपीडितहरूले अझै न्याय प्राप्त गर्न नसकेको स्थिति छ । सङ्क्रमणकालीन न्यायका सम्बन्धमा गठित आयोगहरूले संशोधित कानुनको अभावमा द्वन्द्व-पीडितहरूलाई न्यायको अनुभूति हुन सक्ने गरी कार्य गर्न अझै सकेका छैनन् । द्वन्द्वपीडित र मानव अधिकारकर्मीहरूको पटक-पटकको खबरदारी पछि पनि दण्डहीनताको अन्त्यको लागि सन्तोषजनक कार्य हुन नसक्नु चिन्ताको विषय भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले शान्ति-प्रक्रियाको अनुगमन गर्नुका साथै द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान र सिफारिस गर्दै आएको छ । तर मानव अधिकार उल्लङ्घनका दोषीलाई कारबाही तथा पीडितलाई क्षतिपूर्ति दिनका लागि आयोगले गरेका सिफारिसहरूमध्ये अधिकांश सिफारिसहरू विगतको द्वन्द्वसँग सम्बन्धित भएता पनि तिनको कार्यान्वयन अवस्था सन्तोषजनक रहेन । सिफारिस कार्यान्वयन नभएका कारणबाट द्वन्द्वपीडितले न्याय प्राप्त गर्न नसक्नु, बलपूर्वक बेपत्ताविरुद्धको घटनामा आयोगले कारबाहीको लागि सिफारिस गरे पनि त्यसको लागि पर्याप्त कानुनी व्यवस्थाको अभाव हुनु, केही द्वन्द्व-पीडितहरूले अन्तरिम राहत तथा क्षतिपूर्तिको रकम प्राप्त गरेको भएता पनि मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न दोषीलाई कारबाही नहुनु, बरु आयोगले कारबाहीका लागि सिफारिस गरेका कतिपय अधिकारीहरू पुरस्कृत र बढुवा हुनुले दण्डहीनताको स्थिति अन्त्य हुन सकेको देखिन्न । यसबाट नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताहरू समेत प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

द्वन्द्वको समयमा राज्यपक्ष तथा तात्कालीन विद्रोही पक्षबाट भएका पीडित तथा पीडित परिवारहरूले हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नभैसकेको सन्दर्भमा आशातीत रूपमा न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ । सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्यतथ्य अभिलेख गर्ने र गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूमा संलग्न दोषीउपर कारबाही तथा पीडितलाई

परिपूरणका बिस्तृत कार्यक्रमहरू सम्पन्न गर्न अझै बाँकी छन् । यो कार्य पूर्ण हुन सकेमा मात्र पीडितले न्यायको अनुभूति गर्ने र देशमा दण्डहीनताको स्थिति न्यून हुन जाने अवस्था सिर्जना हुने देखिन्छ । यसतर्फ सबै सरोकारवालाहरूको ध्यान जान जरुरी रहेको छ । द्वन्द्वकालका पीडितहरूले न्याय पाउनु पर्दछ भन्ने कुरामा आयोग दृढ छ ।

अतः बिस्तृत शान्ति-सम्झौतामा उल्लेख भएअनुसार सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूसँग सम्बन्धित कानुनहरू मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य-मान्यता, यस आयोगको सिफारिस तथा सर्वोच्च अदालतको निर्णय अनुकूल हुने गरी संशोधन गर्न, द्वन्द्व-पीडितहरूको समयमै न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न तथा आयोगले दोषी ठहर गरेका मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याइ दण्डहीनताको स्थिति अन्त्य गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१ साउन, २०७९

## सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधनका सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप अयोग ऐन, २०७१ लाई संशोधन गर्न नेपाल सरकारले संसद्मा पेस गरेको विधेयकप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सङ्क्रमणकालीन न्याय जस्तो गम्भीर विषयको कानुन संशोधन विधेयक पीडित तथा अन्य सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरी अपारदर्शी रूपमा संसद्मा पेस गरिएको साथै मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने ऐन संशोधन विधेयकमा यस आयोगको रायसुझावसमेत लिन नखोजेको सरकारको कार्यशैलीप्रति आयोग आपत्ति प्रकट गर्दछ ।

सशस्त्र द्वन्द्वपीडितले न्याय प्राप्त गर्ने अधिकार सङ्क्रमणकालीन न्यायको प्रमुख विषय हो भन्नेमा आयोग दृढ छ । यस प्रकारको संवेदनशील विषयमा कानुन संशोधन गर्दा राष्ट्रिय मानव अधिकार आयोगसँग परामर्श गर्ने परम्परा रहिआएको र मानव अधिकारसँग सम्बन्धित विषयमा सरोकार राख्ने आयोगको संवैधानिक अख्तियारी रहेको समेत आयोग नेपाल सरकारलाई स्मरण गराउदछ । यसको साथै उल्लिखित विषयमा पीडित तथा सरोकारवालासँग समेत पर्याप्त छलफल गरिनुपर्नेमा सो हुन नसकेको अवस्थाप्रति आयोग चिन्ता प्रकट गर्दछ ।

अतः सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा राष्ट्रिय मानव अधिकार आयोग एवम् पीडित तथा सरोकारवालासँग पर्याप्त छलफल गर्न, यस आयोगको सिफारिस, सर्वोच्च अदालतको फैसला तथा सङ्क्रमणकालीन न्याय र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताबमोजिम स्वीकार्य हुने गरी ऐन संशोधन गर्दै द्वन्द्वपीडितको न्याय सुनिश्चित गर्न आयोग सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस विज्ञप्ति**

१४ भदौ, २०७९

सन्दर्भः बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिन (अगस्त ३०)

## बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर

दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वपश्चात तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकारबीच भएको बिस्तृत शान्ति-सम्झौतामा द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने भनी उल्लेख भएता पनि हालसम्म सार्वजनिक हुन नसकेकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा यस आयोगमा परेका उजुरीहरूमा आयोगले छानबिन र शवोत्खनन् समेत गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गर्दै आएको छ । तर आयोगका सिफारिसहरू आशातीत रूपमा कार्यान्वन हुन नसकेको अवस्था विद्यामान छ ।

बेपत्ता पारिएका व्यक्तिको स्थिति सार्वजनिक नहुँदा पीडित परिवार सत्यतथ्य जान्न पाउने अधिकार, सांस्कृतिक अधिकार र राहत तथा क्षतिपूर्तिको अधिकारबाट वञ्चित हुनुका साथै पीडित परिवारले मनोवैज्ञानिक पीडा समेत खप्नुपरेको देखिन्छ । बिस्तृत शान्ति-सम्झौतामा उल्लेख भएबमोजिम दुई पटकसम्म बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएता पनि सो आयोगबाट कार्य पूर्ण नहुँदै आयोग रित्त भएको अवस्था छ । द्वन्द्व-पीडितहरू र मानव अधिकार समुदायले अन्तर्राष्ट्रिय मान्यताअनुरूप सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन हुनुपर्ने भनी आवाज उठाएता पनि सरकारबाट हाल संसद्मा टेबुल भएको विधेयक सो अनुरूप हुन नसकेको भनी द्वन्द्व-पीडितहरूमा असन्तुष्टि बढेको छ ।

अतः बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग तत्काल गठन गर्न, बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा यस आयोगबाट भएका सिफारिसहरू कार्यान्वयन गर्न, सर्वोच्च अदालतको फैसला, यस आयोगको सुझाव र अन्तर्राष्ट्रिय मान्यताअनुरूप हुने गरी ऐन संशोधन गरी पीडितलाई न्याय तथा परिपूरणको सुनिश्चितता गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२९ भदौ, २०७९

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा राष्ट्रिय मानव अधिकार आयोगको उच्चस्तरीय टोलीद्वारा अवलोकन तथा छलफल

राष्ट्रिय मानव अधिकार आयोगबाट आयोगका माननीय सदस्यद्वय डा. श्री सूर्य ढुङ्गेल र श्री मनोज दुवाडी सहितको टोलीबाट मिति २०७९/५/२७ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र मिति २०७९/५/२९ गते सत्य निपण तथा मेलमिलाप आयोगको भ्रमण गरी ती आयोगमा रहेका उजुरीको व्यवस्थापन, फायल तथा कागजपत्रहरूको सुरक्षालगायतका वस्तुस्थितिको बारेमा जानकारी लिइएको थियो ।

हाल ती आयोगहरूमा पदाधिकारीहरू नरहेको अवस्थामा दुवै आयोगका सचिवहरू क्रमशः श्यामकुमार भट्टराई र तोयानाथ अधिकारीले उजुरीहरूको अवस्था, सोको सुरक्षा तथा विगतमा नेपाल सरकारसमक्ष गरिएका सिफारिसहरू र कार्यान्वयन अवस्थाको बारेमा आयोगको टोलीलाई जानकारी गराउनुभएको थियो । यसको साथै दुवै आयोगहरू र राष्ट्रिय मानव अधिकार आयोगबीच सङ्क्रमणकालीन न्यायको कार्यलाई प्रभावकारी बनाउन आपसी समन्वय तथा सहयोग आदानप्रदानको कार्यलाई निरन्तरता दिने विषयमा समेत छलफल भएको थियो ।

लोकनाथ बास्तोला

उपसचिव/सहायक प्रवक्ता

**प्रेस-विज्ञप्ति**

६ मङ्सिर, २०७९

## बिस्तृत शान्ति-सम्झौताको १६ वर्ष : कार्यान्वयनको अवस्था अझै चुनौतीपूर्ण सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्गोमा पुऱ्याउन आग्रह

नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको बिस्तृत शान्ति-सम्झौतापश्चात् नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भएको १६ वर्ष पूरा भएको छ । बिस्तृत शान्ति-सम्झौताका आठ वर्षपछि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन भएता पनि कानुनी अस्पष्टता र राजनीतिक दलहरूको इच्छाशक्तिको कमीका कारण सङ्क्रमणकालीन न्याय प्रदान गर्ने सम्बन्धमा गठन भएका आयोगहरूबाट आशातीत रूपमा न्यायिक निरुपण हुन सकेन । यी आयोगहरू हाल पदाधिकारीविहीन अवस्थामा रहेका छन् । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित ऐनको संशोधन विधेयक नेपाल सरकारले यसै वर्ष संसद्मा पेस गरेको भएता पनि उक्त संशोधन विधेयक पीडित, नागरिक समाज एवम् सरोकारवालासँग पर्याप्त छलफल नगरी संसद्मा पेस गरिएको भन्दै पीडित तथा अन्य सरोकारवालाहरूले असन्तुष्टि जनाएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगले आयोगमा दर्ता भएका द्वन्दकालीन उजुरीहरूउपर अनुसन्धान, निर्णय र सिफारिसहरू गर्दै आइरहेको छ । आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारहरूले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ । राजनीतिक दलका शीर्ष नेताहरूसमेतबाट द्वन्द्वपीडितहरूलाई न्याय प्रदान गर्न ढिलाई भएको कुरा स्वीकार गर्दै सङ्क्रमणकालीन न्याय संयन्त्रहरूमार्फत शीघ्र न्याय प्रदान गरी सङ्क्रमणकालीन न्यायको सम्बोधन गर्ने प्रतिबद्धता समेत यसअघि पटक-पटक व्यक्त भएको आयोग स्मरण गराउँदछ ।

द्वन्द्वपीडितहरूले न्याय पाउनु पर्दछ भन्ने कुरामा आयोग दृढ छ । अतः राष्ट्रिय मानव अधिकार आयोगले यसअघि गरेका सिफारिस, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मान्यताबमोजिम सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानुनहरूमा संशोधन गर्न र रिक्त रहेका सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित आयोगहरूमा यथाशीघ्र पदाधिकारीहरू नियुक्त गरी सङ्क्रमणकालीन न्यायलाई छिटो टुङ्गोमा पुऱ्याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२३ फागुन २०७९

## सङ्क्रमणकालीन न्यायलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउन आग्रह

सङ्क्रमणकालीन न्यायको विषयमा विगत केही दिनदेखि विभिन्न कोणबाट भएका बहसका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ। २०६३ मङ्सिर ५ गते राज्य पक्ष र तत्कालीन सशस्त्र विद्रोही पक्षबीच भएको बिस्तृत शान्ति-सम्झौतामा सङ्क्रमणकालीन न्यायका माध्यमबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने भनिए पनि १६ वर्ष पूरा भइसक्दा समेत सङ्क्रमणकालीन न्यायका कतिपय विषय टुङ्गोमा नपुग्नु चिन्ताको विषय बनेको छ ।

यसै सन्दर्भमा केही द्वन्द्वपीडितहरू न्यायको मागसहित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न गएको विषयमाथि केही राजनीतिक दलहरूले प्रश्न उठाउनुले द्वन्द्वपीडितको न्याय खोज्ने हकमा अवाञ्छित प्रभाव पर्न सक्ने देखिन्छ । सङ्क्रमणकालीन न्यायको छुट्टै विधि र प्रक्रिया भएता पनि मानव अधिकार उल्लङ्घनका घटनाहरूमा न्याय प्राप्तिका लागि न्यायिक निकायमा प्रवेश गर्न पाउने पीडितको हकलाई सङ्कुचित गर्नु न्यायोचित हुँदैन ।

अत : सङ्क्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतको आदेश, यस आयोगले विगतमा दिएका सुझाव र अन्तर्राष्ट्रिय मान्यताबमोजिम हुने गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न र यथाशीघ्र आयोगहरू गठन गरी यस विषयलाई छिटो टुङ्गोमा पुऱ्याउन आयोग नेपाल सरकार र सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

२ चैत, २०७९

## सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन पीडितमैत्री बनाऊ

वेपता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकारले सरोकारवालासँग पर्याप्त छलफल नगरी, आवश्यक परिमार्जनबिना मिति २०७९/११/२५ गते सङ्घीय संसद सचिवालयमा दर्ता गरेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त संशोधन विधेयक सम्बन्धमा आयोगले नेपाल सरकारलाई २०७९ साउनमा १२ बुँदासहितको सिफारिस गरेको आयोग स्मरण गराउँदछ । उक्त सिफारिसमा परिभाषा, क्षमादान, अभियोजन, हदम्याद, आयोगहरूको गठन र नियुक्ति प्रक्रिया, बालसैन्य, अदालतको क्षेत्राधिकार लगायतमा संशोधन हुनुपर्ने विषयहरू समावेश गरिएको थियो । विषयगत संसदीय समितिको तत्काल गठन भई व्यापक छलफलबाट प्राप्त सुझावहरूसहित सङ्घीय संसद्मा छलफल हुनुपर्नेमा हतारमा सङ्घीय संसद् सचिवालयमा दर्ता भएको अवस्थाले पीडितले न्यायको अनुभूति गर्न सक्ने कानुन निर्माण हुने कुरामासमेत आशङ्का उत्पन्न भएको छ । विधेयकको मस्यौदाउपर राष्ट्रिय मानव अधिकार आयोग, द्वन्द्वपीडित एवम् सङ्क्रमणकालीन न्यायको क्षेत्रमा क्रियाशील संस्थाहरूसँग समेत पर्याप्त छलफल तथा परामर्श विना सरकारले सङ्घीय संसद् सचिवालयमा उक्त विधेयक दर्ता गरेकोमा पीडिहरूको समेत गम्भीर आपत्ति र आक्रोश रहेको आयोगले गरेको छलफलको क्रममा पाइएको छ । पीडितको न्याय प्राप्त गर्ने हकको सुनिश्चितता हुने गरी सङ्क्रमणकालीन न्याय प्रक्रिया छिटो टुङ्गोमा पुऱ्याउनुपर्दछ भन्नेमा आयोग सदैव दृढ रहेको छ ।

अत : पीडितको न्याय प्राप्त गर्ने हक कुण्ठित हुन सक्नेतर्फ सचेत हुन, विषयगत समितिहरूको तत्काल गठन गरी व्यापक छलफल गर्न, सर्वोच्च अदालतको आदेश र यस आयोगले विगतमा पटक-पटक गरेका सिफारिसबमोजिम ऐन निर्माण गर्न र भविष्यमा द्वन्द्व नदोहोरिने प्रत्याभूति गराउने एवम् अन्तर्राष्ट्रिय मापदण्ड र मूल्य-मान्यता अनुकूल हुने गरी विधेयकको संशोधन हुन आयोग नेपाल सरकार, राजनीतिक दल तथा सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँदछ ।

श्यामबाबु काफ्ले

सहायक प्रवक्ता/उपसचिव

**प्रेस-विज्ञप्ति**

५ मङ्सिर, २०८०

## बिस्तृत शान्ति-सम्झौताको १७ वर्ष पूरा

## सङ्क्रमणकालीन न्यायको सम्बोधन गरी शान्ति-प्रक्रियालाई शीघ्र टुङ्गोमा पुऱ्याउन आग्रह

नेपाल सरकार तथा तत्कालीन नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको बिस्तृत शान्ति-सम्झौतापश्चात् नेपालमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भएको आज १७ वर्ष पूरा भएको छ । बिस्तृत शान्ति-सम्झौतामा उल्लेख गरिएका हतियार व्यवस्थापन, सेना समायोजन, संविधानसभामार्फत नयाँ संविधान जारी गर्ने कार्य पूरा भैसकेको छ तर द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने कार्य अझै पूरा हुन नसक्दा पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार कुण्ठित बन्न पुगेको छ । बिस्तृत शान्ति-सम्झौताका आठ वर्षपछि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन भएता पनि अपर्याप्त कानुनी व्यवस्था र राजनीतिक दलहरूको इच्छाशक्तिको कमीका कारण सङ्क्रमणकालीन न्याय प्रदान गर्ने सम्बन्धमा गठन भएका आयोगहरूबाट आशातित रूपमा न्यायिक निरुपण हुन सकेन । हालै मात्र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गर्नुभएको नेपाल भ्रमणको एजेन्डाका रूपमा शान्ति-प्रक्रियाका बाँकी कार्यहरू खासगरी सङ्क्रमणकालीन न्याय पनि रहेको थियो । यसलाई आयोगले सकारात्मक रूपमा लिएको छ ।

संसद्मा विचाराधीन रहेको बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन विधेयकलाई अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेका प्रतिबद्धता तथा सङ्क्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय मूल्य तथा मान्यताबमोजिम शीघ्र पारित गरी यथाशीघ्र विश्वसनीय तवरले सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन आयोगले व्यवस्थापिका संसद्का सम्माननीय सभामुखसँग भेट गरी आग्रहसमेत गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीहरूउपर आयोगले अनुसन्धान, निर्णय र सिफारिसहरू गर्दै आइरहेको छ । आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था छ । राजनीतिक दलका शीर्ष नेताहरू समेतबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्न ढिलाइ भएको कुरा स्वीकार गर्दै शीघ्र सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याइ पीडितलाई न्याय प्रदान गर्ने भनी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा यसअघि पटक-पटक गरेको प्रतिबद्धतालाई आयोग स्मरण गराउँदछ ।

द्वन्द्वपीडितहरूले न्याय पाउनु पर्दछ भन्नेमा आयोग दृढ छ । अतः राष्ट्रिय मानव अधिकार आयोगले यसअघि गरेका सिफारिस, सर्वोच्च अदालतको फैसला, संयुक्त राष्ट्रसङ्घका महासचिवसँगको

भेटमा गरिएका प्रतिबद्धता र अन्तर्राष्ट्रिय मान्यताबमोजिम सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानुनहरूमा संशोधन गरी सङ्क्रमणकालीन न्यायलाई शीघ्र टुङ्गोमा पुऱ्याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

परिच्छेद–बाह्र

# कोभिड-१९

## प्रेस–नोट

१५ वैशाख, २०७८

### कोभिड–१९ सङ्कट व्यवस्थापन सम्बन्धमा आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण

### आयोगका सदस्यसहितको उच्चस्तरीय टोली र उपप्रधानमन्त्रीबीच छलफल

विश्वभर फैलिरहेको कोभिड १९ को दोश्रो लहरबाट नेपालमा पनि सङ्क्रमित हुनेहरूको सङ्ख्या बढ्दै गईरहेको र नागरिकको स्वास्थ्यको अधिकारसँगै जीवन नै जोखिममा पर्न गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस परिस्थितिमा कोभिड १९ को प्रभावलाई रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारबाट चालिएका कदमहरूको प्रभावकारी कार्यान्वयनसँगै सबै पक्ष र क्षेत्रको महत्त्वपूर्ण भूमिका रहनेमा आयोगको जोड रहेको छ । यसै सन्दर्भमा आयोगका सदस्य लिली थापाको नेतृत्वमा आयोगका सहसचिव मुरारिप्रसाद खरेलसहितको उच्चस्तरीय टोलीले नेपाल सरकारका उपप्रधानमन्त्री तथा कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्रको उच्चस्तरीय निर्देशक समितिका संयोजक ईश्वर पोखरेलसँग आज भेट गरी छलफल गरेको छ । सो अवसरमा आयोगले नेपाल सरकार, सम्बद्ध निकाय तथा कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्रलाई देहायबमोजिमको सुझावहरू कार्यान्वयका लागि ध्यानकर्षणसमेत गराएको छः

१. सीमाक्षेत्रमा सञ्चालनमा रहेका पहिलेका होल्डिङ सेन्टर, क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरूलाई शीघ्र व्यवस्थापन गरी सञ्चालन गर्न तथा स्थानीय तहहरूमा समेत क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रहरू सञ्चालन गर्न/गराउनु हुन ।

२. हाल सिमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको पर्याप्त स्वास्थ्य जाँच/परिक्षण हुन नसकेको र कोभिड १९ सङ्क्रमित भएकाहरूको पहिचान व्यवस्थित गरी निजहरूलाई आइसोलेसन तथा आफ्नो गन्तव्यसम्म पुऱ्याउन यातायात लगायतका अन्य कार्यहरू व्यवस्थितरूपले गर्न/गराउनु हुन ।

३. सिमाक्षेत्र तथा अन्तर्राष्ट्रिय उडानबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको सूचना, तथ्याङ्क चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउन हुन ।

४. कोभिड १९ को उपचारका लागि तोकिएका अस्पतालहरूमा सङ्क्रमितहरूको बढदो चापका कारणले उपचारमा समस्या समेत देखिन थालेको हुँदा उक्त अस्पतालहरूमा थप साधन, स्रोत तथा जनशक्तिको व्यवस्था मिलाउन आवश्यक पहलकदमी गर्न/गराउनु । यसको साथै अन्य अस्पतालहरू समेतलाई उपचारको लागि तोकी सेवा प्रवाह सहज बनाउन हुन ।

५. यस सङ्कटको अवस्थामा अन्य सामाजिक सङ्घ-संस्था तथा नागरिक समाजलाई

समेत स्वयंसेवकको रूपमा परिचालन गर्दै प्रदेश, जिल्ला तथा स्थानीय तहका जिम्मेवार निकायहरूलाई आवश्यक निर्देशन, परिपत्र तथा समन्वय गर्न हुन ।

६. पछिल्ला समयमा कोभिड १९ को खोप (भ्याक्सिन) लगाइने केन्द्रहरूमा अत्यन्तै भीडभाड हुने गरेको र त्यसबाट थप सङ्क्रमणको जोखिमसमेत हुन सक्ने हुँदा कोभिड १९ खोप केन्द्रहरू बढाउन एवम् केन्द्रहरूमा हुने भीडभाड कम गर्न आवश्यक व्यवस्थापन कार्य मिलाउन हुन ।

७. जिल्ला प्रशासन कार्यालयहरूबाट जारी भएका निषेधाज्ञाहरूबाट अत्यावश्यक स्वास्थ्य सेवा तथा अन्य सेवा प्राप्त गर्नुपर्ने व्यक्तिहरू थप प्रभावित हुन सक्ने देखिएकाले आवश्यकताअनुसार सहज वातावरणको लागि पहल हुन ।

८. हिरासत, कारागारका कैदीबन्दी तथा बाल सुधार केन्द्रहरूमा रहेका बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने/गराउनु तथा आवश्यकता अनुसार स्वास्थ्य उपचारको व्यवस्था मिलाउन हुन ।

९. वैदेशिक रोजगारमा जाने तथा फर्कने व्यक्तिहरूको स्वास्थ्य मापदण्डअनुसार चेकजाँच व्यवस्था तथा अन्य आवश्यक व्यवस्थापन गर्नुहुन ।

१०. अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुर/व्यवसायीहरूको दैनिक जीविकोपार्जनमा परेको असर मूल्याङ्कन गरी स्थानीय तहबाट राहत आदिको व्यवस्थापन गर्न आवश्यक पहल गर्न/गराउनुहुन ।

११. निषेधाज्ञाको अवधीमा बढन सक्ने आपराधिक घटनाहरू महिला हिंसा/घरेलु हिंसा, आत्महत्या लगायतका घटनाहरूमा विशेष सुरक्षा व्यवस्थालगायत आवश्यक प्रबन्ध मिलाउन हुन ।

१२. नियमित स्वास्थ्य सेवा प्राप्त गर्नुपर्ने दीर्घरोगी, अपाङ्गता भएका, गर्भवती, सुत्केरी र मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिलगायत अन्य सेवाग्राहीहरूको स्वास्थ्य उपचारलाई समेत प्रभाव नपर्ने गरी सरकारी तथा निजी अस्पतालहरूको व्यवस्थापन तथा अनुगमन कार्यसमेत हुन ।

१३. औषधी खाद्यन्नलगायत अन्य उपभोग्य सामाग्रीहरूको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालो बजारीलाई दुरुत्साहन गर्न सम्बन्धित निकायहरू, स्थानीय तहहरूले बजार, गोदामहरू नियमित अनुगमन गरी मूल्य नियन्त्रण, बस्तुहरूको नियमित आपूर्ति तथा व्यवस्थापन गर्न/गराउनुहुन ।

लोकनाथ वास्तोला

सहायक प्रवक्ता (उपसचिव)

**प्रेस–नोट**

२४ वैशाख, २०७८

**नागरिकको स्वास्थ्य उपचार एवम् मानव अधिकारको समग्र अवस्था सम्बन्धमा आयोगको अनुगमन**

## कोभिड –१९ महामारीमा नागरिकको मानव अधिकार संरक्षण गर्न आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण

विश्वभर फैलिरहेको कोभिड १९ को दोस्रो लहरले नेपालमा पनि सङ्क्रमित हुने तथा मृत्यु हुनेहरूको सङ्ख्या वृद्धि हुँदै गइरहेका कारण नागरिकको जीवन नै जोखिममा पर्न गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट अनुगमन गरी नेपाल सरकारलाई ध्यानाकर्षणसहितको पत्राचार गरिएको छ ।

आयोगबाट गरिएको अनुगमनबाट प्राप्त तथ्य र सूचनाहरूको आधारमा अस्पतालहरू कोभिड सङ्क्रमितहरूले भरिभराउ भएको, शैया नपाएर अस्पताल बाहिर समेत बिरामीहरू बस्नु परेको, बढी सङ्ख्यामा सङ्क्रमित भएका स्थानहरूमा अक्सिजनको अभाव रहेको, निजी अस्पतालहरूले बिरामी भर्ना नलिएको, भर्ना लिएका अस्पतालहरूले सङ्क्रमितहरूबाट चर्को शुल्क असुल गरिरहेको र सङ्क्रमितहरूलाई आवश्यक पर्ने स्वास्थ्य उपकरण, रेम्डिसिभर लगायतका औषधीहरूको चर्को मूल्यमा विक्रि वितरण भैरहेको एवम् सीमाक्षेत्रबाट अनियन्त्रित तथा अव्यवस्थित तरिकाबाट नेपाल प्रवेश र अन्य व्यवस्थापनको कमजोरीका कारणले सङ्क्रमण स्थानीय स्तरसम्म पुग्ने अवस्था रहेको अनुगमनबाट पाइएको छ ।

नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मिति २०७८/१/१७ गते जारी विज्ञप्तिमा “सङ्क्रमण बढेकाले अस्पतालमा राखेर हेरचाह गर्न अस्पताल शैया उपलब्ध गराउन नसकिने” भन्ने व्यहोराले नागरिकहरूको स्वास्थ्यप्रति सरकार उदासीन रहेको र यसबाट नागरिकहरूमा गम्भीर मनोवैज्ञानिक असर परेको, कोभिड १९ को खोप खरिद प्रक्रियामा ढिलाइ हुँदा पूर्वनिर्धारित खोप कार्यक्रमहरूसमेत प्रभावित भएको तथा अन्य जोखिमयुक्त समुदायहरू र नागरिकहरूलाई खोपको सुनिश्चितता हुन नसक्दा झनै भयावह स्थिति हुन सक्ने देखिएको छ ।

कोभिड १९ का कारणले उत्पन्न सबै असरहरूको सम्बोधन गर्न, व्यक्तिको जीवन, स्वास्थ्य र दैनिक जीवनमा अत्यावश्यक पर्ने सेवा, वस्तुको पहुँच, आपूर्ति व्यवस्थापन तथा नियमन गर्न, अग्रपङ्क्तिमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतको मनोवल उच्च राख्न, न्यून आर्जन भएका श्रमिक तथा ज्याला मजदुरी गरी जीवनयापन गर्ने वर्गहरूको लागि जिविकोपार्जनका आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न/गराउनु आयोगले नेपाल सरकारलाई निर्देशन गरेको छ । यस विषम परिस्थितिमा कोभिड १९ का सङ्क्रमितहरूको उपचारार्थ नेपाल सरकारका सम्पूर्ण संयन्त्र, प्रदेश तथा स्थानीय

सरकारलाई परिचालन गर्नुका साथै राजनीतिक दलहरूलाई समेत यस कोभिड १९ को नियन्त्रण तथा रोकथामका लागि राष्ट्रिय ऐक्यबद्धता कायम गर्ने गराउने सन्दर्भमा अर्थपूर्ण कदम अघि बढाउनसमेत आयोगले नेपाल सरकारको विशेष ध्यानाकर्षण गराएको छ ।

डा. टीकाराम पोखरेल
(सहसचिव) प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३१ वैशाख, २०७८

## आम नागरिकको स्वास्थ्यसम्बन्धी हकका साथै बाँच्न पाउने अधिकारको सुनिश्चित गर

विश्वभर फैलिरहेको कोभिड १९ को दोस्रो लहरबाट उत्पन्न वर्तमान परिस्थितिमा आम नागरिकको स्वास्थ्योपचारको उपलब्धता तथा जीवनको अधिकारबाट वञ्चित हुनुपरेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । पछिल्लो समय अस्पतालहरूमा शैया र अक्सिजनको अभावमा दर्जनौँ व्यक्तिहरूले मृत्युवरण गर्नुपरेको आयोगलाई विभिन्न माध्यमबाट जानकारी प्राप्त भएको छ ।

अक्सिजनको अभावमा गत बुधबारमात्रै रूपन्देहीमा नौ जना, नेपालगञ्ज छ जना र विहीबार काठमाडौँका वीर अस्पताल तथा ट्रमा सेन्टरमा १८ जनाको मृत्यु भएको सञ्चार अनुगमनबाट पाइएको छ । उपत्यकाका मेडिकेयर, मेडिसिटी, ओम, हेल्पिङ ह्याण्डस, दिर्घायु, करुणा, बयोधा, मध्यपुर थिमी, स्टारलगायतका अस्पतालहरू तथा रूपन्देहीको युनिभर्सल अस्पतालले अक्सिजनको अभाव देखाउँदै नयाँ बिरामी भर्ना गर्न नसकिने बताएको बुझिएको छ । महामारी सुरु भएको एक वर्ष बितिसक्दा समेत अक्सिजन आपूर्ति बढाउन नेपाल सरकारबाट सार्थक पहल नहुँदा आम नागरिकले अक्सिजनको अभावमा जीवन गुमाउन बाध्य भएको बुझिएको छ । औषधि आपूर्तिको अभावमा कोभिड १९ विरुद्धको खोपको दोश्रो मात्रा रोकिएको, भेन्टिलेटर, सघन उपचार कक्ष (आइसियु), सङ्क्रमितहरूलाई आवश्यक पर्ने औषधि रेम्डिसिभर लगायत मेडिकल सामग्रीहरूको अभाव हुँदै गएको र उपलब्ध औषधि तथा मेडिकल सामग्रीहरूको पनि बिरामीहरूले महँगो मूल्य तिर्नुपरेको पाइएको छ । बन्दाबन्दीका कारण दैनिक ज्याला मजदुरी गरी खाने श्रमिकहरू भोकै बस्न बाध्य भएको समाचारहरू सञ्चारमाध्यममा प्रकाशन भइरहेका छन् । यस विषयमा आयोगका माननीय सदस्य लिली थापा नेतृत्वको टोलीले नेपाल सरकारका उपप्रधानमन्त्री एवम् कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्र उच्चस्तरीय समिति (सिसिएमसी) संयोजक ईश्वर पोखरेललाई भेटी ध्यानाकर्षण गराएको छ ।

नेपालको संविधानको धारा १६ र ३५, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २(१), ३(१) र ४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, तथा नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १२ ले हरेक व्यक्तिको आकस्मिक लगायत सबै स्वास्थ्य सेवा लिन पाउने अधिकारको प्रत्याभूत गरेको छ ।

अतः यस जटिल परिस्थितिमा कोभिड १९ लगायत सबै गम्भीर प्रकारका बिरामीहरूको स्वास्थ्योपचारको व्यवस्था मिलाउन, अस्पतालहरूमा अक्सिजनसहितका थप शैयाको व्यवस्था मिलाउन, बिरामीलाई अत्यावश्यक पर्ने अक्सिजनको उत्पादन तथा आपूर्ति बढाउने सन्दर्भमा प्रभावकारी कदम चाल्न, कोभिडविरुद्धको दोस्रो चरणको खोपको तत्काल व्यवस्था गर्न,

भेन्टिलेटर, सघन उपचार कक्ष (आइसियु) लगायत मेडिकल सामग्री, खाद्यान्न तथा अत्यावश्यक सेवा र वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ । यसको साथै अग्रपङ्क्तिमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायतको मनोवल उच्च राख्न, न्यून आर्जन भएका श्रमिक तथा ज्यालामजदुरी गरी जीवनयापन गर्ने वर्गहरूको लागि जिविकोपार्जनका आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न/गराउनु आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस-विज्ञप्ति**

१४ जेठ, २०७८

## स्वास्थ्यकर्मीहरूमाथि भएको कुटपिट तथा तोडफोडको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण

## दोषीलाई कानुनी दायरामा ल्याऊ

कोभिड १९ बाट उत्पन्न वर्तमान सङ्कटको परिस्थितिमा बाँकेको भेरी अस्पतालमा सङ्क्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीहरूमाथि भएको कुटपिटको घटना तथा अस्पतालमा भएको तोडफोडको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सो घटनाको आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जले आजै स्थलगत अनुगमन गरेको छ ।

बाँकेको भेरी अस्पतालमा उपचाररत एक सङ्क्रमितको मृत्यु भएको भन्दै मृतकका आफन्तहरूले हिजो साँझ स्वास्थ्यकर्मीहरूमाथि कुटपिट गर्नुका साथै अस्पतालको कोभिड उपचार कक्षमा तोडफोड गरेको र चिकित्सक तथा नर्सहरूमाथि आक्रमण गरेपछि चार जना स्वास्थ्यकर्मीहरू एक तलामाथिबाट हाम फालेको अनुगमनको क्रममा पाइएको छ । यसको साथै स्वास्थ्यकर्मीहरू सुरक्षाको पूर्ण प्रत्याभूति नहुँदासम्म काममा नफर्कने भन्दै घटनाको विरोध गरिरहेको पाइएको छ ।

अतः कोभिड १९ को महामारीमा अग्रपङ्क्तिमा रही अहोरात्र खटिएका स्वास्थ्यकर्मीहरू माथि भएका यस प्रकारका कुटपिट तथा अस्पताल तोडफोडका घटनाले हालको सङ्कटको अवस्थामा उच्च मनोबलका साथ कार्य गर्नुपर्ने स्वास्थ्यकर्मीहरूको मनोबल र प्रतिष्ठामा नकरात्मक असर पर्ने भएकोले घटनाको शीघ्र र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन, यस प्रकारको कार्यको पुनरावृत्ति हुन नदिने कुराको सुनिश्चितता गर्न र महामारीको यस सङ्कटपूर्ण अवस्थामा स्वास्थ्य जस्तो अत्यावश्यकीय सेवालाई कुनै पनि तवरले अवरोध हुने अवस्था सिर्जना हुन नदिन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । यसको साथै स्वास्थ्यजस्तो अति संवेदनशील सेवालाई अवरुद्ध नगरी वार्ता र संवादको माध्यमबाटै समस्याको समाधान गर्न आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस–विज्ञप्ति**

१७ जेठ, २०७८

# कोभिड १९ को महामारीको अवस्थामा आम नागरिकको स्वास्थ्य उपचार एवम् मानव अधिकारको संरक्षण गर्न आग्रह

कोभिड १९ बाट उत्पन्न वर्तमान सङ्कटको परिस्थितिमा आम नागरिकहरूको स्वास्थ्य उपचारलगायत विभिन्न अधिकारहरूको अवस्था जोखिममा पर्न गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट यस सम्बन्धमा निरन्तर अनुगमन भइरहेको छ । आयोगबाट गरिएको अनुगमनबाट तपसिलबमोजिमको सूचना तथा तथ्यहरू प्राप्त भएको छः

- कास्की, मोरङ, झापालगायतका जिल्लाहरूमा अक्सिजन, आइ.सि.यु. तथा भेन्टिलेटरको अभावमा व्यक्तिहरूको ज्यान गएको,
- दम, मधुमेहलगायतका अन्य दीर्घ रोगीहरूले नियमित सेवन गर्नुपर्ने औषधीको अभाव देखिएको र व्यवसायीहरूले हालको मुल्यमा सिटामोल उत्पादन गर्न नसकिने बताएको,
- प्रदेश १ का पहाडी जिल्लाहरूमा पिसिआर परीक्षणको व्यवस्था हुन नसकेको, खाद्यान्न तथा औषधिको आपूर्तिमा कमी हुँदा आभाव देखिन थालेको, साथै केही जिल्लाहरूमा निषेधाज्ञाको वा अन्य समयमा पसल खोल्दा प्रहरीबाट कानुनबमोजिम कारबाही नगरी निर्घात कुटपिट तथा दुर्व्यवहार गरेको जनगुनासो प्राप्त भएको,
- गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण हुन नसकेको तथा दुइ वर्षमुनिका बालबालिकाहरूले नियमित खोप लगाउन नपाएको,
- मोरङको विराटनगरमा सञ्चालित कोभिडविरुद्धको खोप लक्षित वर्गभन्दा अन्यले लगाएको भनी विभिन्न सञ्चार-माध्यममा समाचार प्रकाशन हुनुका साथै आयोगको अनुगमनको क्रममा समेत पाइएको,
- अग्रपङ्क्तिमा खटिने सबैलाई सङ्घीय सरकार तथा प्रदेश सरकारबाट निर्णय भई जोखिम भत्ताको व्यवस्था भए पनि कतिपय ठाउहरूमा लक्षित वर्गले प्राप्त गर्न नसकेको,
- कोभिड १९ को महामारीको उपचारारार्थ अहोरात्र खटिएका स्वास्थ्यकर्मीहरू तथा आस्पतालको स्वास्थ्य उपकरणमाथि बिरामीका आफन्तहरूबाट आक्रमण तथा दुर्व्यवहारका घटनाहरू भैरहेको,
- निषेधाज्ञाको समयमा ज्याला मजदुरी गरी खाने श्रमिकहरू, गर्भवति महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूमा मानसिक असर परेको र यसप्रकारका

समस्या सम्बोधन गर्ने खालका कार्यक्रम तथा विषेश पहल हुन नसकेको,

- विभिन्न हिरासत, थुनुवा कक्ष तथा कारागारहरूमा क्षमताभन्दा अत्याधिक बढी कैदीबन्दी राखिएकाले कोरोना सङ्क्रमण हुन सक्ने डर त्रास रहेको ।

अतः कोभिड १९ बाट उत्पन्न सबै असरहरूको सम्बोधन गर्न, नागरिकहरूमाथि दुर्व्यवहार नगर्न, व्यक्तिको जीवन, स्वास्थ्य र दैनिक जीवनमा अत्यावश्यक पर्ने सेवा, वस्तुको पहुँच, आपूर्ति व्यवस्थापन तथा नियमन गर्न, अग्रपङ्क्तिमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतको मनोवल उच्च राख्न र न्यून आर्जन भएका श्रमिक तथा ज्यालामजदुरी गरी जीवनयापन गर्ने वर्गहरूको पहिचान गरी निजहरूको लागि जिविकोपार्जनका आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न/गराउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल  
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३१ जेठ, २०७८

**स्वास्थ्य परीक्षणको दायरा बढाउन आग्रह**

# कोभिड १९ विरुद्धको खोपमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न नेपाल सरकारलाई आयोगको पत्राचार

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारी नेपालको समुदायस्तरमा समेत फैलिँदै जाँदा स्वास्थ्य परीक्षणको दायरामा कमी आएको एवम् नागरिकको स्वास्थ्य जोखिममा पर्न गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले गतवर्षदेखि नै कोभिड १९ तथा यसको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले गर्दै आएको प्रयासका सन्दर्भमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ ।

आयोगले गरेको पछिल्लो अनुगमनबाट प्राप्त तथ्यअनुसार काठमाडौँ उपत्यकालगायतका केही सहरमा कोरोना सङ्क्रमितहरूको सङ्ख्यामा कमी आउँदै गएको भएता पनि रुकुम, रोल्पा, धनगढीलगायतका ठाउँमा गम्भीर बिरामीको सङ्ख्यामा कमी नआएको, गाउँमा परीक्षणको दायरा नबढाइएकोले सङ्क्रमण बढेको, समाजमा कोरोना सङ्क्रमितलाई हेर्ने र गर्ने व्यवहार अझै नकरात्मक रहेकोले लक्षण देखिएका बिरामीहरूसमेत परीक्षण गर्न नमान्दा समुदायस्तरमा कोरोना सङ्क्रमण फैलिएको, अक्सिमिटर र रेम्डिसीभर जस्ता स्वास्थ्य सामग्रीहरू चर्को मूल्यमा विक्री भैरहेको पाइएको छ ।

त्यसैगरी, हाल नेपाल सरकारले प्रदान गर्दै आएको कोभिड १९ विरुद्धको खोप लगाउने क्रममा खोप केन्द्रहरूको व्यवस्थापन हुन नसक्दा सङ्क्रमण झनै फैलिने सम्भावना देखिएको, ज्येष्ठ नागरिकहरू खोप लगाउन लामो समय लाइनमा बस्नुपरेको, कतिपय केन्द्रमा दिनभर लाइनमा बस्दासमेत खोप लगाउन नपाएको, कतिपय स्थानमा विवाद भई खोप लगाउने काम अवरुद्ध भएको र लक्षित वर्गभन्दा अन्यले पहुँचका आधारमा खोप लगाएको अनुगमनको क्रममा पाइएको छ । कोभिसिल्ड खोपको पहिलो डोज प्राप्त गरेकाहरूका लागि दोस्रो मात्रा (डोज) खोपको सुनिश्चितता हुन नसकेको भनी आयोगमा गुनासोहरू प्राप्त भइरहेका छन् । यसै सन्दर्भमा आयोगले कोभिड १९ विरुद्धको खोपको व्यवस्थापनका लागि ध्यानाकर्षण गराउँदै आज नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गरेको छ ।

अतः कोभिड १९ सङ्क्रमणको जोखिमलाई मध्येनजर गर्दै खोप लगाउने कार्यलाई व्यवस्थित गर्न, खोपमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न, समुदायस्तरमा परीक्षणको दायरालाई वृद्धि गर्न, कोभिसिल्डको पहिलो डोज लगाएकाहरूलाई दोस्रो मात्रा (डोज) को व्यवस्था मिलाउन र खोप लगाउनपर्ने सबै नागरिकलाई पर्याप्त हुने गरी कोभिड १९ विरुद्धको खोपको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

## प्रेस-विज्ञप्ति

१ असार, २०७८

## कोभिड १९ को अवस्थामा अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरूको स्वास्थ्य उपचारमा पहुँच सुनिश्चित गर्न आग्रह

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारी नेपालको समुदायस्तरमा समेत फैलिँदै जाँदा अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, आप्रवासी नेपाली श्रमिकहरूलगायत आर्थिकरूपमा गरिब, विपन्न तथा असहाय व्यक्तिहरूले समयमै स्वास्थ्य उपचार प्राप्त गर्न नसकेको साथै अन्य आधारभूत मानव अधिकारको उपभोगबाट वञ्चित हुन पुगेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

कोभिड १९ महामारीको दोस्रो लहर सुरु भएपश्चात अपाङ्गता भएका व्यक्ति आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरू लगायतको मानव अधिकार उपभोगको अवस्था सम्बन्धमा आयोगको उच्च स्तरीय, केन्द्रीय, प्रदेश तथा प्रदेश कार्यालयहरूबाट नियमित अनुगमन गरिरहेको छ। आयोगले उल्लिखित विषयमा विभिन्न सङ्घ-संस्थाबाट गरिएको अनुगमन प्रतिवेदनको अध्ययन, विश्लेषण समेत गरेको छ। यसको साथै अपाङ्गता क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घ-संस्था, विकासका साझेदार संस्थाहरू, अनुसन्धानकर्ताहरू, सङ्घ, प्रदेश तथा जिल्ला स्तरमा अधिकारको क्षेत्रमा क्रियासिल सङ्घसंस्था, नेपाल सरकारको मन्त्रालय विभाग तथा अन्य सरोकारवाला निकायहरू समेतको उपस्थितिमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको उपभोगको अवस्था सम्बन्धमा भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरेको छ। आयोगले विभिन्न माध्यमबाट गरेको अनुगमन तथा अन्तरक्रिया कार्यक्रमबाट प्राप्त तथ्यहरू समेतको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७८/२/२८ गते बसेको बैठकले कोभिड १९ महामारीको अवस्थामा अपाङ्गता भएका व्यक्ति आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरूका समस्या समाधानका लागि नेपाल सरकारलाई तपसिलबमोजिमको सिफारिस गर्ने निर्णय गरेको छः

### तपसिल

### अपाङ्गता भएका व्यक्तिको सम्वन्धमा

- कोभिड १९ महामारीको समयमा अपाङ्गता भएका व्यक्तिहरूप्रति लैङ्गिक विभेद बढ्दै गएको, जिविकोपार्जनमा कठिनाई, रोजगारी गुमेको, मनोसामाजिक समस्या, कोभिड प्रतिकार्यका लागि सूचनामा पहुँचको अभाव देखिएको एवम् सहायक सामग्री (हेरिङ एड, सेतो छडि, नियमित रूपमा लिनु पर्ने औषधि, सरसफाइ) को अभाव देखिएकोले तत्काल सो को व्यवस्था मिलाउन।
- दोहोरी साँझ, मसाज सेन्टरमा काम गर्ने एवम् रोजगार विहीन अपाङ्गता भएका व्यक्तिहरूलाई वर्तमान सङ्कटको अवस्थामा प्राथमिकता दिई तत्काल राहत उपलब्ध गराउन।

- केन्द्रदेखि जिल्ला अस्पताल, स्थानीय स्वास्थ्यचौकीमा अपाङ्गमैत्री उपचार कक्ष विस्तार गर्ने एवम् प्राथमिकताका साथ उपचारको व्यवस्था गर्न ।
- जिल्ला स्थित लैङ्गिक हिंसा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन एवम् सबैको पहुँचमा पुऱ्याउन ।
- कोभिड १९ को कारण धेरै नागरिकहरूमा मनोसामाजिक असर देखिएको भन्ने कार्यक्रममाा सहभागीको भनाइ, विभिन्न पत्रपत्रिकाहरूमा र आयोगको अनुगमनको क्रममा समेत पाइएकोले प्रत्येक स्वास्थ्य संस्थामा मनोसामाजिक परामर्शको व्यवस्था गर्न/गराउन ।
- अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने स्वास्थ्यसम्वन्धी सामग्रीहरू (सेनिटरी प्याड, क्याथेटर, नियमित खानुपर्ने औषधि लगायत) उपलब्ध गराउन ।
- अपाङ्गता भएका व्यक्तिहरूको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकोले कोभिड १९ विरुद्धको खोपको प्राथमिकताका साथ आवश्यक व्यवस्था मिलाउन ।
- मानव अधिकारमा आधारित खण्डिकृत तथ्याङ्कको अभाव भएकोले स्थानीय तहहरूले अपाङ्गता भएका व्यक्तिहरूको खण्डिकृत तथ्याङ्क सङ्कलन गरी सार्वजनिक गर्न/गराउन ।

**आदिवासी जनजाति, सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मुख समुदाय सम्बन्धमा**

- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको यथाशीघ्र निःशुल्क पीसीआर परीक्षण गर्न/गराउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको कोभिडविरुद्धको खोपमा सहज पहुँच पुऱ्याउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, ज्येष्ठ नागरिक, बालबालिका, ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनजातिहरूको अस्पताल र स्वास्थ्य सामग्रीमा पहुँच पुऱ्याउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मूख समुदाय, गरिब, बिपन्न, अपाङ्गता भएका व्यक्तिहरूलाई अबिलम्ब राहत प्याकेजको घोषणा गरी वितरण गर्न/गराउन ।
- सिमान्तकृत, अल्पसङ्ख्यक, लोपोन्मुख र आर्थिक विपन्नता भएका आदिवासी जनजातिहहरूको कोभिड १९ को उपचार र स्वास्थ्य बिमा राज्यबाट निःशुल्क गर्न ।
- आदिवासी जनजातिहरूको सघन वस्ती भएका क्षेत्रमा रहेका अस्पताल, स्वास्थ्यचौकीहरूमा

मातृभाषाको माध्यमबाट सूचना आदानप्रदानमा सहजीकरणको लागि दोभाषेको व्यवस्था गर्न/गराउन ।

- सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र सहजीकरणमा जोड दिई आदिवासी जनजातिहरूले बुझ्ने भाषामा जनचेतना मूलक कार्यको प्रचारप्रसार तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्न/गराउन ।
- मानव अधिकारमा आधारित खण्डिकृत तथ्याङ्कको अभाव भएकोले आदिवासी जनजातिहरूको कार्यक्रम बजेटमा समेत न्यून देखिने हुँदा खण्डिकृत तथ्याङ्क सङ्कलन गरी तत्काल सार्वजनिक गर्न/गराउन ।
- आदिवासी जनजातिको अधिकारको क्षेत्रमा क्रियासिल सङ्घसंस्थालाई कोभिड १९ को रोकथाम तथा उपचारका लागि गरिने प्रक्रिया र क्रियाकलापमा सहभागी गराउने व्यवस्था गर्न ।
- कोभिडजस्ता महामारीबाट बच्नको लागि आदिवासी जनजातिसँग भएका परम्परागत ज्ञान, सीपलाई प्रवर्धन तथा प्रोत्साहन गर्ने व्यवस्था गर्न/गराउन ।
- कोभिड १९ को समयमा समेत विकास परियोजनाहरू सञ्चालन भईरहेको सन्दर्भमा परियोजनाहरू सञ्चालन गर्दा आदीवासी जनजाति तथा स्थानिय समुदायसँगको परामर्श र छलफल गरी अगाडि बढाउने व्यवस्था गर्न ।

**आप्रवासी नेपाली श्रमिकहरूको सम्बन्धमा**

- हवाई खर्च र होटल क्वारेन्टाइनको व्यवस्थापन आफैँ गर्न नसक्ने, रोजगारदाताले कामबाट निश्काशन गरेका, भिसा तथा करार अवधि समाप्त भएर नेपाल फर्कनु पर्ने अवस्थामा रहेका, आवास र भोजनको व्यवस्था नभएका तथा अन्य विभिन्न कारणले समस्या तथा अलपत्र अवस्थामा रहेका नेपाली श्रमिकहरूलाई लैङ्गिक संवेदनशिलतालाई ध्यानमा राखि सरकारको लगानीमा नेपाल फर्काउन अबिलम्ब व्यवस्था गर्न ।
- कोभिड सङ्क्रमण महामारीको दोस्रो लहरका कारण हवाई उडान तथा श्रमिक आपूर्तिमा बन्देज नलगाइएका श्रम गन्तव्य मुलुकहरूमा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान तयारी अवस्थामा बसेका नेपाली श्रमिकहरूलाई हवाई उडान व्यवस्थापन गरी पठाउने व्यवस्था गर्न ।
- भारत आवतजावत गर्ने नेपाली श्रमिकहरूको हकमा स्थानीय तह र सीमा सुरक्षा व्यवस्थापनको समन्वयमा व्यवस्थित अभिलेख राख्न एवम् खोपको उचित व्यवस्थापन गर्न ।
- प्रभावकारी द्विपक्षीय कुटनीतिक संवादबाट भारत र अन्य गन्तव्य मुलुकहरूमा रहेका नेपाली श्रमिकहरूको अधिकार संरक्षणको लागि प्रभावकारी पहल गर्न ।

अत : कोभिड १९ को महामारीका कारण जोखिममा रहेका अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा आप्रवासी नेपाली श्रमिकहरू लगायतका समुदायको स्वास्थ्य उपचारमा पहुँच सुनिश्चित गर्न एवम् आयोगका उल्लेखित सिफारिसहरूको कार्यान्वयनमा प्रभावकारी पहल गर्न आयोग नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१४ असार, २०७८

## आयोगद्वारा स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरूसँग छलफल

नेपाल सरकारले सञ्चालन गरेको कोभिड १९ विरुद्धको खोपमा नागरिकको पहुँचको अवस्था, खोप कार्यक्रमको प्रगति तथा समग्रमा यसको रोकथाम तयारी र चुनौती सम्बन्धमा जानकारी लिने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगले स्वास्थ्य मन्त्रालय तथा विभागका उच्च पदस्थ अधिकारीहरूसँग आज आयोगमा छलफल गरेको छ ।

छलफलको क्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्र रमण सिंहले कोभिड १९ को दोश्रो लहर विश्वभरी नै तीब्र रूपमा फैलिरहेको र यसले मानिसको स्वास्थ्यमा जटिल समस्या ल्याइरहेको तथा नेपालमा हालसम्म पनि उच्च दरमा सङ्क्रमण फैलिरहेको परिस्थितिमा पर्याप्त खोप नहुँदा जोखिमको अवस्था कायमै रहेको बताउनुभयो । यसको साथै उहाँले खोप आयातको लागि कुटनीतिक प्रयास जारी रहेकोले एक हप्तामा सहजता आउने बताउँदै ७२ प्रतिशत नागरिकलाई खोप दिने लक्ष्य राखिएको जानकारी गराउनुभयो ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीले हालको तथ्याङ्क हेर्दा प्रदेश नं. १, २ र वाग्मती प्रदेशमा अझै पनि जोखिम कायमै रहेको र हाल १३,६९,००० जना नागरिकहरू खोपको दोस्रो मात्रा पर्खेर बसिरहेको बताउनुभयो भयो । स्वास्थ्यकर्मी, सरसफाइकर्मी एम्बुलेन्स चालक, सेवा प्रदायक संस्थाका कर्मचारीहरू, वृद्धाश्रम, अनाथालय, कैदीबन्दीलाई पहिलो प्रथमिकता, ६० वर्ष उमेर माथिकालाई दोश्रो र १५ देखि ५४ वर्ष सम्मकालाई तेश्रो प्राथमिकतामा राखिएको छलफलको क्रममा जानकारी गराइएको थियो । स्वास्थ्य सेवा विभागका डा. झलक गौतमले खोपको उपलब्धता र प्राथमिकताबारे जानकारी गराउनुभयो । डा. तारानाथ पोखरेलले स्वास्थ्य सामग्री विक्री वितरणमा कालो बजारी भएका विवरणहरू प्राप्त भएको र यस सम्बन्धमा समिति गठन गरी अनुसन्धान भइरहेको तथा ध्ज्इ को मापदण्डका आधारमा नै कार्ययोजना बनाइ खोप वितरण गरिरहेको बताउनुभयो ।

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले पहिलो खोप लगाएका नागरिकहरूलाई दोस्रो खोपको व्यवस्था मिलाउन, अग्रपङ्क्तिमा रहेर कार्य गर्नेहरूलाई खोपमा प्राथमिकता दिन र सबै नागरिकहरूलाई खोप लगाउने कुराको सुनिश्चिता गर्न निर्देशन दिनुभयो ।आयोगका माननीय सदस्यहरूले महासङ्कटको घडीमा स्वास्थ्यकर्मीहरूको योगदान प्रशंसनीय रहेको भए पनि खोपको विभेदपूर्ण वितरणको विषय गम्भीर रहेको बताउँदै खोपको दोस्रो मात्रा राजनीतिक पहुँच हुनेले मात्र प्राप्त गरेको, कोभिडका बिरामीहरूलाई कतिपय निजी अस्पतालहरूले बढी शुल्क लिने गरेको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

छलफलमा आयोगका सचिव तथा अन्य कर्मचारीको समेत उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१ साउन, २०७८

## वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूका लागि खोपको सुनिश्चितता गर आप्रवासी नेपाली श्रमिकहरूको मानव अधिकार संरक्षण गर्न आयोगद्वारा पत्राचार

कोभिड १९ महामारीमा नेपाली आप्रवासी श्रमिकहरूको मानव अधिकारको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गत वर्षदेखि नै अध्ययन तथा अनुगमन गर्दै आइरहेको छ । आयोगले गरेको अध्ययन तथा अनुगमनबाट गन्तव्य देशहरूमा एकतर्फी रूपमा करार भङ्ग गर्ने, बेतलवी बिदामा बस्न बाध्य पार्ने, कामबाट निष्कासन गर्ने, पूरा तलब/सुविधा भुक्तानी नदिने, जबरजस्ती श्रममा लगाउने, मापदण्डभन्दा बढी समय वा जोखिमयुक्त काममा लगाउने लगायतका तथ्यहरू प्राप्त भएका थिए । उक्त तथ्यहरूको आधारमा आयोगले आप्रवासी श्रमिकहरूलाई उद्धार, स्वदेश फिर्ती तथा पुनःएकीकरण गराइ उनीहरूको मानव अधिकार संरक्षणका लागि आवश्यक पहल गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

कोभिड १९ को दोस्रो लहरको अवस्थामा पनि कतार, साउदी अरबलगायतका नेपाली आप्रवासी श्रमिकहरूको प्रमुख गन्तव्य मुलुकहरूमा कोभिड १९ महामारी नियन्त्रणका लागि खोप नलगाइ प्रवेश गरेका नेपाली श्रमिकहरूलाई तोकिएको समय अनिवार्य क्वारेन्टाइन बस्नुपर्ने, पी.सी.आर. परीक्षण गर्नुपर्ने तथा पीसीआ परीक्षण नेगेटिभ आए पनि क्वारेन्टाइनमा रहनैपर्ने व्यवस्था भएका स्वास्थ्य निर्देशिका लागू गरिएको पाइएको छ । श्रम गन्तव्य मुलुकहरूमा कोभिड १९ महामारी नियन्त्रणका सम्बन्धमा उल्लिखित व्यवस्थाका कारण वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई आर्थिक व्ययभार बढ्ने देखिएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूलाई कोभिड १९ विरुद्धको खोप तत्काल व्यवस्थापन गर्न कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्रलगायत अन्य सम्बन्धित निकायहरूलाई राष्ट्रिय मानव अधिकार आयोगले पत्राचार गरेको छ ।

अत : वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको लागि गन्तव्य देशमा जानुअगाडि स्वदेशमै एक पटक मात्र लगाए हुने र गन्तव्य मुलुकले समेत मान्यता दिएको कोभिड १९ को जोखिमबाट बच्न सकिने खोप लगाउने वा अन्य वैकल्पिक व्यवस्था गर्न तथा गन्तव्य मुलुकमा नेपाली श्रमिकहरूलाई पर्न सक्ने कठिनाइको न्यूनीकरणका लागि आवश्यक सहजीकरण गरी नेपाली श्रमिकहरूको मानव अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता/सहसचिव

परिच्छेद–तेह्र

# विविध

**प्रेस–नोट**

२२ मङ्सिर, २०७७

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस
## मानव अधिकारको अवस्थामा अपेक्षाकृत सुधार हुन नसकेको निष्कर्ष

राष्ट्रिय मानव अधिकार आयोगले आ.व. २०७६/२०७७ को वार्षिक प्रतिवेदन आज सम्माननीय राष्ट्रपतिसमक्ष राष्ट्रपतिको कार्यालयमा पेस गरेको छ। संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था रहेको छ।

प्रतिवेदनमा आ.व. २०७६/२०७७ मा परेका उजुरी, ती उजुरीउपर भएका छानबिन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस तथा मानव अधिकार संरक्षण र संवर्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश गरिएको छ। यस अवधिमा मानव अधिकार उल्लङ्घन भएको भनी १३२ उजुरीहरू दर्ता भएको, नयाँ दर्ता भएका र पुराना गरी ७९५ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। मानव अधिकारका विविध विषयमा १२८ पटक अनुगमन भएको उल्लेख छ।

प्रतिवेदन पेस गर्ने क्रममा आयोगका सचिव वेद भट्टराईले पेस गर्नुभएको मन्तव्यमा समाजमा जातीय भेदभावको विद्यमान स्थिति, जीवनको अधिकारमा चुनौती, उपभोक्ताका अधिकारहरू कुण्ठित हुनु, शिक्षा तथा स्वास्थ्य सेवामा सबैको पहुँच हुन नसक्नु जस्ता परिस्थितिले नागरिकका संविधानप्रदत्त हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको उल्लेख छ। यसको साथै वैदेशिक रोजगारीमा गएका श्रमिकहरू श्रम शोषणमा पर्ने गरेको, महिला तथा बाल हिंसाका कारण जनजीवन असहज अवस्थामा रहेको, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउन नसक्दा ती वर्ग एवम् समुदायका अधिकारहरू सुनिश्चित हुन नसकेको र कोभिड १९ को कारण विश्व समुदायसँगै नेपाल पनि प्रभावित बनेको अवस्थामा जनताको स्वास्थ्य क्षेत्रमा नकारात्मक असर परेको उल्लेख गरिएको छ। प्रतिवेदनले देशको मानव अधिकारको अवस्थामा अपेक्षाकृत सुधार हुन नसकेको औंल्याउँदै भविष्यमा सुधारको अपेक्षा गरेको छ।

आयोगको प्रतिवेदनले औंल्याएका विषयको कार्यान्वयन तथा नागरिकको मानव अधिकार संरक्षण र संवर्धनमा संवेदनशील हुन आयोगले नेपाल सरकार तथा सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

२५ मङ्सिर, २०७७

**मानव अधिकार सम्मान तथा पुरस्कारको घोषणा**

राष्ट्रिय मानव अधिकार आयोगबाट प्रदान गरिँदै आएको “दयाराम स्मृति मानव अधिकार सम्मान” यस वर्ष मानव अधिकारकर्मी तथा अभियन्ता डा. रेणु अधिकारी र “मानव अधिकार पुरस्कार” पत्रकार तथा मानव अधिकारकर्मी श्री झलक गैरेलाई प्रदान गरिने निर्णय गरिएको छ। आयोगले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकार सम्मान तथा पुरस्कारको घोषणा गरेको हो।

सम्मानित हुने डा. रेणु अधिकारी महिला मानव अधिकार रक्षक सञ्जाल (ओरेक) नेपालका संस्थापक तथा लैङ्गिक समानता, लैङ्गिक न्याय र महिला हिंसाको न्यूनीकरणको अभियानमा विगत तीन दशकदेखि निरन्तर कार्य गर्दै आउनुभएको छ। पुरस्कृत हुने अर्का व्यक्ति श्री झलक गैरे नेपालगञ्जस्थित नेपालगञ्ज दैनिकको प्रधान-सम्पादक, रेडियो भेरी आवाजका स्टेशन प्रमुख, नेपाल पत्रकार महासङ्घको पूर्व केन्द्रीय सदस्य/प्रदेश संयोजक हुनुहुन्छ। श्री गैरेले पत्रकारिताको माध्यमबाट मानव अधिकारको संरक्षण र संवर्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आउनुभएको छ।

मानव अधिकारको क्षेत्रमा उहाँहरूले पुर्‍याउनुभएको योगदानलाई उच्च सम्मानका साथ आगामि दिनमा समेत मानव अधिकारको क्षेत्रमा थप योगदान पुर्‍याउनुहुनेछ भन्ने विश्वास राख्दै आयोग सम्मानित मानव अधिकार रक्षकद्वय डा. रेणु अधिकारी र श्री झलक गैरेलाई हार्दिक शुभकामना व्यक्त गर्दछ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

१२ साउन, २०७९

## आयोगमा दर्ता भएका उजुरीहरूको सङ्ख्या, निर्णय तथा पछिल्लो अवस्था

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाका उजुरीहरू दर्ता, अनुगमन, अनुसन्धान र निर्णय गरी नेपाल सरकारलाई सिफारिसहरू गर्दै आइरहेको छ । आयोगले केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा रहेका उजुरीहरू, उजुरीउपर भएका निर्णय तथा सिफारिसहरूको तथ्याङ्क प्रत्येक वर्ष अद्यावधिक गर्दै आइरहेको छ । यसै सन्दर्भमा आयोगमा हालसम्म रहेका उजुरीहरूको सङ्ख्या, उजुरीउपर आ.व. २०७८/०८९ मा आयोगबाट भएका निर्णय, फछ्र्यौट लगायतको तथ्याङ्क अद्यावधिक गरेको छ ।

आयोगमा आ.व. २०७८/२०७९ बाट जिम्मेवारी सरेर आएका निर्णय हुन बाँकी कूल उजुरी सङ्ख्या ४ हजार २ सय १४ रहेका छन् । जसमध्ये अनुसन्धान सम्पन्न भई निर्णयका लागि केन्द्रीय कार्यालयको अनुसन्धान महाशाखामा जम्मा १ हजार ५ सय ५४ र आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा अनुसन्धानरत जम्मा २ हजार ६ सय ६० उजुरीहरू रहेका छन् । आ.व. २०७८/०७९ मा आयोगले कूल ३ सय ५१ उजुरीहरू फछ्र्यौट गरेकोमा नेपाल सरकारलाई नीतिगत ६ र उजुरगत ८५ गरी कुल ९१ सिफारिस गरेको छ । फछ्र्यौट गरिएका उजुरीहरूमा ९ उजुरी खारेजी गरेको छ भने २ सय ५१ उजुरी तामेली गरेको छ । त्यस्तै गरी ६१ उजुरीहरूमा विभिन्न आदेश गरी पुनः पेस गर्ने निर्णय गरेको छ । पुनः पेससमेत गरी आ.व. २०७८/०७९ मा आयोगले कूल ४ सय १२ उजुरीहरूउपर निर्णय गरेको छ । सिफारिस गरिएका उजुरीहरूमध्ये सबैभन्दा धेरै ४२ सिफारिस आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित रहेका छन् । यस वर्ष पनि आयोगले गरेका सिफारिसहरूमा नेपाल सरकारबाट आशातित रूपमा कार्यान्वयन हुन सकेको देखिंदैन । सिफारिस कार्यान्वयनका लागि आयोगले नेपाल सरकार, व्यवस्थापिका-संसद्को मानव अधिकार समिति तथा अन्य सरोकारवालासँग निरन्तर छलफल गरेको छ ।

यसका साथै कोभिड १९, स्थानीय तह निर्वाचन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता अधिकार, कारागार र हिरासतमा मृत्यु, जातीय विभेद, सीमान्तकृत समुदायको अधिकार लगायतका विषयमा अनुगमन गरेको छ । आयोगले आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणार्थ मलेसियाको राष्ट्रिय मानव अधिकार आयोगसँग सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको मानव अधिकार समितिमा पेस गर्ने प्रतिवेदनमा विभिन्न तहमा छलफल सम्पन्न गरेको छ । आयोगले मानव अधिकार रक्षकहरूको प्रदेश स्तरीय तथा राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । भारतमा काम गर्ने आप्रवासी श्रमिकहरू, मानव अधिकारमुखी पद्धति, महिला हिंसा, आदिवासी जनजातिलगायतको विषयमा समेत आयोगले यस वर्ष अध्ययन/अनुसन्धान गरेको छ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

३० असोज २०७९

## वाङ्मय शताब्दीपुरूष सत्यमोहन जोशीको निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त

वाङ्मय शताब्दीपुरूष सत्यमोहन जोशीको १०३ वर्षको उमेरमा उपचारको क्रममा आज बिहान भएको निधनप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो शोक व्यक्त गर्दछ । जोशीको निधनले नेपाली साहित्य र संस्कृतिको क्षेत्रमा अपूरणीय क्षति पुग्नुका साथै देशले एउटा अमूल्य श्रष्टा गुमाएको छ । भाषा, साहित्य र संस्कृतिको माध्यमबााट मानव अधिकार संस्कृति विकासको लागि उहाँले पुऱ्याउनुभएको योगदानको आयोग कदर गर्दछ । स्वर्गीय जोशीको योगदान इतिहासमा स्वर्ण अक्षरमा लेखिनुका साथै सरकारबाट उच्च मूल्याङ्कन हुनेछ भन्ने आयोगले विश्वास लिएको छ ।

यस दुःखद् घडीमा राष्ट्रिय मानव अधिकार आयोग स्वर्गीय जोशीको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

४ कार्तिक, २०७९

## सुरक्षा निकायका प्रमुखहरूसँग छलफल

आगामी मङ्सिर ४, २०७९ मा हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका सन्दर्भमा भइरहेको शान्तिसुरक्षाको तयारीका बारेमा आज राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरूसँग छलफल गरेको छ ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका कार्यवाहक अध्यक्ष डा. सूर्य ढुङ्गेलले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायको भूमिका महत्त्वपूर्ण हुने बताउँदै सुरक्षा व्यवस्थामा आपसी सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो । सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरूले शान्तिसुरक्षाको वर्तमान अवस्था, विगतको निर्वाचनको सुरक्षा अनुभव, आगामी निर्वाचनमा आउनसक्ने सुरक्षा चुनौती र भइरहेको सुरक्षा तयारीको बारेमा जानकारी गराउनुभयो ।

छलफलमा आयोगका कार्यवाहक अध्यक्षका साथै माननीय सदस्यहरू मिहिर ठाकुर, मनोज दुवाडी, लिली थापा, का. मु. सचिव मुरारिप्रसाद खरेल तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बलका प्रहरी वरिष्ठ उपरीक्षक युवराज अर्याल एवम् सुरक्षा निकायका अधिकृत तथा आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२१ मङ्सिर, २०७९

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस

राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन आज सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेको छ। प्रतिवेदनमा आर्थिक वर्ष २०७८/७९ मा आयोगमा परेका उजुरीहरू, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसहरूलगायत मानव अधिकार संरक्षण र संवर्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको उल्लेख गरिएको छ। यसको साथै मानव अधिकारको संरक्षण र संवर्धनमा देखिएका चुनौतीहरू एवम् आयोगले चाल्ने भावी कदमहरूबारे समेत प्रतिवेदनमा समावेश गरिएको छ।

प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०१ उजुरीहरू दर्ता भएका छन्। मानव अधिकारसँग सम्बन्धित विषयमा २२१ पटक अनुगमन भएको छ। आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ। आयोगको सिफारिसहरूको कार्यान्वयन अवस्था हाल १५.३ प्रतिशत पूर्ण कार्यान्वयन, ३९.२ आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी रहेको छ। आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथि निर्णय भएको छ, जसमा ६ वटा नीतिगत सिफारिसहरू रहेका छन्। पुरातन र रुढीवादी मानसिकताले गर्दा नेपाली समाजको ठूलो हिस्सा ग्रसित छ। अधिकार, न्याय, स्वतन्त्रता र समानतालगायतका विषय उठान भए पनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन नसकेको अवस्थाले मानव अधिकार उपभोगमा चुनौती सिर्जना गरेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन बुझ्ने क्रममा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले मानव अधिकार र लोकतन्त्रको अवलम्बनमा नेपाल उच्चस्थानमा रहेको बताउनुभयो। उहाँले मानव अधिकार शिक्षा र संस्कृतिको विकासका लागि आयोगले शैक्षिक संस्थाहरूसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने भनाइ राख्नुभयो। प्रतिवेदन पेस गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकार प्रवर्धनसम्बन्धी १७१ कार्यक्रम सम्पन्न भएका, मलेसियामा रहेका आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि आयोगले मलेसियाको मानव अधिकार आयोगसँग समझदारी पत्रमा हस्ताक्षर गरेको, प्रेस-विज्ञप्ति तथा प्रेस-नोटमार्फत मानव अधिकार उल्लङ्घनका घटनाहरूमा नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै आइरहेको जानकारी गराउनुभयो। कार्यक्रममा आयोगका माननीय सदस्यहरू, का.मु. सचिव, सहसचिवहरूलगायत आयोगका कर्मचारीहरूको उपस्थिति थियो।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१५ चैत २०७९

## स्व. दयाराम परियारको १७औँ स्मृतिको सन्दर्भमा श्रद्धाञ्जली कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन जनकपुर सम्पर्क कार्यालयमा कार्यरत कर्मचारी दयाराम परियारको सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको १७ औँ स्मृतिको सन्दर्भमा आयोगले आज श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरेको छ । परियारको जन आन्दोलन २०६२/६३ को क्रममा जनकपुरको जनक चोकमा २०६२ चैत १२ गते सुरक्षाकर्मीको गोली लागी उपचारको क्रममा काठमाडौँको त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जमा चैत १५ गते निधन भएको थियो ।

श्रद्धाञ्जली कार्यक्रममा बोल्दै स्व. दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारको निधनले मानव अधिकारको क्षेत्रमा क्रियाशील सिङ्गो समुदाय नै जोखिममा रहेको प्रतिबिम्बित गरेको र १७औँ वर्ष पुगिसक्दा समेत न्याय प्राप्त गर्न नसकेकोमा दुःख व्यक्त गर्नुभएको थियो । यसको साथै उहाँले उक्त घटनाका दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगको ध्यानाकर्षण गराउँदै आयोगका माननीय अध्यक्ष तपबहादुर मगरलाई नौ बुँदे ज्ञापनपत्र पेस गर्नुभएको थियो । सो क्रममा आयोगका माननीय अध्यक्ष मगरले उक्त घटनाप्रति दुःख व्यक्त गर्दै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोगले हरसम्भव प्रयास गर्ने बताउनुभयो ।

श्रद्धाञ्जली कार्यक्रममा आयोगका माननीय सदस्यहरू डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल, लिली थापा, का.मु. सचिव मुरारिप्रसाद खरेल, सहसचिव डा. टीकाराम पोखरेलले स्व. दयाराम परियारको सम्बन्धमा आफ्ना भनाइ राख्नुभएको थियो । सो क्रममा आयोगका पदाधिकारी, कर्मचारी, दयाराम परियारका परिवार, आफन्त लगायत उपस्थित सहभागीहरूबाट स्व. दयाराम परियारको तस्वीरमा माल्यार्पण गर्नुका साथै एक मिनेट मौन धारण गरिएको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

९ माघ, २०७७

## नेपालको मानव अधिकारको अवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय चासो आयोगका सिफारिसहरू कार्यान्वयन गर

नेपालको विगत पाँच वर्षको मानव अधिकारको अवस्थाका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा २१ जनवरी २०२१ मा छलफल भएको छ । सो छलफलमा नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र मौलिक हक कार्यान्वयनको लागि भएका प्रयास सहितको नेपाल सरकारबाट व्यक्त धारणालाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक रूपमा लिएको छ । आयोगले उक्त समितिसमक्ष राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग संयुक्त रूपमा सो अवधिको मानव अधिकार अवस्थासम्बन्धी प्रतिवेदन यसअघि नै प्रस्तुत गरिसकेको छ ।

नेपालको मानव अधिकार अवस्थाको सुदृढीकरणका लागि विश्वका विभिन्न राष्ट्रहरूबाट प्राप्त सुझावहरूलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । महिला हिंसाको अन्त्य, जातीय विभेद, लैङ्गिक समानता, बालश्रमको अन्त्य, कारागार सुधार, आप्रवासी कामदारको अधिकार, महिला तथा बालबालिकाको बेचबिखन, महामारीमा मानव अधिकार, सङ्क्रमणकालीन न्याय, यातना, खाद्य अधिकार, शरणार्थीको अधिकार, जलवायु परिवर्तन, दिगो विकास लक्ष्यको कार्यान्वयन, मानव अधिकार राष्ट्रिय कार्य योजनाको कार्यान्वयन, राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक स्वायत्तता र सवलीकरणलगायतका विषयमा अन्तर्राष्ट्रिय समुदायबाट सुझावहरू प्राप्त भएका थिए । आयोगको स्वायत्तता र स्वतन्त्रता मानव अधिकारको पेरिस सिद्धान्तबमोजिम हुनुपर्नेलगायत आयोगले यसअघि नेपाल सरकारलाई सिफारिस गरेका सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधन, रोम विधानको अनुमोदन, आप्रवासी कामदार सम्बन्धी महासन्धि र बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धिहरूको अनुमोदन हुनुपर्ने जस्ता विषयहरूमा विश्व समुदायले चासोका साथ दिएको सुझावलाई आयोग सराहना गर्दछ । यसको साथै मानव अधिकार हननका विषयहरूमा आममाफी दिन नसकिने नेपाल सरकारको धारणालाई आयोगले महत्त्वका साथ हेरेको छ ।

नेपालको मानव अधिकारको अवस्था सुदृढीकरण तथा आयोगको स्वायत्तता र स्वतन्त्रताप्रति संवेदनशील हुँदै दिएका सुझावप्रति आयोग अन्तर्राष्ट्रिय समुदायप्रति धन्यवाद व्यक्त गर्दछ । यसको साथै आयोगका विगतका सिफारिसहरू तथा विश्वव्यापी आवधिक समीक्षाको क्रममा अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझाव तथा आयोगका सिफारिसहरूको कार्यान्वयनका लागि आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

२०७७ माघ २१

## आयोगका नवनियुक्त पदाधिकारीहरूद्वारा पदभार ग्रहण

## मानव अधिकारको संरक्षण, संवर्धन र कार्यान्वयमा सक्रियतापूर्वक लागिरहने प्रतिबद्धता

राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त अध्यक्ष श्री तप बहादुर मगर तथा सदस्यहरू डा. सूर्य ढुङ्गेल, श्री मिहिर ठाकुर, श्री मनोज दुवाडी र श्री लिली थापाले आज आयोगमा पदभार ग्रहण गर्नुभएको छ ।

यसअघि आयोगका अध्यक्षले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको समुपस्थितिमा सम्माननीय प्रधानन्यायधीश श्री चोलेन्द्रशमशेर राणा समक्ष तथा सदस्यहरूले आयोगका अध्यक्षसमक्ष राष्ट्रपति भवन शीतलनिवासमा एक समारोहबीच सपथ ग्रहण गर्नुभएको थियो । संवैधानिक परिषद्ले नेपालको संविधानको धारा २४८ को उपधारा (२) बमोजिम आयोगको अध्यक्ष तथा सदस्यमा उहाँहरूको नियुक्तिका लागि सिफारिस गरेको थियो ।

आयोगमा आयोजित पदभार ग्रहण कार्यक्रममा आयोगका अध्यक्ष तथा सदस्यहरूले मानव अधिकारको प्रभावकारी संरक्षण, संवर्धन तथा कार्यान्वयनको सुनिश्चितामा सक्रियतापूर्वक लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आजै बसेको नवनियुक्त पदाधिकारीहरूको पहिलो बैठकले पदाधिकारीमा नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक परिषद् तथा नियुक्तिका लागि सम्माननीय राष्ट्रपतिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२ फागुन, २०७७

## गङ्गामाया अधिकारीको अनसन तथा भागरथी भट्टको हत्याको अनुसन्धान सम्बन्धमा गृह सचिव, कानुन सचिव र प्रहरी महानिरीक्षकसँग छलफल

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीउपर कारबाहीको माग राखी लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको जीवन रक्षा तथा बैतडीमा बलात्कारपछि हत्या गरिएकी भागरथी भट्टको अनुसन्धान सम्बन्धमा आयोगले आज नेपाल सरकारका गृह सचिव, कानुन सचिव तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षकसँग छलफल गरेको छ ।

अनसनरत गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगको उच्चस्तरीय टोलीद्वारा अनुगमन हुँदा स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ । यसको साथै बैतडीकी भागरथी भट्टको हत्या सम्बन्धी घटनामा निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न एवम् सम्बन्धित पक्षको सुरक्षामा ध्यान दिन आयोगले यसअघि नै नेपाल सरकारलाई आग्रह गरेको स्मरण गर्दै घटनामा संलग्न दोषीको शीघ्र पहिचान गरी कानुनी दायरामा ल्याउन प्रहरी महानिरीक्षकको ध्यानाकर्षण गराएको छ ।

अममा

आज भएको छलफलमा आयोगका अध्यक्ष तपबहादुर मगरले अनसनरत गङ्गामाया अधिकारीको जीवन रक्षा गर्न आवश्यक भएकोले सरकारबाट सार्थक र प्रभावकारी पहल गर्न तथा भागरथी भट्टको हत्या सम्बन्धमा अविलम्ब सुक्ष्म, निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन नेपाल सरकारका गृह सचिव तथा प्रहरी महानिरिक्षकलाई निर्देशन दिनुभएको छ ।

छलफलका क्रममा नेपाल सरकारका कानुन सचिव ऋषिराज भण्डारी, गृह सचिव महेश्वर न्यौपाने तथा प्रहरी महानिरीक्षक शैलेश थापाले गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था गम्भीर हुँदै गएकाले सरकारका तर्फबाट आवश्यक पहल भैरहेको तथा भागरथी भट्टको अनुसन्धान प्रक्रिया सकारात्मक दिशातर्फ अगाडि बढिरहेको बताउँदै आयोगबाट प्राप्त निर्देशन र सुझावबमोजिम आफूहरू अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । छलफलमा आयोगका सदस्यहरू डा. सूर्य ढुङ्गेल, मिहिर ठाकुर, मनोज दुवाडी, लिली थापा, आयोगका सचिव वेद भट्टराई तथा अन्य कर्मचारीहरूको समेत उपस्थिति थियो ।

डा. टीकाराम पोखरेल

प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

२१ फागुन, २०७७

## आयोगको अनुगमन टोलीमाथि भएको दुर्व्यवहार सम्बन्धमा प्रमुख सचिवसँग जानकारी माग

आवास, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विभिन्न मागहरू राखी बादी समुदायद्वारा गरिएको धर्नाको अनुगमन गर्न आयोगको नेपालगञ्ज कार्यालयबाट खटिएको टोलीमाथि कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव चन्द्रमान श्रेष्ठ तथा सामाजिक विकास मन्त्रालयका सचिव लोकनाथ पौड्यालबाट दुर्व्यवहार भएको सम्बन्धमा यथार्थ विवरण उपलब्ध गराउन आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशका प्रमुख सचिव चन्द्रमान श्रेष्ठलाई पत्राचार गरेको छ ।

नेपालको संविधान र प्रचलित कानुनले निर्दिष्ट गरेको दायित्व एवम् अधिकार अनुरूप अनुगमन गर्न आयोगको नेतृत्वमा खटिएको मानव अधिकारकर्मीहरूको टोलीमाथि भएको दुर्व्यवहार सम्बन्धमा यथार्थ विवरण ३ दिन भित्र उपलब्ध गराउन नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम माग गरिएको छ ।

बादी समुदायका मागहरू एवम् सो सम्बन्धमा प्रदेश सरकारबाट गरिएको पहलबारे छलफल तथा जानकारी लिन प्रमुख सचिवको कार्यालयमा गएको अनुगमन टोलीलाई “तपाईंहरूले मागेको जानकारी दिन आवश्यक छैन । हामीले जानकारी दिन तपाईंहरू आयुक्त हो र ?” भनी आयोगको टोलीमाथि दुर्व्यवहार गरेको र प्रहरी सहायक निरीक्षक नरेन्द्र वि.सी.लाई आदेश दिई कार्यकक्षबाट बाहिर निकाल्ने प्रयास गरेको भनी आयोगमा प्रतिवेदन प्राप्त भएको छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**PRESS RELEASE**

March 7, 2021, Kathmandu

Urgent attention of the National Human Rights Commission has been drawn towards a recent Press Release of the International Commission of Jurists (ICJ), Human Rights Watch (HRW) and Amnesty International (AI) dated March 1, 2021 regarding 'an ordinance and the appointments' made by the President at the constitutional bodies in Nepal. The Press Release is entitled-"Nepal: Human Rights Commission's Integrity in Jeopardy".

While the National Human Rights Commission of Nepal (NHRC) appreciates the international community for their continued support extended to the human rights cause of Nepal, even during the period of acute rule of law deficiencies and adverse human rights situation, NHRC at the same time would like to assure the vibrant Nepali human rights defenders and the supportive world community that with its growing experiences, staffed with competent and well committed human rights officers and officials, NHRC is determined to 'protect, defend, promote and enhance human rights' in Nepal in days to come based on the rule of law, human rights principles and international standards.

However, it is very unfortunate that well known international human rights organizations like ICJ, HRW and AI have hurriedly issued a premature Press Release asking the Government of Nepal to 'withdraw an ordinance and rescind appointments' undermining the Nepal's judiciary and the highest Constitutional Body responsible to recommend nominations for the national constitutional bodies, including NHRC, knowing that there are two sub-judice cases pending at the Supreme Court which has not issued stay-order against the respondents. The press release appears not only interfering in the internal affairs of a sovereign friendly country which places human rights and rule of law at the top of its priority, but it is also questioning the sanctity and credibility of the national human rights institution of Nepal which is a party to most of the fundamental international human rights treaties. It is very surprising to note that the press release tacitly urges the international community in an indirect way not to cooperate with the NHRC which has been working hard to serve the people of Nepal in the human rights field in cooperation with the civil society and international human rights community, including UN System.

At the end we urge the responsible international human rights organizations to kindly restrain and understand that human rights does not flourish in isolation, we all will have to work together. Even the UN System works both with government and the people. Let's try to appreciate and respect each other's role and limits.

Loknath Bastola

Assistant Spokes Person (Under Secretary)

**प्रेस–नोट**

३० चैत, २०७७

## मानव अधिकार सम्मान डा. हरिहर वस्तीलाई प्रदान गर्ने निर्णय

राष्ट्रिय मानव अधिकार आयोगले हरेक वर्ष प्रदान गर्दै आएको "स्वर्गीय दयाराम परियार स्मृति मानव अधिकार सम्मान" यस वर्ष फरेन्सिक विज्ञ डा. हरिहर वस्तीलाई प्रदान गर्ने निर्णय गरेको छ । आयोगको आज बसेको बैठकले डा. हरिहर वस्तीले आयोगको शवोत्खनन् लगायत मानव अधिकारका दर्जनौं अनुसन्धान कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा सम्मान गर्ने निर्णय गरेको हो ।

सम्मानित हुनुहुने डा. हरिहर वस्तीले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा लामो समय फरेन्सिक विज्ञको रूपमा रही मानव अधिकारको संरक्षणमा योगदान पुऱ्याउँदै आउनुभएको थियो । सशस्त्र द्वन्द्वकालीन घटनाहरूको अनुसन्धानमा संलग्न रही मानव अधिकारको क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदानलाई उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा समेत मानव अधिकारको क्षेत्रमा थप योगदान पुऱ्याउनुहुनेछ भन्ने विश्वास आयोगले लिएको छ । आयोग सम्मानित हनुहुने डा. हरिहर वस्तीलाई हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछ ।

आयोगले गत वर्षको मानव अधिकार सम्मान महिला मानव अधिकार रक्षक सञ्जाल नेपालका संस्थापक तथा लैङ्गिक समानता, लैङ्गिक न्याय र महिला हिंसाको न्यूनीकरणको अभियानमा क्रियाशील अधिकारकर्मी डा. रेणु अधिकारीलाई प्रदान गर्ने निर्णय गरेको थियो ।

डा. टीकाराम पोखरेल
प्रवक्ता (सहसचिव)

**प्रेस–नोट**

३१ भदौ २०७८

## आत्महत्या रोकथाम र न्यूनीकरण सम्बन्धमा पत्राचार

खोटाङ जिल्लामा विकराल रूपमा बढ्दै गएको आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि भूमिका निर्वाह गर्ने सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश नं. १ शाखा कार्यालयले जिल्ला समन्वय समिति खोटाङमार्फत स्थानीय तहहरू, जिल्ला स्वास्थ्य कार्यालयमार्फत स्वास्थ्य सङ्घसंस्थाहरू, शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षण सङ्घसंस्थाहरू, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खोटाङ जिल्ला अदालत बार एशोसिएसन, नेपाल पत्रकार महासङ्घ र गैरसरकारी संस्था महासङ्घलाई पत्राचार गरेको छ । विश्व आत्महत्या रोकथाम दिवस सेप्टेम्बर १० को अवसरमा यही भदौ २५ गते दिक्तेलमा आयोजित 'आत्महत्या रोकथाममा सरोकारवालाहरूको भूमिका' विषयक कार्यक्रममा भएको छलफलको आधारमा ती पत्राचार गरिएको हो ।

पत्रमा आत्महत्या रोकथाम र न्यूनीकरणको लागि पालिकाहरूलाई १०, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र पेसागत सङ्घसङ्गठनहरूलाई आठ/आठ र शैक्षिक सङ्घसंस्थाहरूलाई पाँच बुँदामा ती निकायहरूबाट खेल्न सक्ने भूमिकाको बारेमा उल्लेख गरिएको छ । मुख्य रूपमा उल्लिखित निकायहरूबाट वार्षिक नीति र कार्यक्रम नै तय गरी कार्यान्वयन गर्ने, प्रत्येक वडामा मनोविमर्शकर्ताको व्यवस्था गर्ने, आयमूलक र रोजगारमूलक कार्यक्रमलाई उच्च प्राथमिकता दिने, जिल्लामा नै मानसिक रोगीहरूको उपचारको व्यवस्थाको लागि तालुक कार्यालयमा पहल गर्ने; घरेलु हिंसा, लैङ्गिक हिंसा, दुर्व्यवहार, सामाजिक बहिष्कार जस्ता घटनामा जानकारी प्राप्त हुनासाथ कारबाही अगाडि बढाउने, जिल्लामा मानसिक रोगीको उपचारको लागि विशेषज्ञ चिकित्सकसमेतको स्थायी दरबन्दीको पहल गर्ने तथा मनोविमर्श सम्बन्धमा टेलिफोनिक परामर्श सेवा सञ्चालनको पहल गर्ने सन्दर्भमा ती निकायहरूको भूमिका हुने उल्लेख गरिएको छ । यसको साथै शिक्षक र विद्यार्थीहरूबीच आत्महत्याविरुद्धका सचेतनामूलक कार्यक्रम सञ्चालन, मनोसामाजिक परामर्शकर्ताको रूपमा विद्यालयमा कम्तीमा एक जना शिक्षकलाई तालिम, आत्महत्याविरुद्धका जनचेतनामूलक कार्यक्रम सञ्चालन, मनोसामाजिक परामर्श, पीडितलाइ राहत परिचालन, निःशुल्क कानुनी सहायताको व्यवस्था र आत्महत्याको जोखिममा रहेका परिवार वा व्यक्तिको पहिचान गरी रोकथामको लागि कार्य गर्ने सन्दर्भमा पनि भूमिका रहने पत्रमा उल्लेख छ ।

जिल्ला प्रहरी कार्यालय खोटाङको तथ्याङ्क अनुसार आ.व. २०७५/०७६ देखि आ.व. २०७७/०७८ सम्म तीन वर्षमा खोटाङ जिल्लामा पुरुष १०३, महिला ५१, बालक १४ र बालिका सात जनाबाट आत्महत्या भएको छ ।

(श्यामबाबु काफ्ले)
कार्यालय प्रमुख

**प्रेस-विज्ञप्ति**
**१ मङ्सिर, २०७८**

# मानव अधिकारको संरक्षण र संवर्धनको कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त

मानव अधिकारको विश्वव्यापी मूल्य-मान्यतालाई आत्मसात गर्दै राष्ट्रिय मानव अधिकार आयोगलगायत मानव अधिकारसँग सम्बन्धित आठ वटा संवैधानिक आयोगहरूबाट मानव अधिकारको संरक्षण र संवर्धनका लागि आपसी जीवन्त सम्पर्क, समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त भएको छ। मानव अधिकारका सवालमा सहअस्तित्व, समन्वय तथा सहकार्यसम्बन्धी कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका अध्यक्ष तथा सदस्यहरूबाट संयुक्त रूपमा सो प्रतिबद्धता व्यक्त गरिएको छ।

संविधान र कानुनले दिएको कार्यादेशबमोजिम आयोगहरूबीच साझा विषयहरू पहिचान गर्दै त्यस्ता विषयहरूमा अध्ययन/अनुसन्धान, वकालत र अनुगमन गर्ने साझा संयन्त्र तथा सहकार्य कार्यविधि तयार गर्ने, मानव अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वका सवालमा साझा विषयहरूमा सहकार्य गर्ने, सबै आयोगका साझा समस्याहरूको समाधानका लागि सामूहिक वकालत गर्ने, मानव अधिकारको संरक्षण र संवर्धनका लागि गरेका असल अभ्यासहरूको आदानप्रदान गर्ने, मानव अधिकारका सवालमा सरकारको जवाफदेहिता बढाउन साझा कार्यक्रमहरू तय गर्ने, मौलिक हक तथा नागरिकका आधारभूत अधिकारको सुनिश्चितताका लागि सँगसँगै कार्य गर्ने विषयमा गहन छलफल भएको छ। यसका अतिरिक्त आयोगहरूले गरेका सिफारिसहरूको कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउन साझा रणनीति, कार्ययोजना र संयन्त्र बनाउने, समन्वय र सहकार्यका सैद्धान्तिक एवम् व्यवहारिक आधारशीला खडा गर्ने, मानव अधिकार, भाषिक, धार्मिक, जातीय, भौगोलिक, क्षेत्रीय, लैङ्गिक न्याय एवम् लैङ्गिक संवेदनशीलता र सामाजिक समावेशीतासम्बन्धी बुझाइमा एकरूपता ल्याउने तथा स्रोत र साधनको अधिकतम सदुपयोग र मितव्ययी हुँदै क्षमता सवलीकरण र संस्थागत सुदृढीकरणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरूको खोजी गरी क्षमता अभिवृद्धि गर्ने लगायतका विषयमा आयोगहरू बीच सहमति भएको छ।

संवैधानिक आयोगहरूको काम कर्तव्य र अधिकार, आयोगहरू बीच विषयगत अधिकारका सवालमा द्विपक्षीय तथा बहुपक्षीय सहकार्य, मानव अधिकार अनुगमनका सैद्धान्तिक, व्यवहारिक भोगाइ तथा सिकाइ, मानव अधिकारका विषयमा अध्ययन अनुसन्धान तथा नयाँ आयामका विषयको पहिचान, अन्तर्राष्ट्रियस्तरमा पेस हुने प्रतिवेदन, सिफारिस कार्यान्वयनको अवस्था, चुनौती र साझा रणनीति तथा साझा संयन्त्र निर्माण सम्बन्धमा आयोगहरू बीच गहन छलफल भएपश्चात् सहकार्य र समन्वयलाई अझ प्रभावकारी बनाउने निष्कर्षमा पुगिएको छ।

मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूको थप सुदृढीकरणका लागि राज्यका निकायहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले यी आयोगहरूलाई आवश्यक सहयोग पुऱ्याउने छन् भन्ने अपेक्षा गरिएको छ । यसको साथै जनअपेक्षा, जनभावना र अधिकारलाई सशक्तीकरण, सुदृढीकरण र सुनिश्चितता गर्न संवैधानिक आयोगहरूबाट भगिरथ प्रयास गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

तपबहादुर मगर, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

कमला पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोग

देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग

डा. रामकृष्ण तिमल्सिना, अध्यक्ष, राष्ट्रिय समावेशी आयोग

रामबहादुर थापामगर, अध्यक्ष, आदिवासी जनजाति आयोग

डा. विजय दत्त, अध्यक्ष, मधेशी आयोग

विष्णुप्रसाद चौधरी, अध्यक्ष, थारु आयोग

समिम मियाँ अन्सारी, अध्यक्ष, मुस्लिम आयोग

**प्रेस–विज्ञप्ति**

३० कार्तिक, २०७८

## समयमै न्याय पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न आग्रह

विगत दुई हप्तादेखि सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणलगायत नियमित मुद्दाहरूको सुनुवाई सुचारु हुन नसकेको र यसबाट सर्वसाधारणको छिटोछरितो न्याय पाउने अधिकारको उपभोगमा समेत बाधा उत्पन्न भएको सन्दर्भमा संवैधानिक आयोगका पदाधिकारीको ध्यान आकृष्ट भएको छ। बार र बेञ्चको सहकार्य, सहअस्तित्व र समन्वयमा मात्र प्रभावकारी न्याय-सम्पादन हुने हुँदा त्यसको विपरीत बार र बेञ्च बीच फाटो आउनु दुर्भाग्यपूर्ण छ। मुलुकको वर्तमान न्यायिक परिदृश्यबाट संविधान, संविधानवाद, कानुनको शासन, नागरिकको मानव अधिकार र मौलिक हकको उपभोगमा नै बाधा अवरोध पुगेको छ। यस प्रकारको बाधा अवरोध जहाँबाट भए पनि राम्रो मान्न सकिँदैन।

अदालतमा प्रधानन्यायाधीश र न्यायाधीशहरू न्याय-सम्पादनका लागि बराबर जिम्मेवार छन्। प्रधान न्यायाधीश, न्यायाधीश, न्यायालयका कर्मचारी र बारको समष्टि नै न्यायालय हो। न्यायालयमा यस प्रकारका विवाद वा समस्या उत्पन्न हुँदा संविधान र लोकतन्त्र उपर नै चुनौती आउने हुँदा समस्या समाधानको लागि विधिसम्मत, संविधानसम्मत र न्यायसंगत मार्ग अवलम्बन गर्नु बाहेक अर्को विकल्प छैन। यस विषम परिस्थितिमा सबै सरोकारवालाहरूले आआफ्ना अडानमा लचिलो भई न्याय र जनताका हितका लागि आफ्नो असहमतिका कारणबाट सिर्जना भएका विवादबाट पछि हटेर वर्तमान समस्याको समाधान खोज्नु राष्ट्रिय हितमा छ।

अतः न्याय निरुपण गर्ने देशको सर्वोच्च संस्थामा देखापरेको वर्तमान गतिरोधको समस्याको जरो पहिल्याउन, दीर्घकालीन असर पर्ने यस प्रकारका विवाद समाधानमा गम्भीर हुन, यस प्रकारका विवादले संविधान मात्र नभई लोकतन्त्र उपर नै खतरा आउन सक्ने कुरालाई आत्मसात गर्न, हरेक समस्याको निकास संविधान र कानुनबमोजिम नै संभव छ भन्ने कुरालाई हृदयङ्गम गर्न एवम् वार्ता र संवादको माध्यमबाटै गतिरोधको अन्त्य गर्दै नियमित रूपमा मुद्दाको सुनुवाइ हुने वातावरण सिर्जना गरी समयमै न्याय पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न हामी सम्बद्ध सबै पक्षलाई विनम्र अनुरोध गर्दछौं।

**आयोगहरूको तर्फबाट**

तपबहादुर मगर, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

कमला पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोग

देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग

डा. रामकृष्ण तिमल्सिना, अध्यक्ष, राष्ट्रिय समावेशी आयोग

रामबहादुर थापामगर, अध्यक्ष, आदिवासी जनजाति आयोग

डा. विजय दत्त, अध्यक्ष, मधेशी आयोग

विष्णुप्रसाद चौधरी, अध्यक्ष, थारु आयोग

समिम मियाँ अन्सारी अध्यक्ष, मुस्लिम आयोग
डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग
मिहिर ठाकुर, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग
मनोज दुवाडी, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग
लिली थापा, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग
कृष्णकुमारी पौडेल खतिवडा, सदस्य, राष्ट्रिय महिला आयोग
विद्याकुमारी सिन्हा, सदस्य, राष्ट्रिय महिला आयोग
जया घिमिरे, सदस्य, राष्ट्रिय महिला आयोग
सावीत्रा कुमारी शर्मा, सदस्य, राष्ट्रिय महिला आयोग
मीनादेवी सोव, सदस्य, राष्ट्रिय दलित आयोग
टुन्जे कामी (बराइली), सदस्य, राष्ट्रिय दलित आयोग
मेहल पार्की, सदस्य, राष्ट्रिय दलित आयोग
सुन्दर पुर्कुटी, सदस्य, राष्ट्रिय दलित आयोग
विष्णुमाया ओभा, सदस्य, राष्ट्रिय समावेशी आयोग
हरिदत्त जोशी, सदस्य, राष्ट्रिय समावेशी आयोग
पुष्पराज तिमिल्सिना, सदस्य, राष्ट्रिय समावेशी आयोग
मानप्रसाद खत्री, सदस्य, राष्ट्रिय समावेशी आयोग
डा. मीनबहादुर श्रीस, सदस्य, आदिवासी जनजाति आयोग
रीना राना, सदस्य, आदिवासी जनजाति आयोग
शरण राई, सदस्य, आदिवासी जनजाति आयोग
सूर्यबहादुर गुरुङ, सदस्य, आदिवासी जनजाति आयोग
जीवछ साह, सदस्य, मधेशी आयोग
विजयकुमार गुप्ता, सदस्य, मधेशी आयोग
रेणुदेवी साह, सदस्य, मधेशी आयोग
आभाकुमारी सिंह, सदस्य, मधेशी आयोग
सुबोध सिंह थारू, सदस्य, थारु आयोग
भोलाराम चौधरी, सदस्य, थारु आयोग
डा. उमाशंकर प्रसाद चौधरी, सदस्य, थारु आयोग
शान्ति मोदी, सदस्य, थारु आयोग
महमदिन अली, सदस्य, मुस्लिम आयोग
मिर्जा अर्सद बेग, सदस्य, मुस्लिम आयोग
मोहम्मद समशुल हक, सदस्य, मुस्लिम आयोग

**प्रेस–नोट**

२३ मङ्सिर, २०७८

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस
## मानव अधिकारको अवस्था सन्तोषजनक हुन नसकेको निष्कर्ष

राष्ट्रिय मानव अधिकार आयोगले आ. व. २०७७/२०७८ को वार्षिक प्रतिवेदन आज सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेको छ । संविधानको धारा २९४ (१) बमोजिम उक्त प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरिएको हो । प्रतिवेदनमा आ. व. २०७७/२०७८ मा आयोगमा परेका उजुरीहरू, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसहरूलगायत मानव अधिकार संरक्षण र संवर्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको उल्लेख गरिएको छ । यसको साथै मानव अधिकारको संरक्षण र संवर्धनका लागि आगामी दिनमा गरिनुपर्ने सुधारसम्बन्धी विवरणसमेत प्रतिवेदनमा समावेश छ ।

प्रतिवेदन बुझ्ने क्रममा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले समाजमा अझै पनि जातीय विभेद, महिला हिंसा, बोक्सीको आरोपमा कुटपिट तथा अमानवीय व्यवहार, छाउपडी जस्ता मानव अधिकार उल्लङ्घनका घटनाहरू भइरहेको बताउँदै यस प्रकारका घटनाहरू दोहोरिन नदिनका लागि आर्थिक उन्नति, शिक्षा तथा चेतना अभिवृद्धिमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

प्रतिवेदन पेस गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मुलुकमा बाल विवाह, महिला हिंसा, मानव बेचबिखन जस्ता समस्याहरूको विद्यमानता, पीडितहरूको न्यायमा पहुँच सरल, सहज र सुरक्षित हुन नसक्नु, समाजमा जातीय भेदभाव कायम रहनु र स्वास्थ्य सेवामा सबैको पहुँच हुन नसक्नुबाट संविधानप्रदत्त हक अझै सहज रूपमा नागरिकले उपभोग गर्न नसकेको बताउनुभयो । यसको साथै आप्रवासी कामदारहरूमाथि श्रम शोषण, यौन शोषण, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यक तथा प्राकृतिक प्रकोप, बाढी र भूकम्पबाट प्रभावितहरूको मानव अधिकार अवस्थामा सन्तोषजनक सुधार हुन नसकेको हुँदा अवस्था सुधारका लागि राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा आयोगका माननीय सदस्यहरू, का.मु. सचिव, सहसचिवहरू, उपसचिवलगायत आयोगका कर्मचारीहरूको उपस्थिति थियो । सो अवसरमा आयोगका माननीय अध्यक्षले व्यक्त गर्नुभएको मन्तव्य यसैसाथ संलग्न गरिएको छ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

८ असार, २०८०

# भ्रष्टाचार नियन्त्रण, सुशासन र मानव अधिकारको लागि सरोकारवाला बीच समन्वय आवश्यक

राष्ट्रिय मानव अधिकार आयोगले आज भ्रष्टाचार नियन्त्रण, सुशासन र मानव अधिकारमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया सम्पन्न गरेको छ । अन्तरक्रियाका वक्ताहरूले भ्रष्टाचारको नियन्त्रण, सुशासन र मानव अधिकारको सुनिश्चितताका लागि सरोकारवाला बीच समन्वयात्मक पहल हुनु आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले भ्रष्टाचारको विषय मानव अधिकारको उपभोगमा प्रत्यक्ष रूपमा जोडिने हुनाले आयोगले प्राथमिकताका साथ कार्य गर्ने बताउनुभयो । यसको साथै भ्रष्टाचारले मानव अधिकारको उपभोगमा पर्न जाने असरको न्यूनीकरणका लागि आयोग सरोकारवालाको साथ लिएर क्रियाशील हुने जानकारीसमेत उहाँले गराउनु भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले भ्रष्टाचार, सुशासन र मानव अधिकार एवम् यसको कार्यान्वयनमा देखिएका चुनौतीहरूबारे प्रस्तुतिकरण गर्नुभएको थियो । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि कानुन र संरचनाहरू रहेको तर राजनीतिक नेतृत्व र प्रशासनिक उदासिनताले भ्रष्टाचारविरुद्धका कानुनहरू कार्यान्वयनमा आउन नसकेकोले संविधान, कानुन एवम् राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कागजी रूपमा सीमित रहेको बताउनुभयो । वित्तीय शासन र यसका चुनौतीहरूबारे प्रस्तुतिकरण गर्दै पूर्वमहालेखापरीक्षक टंकमणि शर्माले नेपालमा भ्रष्टाचारले महामारीको रूप लिँदै गएकोले सोहीबमोजिमको उपचार प्रणाली अपनाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका वक्ताहरूले पछिल्ला दिनमा नीतिगत भ्रष्टाचार मौलाउँदै गएकोमा चिन्ता व्यक्त गर्दै यसको नियन्त्रणका लागि भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा जिम्मेवार निकाय, क्रियाशील सङ्घ-संस्था एवम् अधिकारकर्मीहरू सबै सरोकारवालाहरूको समन्वयात्मक पहल हुनु आवश्यक रहेको बताए । उनीहरूले न्यायिक क्षेत्रमा हुने भ्रष्टाचारका कारण पीडितले न्याय पाउन नसकेको, विकास व्यवस्थापनमा हुने भ्रष्टाचारका कारण विकास निर्माणका कामहरू समयमै सम्पन्न हुन नसकेको, व्यवस्थापिकाले समयमै कानुन बनाउन नसकेको एवम् नीतिगत भ्रष्टाचारका कारण मुलुकको आर्थिक अवस्था कमजोर बन्दै गइरहेको विषयलाई उठाउँदै यसको नियन्त्रण गर्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिएका थिए । आगामी दिनमा विज्ञहरू सम्मिलित एक समिति बनाइ भ्रष्टाचार र मानव अधिकारको क्षेत्रमा कार्य गर्नुपर्ने सुझाव समेत सहभागीहरूबाट आयोगलाई प्राप्त भएको छ ।

आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न विषयगत संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधिहरू, आयोगका पदाधिकारी र कर्मचारीहरू एवम् भ्रष्टाचार नियन्त्रणमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१ साउन, २०८०

## रोम विधान अनुमोदन गर्न आयोगको आग्रह

फौजदारी न्यायसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (जुलाई, १७) को अवसरमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन प्रक्रिया तत्काल अघि बढाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

रोम विधान अन्तर्गत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित युद्ध अपराध, आम नरसंहार, मानवताविरुद्धको अपराध र प्रत्याक्रमणजस्ता गम्भीर अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्यायको सुनिश्चित गर्न मार्ग प्रशस्त गर्दछ । मानव अधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको माध्यमबाट पीडितलाई न्याय सुनिश्चित गर्न र दोषीलाई जवाफदेही बनाउने सन्दर्भमा रोम विधान कोशेढुङ्गाको रूपमा रहेको छ ।

यस सम्बन्धमा अध्ययन गरी उक्त विधान अनुमोदन गर्न आयोगले वि.सं. २०६५ साउन २२ गते नेपाल सरकारलाई पत्राचार गरेको व्यहोरा स्मरण गराउँदै दण्डहीनतालाई प्रश्रय दिने किसिमका कानुन निर्माणको कार्य नरोकिएकोमा आयोग गम्भीर चिन्ता व्यक्त गर्दछ । विधानको अनुमोदन सम्बन्धमा तत्कालिन प्रतिनिधिसभाले वि.सं. २०६३ साउन ३ गते पारित गरेको सङ्कल्प प्रस्ताव, सर्वोच्च अदालतले वि.सं. २०५९ को रिट नं. २९४२ मा मानवीय कानुन बनाउन दिएको निर्देशन अझै कार्यान्वयन हुन नसक्दा दण्डहीनताले थप प्रश्रय पाउने देखिन्छ ।

अतः आयोगले विगतमा गरेका सिफारिस, प्रतिनिधि सभाबाट पारित संङ्कल्प प्रस्ताव र सर्वोच्च अदालतको आदेशबमोजिम रोम विधान अनुमोदन गरी कानुनी शासन स्थापित गर्न र मानव अधिकार संस्कृतिको निर्माणमा संवेदनशील हुन आयोग नेपाल सरकारलाई पुनः स्मरण गराउँदछ ।

श्यामबाबु काफ्ले

उपसचिव/सहायक प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१५ साउन, २०८०

## न्यायालयहरूमा समयमै न्यायाधीश नियुक्ति गर्न आग्रह

न्यायालयहरूमा लामो समयदेखि दरबन्दीबमोजिम न्यायाधीशहरूको नियुक्ति हुन नसक्दा छिटोछरितो न्याय प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको प्रचलनमा पर्न गएको असरप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सर्वोच्च अदालतमा विगतमा लामो समय प्रधानन्यायाधीश पद रिक्त रहेको तथा पुनः रिक्त हुने अवस्था सिर्जना हुन लागेको एवम् सर्वोच्च अदालत र उच्च अदालतमा समेत रिक्त रहेका न्यायाधीशहरूको नियुक्ति प्रक्रियाका लागि नेपाल सरकारबाट समयमै पहल हुन नसक्दा न्याय निरुपणमा बाधा परेको देखिन्छ । यसबाट छिटो छरितो न्याय पाउने नागरिकको अधिकारको उपभोगमा प्रत्यक्ष असर परिरहेको छ । समयमै न्याय प्राप्त गर्न पाउनु मानव अधिकार, कानुनी शासन र लोकतन्त्रको मूल मर्म हो भने स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकामार्फत नागरिकलाई छिटोछरितो रूपमा न्याय प्रदान गर्नु राज्यको दायित्व रहेको हुन्छ । तर दरबन्दीबमोजिम समयमै न्यायाधीश नियुक्ति हुन नसक्दा सबै सर्वसाधारण नागरिकको विशेष गरी न्यायिक अधिकारको उपभोगमा अवरोध सिर्जना भएको छ ।

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवम् कानुनी राज्यको अवधारणा संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको छ । त्यसैगरी छिटो छरितो न्याय प्रशासनको नीति अवलम्बन गर्ने संवैधानिक प्रावधान रहेको छ । संविधानको धारा २८४ (३) मा संवैधानिक परिषद्ले प्रधान न्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने उल्लेख गरिएको छ । न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त, १९८५ ले स्वतन्त्र र सक्षम न्यायपालिकाबाट स्वच्छ सुनुवाई गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता गरेको छ । न्यायिक आचरणसम्बन्धी बैंङ्गलोर घोषणापत्र तथा नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १७ ले न्याय प्रक्रियामा अनुचित ढिलाइ गर्न नहुने कुराको उल्लेख गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ७ र ८ मा समान कानुनी संरक्षण र उपचारको उल्लेख छ । यसतर्फ राज्यका सम्बन्धित निकायले ध्यान दिन नसक्दा अदालतमा न्याय निरुपणका लागि परेका हजारौँ उजुरीहरू अनिश्चित रूपमा थन्किरहेका छन् ।

अत : नागरिकको छिटो छरितो न्याय प्राप्त गर्ने अधिकारको सम्मान गर्दै संवैधानिक व्यवस्थाबमोजिम प्रधान न्यायाधीश नियुक्ति प्रक्रियालाई समयमै अगाडि बढाउन एवम् अन्य सबै अदालतहरूमा न्यायाधीशहरूको नियुक्तिमा संवेदनशील हुन आयोग नेपाल सरकार तथा सम्बन्धित निकायको गम्भीर ध्यानार्षकण गराउँदछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस विज्ञप्ति**

२६ भदौ, २०८०

## संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको ७१ वर्षको उमेरमा गएराति भएको निधनप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । नेम्वाङले वि. सं. २०६४ र २०७० सालमा सम्पन्न संविधानसभाको निर्वाचनपश्चात् संविधानसभाको अध्यक्षको रूपमा रही नेपालको संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । विधिको शासन, लोकतन्त्र र मानव अधिकारप्रति सदैव प्रतिबद्ध रही राष्ट्रिय मानव अधिकार आयोगको स्थापना, ऐन निर्माण र संशोधनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका नेम्वाङ सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने विषयप्रति सदैव चिन्तित हुनुहुन्थ्यो । नेम्वाङले मानव अधिकारको संरक्षण, संवर्धन र यस आयोगको संस्थागत सुदृढीकरणमा पुऱ्याउनुभएको योगदानको आयोग कदर गर्दछ ।

यस दुःखद् घडीमा राष्ट्रिय मानव अधिकार आयोग स्वर्गीय नेम्वाङको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस नोट**

१९ भदौ, २०८०

## आयोगका पदाधिकारी र प्रधानमन्त्रीबीच भेटघाट तथा छलफल पेरिस सिद्धान्तबमोजिम हुने गरी नयाँ ऐन निर्माण गर्ने प्रतिबद्धता

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरसहितका पदाधिकारीहरूबाट आज सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटघाट गरी नेपालको मानव अधिकारको अवस्था, मानव अधिकार आयोगको नयाँ ऐन निर्माण र मानव अधिकार आयोगको स्तर निर्धारणको विषयमा छलफल भएको छ ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका माननीय अध्यक्षले आयोगले हालसम्म प्राप्त गरेको स्तर 'क' श्रेणी कायम राख्नको लागि राष्ट्रिय मानव अधिकार आयोग ऐनमा पेरिस सिद्धान्तबमोजिम हुने गरी आर्थिक स्वायत्तता, पदाधिकारीहरूको नियुक्ति, कर्मचारीहरूको वृत्ति विकासको सुनिश्चिततालगायतका विषयलाई समेट्नुपर्ने र यसका लागि सम्माननीय प्रधानमन्त्रीबाट आवश्यक पहल हुनुपर्ने भनाइ राख्नुभयो । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले आयोगको स्तर 'क' श्रेणीमै कायम राख्नको लागि आवश्यक पहल गर्ने बताउँदै पेरिस सिद्धान्तबमोजिम हुने गरी राष्ट्रिय मानव अधिकार आयोगको नयाँ ऐन निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

छलफलमा आयोगका माननीय सदस्यहरू डा. सूर्य ढुङ्गेल, मिहिर ठाकुर, मनोज दुवाडी, लिली थापा, नेपाल सरकारका मुख्य सचिव वैकुण्ठ अर्याल, आयोगका का.मु.सचिव मुरारिप्रसाद खरेल, सहसचिव डा. टीकाराम पोखरेल र मानव अधिकार अधिकृत दुर्गा पोखरेलको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१९ असोज २०८०

## कैद माफी मिनाहा सम्बन्धमा प्रधानमन्त्रीलाई आयोगको पत्राचार

जघन्य अपराधमा अदालतबाट दोषी ठहर गरी जन्मकैदको सजाय भोगिरहेका व्यक्तिलाई संविधान दिवसको अवसरमा नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४) को खण्ड (घ) एवम् मानव अधिकारको मूल्य-मान्यता विपरीत हुने गरी कैद माफी मिनाहा गरिएको विषयमा आयोगले आज सम्माननीय प्रधानमन्त्रीज्यूलाई पत्राचार गरेको छ । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरद्वारा हस्ताक्षर गरिएको पत्रको बिस्तृत व्यहोरा तपसिलबमोजिम रहेको छः

**तपसिल**

**"विषय : कैद माफी मिनाहा सम्बन्धमा**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारबाट विगत केही समय अघिदेखि अदालतबाट कसूर ठहर गरी सर्वस्वसहित जन्मकैद गरेका फौजदारी मुद्दाहरूमा सजाय माफी मिनाहा दिने कार्य निरन्तर भइरहेको र मुख्य रूपमा त्यस प्रकारको माफी मिनाहा कुनै न कुनै रूपमा राजनैतिक पहुँच वा सम्बन्ध भएका व्यक्तिहरूले पाउने गरेको भनी विभिन्न सञ्चार-माध्यमहरूमा प्रकाशित समाचार तथा पीडित पक्षबाट आउने गरेका गुनासाहरूप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राजनीतिक पहुँचकै आधारमा माफी मिनाहा पाउने अवस्थाले न्यायपूर्ण वातावरण सिर्जना हुन नसक्ने, मौलिक हकको रूपमा रहेको अपराध पीडित व्यक्ति वा परिवारको अधिकार कुण्ठित हुने, आपराधिक प्रवृत्ति बढ्दै जाने, दण्डहीनताले प्रश्रय पाउने, सर्वसाधारणमा राज्यप्रति वितृष्णा उत्पन्न भई शासन व्यवस्थामाथि नै प्रश्न खडा हुने र राज्यका निकायहरूप्रति नागरिकको विश्वास खस्कन गई त्यस्ता संस्थाहरू विवादित हुँदै जाने संभावना रहन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४) को खण्ड (घ) मा नियन्त्रणमा लिई ज्यान मारेको मुद्दा फिर्ता लिन नमिल्ने भनी स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै सो विपरीत सरकारले पछिल्लो पटक संविधान दिवसको दिन २०८० असोज ३ गते नेपालगञ्जका चेतन मानन्धरको हत्यामा संलग्न रिगल भनिने योगराज ढकाललाई माफी मिनाहा दिएको देखिन्छ । 'मृतक चेतन मानन्धरलाई घेरा हाली भाग्न उम्कन नदिई समाती रिगल ढकालले खुँडा प्रहार गरी हत्या गरेको' भनी बाँके जिल्ला अदालतले मिति २०७५/१/११ गते गरेको फैसलामा उल्लेख भएको देखिन्छ । साथै उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलाशको मिति २०७६/१०/२८ को पुनरावेदन फैसलामा पनि 'रिगल ढकाल समूहको क्रियाकलापको विरोध गरेकै कारण आफ्नो बर्चश्व राख्न विरोधी सिध्याउने पूर्वयोजना तयारी साथ मिति २०७२/३/२० गते देखि नै योजनाबद्ध रूपमा तयार रही वारदात घटाएको र वारदातमा खुँडा प्रहार गर्ने रिगल ढकाल भएको मिसिल संलग्न कागजातबाट पुष्टि भएको' भनी उल्लेख छ ।

सोही फैसलामा 'यी प्रतिवदीहरू (रिगल ढकाल समेत) ले पूर्वयोजना तयारीका साथ प्रस्तुत वारदात घटाएको अपराधले कानुनी शासनको उपहास भएको र मिसिलबाट खुली देखिन आएको वारदात पिक्चराइजड गर्दा अन्त्यन्त अमानवीय क्रूर तरिकाले पूर्व मनसाय, तयारीका साथ वारदात घटाएको' भनी उल्लेख भएको अवस्था स्पष्ट हुँदाहुँदै निज रिगल ढकाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९(४) को खण्ड (घ) विपरीत माफी मिनाहा दिएको पाइएको छ।

उल्लिखित अवस्थामा निज रिगल ढकालललाई मुलुकी कार्यविधि संहिता ऐन जारी हुनुपूर्व कायम रहेको कारागार नियमावली, २०२० को नियम २९ (१) को आधार लिई माफी दिने कार्य मानव अधिकारको दृष्टिकोणबाट उपयुक्त देखिएन । जसबाट नेपालको संविधानको धारा २१ मा व्यवस्था भएको अपराध पीडितको हक, अपराध पीडित संरक्षण ऐन, २०७४ को दफा ४ बमोजिमको पीडितको फौजदारी न्यायिक प्रक्रियामा स्वच्छ र सम्मानजनक व्यवहार पाउने, दफा ५ बमोजिमको कुनै पनि आधारमा विभेदपूर्ण व्यवहार व्यहोर्नु नपर्ने, दफा १० बमोजिमको पीडितले शङ्कास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति समेतको आक्रमणबाट सुरक्षित हुन पाउनेलगायतका अधिकारहरूको उल्लङ्घन हुन गएको छ।

अतः पीडितको न्याय पाउने अधिकारको सुनिश्चित गर्न र दण्डहीनतालाई प्रश्रय दिने यस प्रकारका कार्य हुन नदिन सम्माननीयज्यूबाट सम्बन्धित निकायलाई निर्देशन हुन र गणतन्त्र दिवस तथा संविधान दिवसको दिन सम्माननीय राष्ट्रपतिज्यूबाट माफी मिनाहा भएका व्यक्तिहरूको बिस्तृत विवरण यस आयोगलाई उपलब्ध गराइदिन सम्बन्धित निकायमा निर्देशन हुन समेत अनुरोध गर्दछु।" पत्रमा भनिएको छ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२२ असोज, २०८०

## आयोगका पदाधिकारी सहितको टोलीद्वारा सङ्घीय संसद्का सम्माननीय सभामुख देवराज घिमिरेसँग भेटघाट तथा छलफल

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर नेतृत्वको पदाधिकारी सहितको टोलीले आज सङ्घीय संसद्का सम्माननीय सभामुख देवराज घिमिरेसँग सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भेट गरी छलफल गरेको छ ।

सभामुखसँगको भेटमा राष्ट्रिय मानव अधिकार आयोग नेपालको स्तर 'ए' श्रेणी कायम गर्ने र मानव अधिकार आयोग ऐन तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक हाल संसद्को मानव अधिकार समितिमा विचाराधीन रहेको अवस्थामा आयोगले दिएका सुझावका सम्बन्धमा समेत छलफल भएको थियो । सम्माननीय सभामुख देवराज घिमिरेले नेपालको राष्ट्रिय मानव अधिकार आयोगको स्तर 'ए' श्रेणीमा नै कायम राख्ने सम्बन्धमा संसद्ले सक्दो पहल गर्ने एवम् यस विषयमा नेपाल सरकारसँग समेत समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसको साथै उहाँले सङ्क्रमणकालीन न्याय एवम् राष्ट्रिय मानव अधिकार आयोग ऐनसम्बन्धी संशोधन विधेयकमा आयोगका सुझावहरूलाई समावेश गरेर अगाडि बढ्ने बताउनुभयो । आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले यस सम्बन्धमा आयोगले गरिरहेका प्रयास र हालको स्थितिबारे जानकारी गराउनुभयो । आयोगका माननीय सदस्य डा. सूर्य ढुङ्गेलले एशिया प्रशान्त मञ्च (APF) र राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (GANHRI) सँग आयोगले गरेका छलफल तथा पहलहरूबारे जानकारी गराउनुभयो ।

छलफलमा आयोगका माननीय सदस्य मनोज दुवाडी, का.मु. सचिव मुरारिप्रसाद खरेल र मानव अधिकार अधिकृत खिमानन्द बस्यालको समेत सहभागिता रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२६ असोज २०८०

# राष्ट्रिय मानव अधिकार आयोगको काम कारबाही तथा भावी योजना सम्बन्धमा छलफल

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू र प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समिति बीच आज राष्ट्रिय मानव अधिकार आयोगको कामकारबाही तथा भावी योजना सम्बन्धमा सङ्घीय संसद्को मानव अधिकार समितिमा छलफल भएको छ ।

छलफलको क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संरक्षण र संवर्धनमा आयोग निरन्तर क्रियाशील रहेको बताउँदै उजुरीउपर छानबिन, कारबाही, सिफारिस, तथा विभिन्न विषयमा अनुगमन लगायतका कार्यहरू भइरहेको जानकारी गराउनुभयो । उहाँले पेरिस सिद्धान्तबमोजिम हुने गरी राष्ट्रिय मानव अधिकार आयोग ऐनको निर्माण गरी कर्मचारीको सेवा सुविधा, संस्थागत सुदृढीकरणलगायतका विषय सम्बोधन हुन आवश्यक रहेको बताउनुभयो । सङ्क्रमणकालीन न्यायका साथै मानव अधिकारका नविनतम आयामहरूलाई केन्द्रबिन्दुमा राखी आयोग अगाडि बढिरहेको भनाइ उहाँले राख्नुभयो । आयोगका माननीय सदस्य डा. सूर्य ढुंगेलले आयोगको स्तर निर्धारण र सङ्क्रमणकालीन न्यायको सम्बोधनका विषयमा आफ्ना धारणा राख्नुभयो । आयोगका माननीय सदस्य लिली थापाले आयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति तयार गरी लागू, आयोगमा अभिलेखालय केन्द्र स्थापना र मानव अधिकार रक्षकहरूको सुरक्षासम्बन्धी नीति तयार गरिएको बताउनुभयो । कानुनमन्त्री धनराज गुरुङले आयोगको ऐन निर्माणको कार्यलाई सरकारले तदारुकताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लीलादेवी गर्तौलाले पेरिस सिद्धान्तबमोजिम हुने गरी राष्ट्रिय मानव अधिकार आयोगको ऐन निर्माण प्रक्रिया तथा हालसम्मको प्रगतिबारे जानकारी गराउनुभयो ।

छलफलको अन्त्यमा कानुन, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति विमला सुवेदीले आयोगको ऐन संविधान अनुकूल एवम् अन्तर्राष्ट्रिय मापदण्डबमोजिम निर्माण गर्न प्रस्ताव पेस गर्न सरकारलाई निर्देशन दिनुभयो । माननीय सांसदहरूले आयोगको सिफारिस कार्यान्वयन चिन्ताजनक रहेको, छुवाछूत तथा विभेदका घटनाहरूमा आयोगले छानबिन गरेको भए पनि निर्णय हुन नसकेकोमा चासो व्यक्त गर्नुका साथै आयोगको स्तर 'ए' श्रेणी कायम गर्ने विषयमा समिति प्रतिबद्ध रहेको भनाइ राख्नुभएको थियो ।

छलफलमा सङ्घीय संसद्का माननीय सदस्यहरू सन्तोष परियार, जीवन परियार, सोविता गौतम, रञ्जु ठाकुर, सुशिला थिङ, चन्द्रबहादुर विष्ट, पूर्णबहादुर घर्ती तथा आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेल र सहसचिव डा. टीकाराम पोखरेल समेतको सहभागिता रहेको थियो ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२ कात्तिक, २०८०

## दशैँ बिदामा आयोग खुला रहने

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू आगामी दशैँ बिदामा बिहान ११.०० बजेदेखि दिउँसो २.०० बजेसम्म खुला रहनेछन् । आम नागरिकको मानव अधिकारको संरक्षणको कार्यलाई ध्यानमा राखी विगतमा भैँ यस वर्षको बिदाका दिनमा पनि कार्यालय खुला राख्ने व्यवस्था मिलाएको हो । यस अवधिमा आयोगले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा उजुरी लिने तथा आवश्यकता अनुसार गम्भीर प्रकृतिका घटनाहरूमा आकस्मिक अनुगमनसमेत गर्नेछ ।

यसको साथै आसन्न दशैँ, तिहार तथा छठ पर्व २०८० को पावन अवसरमा आयोग सबैमा शुभकामना व्यक्त गर्दछ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

२४ कात्तिक, २०८०

## तिहार तथा छठ बिदामा आयोग खुला रहने

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू आगामी तिहार तथा छठ बिदामा बिहान ११.०० बजेदेखि दिउँसो २.०० बजेसम्म खुला रहनेछन् । आम नागरिकको मानव अधिकारको संरक्षणको कार्यलाई ध्यानमा राखी विगतमा झैँ यस वर्षको बिदाका दिनमा पनि कार्यालय खुला राख्ने व्यवस्था मिलाएको हो । यस अवधिमा आयोगले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा उजुरी लिने तथा आवश्यकता अनुसार गम्भीर प्रकृतिका घटनाहरूमा आकस्मिक अनुगमन समेत गर्ने छ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस-विज्ञप्ति**

१७ मङ्सिर, २०८०

## आयोगको धारणा

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मिहिर ठाकुरले विगत केहि दिनदेखि आयोगका कर्मचारीहरू, आयोगको कार्यप्रक्रियालगायतका विषयलाई लक्षित गरी निरन्तर सामाजिक सञ्जाल फेसबुकमा लेख्दै आएका विर्षयहरूले आयोग, पदाधिकारीहरू, पूर्वपदाधिकारीहरू, कमर्चारीहरूको गरिमा र मर्यादामाथि असर पर्न गएकोमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

पछिल्लो समय आयोगका कर्मचारीहरूलाई लक्षित गरी माननीय सदस्यले फेसबुकमा राखेका 'भ्रष्टाचार गर्ने', 'भ्रष्टाचारीलाई संरक्षण गर्ने', 'दादागिरी गर्ने', 'अनैतिक काम गर्ने', 'आर्थिक अनियमितता गर्ने', 'झ्यालबाट आएका', 'अनुशासनहीन' जस्ता अपुष्ट विषयवस्तु तथा शब्दहरूलाई मानव अधिकारमैत्री मान्न सकिँदैन । अभिव्यक्ति स्वतन्त्रताको अधिकारको नाममा लाञ्छना लगाउने, मर्यादामाथि आँच आउने खालका घृणायुक्त अभिव्यक्तिहरू प्रयोग गरिनु दुःखद हो ।

यस्ता कार्यहरूले मानवअधिकारको संरक्षण गर्ने आयोगको प्रभावकारितामा नकारात्मक प्रभाव पर्ने एवम् मानव अधिकार प्रतिको प्रतिबद्धतामाथि आँच पुऱ्याउने र जनविश्वासमा समेत नकारात्मक प्रभाव पुग्न सक्ने देखिन्छ । यसबाट नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक पदाधिकारीहरूको उच्च नैतिक चरित्रमा ह्रास आउनुका साथै राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूले पालन गर्नुपर्ने आचारसंहिता, २०८० को व्यवस्था समेत पालना हुन सकेको देखिएन ।

अतः निज सदस्यले सामाजिक सञ्जालमा राख्दै आएका हाल सम्मका अभिव्यक्तिहरू निजको नितान्त निजी विचार हुन् । यो आयोगको धारणा नरहेको जानकारी गराउँदै निज सदस्य मिहिर ठाकुरले सामाजिक सञ्जालमा प्रयोग गरेको अभिव्यक्तिप्रति भ्रममा नपर्न अनुरोध गर्दछौँ । साथै मानव अधिकार संरक्षण र संवर्धनको कार्यमा निरन्तर हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं ।

तपबहादुर मगर

अध्यक्ष

**प्रेस–नोट**

२१ मङ्सिर, २०८०

# आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस

राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन आज सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेको छ । प्रतिवेदनमा आर्थिक वर्ष २०७९/०८० मा आयोगमा परेका उजुरीहरू, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसहरू, मानव अधिकार संरक्षण र संवर्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको विवरण उल्लेख गरिएको छ । यसको साथै मानव अधिकारको संरक्षण र संवर्धनमा देखिएका चुनौतीहरू एवम् आयोगले चाल्ने भावी कदमहरूबारे समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

“प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने ४०४ उजुरीउपर निर्णय गरेको छ । त्यसै गरी, १३ वटा नीतिगत र १०२ वटा उजुरीगत सिफारिसहरू गरिएको छ । यस अवधिमा आयोगबाट मानव अधिकारका समसामयिक विषयमा ४४ वटा प्रेस-विज्ञप्तिहरू जारी भएका छन् । आयोगबाट जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्धनसम्बन्धी जम्मा २३१० वटा कार्यक्रम भएका छन् । विश्वव्यापी आवधिक समीक्षा (UPR) बाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको कार्यान्वयनका लागि केन्द्रका साथै प्रदेश कार्यालयहरूबाट कार्यशाला गोष्ठी आयोजना भएका छन् ।

उल्लिखित उपलब्धीका बाजजुद् पनि मानव अधिकारको संरक्षण र संवर्धन गर्ने कार्यमा केही चुनौतीहरू रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्दै संविधानको मर्म र भावनाअनुसारको उपलब्धी हासिल गर्न/गराउनु लक्षित तथा सिमान्तकृत वर्गको मानव अधिकारको सुनिश्चित गर्ने/गराउने कार्यमा ठोस प्रगति हासिल गर्न राज्यको सबै अङ्ग परिचालित हुनुपर्ने अवस्था छ । आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था उत्साहजनक छैन । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ नेपालको संविधान अनुकूल संशोधन हुन सकेको छैन । पेरिस सिद्धान्तको मर्मअनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था छ । यी चुनौतीहरूको बावजुद् पनि आयोग आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्णरूपमा प्रतिबद्ध छ ।” प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदन बुझ्ने क्रममा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडलल लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रतालगायत आधारभूत लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा उतारी मानव अधिकारको परिपालना गर्ने संस्कृतिको निर्माण गर्नेतर्फ सबैको ध्यान पुग्नुपर्ने बताउनुभयो । विद्यालय एवम् विश्वविद्यालयका पाठ्यक्रममा मानव

अधिकार शिक्षा समावेश गर्नुका साथै जनचेतनाका कार्यक्रमहरू व्यापकरूपमा सञ्चालन गर्नुपर्ने भनाइ उहाँले राख्नुभयो । प्रतिवेदन पेस गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र संवर्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको भनाइ राख्नुभयो । कार्यक्रममा आयोगका माननीय सदस्यहरू, का.मु. सचिव, सहसचिवहरूलगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१७ पुस, २०८०

## आयोगका पूर्वसदस्य श्री गोकुल पोखरेलको निधनप्रति आयोगद्वारा शोक व्यक्त

राष्ट्रिय मानव अधिकार आयोगले आयोगका पूर्वसदस्य गोकुल पोखरेल (वि. सं. २०६२/०२/१३ देखि २०६३/०३/२५) को हिजो मिति २०८० पुष १६ गते काठमाडौँमा भएको असामयिक तथा दुःखद निधनप्रति गहिरो शोक व्यक्त गरेको छ । यस दुःखद घडीमा आयोगले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चीर शान्तिको कामना गरेको छ ।

आयोगले स्व. गोकुल पोखरेलको सम्मान र सम्झनामा आयोगमा पोखरेलको तस्वीर सहित १३ दिनसम्म शोकपुस्तिका राख्ने र तेह्रौँ दिनको दिन श्रद्धाञ्जली सभा आयोजना गर्ने छ ।

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

**प्रेस–नोट**

१५ माघ, २०८०

# मानव अधिकार उल्लङ्घनका उजुरीमाथि आयोगबाट भएका पहलहरूको सङ्क्षिप्त विवरण

राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारबाहीसम्बन्धी निर्देशिका २०६९ को बुँदा नं. ४०(क) को व्यवस्थाबमोजिम आयोगले आ.व. २०८०/०८१ देखि हरेक छ महिनामा मानव अधिकार उल्लङ्घन दुरुत्साहनमा दर्ता हुन आएका उजुरी, उजुरीमाथि भएका छानबिन तथा अनुसन्धान र अनुसन्धानपश्चात् आयोगबाट भएका निर्णयहरू सार्वजनिक गर्ने कार्यको सुरुवात गरेको छ। उजुरी सम्बन्धमा अघिल्लो आ.व. ०७९/८० मा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त जानकारीसहित यस आ.व. को पहिलो छ महिनाको विवरण तपसिलबमोजिम रहेको छ :

**तपसिल**

**(क) आ.व. ०७९/८० मा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त विवरण**

- आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन् भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् । यस अवधि र अघिल्ला वर्षहरूमा दर्ता भएका सहित ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको थियो ।
- दर्ता हुन आएका उजुरीहरूमध्ये प्रमुख महासन्धिको आधारमा सबैभन्दा बढी नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित ४७ रहेका छन् भने सबैभन्दा कम जर्बजस्ति व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धि अन्तर्गत एक उजुरी दर्ता भएको थियो ।
- यस आवमा उजुरी माथि ४२ पटक बैठक बसी ४०४ निर्णय गरेकोमा ११० वटा उजुरीमाथि सिफारिस हुँदा सिफारिससम्बन्धी ११५ वटा निर्णय भएका छन् ।
- सिफारिससम्बन्धी निर्णयमध्ये कारबाही र क्षतिपूर्तिको लागि उजुरीगत १०२ वटा सिफारिस छन् भने नीतिगत सूधारको लागि १३ वटा सिफारिसहरू गरिएका छन् । कारबाही र क्षतिपूर्तिलाई छुट्ट्याएर हेर्दा कानुनी कारबाही र विभागीय कारबाहीको लागि सिफारिस गरिएको सङ्ख्या ७६ भएकोमा दोषीको नाम किटान गरिएको सङ्ख्या ६६ रहेको छ । क्षतिपूर्तिसँग मात्र सम्बन्धित सङ्ख्या ५९ रहेको छ ।
- अघिल्ला आ.व. र यस आ. व. मा दर्ता भएका ४०४ उजुरीउपर निर्णय भएको, जसमध्ये २७८ वटा तामेली, ११ वटा खारेजी र अन्य पुनः पेस गर्न आदेश भएका छन् ।
- आयोग स्थापनादेखि हालसम्म मानव अधिकार उल्लङ्घन दुरुत्साहनमा दोषी पहिचान भएका व्यक्तिहरूको सङ्ख्या ३५८ जना पुगेको छ ।
- आयोगले स्थापनादेखि मानव अधिकार उल्लङ्घनका पीडितलाई क्षतिपूर्ति/राहत उपलब्ध

गराउन २८ करोड १३ लाख एक हजार एक सय ९७ रुपियाँ सिफारिस गरी पठाएकोमा करिब सात करोड बराबरको रकम निकासा भएको जानकारी प्राप्त हुन आएको छ ।

➢ विगत आ.व. को तुलनामा यस अवधिमा सिफारिस कार्यान्वयन अवस्थामा सुधार आउन सकेन ।

**कारबाहीको लागि सिफारिस गरिएका मानव अधिकार उल्लङ्घनका दोषीहरूको नामावली**

**नेपाल प्रहरीहरू** : (१) प्रउ योगेश्वर रोमखामी (२) प्रउ रामकुमार खनाल (३) प्रउ नारायणकुमार आचार्य (४) प्रउ उमाप्रसाद चर्तुवेदी (५) प्रनाउ कामाख्या नारायण सिंह (६) प्रनाउ नारायणप्रसाद चिमोरिया (७) प्रनाउ टेकुनन्द इवा लिम्बु (८) प्रनाउ हनुमान शाह (९) प्रनि गोविन्दप्रसाद साह (१०) प्रनि महेन्द्र दर्नाल (११) प्रनि दीपेन्द्र श्रेष्ठ (१२) प्रनि दुर्गालाल चौधरी (१३) प्रनि कमलप्रसाद गिरी (१४) प्रसनि नवराज दाहाल (१५) प्रसनि ऋषि खनाल (१६) प्रसनि राजनप्रसाद नेपाल (१७) प्रसनि खड्गबहादुर कार्की (१८) प्रसनि दिनेश अधिकारी (१९) प्रसनि महाविर राज धावे (२०) प्रसनि बासुदेव चौधरी (२१) प्रनानि रामकुमार यादव (२२) प्रनानि श्याम राउत (२३) प्रनानि धर्मेन्द्र कुमार सिंह (२४) प्रनानि चक्र बस्नेत (२५) प्रह भुवनसिंह कार्की (२६) प्रह युवराज बस्नेत (२७) प्रह हर्कबहादुर थापा (२८) प्रह केदार अधिकारी (२९) प्रह दलबहादुर कार्की (३०) प्रज विनोद ठाकुर, (३१) प्रज टार्जन गुरुङ (३२) प्रज निलम संग्रौला ।

**सशस्त्र प्रहरी बल** (१) सप्रउ प्रकाश ओझा ।

**नेपाली सेना** (१) सेनानी कृष्णमुरारी न्यौपाने (गुल्मपति) (२) सेनानी सुरत रावल (युद्धकार्य अधिकृत) (३) सहसेनानी चक्रबहादुर कार्की (४) क्याप्टेन दिनेश थापा ।

**राष्ट्रिय अनुसन्धान** : (१) निरीक्षक लिलाधर पौडेल ।

**निजामति कर्मचारीहरूः** (१) प्रजिअ माधवप्रसाद ओझा (२) प्रजिअ शालीग्राम शर्मा पौड्याल (३) प्रजिअ दीपककुमार पहाडी (४) प्रजिअ सरोजप्रसाद गुरागाई (५) प्रजिअ रमा आचार्य (६) प्रजिअ शिवप्रसाद नेपाल (७) सप्रजिअ पुरुषोत्तम अधिकारी (८) कारागार विभागका विभागीय प्रमुख द्रोण पोखरेल, (९) बाँके कारागार प्रमुख देवेन्द्रप्रसाद श्रेष्ठ (१०) रोल्पा कारागार प्रमुख कमला घिमिरे (११) निमित्त कारागार प्रमुख यामलाल ओली (१२) नासु दिपेन्द्रप्रसाद पौडेल ।

**तत्कालीन नेकपा (माओवादी)** हरू : (१) खण्टे कामी, (२) श्रवणकुमार यादव, (३) रामअवतार महतो (४) राम विलास यादव, (५) हृदय यादव, (६) प्रभु साह (७) एस.पी. किराँती (८) हरिप्रसाद दाहाल (९) अर्चन भन्ने मनप्रसाद गौतम (१०) नन्कु बेहना ।

नोटः सिफारिस गरिएका ६६ मध्ये ६ जनाको हकमा कारबाहीको जानकारी प्राप्त भएकोले नाम सार्वजनिक नगरिएको ॥

**(ख) आ.व. २०८०/८१ को पहिलो छ महिनामा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त विवरण**

➢ यस अवधिमा मानव अधिकार उल्लङ्घन दुरुत्साहन भएको भनी ५८ वटा उजुरी दर्ता हुन आएकामा यस आ.व. र अघिल्लो आ.व. मा पनि दर्ता भई अनुसन्धान हुन बाँकी रहेका ११७ वटा उजुरी माथि अनुसन्धान सम्पन्न भएको छ ।

- यस अवधिमा ४४ वटा उजुरीमा अन्तिम निर्णय हुँदा ३७ वटा उजुरीमा कारबाही तथा क्षतिपूर्तिको लागि सिफारिस र ७ वटा उजुरी तामेली तथा खारेजी गर्ने निर्णय भएको छ ।
- सिफारिस भएका ३७ वटा उजुरीमा २१ जना पीडितलाई १४ लाख ७० हजार रुपियाँ क्षतिपूर्ति दिन र १२ जनालाई कारबाही गर्न र अन्य विषयमा १५ सिफारस गरिएका छन् ।
- आयोगबाट भएका सिफारिस कार्यान्वयनको सन्दर्भमा सिफारिस कार्यान्वयनमा जिम्मेवार रहेका मुख्यतः नेपाल सरकारका सम्बन्धित मन्त्रालयका उच्चपदस्थ अधिकारी र नागरिक समाजका प्रतिनिधिसमेतको सहभागितमा एक कार्यक्रम सम्पन्न गरिएको छ । यसै सन्दर्भमा गृह मन्त्रालय र अर्थ मन्त्रालयका सचिवसँग पनि छुट्टै छलफल भएको छ ।

(ग) **यस आवको साउन १ गते देखि पुस मसान्तसम्म भएका केही प्रमुख निर्णयहरू**

(१) **मृतक आरति साह**

- धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं. ९ थापाचोक निवासी वर्ष २३ की आरती साहले मिति २०८०/२/७ गते आत्महत्या गरेको भनिएको घटना आत्महत्या नभई हत्या भएकोमा सो घटनामाथि जिल्ला प्रहरी कार्यालय धनुषाबाट जाहेरी दर्ता र अनुसन्धान गम्भीरता नदेखाएकोले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरिपाऊँ भनी यस आयोगमा मिति २०८०/२/११ गते दर्ता हुन आएको उजुरीमाथि आयोगबाट भएको छानबिन तथा अनुसन्धानबाट अनुसन्धान प्रक्रियामा त्रुटी हुन गएको र प्रहरी कार्यालयभित्र कुटपिट पनि भएको देखिँदा मृतककी बहिनी मनिषा साहलाई एक लाख ५० हजार रुपियाँ, मृतककी आमालाई एक लाख रुपियाँ र मृतकका बाबु, भाइ र मामालाई जनही ५० हजार रुपियाँ क्षतिपूर्ति दिन र दोषी देखिएका प्रहरीहरू विश्वराज खड्का, वेदप्रसाद गौतम र दिनेश अधिकारीलाई विभागीय कारबाही गर्न सिफारिस गरिएको छ ।
- साथै उक्त घटनामा निष्पक्ष अनुसन्धान नगरेको र पीडित माथि कुटपिट गर्न संलग्न भएको आरोप लगाई पीडितहरूले सार्वजनिक स्थलमा प्रहरी उपरीक्षक विश्वराज खड्का, प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतम, महेन्द्र रायसहितका प्रहरी कर्मचारी र मृतकको श्रीमानूतर्फका परिवारका सदस्यहहरूलाई स्वघोषित रूपमा अपराधी घोषणा गरी तस्वीर सार्वजनिक गर्ने, फोटो माथि थुक्ने, लात्तिले कुल्चनेजस्ता क्रियाकलाप गरेको घटना नेपालको संविधानको धारा २०(५) विपरीत देखिएकोले संविधानको धारा ४८(ख) को पालना गरी घृणाजन्य अभिव्यक्ति नदिन, मानव अधिकारको आधारभूत मुल्य, मान्यता र मानव अधिकारसम्बन्धी प्रचलित संविधान र कानुनले व्यक्तिलाई प्रदान गरेका अधिकारको सम्मान गर्न पीडितहरूलाई जानकारी गराउने निर्णय भएको छ ।

(२) **प्रजनन स्वास्थ्यको अधिकारसम्बन्धी**

- राष्ट्रिय अपाङ्ग महासङ्घ, केन्द्रीय कार्यालय, काठमाडौमा परियोजना अधिकृतको रूपमा कार्यरत सुमित्रा कटुवालले आफू गर्भवती भएकै कारण संस्थाले व्यवहारिक रूपमा मिलाउन सकिने बिदा नदिई प्रजनन् स्वास्थको अधिकार समेतबाट वञ्चित गरेको भनी दर्ता हुन आएको उजुरीमाथि मिति २०७९/९/१९ गते निर्णय हुँदा प्रजनन् स्वास्थ्यको अधिकार हनन् भएको देखिँदा र निज सुमित्रा कटुवाललाई प्रसुति बिदावापत तीन महिनाभित्र ९० दिनको तलब र निजको मानव अधिकार उल्लङ्घन भएवापत थप रू.१००,०००/ (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र राष्ट्रिय अपाङ्ग महासङ्घ, कार्य समितिका अध्यक्ष श्री देवीदत्त आचार्यलगायत प्रसुति बिदा उपलब्ध नगराउने र पदमुक्त गर्ने समेतका निर्णयमा हस्ताक्षर गर्ने अन्य पदाधिकारीहरूलाई त्यस्तो कार्य नगर्न निर्देशन दिने निर्णय भएको ।
- सोही उजुरीमा कानुनबमोजिम दर्ता भएका सार्वजनिक तथा गैरसरकारी संस्थाहरूमा कार्यरत महिलाहरूको प्रजनन् स्वास्थ्यको अधिकारसँग सम्बन्धित कानुनहरूको कार्यान्वयनको अनुगमन एवम् आवश्यक निर्देशन दिन गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै जिल्ला प्रशासन कार्यालयहरू र समाज कल्याण परिषद् समेतमा पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने निर्णय भएको ।

(३) **सीआइबीबाट पक्राउ चिकित्सक**

- महोत्तरी जिल्ला, पिपरा गा.पा.वडा नं. ८ घर भएका डा. रञ्जीतकुमार यादव (NMC No. 26199) लाई नक्कली प्रमाण पत्र लिएको भनी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले २०८०।४।२५ मा गैर कानुनी रूपमा पक्राउ गरी थुनामा राखेकोले आफू निर्दोष व्यक्तिको सामाजिक प्रतिष्ठामा आँच आएको र मानसिक यातनासमेत दिइएकोले मानव अधिकारको संरक्षण गरी पाऊँ भनी दर्ता भएको उजुरीमा मिति २०८०।९।१९ गते निर्णय हुँदा कुनै व्यक्ति कसूरदार नठहरेसम्म निजको मर्यादामा नकारात्मक प्रभाव पार्ने कार्य कहींकतैबाट सार्वजनिक गर्न नहुनेमा यस घटनामा एउटा व्यक्तिले गरेको कसूरमा अर्कै व्यक्ति पक्राउ परी विभिन्न समाचार माध्यमहरूमा निर्दोष चिकित्सकको नाम नकारात्मक रूपमा सम्प्रेषित हुँदा निजको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन् हुन गएकोले पीडित डा. रञ्जीतकुमार यादवलाई १० हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस भएको,
- यसै घटनामा यस्ता प्रकारका कमजोरी आगामी दिनमा नदोहोऱ्याउन नेपाल प्रहरी (केन्द्रीय अनुसन्धान व्यूरो) र नेपाल मेडिकल काउन्सिलको ध्यानाकर्षण गराउन पनि सिफारिस भएको छ ।

(४) **स्वास्थ्यको अधिकार र नगद नोट तथा सिक्का सम्बन्धमा**

नगद पैसा (नोट तथा सिक्का) निर्मलीकरण नगरी बजारमा आउँदा त्यसबाट विभिन्न रोग फैलन गई मानिसको स्वास्थ्यको अधिकार प्रचलनमा अवरोध आउने भएकोले त्यसको लागि आवश्यक

पहल गरी पाऊँ भनी दर्ता हुन आएको उजुरीमाथि अनुसन्धान हुँदा त्यस्ता निर्मलीकरण नगरिएका नगद पैसाको कारोबारबाट नोट तथा सिक्कामा विभिन्न किटाणु, विषाणु तथा परजिवी हुने, त्यसबाट छालामा हुने पिलो खटिरो, अजीर्ण (Food poisoning) हुने, बान्ता हुने, टाइफाइड झाडापखाला जस्ता रोग हुने एवम् मासु पसल र अस्पतलामा प्रयोग हुने नगदमा ९८ प्रतिशतसम्म जिवाणु हुने गरेको भनी प्राप्त प्रमाणको आधारमा पैसाको नगद कारोबारले नागरिकको स्वास्थ्य अधिकार प्रचलनमा पार्न सक्ने नकारात्मक प्रभाव रोक्न, सफा नोट सम्बन्धमा जारी भएका नीति निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न, वित्तीय जननचेतना फैलाउने लगायतका कार्यहरू गर्नलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्रबैङ्कसमेतलाई सिफारिस गरी पठाउने निर्णय भएको छ ।

(५) **लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक**

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक माथि प्रहरीबाट निरन्तर कुटपिट भएको भनी आयोगमा उजुरी प्राप्त भइरहेको सन्दर्भमा उनीहरूमाथि अमानवीय व्यवहार नगर्न र उनीहरूको मर्यादको ख्याल गर्न मातहतका सबै प्रहरी कार्यालयहरूलाई निर्देशन दिन नेपाल प्रहरी र कुटपिटबाट पीडित भएका १० जना व्यक्तिहरूलाई जनही क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

(६) **बालबालिकाको अधिकार**

एसओएस हर्मन माइनर विद्यालय सानो थिमीका विद्यार्थीहरूलाई राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताबाट मध्यपुर थिमी नगरपालिकाले वञ्चित गरेको विषयमा प्राप्त उजुरीमाथि आयोगबाट तत्काल निर्णय गरी विद्यार्थीरूको खेलकुदमा सहभागी गराइ २४ घण्टाभित्र आयोगलाई जानकारी गरी बाल अधिकारको सम्मान गर्न मध्यपुर थिमी नगरपालिका, स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिसमेत युवा तथा खेलकुद मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, वाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय, भक्तपुर जिल्ला खेलकुद विकास समितिसमेतलाई समेत निर्देशन दिइएको छ ।

(७) **सुधार केन्द्रबाट उद्धार**

मानसिक स्वास्थ्यको उपचार गराउनुपर्ने एक महिलालाई दुर्व्यसनीलाई राख्ने सुधार केन्द्रमा राखी निजको स्वास्थ्यको अधिकार हनन गरेको भनी आयोगमा दर्ता हुन आएको उजुरीउपर छानबिन अनुसन्धान हुँदा उजुरी व्यहोरा सही देखिँदा निज महिलालाई तत्काल उद्धार गरी विशेषज्ञ स्वास्थ्य संस्थामा उपचार गर्न आदेश भएकोमा सो को कार्यान्वयन भएको छ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू


केन्द्रीय कार्यालय
हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)
फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

कोशी प्रदेश कार्यालय, विराटनगर
फोन : ०२१-५१२९३१, ५२०९९३ फ्याक्स : ०२१-५११९००
ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, जनकपुर
फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौंडा
फोन : ०५७–५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११
ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा
फोन : ०६१–५८६०५९, ५८६०८१, फ्याक्स : ०६१–५३५८७५
ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल
फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepl.org

कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत
फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४
ई-मेल : nhrcskt@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३
ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल खोटाङ
फोन : ०३६-४२०२८४,
ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
फोन : ०८१-५३६७०७/८ फ्याक्स : ०८१-५३६७०६
ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org